United Nations
Educational, Scientific and
Cultural Organization

पत्रकारिता शिक्षाका लागि युनेस्को लेखमाला

# विकासशील देशहरु तथा उदीयमान प्रजातन्त्रहरुका लागी पत्रकारिता शिक्षाको नमूना पाठ्यक्रम

पत्रकारिता शिक्षाका लागि युनेस्को लेखमाला

# पत्रकारिता शिक्षाका लागि नमूना पाठ्यक्रम

© युनेस्को २००७

United Nations
Educational, Scientific and
Cultural Organization

© युनेस्को २००७

यस प्रकाशनमा उपयोगमा ल्याइएका पदहरु र सामग्रीहरुको प्रस्तुतिले कुनै पनि देशको, संरक्षित राज्यको शहर वा क्षेत्रको अथवा यसका अधिकारीहरुको कानूनी स्थिति अथवा देश, क्षेत्रको सीमा सम्बन्धमा युनेस्कोको कुनै पनि विचारको अभिव्यक्तिलाई प्रस्तुत गर्दैनन् ।

यस प्रकाशनमा राखिएका तथ्यहरु र त्यहाँ अभिव्यक्त गरिएका रायहरुको छनौट र प्रस्तुतिका लागि विशेषज्ञहरु जिम्मेवार छन् जुन जरुरी छैन कि यी युनेस्कोका होउन् र संगठन यस प्रति प्रतिवद्ध छैन ।

# विषयवस्तु


१. प्राक्कथन ४

२. पृष्ठभूमि ६

३. परिचय ६

४. नमूना पाठ्यक्रम, पत्रकारिता पाठ्यक्रमहरुको सूची सहित ११

५. पाठ्यक्रम वर्णन २२

६. परिशिष्ट ३०
- डिप्लोमा कार्यक्रम
- पत्रकारिताका क्षमताहरु
- पत्रकारिता पाठ्यक्रमहरुको विस्तृत पाठ्‌य्‌क्रम रुपरेखा (सैलेवसहरु)

७. लेखदाताहरु १६१

# प्राक्कथन

पछिल्ला केही वर्षहरुमा, विकासशील देशहरु र उदीयमान प्रजातन्त्रहरुमा पत्रकारिता प्रकाशनहरुको संख्यामा तीब्र गतिमा बृद्धि भएको छ। प्रजातन्त्रको प्रवर्द्धनमा पत्रकारिताको निर्णायक भूमिका हुने कुराको अत्यधिक मान्यता रहेको छ, र यसले गर्दा राम्रो तालीम प्राप्त पत्रकारहरुको अत्यन्त मागको सृजना भएको छ। अभिव्यक्तिको स्वतन्त्रता र सूचना तथा ज्ञानको पहुँच अभिबृद्धि गर्ने प्रमुख संयुक्त राष्ट्र संघको संस्था हुनुको नाताले युनेस्कोले विश्वभरी पत्रकारिता शिक्षाको गुणस्तर सुधार गर्नमा विभिन्न कदम चालेको छ। डिसेम्वर २००५ मा पत्रकारिता शिक्षा पाठ्यक्रमको निर्माणमा सहयोग गर्न सदस्य राष्ट्रहरुका थुप्रै अनुरोधहरुको प्रत्युत्तरमा युनेस्कोले पेरिसमा विशेषज्ञहरुको परामर्शदातृ बैठकको आयोजना गऱ्यो। परामर्शका प्रमुख उपजहरु थिए पाठ्यक्रमहरुको पहिचान जुन पत्रकारिता शिक्षा पाठ्यक्रमको प्रारम्भिक विकास गर्नका लागि गठित चारजना युनेस्को विशेषज्ञहरुको समूहले तयार पारेको पहिलो मस्यौदामा विकासशील देशहरु तथा उदीयमान प्रजातन्त्रहरुमा काम गर्नमा मनग्य अनुभव बटुलेका मानिने बीस जना वरिष्ट प्रशिक्षकहरुबाट प्रतिकृया माग गऱ्यो। उनीहरुका प्रत्युत्तरहरु उचित र लागू हुन सक्ने पाठ्यक्रम स्थापनाका लागि अत्यावश्यक ठहऱ्याए। यसरी परिमार्जित गरिएको मस्यौदाको निर्माणले डिप्लोमा र स्नातकोत्तर दुबै तहका लागि पाठ्यक्रमहरुको सूची तयार गऱ्यो। प्रत्येक पाठ्यक्रमको संक्षिप्त वर्णन र आधारभूत पत्रकारिता योग्यताहरुको रुपरेखा र त्यसपछि विकासशील देशहरु र उदीयमान प्रजातन्त्रहरुमा काम गरेको अनुभव भएका पत्रकारिता प्रशिक्षकहरुलाई सत्रवटा प्रमुख पाठ्यक्रमहरुमा सेलेबस लेख्नका लागि सोच विचार गरेर अफ्रिका, एशिया, यूरोप, मध्यपूर्व र उत्तर तथा दक्षिण अमेरिकाबाट छानियो। पाठ्यक्रमको मस्यौदा पेरिसमा युनेस्को कार्यालयमा विशेषज्ञहरुका दोस्रो परामर्शदातृ बैठकमा पुनरावलोकन गरियो र कार्यपत्रलाई जून २००७ मा सिंगापुरमा भएको विश्व पत्रकारिता शिक्षा कांग्रेसमा औपचारिक रुपमा प्रस्तुत गर्नका लागि नमूना सिलेवसहरु छानिए।

म विश्वका सबै क्षेत्रका थुप्रै पत्रकारिता प्रशिक्षकहरुलाई जसले यस परियोजनामा भाग लिएका छन्, धन्यवाद दिन्छु, चाहे तिनीहरु विशेषज्ञ समूहका सदस्यहरु होऊन्, तिनीहरु जसले समूहका जिज्ञासाहरुको प्रत्युत्तर दिए, तिनीहरु जसले औपचारिक रुपमा मस्यौदा पाठ्यक्रमलाई पुनरावलोकन गरे अथवा तिनीहरु जसले सिलेवसहरु लेखे। म उहाँहरुलाई पनि धन्यवाद दिन चाहन्छु जसले

पाठ्यक्रमको निर्माण गरे, विशेषज्ञहरु माइकल कोब्डेन (संयोजक), स्टुवार्ट आदम, हान्स हेन्रिक होम, र माग्दाआवू फदिल । अन्तमा, हामीलाई सिंगापुरमा तिनीहरुको संयुक्त काँग्रेसमा पाठ्यक्रम प्रस्तुत गर्न दिएकोमा मेरो कृतज्ञता एशियन मिडिया सूचना र संचार केन्द्र (AMIC) र विश्व पत्रकारिता शिक्षाका काँग्रेसलाई जान्छ ।

नमूना पत्रकारिता पाठ्यक्रम फ्रेन्च, स्पेनिस, अरेविक, रसियन र अन्य अनेक भाषाहरुमा अनुवादित हुनेछ र विकासशील देशहरुमा तथा संक्रमणकालीन देशहरु दुबैका पत्रकारिता विद्यालयहरुमा व्यापक रुपमा वितरण गरिनेछ । कागजातहरु परामर्शका लागि युनेस्को वेभसाईटद्वारा उपलव्ध हुनेछन्, जसले विश्वभरीका पत्रकारिता पाठ्यक्रमहरु र कार्यक्रमहरु सूचीकृत गरेको डेटावेससंग सम्बन्ध गाँस्न प्रमुख भूमिका खेल्नेछ, र पाठ्यक्रम तथा सम्बन्धित मुद्दाहरु छलफल गर्न पत्रकारिता प्रशिक्षकहरु र अरुलाई 'औनलाईन अन्तरक्रिया' - छलफल स्थल प्रदान गर्नेछ । युनेस्कोले यसपछि लगतै राष्ट्रिय सन्दर्भ सामग्रीहरु विकास गर्न र कसरी विभिन्न देशका आवश्यकता र साधन स्रोत अनुसार पाठ्यक्रमलाई मिल्दो गराउन सकिन्छ भन्ने कुरा छलफल गर्न क्षेत्रीय बैठकहरु आयोजना गर्न चाहन्छ ।

हाम्रो आशा छ कि सवै ठाउँका पत्रकारिता विद्यालयहरु र व्यक्तिगत प्रशिक्षकहरुले यी पाठ्यक्रमहरुबाट प्रेरणा पाउने छन् । हामीलाई थाहा छ कि पत्रकारिता र शैक्षिक कार्यक्रमहरु जसले व्यक्तिहरुलाई आफ्ना पत्रकारिता सीपहरुको अभ्यास गर्न र अभिबृद्धि गर्न समर्थ तुल्याउँछन्, प्रमुख प्रजातान्त्रिक सिद्धान्तहरुलाई सुदृढ गर्न अत्यावश्यक औजारहरु हुन् जुन प्रत्येक देशको विकासका लागि मौलिक हुन्छन् ।

**अब्दुल वाहीद खान**
**सूचना र संचारका लागि सहायक महानिर्देशक**
**युनेस्को**

# युनेस्को पत्रकारिता शिक्षाका लागि नमूना पाठ्यक्रम

## १. पृष्ठभूमि

डिसेम्बर २००५ मा, युनेस्कोले पेरिसमा विकासशील देशहरू र उदीयमान प्रजातन्त्रहरूको प्रयोगको लागि सुहाउँदो पत्रकारिता अध्ययनको पाठ्यक्रमको मोटामोटी रुपरेखामा विचार गर्न पत्रकारिता प्रशिक्षकहरूको बैठक आयोजना गऱ्यो । यो आफ्नो शिक्षा व्यवस्थाहरू भित्र पत्रकारिता कार्यक्रमहरू स्थापित गर्न खोज्ने युनेस्को सदस्य राष्ट्रहरूले मार्गदर्शनका लागि गरिएको अनुरोधको प्रत्युत्तरमा गरिएको प्रयास थियो । डिसेम्वर बैठक पछि युनेस्कोले एउटा विस्तृत पाठ्यक्रम प्रस्ताव गर्न तथा यसलाई जून २००७ मा सिंगापुरमा पहिलो पत्रकारिता शिक्षकहरूको विश्व कांग्रेसमा प्रस्तुत गर्न माइकेल कोब्डेन (संयोजक), जी.स्टुवार्ट आदम, हान्सऱ्हेन्रिकहोम र माग्दा आबू-फादिल भएको एउटा कार्य समूह गठन गऱ्यो ।

## २. परिचय

सूचनाको स्रोत, विश्लेषण र विद्यमान घटनाक्रमको समालोचनाको रुपमा पत्रकारिताले आधुनिक समाजमा थुप्रै कामहरू सम्पन्न गर्दछ । तथापि अधिकाँश पत्रकारहरूको मूल लक्ष्य जनसाधारणलाई सुसूचित गर्दै, शक्तिको प्रयोग कसरी गरिन्छ भन्ने कुराको छानबिन गर्दै, प्रजातान्त्रिक बहसलाई बढावा दिंदै र राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक विकासमा सहयोग गर्ने अन्य सबै कुराहरूद्वारा समाजको सेवा गर्नु हो । पत्रकारिता शिक्षाले विद्यार्थीहरूलाई समाचारहरू कसरी पहिचान गर्ने र तथ्य तथा राज्यको जटिल क्षेत्रबाट कथा कसरी बनाउने, पत्रकारिता अनुसन्धान कसरी संचालन गर्ने र कसरी लेख्ने (जस्तै) व्याख्या गर्ने, सम्पादन गर्ने तथा विभिन्न पत्रकारिता ढाँचामा सामग्री उत्पादन गर्ने (समाचार पत्रहरू, पत्रिकाहरू, रेडियो, टेलिभिजन र अनलाइन र बहु-पत्रकारिता कार्यक्रमहरू) तथा आफ्ना विशेष स्रोतहरूका लागि लेख्ने कुराहरू सिकाउँनु पर्दछ । यसले उनीहरूलाई पत्रकारिताको आचार संहिता र पत्रकारिताका उच्च कार्य प्रणालीहरू र समाजमा पत्रकारिताको भूमिका, पत्रकारिताको इतिहास, पत्रकारिता कानून, पत्रकारिताको राजनीतिक अर्थनीति (स्वामित्व, संगठन र प्रतिस्पर्धा समेत) बारे ज्ञान र तालीम दिनु पर्दछ । यसले उनीहरूलाई कलेज वा विश्वविद्यालयका अन्य विभागहरूसंगको सहयोगमा विकास गरिएका पाठ्यक्रमहरूको माध्यमले आफ्नो समाजका लागि विशेष महत्वका राजनीतिक, सामाजिक मुद्दाहरूको समाचार कसरी दिने भन्ने कुरा सिकाउनु पर्दछ । यसले यो कुरा सुनिश्चित गर्नु पर्दछ कि उनीहरूले मोटामोटी साधारण ज्ञान र पत्रकारिता क्षेत्रका लागि महत्वको विशिष्ट ज्ञानको आधारशिला दुवैको विकास गरुन् । यसले सुनिश्चित गर्नु पर्दछ कि, उनीहरूले आफ्नो देशमा पत्रकारितामा काम गर्न आवश्यक हुने भाषगत योग्यता, साथै जहाँ यो आवश्यक हुन्छ, स्थानीय वा आदिवासी मातृभाषाहरूमा काम गर्ने योग्यता समेतको विकास गरुन् अथवा पूर्व सर्तका रुपमा उनीहरूले यसलाई धारण गरुन् । यसले उनीहरूलाई समाचार पत्रकारितामा आएका प्राविधिक विकास र अन्य परिवर्तनहरूसंग आफूलाई

अनुकूल बनाउन सक्ने गरी तयार गर्नु पर्दछ ।

पत्रकारिता शिक्षालाई विविध शैक्षिक परम्पराहरू र स्रोतहरू भएका विविध संगठनहरूद्वारा विविध परिवेशमा, अवस्थामा र संस्कृतिमा र विविध राजनीतिक स्थितिमा, विविध तरीकाले प्रदान गरिन्छ । हाम्रो सामान्य मार्ग निर्देशक सिद्धान्त के हो भन्ने व्यावहारिक र शैक्षिक पक्षबीच सन्तुलन भएको बलियो मुख्य शैक्षिक संरचनाको विकास गर्ने । हामीलाई यस कुराको जानकारी छ कि विशेषज्ञता प्राप्त संस्थाहरूमा धेरै सफल सेवाकालीन तालीम कार्यक्रमहरू विद्यमान छन्, जुन केही स्वतन्त्र, केही दाताहरूद्वारा सहयोग गरिएका, केही समाचार पत्रकारिता उद्योगद्वारा प्रायोजित वा संचालित छन् र हामीले सेवाकालीन तालीममा प्रयोग हुन सक्ने गरी एउटा डिप्लोमा कार्यक्रम समावेश गरेका छौं (परिशिष्ट १) । तथापि हाम्रो यो पनि मान्यता छ कि विश्वविद्यालय शिक्षालाई पत्रकारितामा व्यावसायिक तालीमका लागि आधारभूतको रुपमा हेरिनु पर्ने कुरा जारी राख्नु पर्दछ; र यस कार्यपत्रले विश्व विद्यायहरूमा डिप्लोमा र स्नातकोत्तर तहहरूमा दिइने पत्रकारिता शिक्षामा जोड दिन्छ । हामीलाई लाग्दैन अथवा हामी ठोकुवा गर्दैनौ कि हामीले विकास गरेको पाठ्यक्रम प्रत्येक परिस्थितिमा ठीक होला; हाम्रो एउटै मात्र दावा के भने हामीले नमूनाहरूको विकास गर्ने प्रयास गरेका छौं जुन स्थानीय परिस्थितिसंग अनुकूल बनाइएको खण्डमा हाम्रो पत्रकारिता शिक्षाको जग बसाउने छन् । हामीलाई थाहा छ कि आफ्नो लक्ष्य प्राप्तिका लागि कुनै पनि पाठ्यक्रमको सफलता राम्रो प्रशिक्षणमा र राम्रो वातावरणमा भर पर्दछ ।

हामी यी पाठ्यक्रमहरूलाई पत्रकारिता व्यवसाय गर्नका लागि विद्यार्थीहरूलाई शिक्षा दिन सम्म सीमित गर्दछौं जुन विद्यार्थीहरूलाई मानिसहरू र संगठनहरूले आमसंचारका माध्यमहरूद्वारा खवर आदान प्रदान गर्ने तरीकाहरूको शैक्षिक अध्ययनका लागि तयार गर्नु भन्दा भिन्न छ ।

हामी पाठ्यक्रमको विषयवस्तु भने समावेश गर्दछौं जसबाट पत्रकारिताको व्यवसाय गर्ने सन्दर्भ बुझ्न विद्यार्थीहरूलाई मद्दत पुगोस् । यसमा यसको इतिहासका साथै समाजमा आमसंचार कसरी संगठित गरिएको हुन्छ र संचालन हुन्छ भन्ने कुरा समावेश छ । हाम्रो उद्देश्य विद्यार्थीहरूलाई आफ्नो र अरुको पत्रकारिता व्यवसायप्रति समालोचनात्मक हुन तयार गर्नु पनि हो । तथापि हाम्रो पाठ्यक्रमहरूमा संचार अध्ययनको अथवा आमसंचार वा आमसंचार अध्ययन अथवा फिल्म अध्ययन, सूचना अध्ययन, जनसम्पर्क अथवा विज्ञापन पाठ्यक्रम कार्य समावेश गरिएको छैन, हामीलाई लाग्छ सबै छुट्टै प्रदान गरिनु पर्दछ ।

विश्वविद्यालयहरूमा पत्रकारिता शिक्षा साधारणतया तीनवटा पाठ्यक्रम धुरीहरू अथवा विकास पंक्तिहरूको चारैतिर संगठित गरिएको हुन्छ :

अ. एउटा धूरी जसमा पत्रकारिताका मूल्य, मान्यता, साधनहरू, स्तरहरू र अभ्यासहरू समावेश

हुन्छन्;

आ. एउटा धूरी जसले राष्ट्रिय सीमाहरू भित्र र बाहिर दुबैतिर पत्रकारिताका सामाजिक, सांस्कृतिक, राजनीतिक, आर्थिक, कानूनी र नैतिक पक्षहरूमा; र

इ. एउटा धूरी जसमा विश्व र पत्रकारिताको बौद्धिक चुनौतीहरूको ज्ञान समावेश हुन्छ ।

पहिलो धूरीमा भएको पाठ्यबस्तु अध्ययनले विद्यार्थीहरूलाई विभिन्न संचार माध्यमका लागि प्रतिवेदन दिन लेख्न, सम्पादन गर्न तयार गर्दछ । यसले विद्यार्थीहरूलाई पत्रकारिता पेशाका लागि तयार गर्ने उद्देश्यले निर्माण गरिएका कार्यक्रमहरूको मुख्य भागको प्रतिनिधित्व गर्दछ । तथापि यस कुरामा ध्यान दिनु पर्दछ कि **पत्रकारिताका व्यावसायिक सीपहरूमा बुझ्ने र सोच्ने तथा अभिलेख राख्ने र प्रतिनिधित्व गर्ने तरीकाहरू पर्दछन्** । पत्रकारिता शिक्षाको अधिकाँश कमजोरी विश्वविद्यालय विद्यामा पत्रकारिता व्यवसायका आधारशिलाहरू (प्रतिवेदन दिने र लेख्ने) कुन हदसम्म समावेश गरिन्छन् भन्ने कुरा राम्रोसंग बुझ्न असफल हुनबाट नै उत्पन्न हुन्छ । यस समीकरणको अर्को पक्षमा, पत्रकारिता विद्यार्थीहरूलाई पत्रकारिताका प्रविधिहरू र साधनहरूको प्रयोगमा दक्ष पेशागत पत्रकारहरूद्वारा तालीम आवश्यक हुन्छ, आकलझुकल आउने आगनन्तुकहरूद्वारा हैन कि सम्भावित र समुचित रुपले पारिश्रमिक दिइएको शिक्षण स्टाफका सदस्यहरूद्वारा प्रयोगात्मक पक्षलाई बलियो बनाउन, प्रत्येक कार्यक्रममा कुनै पत्रकारिता साधनसंग इर्न्टन कार्यविधि अथवा रोजगारी व्यवस्थापन प्रयोगमा ल्याइनु पर्दछ र **पत्रकारिता विद्यालयहरूले स्थानीय समाचार माध्यमहरूसंग साझेदारी विकास गर्नु पर्दछ** । यी साझेदारीहरूमा सम्मानित पत्रकारहरूसंग काम गरिरहेका पत्रकारिता प्रशिक्षकहरूद्वारा संचालित प्रयोगात्मक सेमिनारहरू, संचार गृहहरू अथवा सम्बन्धित संकायको सम्बन्ध र साझा परियोजनाहरू समावेश हुन सक्दछन् । विद्यालयहरूले समाचार संगठन परिसरमा आफ्नो विद्यालयमा नभएका सूचना, प्रविधि सेवासंग विद्यार्थीहरूको स्थलगत सेमिनारहरू आयोजना गर्न व्यवस्था गर्न सक्दछन् । यस्ता साझेदारीहरूले शैक्षिक पत्रकारिता कार्यक्रम र व्यवसाय बीचको फरक कम गर्न सेवा पु¥याउन सक्दछन् । समाचार संचार उद्योगलाई पत्रकारहरूलाई विश्वविद्यालय वा कलेजको अध्ययनका लागि समय दिन र पत्रकारिता प्रशिक्षकहरूलाई आफ्नो व्यावसायिक सीप अभिबृद्धि गर्ने अवसर दिन प्रोत्साहित गरिनु पर्दछ ।

दोस्रो धूरीका पाठ्यवस्तु अध्ययनले संस्थागत र समाज सम्बन्धी सन्दर्भलाई प्रष्ट्याउँछ जसभित्र पत्रकारहरू कार्य गर्दछन् र पत्रकारिताको अभ्यासलाई सम्बन्धित मानवीय कार्यकलापहरूसंग जोड्दछ । यस प्रकारका अध्ययनहरूले प्रजातान्त्रिक कार्यविधिहरू र कानूनी तथा नैतिक विवशताहरूको जानकारीद्वारा व्यावशायिक पहिचान मूल्यहरू र लक्ष्यहरू सुदृढ गर्दछन् । यिनीहरूले व्यावशायिक र नैतिक दृष्टिकोण तथा ज्ञान र स्वतन्त्र पत्रकारिताको प्रजातन्त्रका लागि महत्वमा जोड दिनु पर्दछ ।

तेस्रो धूरीका पाठ्यवस्तु अध्ययनले विद्यार्थीहरूलाई आधुनिक ज्ञानसंग सम्बन्ध गराउँछ । यस अर्थमा, पत्रकारिता एउटा छुट्टै अलग संकाय हैन । यसलाई शिक्षाका कला र विज्ञान संकायसंग जोड्नु पर्दछ र **हामी पत्रकारितामा प्रशिक्षकहरूलाई आफ्ना विद्यार्थीहरूलाई यस्तो अध्ययन तर्फ डोऱ्याउन प्रोत्साहित गर्दछौं जसले सर्वसाधारणको भाषालाई विस्तार गर्दछ र समृद्ध तूल्याउँछ** । हामी पत्रकारिता प्रशिक्षकहरूलाई यसका लागि पनि प्रोत्साहित गर्न चाहन्छौं कि उनीहरूको सम्बन्धित क्षेत्रका अन्य सहपाठीहरूसंगको हात मिलाएर अघि बढून् ।

पत्रकारिता शिक्षाको पाठ्यक्रमले यस्ता एकाईहरू समावेश गर्नु पर्दछ जसलाई हामी पत्रकारिताका आधारशिला भन्न रुचाउँछौं, जुन बौद्धिक र सृजनात्मक सीप अभिबृद्धिका पूर्वाधार अभिबृद्धि गर्न निर्माण गरिन्छन् । यस्ता आधारशिलाहरूमाः

- विवेचनात्मक रुपमा सोच्ने योग्यता, बुझाईको सीप समावेश भएको, विश्लेषण, संस्लेषण र मूल्यांकन (अज्ञात सामग्रीका) र प्रमाण र अनुसन्धान विधिको आधारभूत ज्ञान ।
- वर्णनात्मक, व्याख्यात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरी स्पष्टसंग र सामञ्जस्यपूर्ण रुपले लेख्ने योग्यता ।
- राष्ट्रिय र अन्तर्राष्ट्रिय राजनीतिक, आर्थिक, सांस्कृतिक, धार्मिक र सामाजिक संस्थाहरूको ज्ञान
- वर्तमान अवस्था र मुद्दाहरूको ज्ञान इतिहास र भूगोलको साधारण ज्ञान ।

हामी डिप्लोमा कार्यक्रमको हाम्रो नमूना पाठ्यक्रमलाई यस्ता आधारशिलाहरूबाट प्रारम्भ गर्दछौं किनभने हामीलाई लाग्दछ कि **जव विद्यार्थीहरू पत्रकारितामा आफ्नो अध्ययन थाल्छन कैयन आधारभूत सीपहरू र क्षमताहरू धारण गर्न सकिदैनन्** । यसकारण त्यो धूरीले जसले बौद्धिक विकासका लागि समर्पित कला र विज्ञानका पाठ्यक्रमहरूका साथसाथै पत्रकारितालाई पनि समावेश गर्दछ ।

हामीले निम्नलिखितमा प्रस्ताव गरेको नमूना पाठ्यक्रमले तीनवटा धुरीको सिद्धान्तलाई प्रतिविम्वित गर्दछ । तर दुईटा अन्य सिद्धान्तहरू छन् जसले पनि हाम्रो कार्यलाई निर्देशित गरेका छन् र जसमा प्रारम्भमै ध्यान दिनु पर्दछ । एउटाले लेखन र प्रतिवेदन दिनेमा विशेष जोड दिने कुरातिर डोऱ्याउँछ । अर्कोले पाठ्यक्रम समुचित समयको बाँडफाँड तर्फ डोऱ्याउँछ, यो सुनिश्चित गर्नका लागि कि विषयवस्तु र बौद्धिक विकासको जिम्मा दिइएका पाठ्यक्रमहरू पछाडि नपरुन् ।

निम्नलिखित प्रत्येक नमूना पाठ्यक्रममा **लेख्ने र प्रतिवेदन दिने पाठ्यक्रमहरू कार्यक्रमको प्रत्येक सेमिष्टरका विभिन्न तहहरू मार्फत विकसित होऊन् । जस्तो कि हामी पाउने छौं, यी पाठ्यक्रमहरूले मूल पाठ्यक्रम वा मेरुदण्ड निर्माण गर्दछन्, जसले लेखन र सृजना-सीपमा निखार ल्याउन बढावा दिन्छ** । आधुनिक उपकरणको अभावमा (यद्यपि कम्प्युटरहरू अत्यावश्यक हुन्छन्) पनि पत्रकारिता

शिक्षा प्रदान गर्न  सम्भव तुल्याउँछ र एकलो विषयमा विशेषज्ञता हासिल गर्नका लागि पाठ्यक्रममा जहाँ समय उपलब्ध छ भन्ने कुरा निर्देश गर्दछ। जस्तै राजनीति शास्त्र, अर्थशास्त्र, कला र संस्कृति, सामाजिक मुद्दाहरू, अन्तर्राष्ट्रिय सम्बन्धहरू, र प्राकृति र भौतिक विज्ञान र जोडिएका विषयहरू जस्तै वातावरण, स्वास्थ्य र प्रविधि। अर्को शब्दमा, **लक्ष्य यस्ता पत्रकारहरूलाई उब्जाउनु हो जसले सृजना गर्ने जटिल सीपहरू हाँक्न सकून साथै जसले ती सीपहरूलाई सघाउन प्रतिवेदन दिने र विश्लेषण गर्ने ज्ञान र विचारलाई हाँक्न सकून**। यसकारण पत्रकारहरूको निर्माणलाई निर्देश गर्न हामीले प्रस्ताव गरेको **नमूना पाठ्यक्रममा व्यक्त दूरदृष्टिले विभिन्न संचार विषयहरूमा अर्द्ध-विशेषज्ञता प्राप्त गर्नु भन्दा बौद्धिक विकासमा र प्रतिवेदन दिने तथा लेख्ने कुरामा जोड दिन्छ**।

दोस्रो लक्ष्य पहिलोसंग घनिष्ट रुपले सम्बन्धित छ। हामी प्रस्ताव गर्दछौं कि बौद्धिक क्षमताहरूको विकास, जुन पत्रकारिताको आधारशिला पाठ्यक्रम एकाईमा प्रारम्भ गरिएको थियो पत्रिकारिता पाठ्यक्रमहरूमा मात्र हैन कि कला र विज्ञानका पाठ्यक्रमहरूमा पनि चालू राखिनु पर्दछ जुन विश्वविद्यालयको विद्यार्थीहरूको हकमा एउटा विशेष ज्ञानयुक्त प्राज्ञिक क्षेत्र ओगट्ने छ। **कला र विज्ञानको पाठ्यवस्तुले सामान्यतया व्यावसायिक पाठ्यवस्तहरूलाई पृष्ठभूमि मात्र प्रदान गर्ने छैन कि यसले प्राज्ञिक विषयमा विशेषज्ञता पनि समावेश गर्नेछ**। एउटा विश्वविद्यालयले पत्रकारिता विषयको अध्ययनलाई कुनै पनि विद्याको शाखासंग जोड्न सक्दछ अथवा अध्ययनको अन्तर्प्राज्ञिक क्षेत्रमा विद्या शाखामा वा क्षेत्रमा अध्ययनको कम्तीमा तीनवटा सोपानमा प्रदान गर्दछ (तीन वर्षे स्नातक) अथवा चारवटा (चारवर्षे स्नातक) पत्रकारिता विद्यार्थीले तीन सोपानको प्रतिवेदन दिने प्रशिक्षणबाट अगाडि बढ्दै यस्तो विद्या शाखा वा क्षेत्रमा यसले तीन वा चार वर्षे पूरा पाठ्यक्रम लिन सक्नेछ। अर्को शब्दमा भन्नु पर्दा, हामी प्रस्ताव गर्दछौं कि विश्वविद्यालय कार्यक्रमहरूमा पत्रकारिता विद्यार्थीहरू पत्रकारितामात्र हैन कि अलग प्राज्ञिक क्षेत्रमा पनि योग्यता हासिल गर्ने छन्। हामीलाई यो राम्ररी थाहा छ कि यो सबै विश्वविद्यालयहरूमा सम्भव नहोला  जहाँ स्रोत साधन कम उपलब्ध छन्, कार्यक्रमले केही बढी सन्तुलित विषयहरू प्रदान गर्न सक्लान्। तथापि, सिद्धान्त कायम रहन्छ कि अर्को विद्या शाखामा ध्यान केन्द्रित हुनाले विद्यार्थीहरूको सोच्ने तरीकाहरूमा पकड बलियो बनाउँछ र भविष्यमा उनीहरूलाई कार्यक्रमा विशेषज्ञता प्राप्त गर्न तयार गर्दछ।

यी पाठ्यक्रमहरूमा तीनवटा धूरीहरूसंग मेलखाने तीन किसिमका पाठ्यक्रमहरू छन्: व्यावसायिक अभ्यास, पत्रकारिता अध्ययनहरू, र कला र विज्ञान। तीन वर्षे स्नातकका कार्यक्रममा प्रत्येक पाठ्यक्रमलाई - यी मध्ये एक किसिमसंग तोक्दा र प्रत्येक पाठ्यक्रमलाई हामीलाई लागेको यसले पाउनु पर्ने क्रेडिट मूल्य तोक्दा, हामीले अनुमान गर्दछौं कि पहिलो वर्ष व्यवशायिक अभ्यासमा २०% पाठ्यवस्तु, र पत्रकारिता अध्ययन १०% र कला र विज्ञानमा ७०% हुन्छ। दोस्रो वर्ष, प्रतिशतहरू ४०%, २०%, र ४०% हुन्छन्। तेस्रो वर्ष, ८०% पाठ्यक्रमहरू व्यावसायिक किसिमका र २०% कला र विज्ञानमा हुन्छन्। यी प्रतिशतहरू तीन वर्षे स्नातक कार्यक्रमका लागि समष्टिगत रुपमा

निम्नानुसार हुन्छन् : व्यावासयिक अभ्यास, ४७%, पत्रकारिता अभ्यासहरू, १०%, कला र विज्ञान, ४३% । हामी जोड दिएर भन्दछौं कि यी अनुमानहरू हुन् । व्यक्तिगत पाठ्यक्रमका लागि प्रत्येक शैक्षिक संस्थामा क्रेडिट मूल्य चलन चल्तीको र प्रत्येक वर्ष विद्यार्थीहरूले लिनुपर्ने पाठ्यक्रमहरको संख्या अनुसार गणना गरिनु पर्दछ । अलि भिन्न किसिमले हेर्‍यौ भने तीन वर्षे कार्यक्रमका लागि संन्तुलित गणना यस प्रकार गर्न सकिन्छः व्यावसायिक अभ्यास, ४०%, पत्रकारिता अध्ययनहरू, १०%, कला र विज्ञान ५०% ।

प्रत्येक विश्वविद्यालयले यो निर्णय लिनु पर्छ कि पत्रकारिता कार्यक्रममा कुन कला र विज्ञान पाठ्यक्रमहरू व्यक्तिगत रुपमा अथवा 'प्याकेज' रुपमा आवश्यक हुनुपर्दछ, प्रोत्साहित गरिनु पर्दछ अथवा तिनको अनुमति दिइनु पर्दछ । यो कुरा, अन्य कुराहरू संगसंगै, विद्यार्थीहरूले माध्यमिक विद्यालयमा विभिन्न विषयहरूमा प्राप्त गरेको शैक्षिक स्तरमा तथा विश्ववद्यालयमा विद्यार्थीहरूलाई उपलब्ध पाठ्यक्रमहरूमा भर पर्नेछ ।

यस कार्यपत्रमा विद्यार्थीहरूले प्राप्त गर्नु पर्ने क्षमताहरूको सूची दिइएको छ (परिशिष्ट इ.२) जसलाई प्राप्त गर्न यी पाठ्यक्रमहरूले मद्दत गर्नेछन् । यसमा विभिन्न प्रमुख पाठ्यक्रमहरूका लागि विस्तृत पाठ्यक्रमको खाका (सेलेबस) पनि समावेश छ (परिशिष्ट ई.३)। यी खाकाहरूमा मूल्यांकनका लागि सुझाइएका विधिहरू पनि समावेश छन् । यसका अतिरिक्त विद्यालयले विद्यार्थीहरूको प्रगति कसरी मूल्यांकन गर्न सकिन्छ भन्ने कुराहरूको खाका कोर्दै आफ्नै भनाई विकास गर्नु बेश हुनेछ ।

## ३. पत्रकारिता पाठ्यक्रम

पत्रकारिता माध्यमिक तहदेखि स्नातकोत्तर कार्यक्रमसम्म विभिन्न तहमा पढाइन्छ । यस कार्यपत्रले तीन तहका लागि नमूना पाठ्यक्रम प्रदान गर्दछः विश्वविद्यालयको स्नातक कार्यक्रम (तीन वर्षे र चार वर्षे), दूई वर्षे स्नातकोत्तर (पत्रकारिता पृष्ठभूमि भएका र नभएका विद्यार्थीहरूका लागि), र (परिशिष्ट १) दुई वर्षे डिप्लोमा कार्यक्रम जसलाई पत्रकारिताको प्रारम्भिक तयारीका लागि अथवा पत्रकारितामा माध्यमिक विद्यालय र विश्वविद्यालय कार्यक्रम बीच पुलको रुपमा लिन सकिन्छ । विश्वविद्यालयमा आधारित पत्रकारिताका विद्यालयहरूले आफ्नो प्रवेश प्रक्रियाहरूको अंकका रुपमा एउटा क्रेडिट पद्धति, स्थापना गर्न सक्दछन् जसमा डिप्लोमा पाठ्यक्रमहरूमा गरेको कामको मूल्यांकन स्नातक तहको कार्यक्रममा क्रेडिटका लागि गर्न सकिन्छ । कार्यरत पत्रकारहरका लागि स्तरोन्नति आवश्यकाहरू आपूर्ति गर्नका लागि एक वर्षे डिप्लोमा कार्यक्रम पनि परिशिष्ट १ मा दिइएको छ । यी पाठ्यक्रमहरूबाट अन्य कार्यक्रमहरू (उदारहरणका लागि स्नातक डिप्लोमा) अंगाल्न सकिन्छ ।

## पत्रकारिता र कला तथा विज्ञानमा स्नातक डिग्री

पत्रकारितामा स्नातक कार्यक्रमहरू प्रवेश लिन लागेका विद्यार्थीहरूले विश्वविद्यालय प्रवेशका लागि तोकेको स्तरमा माध्यमक विद्यालय पूरा गरेको हुनुपर्दछ र आफ्नो भाषामा र उनीहरूले पत्रकारितामा प्रयोग गर्ने भाषा/हरूमा शुद्ध पढ्न, लेख्न र बोल्न सक्ने हुनु पर्दछ। एउटा विश्वविद्यालयको कार्यक्रममा पत्रकारिता अभ्यासको विकास (पहिलो धूरी) लाई समाजमा पत्रकारिताको अध्ययनबाट (दोस्रो धूरी) र अन्य विद्या शाखाका पाठ्यक्रमहरूको माध्यमले आधुनिक ज्ञान प्रदर्शीत गर्ने विधिहरू र विषयवस्तुको प्राप्तिद्वारा (तेस्रो धुरी), सूसूचित र समृद्ध बनाइन्छ। विद्यार्थीहरूलाई दोश्रो विषयमा विशेषज्ञता प्राप्त पत्रकारिताका लागि आधारशिला प्रदान गर्न र उनीहरूलाई स्नातकोत्तर अध्ययनका लागि योग्य बनाउन दोश्रो विद्या शाखामा ध्यान केन्द्रित गर्न प्रोत्साहित गर्नु पर्दछ। विश्वविद्यालयको डिप्लोमा तहमा पत्रकारितालाई तीन वर्षे या चारवर्षे कार्यक्रमा प्रदान गर्न सकिन्छ।

## तीनवर्षे डिप्लोमा

### पहिलो वर्ष

**प्रथम सत्रकाल**

- पत्रकारिताको आधारशिला, निम्नलिखित एकाईहरू समावेश भएको:

**लेखन** (व्याकरण र बाक्य रचना, र वर्णनात्मक, विवरणात्मक र व्याख्यात्मक विधिहरू)

**तर्क, प्रमाण र अनुसन्धान** (समालोचनात्मक सोचाई समावेश भएको) **राष्ट्रिय र अन्तर्राष्ट्रिय संस्थाहरू**

(आफ्नो देशको सरकारको प्रणाली, यसको सम्बिधान, न्याय प्रणाली, राजनीतिक प्रक्रिया, अर्थव्यवस्था, सामाजिक र सांस्कृतिक संगठन, अन्य देशहरूसंग यसको सम्बन्ध, प्रजातन्त्रको संरचनामा पत्रकारिताको स्थानको आधारभूत ज्ञान)

**सामान्य ज्ञान**

(राष्ट्रिय र अन्तर्राष्ट्रिय इतिहास र भूगोल र पत्रकारहरूका लागि महत्वपूर्ण हुने समकालीन सामाजिक र अन्य मुद्दाहरूका आधारभूत ज्ञान, यसमा सांस्कृतिक विविधता, धर्म, सामाजिक वर्ग, द्वन्द्व, गरिबी, विकास मुद्दाहरू, सार्वजनिक स्वास्थ्यका मुद्दाहरू, यी मुद्दाहरूको समाचार सम्प्रेषणका लागि विश्लेषणात्मक र विवेचनात्मक प्रविधिहरूको तालीम सहितका कुराहरू पर्दछन्।

**कला/विज्ञान विषयका पाठ्यक्रमहरू**

**द्वितीय सत्रकाल**

- समाचार सम्प्रेषण लेखन (सोपान १): मूल खबर र कथा बृतान्त।
- संचार नमूना

विद्यालयहरूले कार्यक्रमको पछिल्लो चरणमा पत्रकारिता कानून समावेश गर्न सक्दछन् । तथापि, यो विद्यार्थीहरूको काम प्रकाशन हुनु वा प्रसारित हुनु अघि दिइनु पर्दछ ।

- कला/विज्ञान विषयका पाठ्यक्रमहरू

## दोस्रो वर्ष

**पहिलो सत्रकाल**

- समाचार सम्प्रेषण र लेखन (सोपान २): गहन पत्रकारिता
- समाचार प्रसारण र लेखन (रेडियो र टेलिभिजन)
- पत्रकारिता आचारशास्त्र
- कला/विज्ञान विषय पाठ्यक्रमहरू

**दोस्रो सत्रकाल**

- समाचार सम्प्रेषण र लेखन (सोपान २) (क्रमश:)
- बहु-संचार (Multi-media)/ 'औनलाईन' पत्रकारिता र अंक (Digit) विकासहरू
- संचार संस्थाहरू र समाज
- कला/विज्ञान विषय पाठ्यक्रमहरू

## दोस्रो वर्ष र तेस्रो वर्ष बीच:

**पदस्थापन/इन्टर्न कार्यावधि/कार्य अनुभव**

प्रभावकारी पदस्थापन अवस्थाको न्यूनतम अवधि हामीले चार हप्ता राखेका छौं। लामो पदस्थापन अवस्था बढी शिक्षणात्मक हुने जानेछ । जहाँ सम्भव हुन्छ, विद्यार्थीहरूलाई राष्ट्रिय अथवा अन्तर्राष्ट्रिय समाचार संस्थामा राखिनु पर्दछ । कामको अनुभव फिल्ड सुपरिवेक्षकद्वारा निरिक्षण र मूल्यांकन गरिनु पर्दछ ।

## तेस्रो वर्ष

**पहिलो सत्रकाल**

- समाचार सम्प्रेषण र लेखन (सोपान ३): पत्रकारितामा विशेषज्ञता ।

विद्यार्थीहरूले विद्यालयले प्रदान गरेका मध्ये रोजेको एक विषयमा विशेषज्ञता हासिल गर्दछन् । सोपान ३ (भने अनुसार निर्णय भएमा) ले कुनै एक शैक्षिक विद्या शाखाको यथार्थ ज्ञानलाई समाचार सम्प्रेषणको कलामा गाँसेर राख्दछ । विषयहरूको पत्रकारिताको 'बीट्स'हरूसंग र जहाँ सम्भव हुन्छ, विद्यार्थीहरूको कला/विज्ञान विषयहरू प्रतिको झुकावसंग तालमेल हुनु पर्दछ । सोपान ३ का पाठ्यक्रमहरूलाई एक समेष्टर र इच्छाधीनका रुपमा पनि प्रदान गर्न सकिन्छ ।

- समाचारपत्र कार्यशाला: समाचार सम्प्रेषण, सम्पादन, निर्माण र उत्पादन, फोटो पत्रकारितामा आधारभूत प्रशिक्षण समेत ।

अथवा

- उद्घोषण कार्यशाला: रेडियो अथवा टीभी सम्पादन, उत्पादन र कार्यसम्पादन। ती विद्यालयहरूले जसले विद्यार्थीहरूलाई समाचारपत्र र उद्घोषणा र कार्यशालाहरू दुबैमा भाग लिन लगाउन चाहन्छन् यी कार्यशालाहरूलाई अलि सानो एकाईमा प्रदान गर्न सक्दछन् अथवा उद्घोषण कार्यशालालाई दोस्रो सत्रकालमा एउटा इच्छाधीन विषयका ठाउँमा प्रदान गर्न सक्दछन्।
- पत्रकारिता इच्छाधीन विषयहरू

कृपया इच्छाधीन विषयहरूका उदाहरणहरूका लागि पाठ्यक्रमको वर्णन( निम्नलिखित खण्ड ३) हेर्नु होस्।
- कला/विज्ञान विषयहरू

**दोस्रो सत्रकाल**

- समाचार सम्प्रेषण र लेखन (सोपान ३) : पत्रकारितामा विशेषज्ञता (क्रमश:)
- स्नातकको परियोजना
- पत्रकारिता इच्छाधीन विषयहरू
- कला/विज्ञान विषयहरू

## चार वर्षे पूर्व-स्नातक उपाधि

### प्रथम वर्ष

प्रथम सत्रकाल:

- पत्रकारिताको आधारशिला, निम्नलिखित एकाइहरू:

**लेखन** (व्याकरण र वाक्य रचना र वर्णनात्मक, विवरणात्मक र व्याख्यात्मक विधिहरू समावेश भएको)

**तर्क शास्त्र, प्रमाण र अनुसन्धान** (समालोचनात्मक सोचाई समावेश गरिएको)

**राष्ट्रिय अन्तर्राष्ट्रिय संस्थाहरू**

(आफ्नो देशको सरकारको प्रणाली, यसको सम्विधान, न्याय प्रणाली, राजनीतिक प्रक्रिया, अर्थव्यवस्था, सामाजिक र सांस्कृतिक संगठन, अन्य देशहरूसंग यसको सम्बन्ध, प्रजातन्त्रको संरचनामा पत्रकारिताको स्थानको आधारभूत ज्ञान)

**सामान्य ज्ञान**

(राष्ट्रिय र अन्तर्राष्ट्रिय इतिहास र भूगोल र पत्रकारहरूका लागि महत्वपूर्ण हुने समकालीन सामाजिक र अन्य मुद्दाहरूका आधारभूत ज्ञान, यसमा सांस्कृतिक विविधता, धर्म, सामाजिक वर्ग, द्वन्द्व, गरिबी, विकास मुद्दाहरू, सार्वजनिक स्वास्थ्यका मुद्दाहरू, यी मुद्दाहरूको समाचार संप्रेषणका लागि विश्लेषणात्मक र विवेचनात्मक प्रविधिहरूको तालीम सहितका कुराहरू पर्दछन्।

कला/विज्ञान विषयहरू

**द्वितीय सत्रकाल**
- पत्रकारिताका आधाराशिलाहरू
- कला/विज्ञान विषयहरू

## दोस्रो वर्ष

**प्रथम सत्रकाल**
- समाचार सम्प्रेषण र लेखन (सोपान १): आधारभूत समाचारहरू र विशिष्ट लेख कथाहरू
- पत्रकारिता कानून

विद्यालयहरूले समाचार माध्यमका कानून पाठ्यक्रमलाई कार्यक्रमको पछिल्लो चरणमा दिन सक्नेछन् । तथापि यो विद्यार्थीहरूको कामको प्रकाशन अथवा प्रसारण गर्नुभन्दा पहिले दिनु पर्दछ ।
- कला/विज्ञान विषयहरू

**दोस्रो सत्रकाल**
- समाचार सम्प्रेषण र लेखन (सोपान १) (क्रमशः)
- पत्रकारिता आचारशास्त्र
- कला/विज्ञान विषयहरू

## तेस्रो वर्ष

**प्रथम सत्रकालः**
- समाचार सम्प्रेषण र लेखन (सोपान २): गहन पत्रकारिता
- समाचार प्रसारण र लेखन (रेडियो र टेलिभिजन)
- कला/विज्ञान विषय पाठ्यक्रमहरू

**दोस्रो सत्रकाल**
- समाचार सम्प्रेषण र लेखन (सोपान ३): पत्रकारितामा विशेषज्ञता (क्रमशः)
- बहु समाचार माध्यम/औनलाइन पत्रकारिता र डिजिटल विकासहरू
- कला/विज्ञान विषय पाठ्यक्रमहरू

## तेस्रो र चौथो वर्ष बीचः

पदस्थापन/इन्टर्न कार्यावधि/कार्य अनुभव

प्रभावकारी पदस्थापन अवस्थाको न्यूनतम अवधि हामीले चार हप्ता राखेका छौं। लामो पदस्थापन अवस्था बढी शिक्षणात्मक हुने जानेछ । जहाँ सम्भव हुन्छ, विद्यार्थीहरूलाई राष्ट्रिय अथवा अन्तर्राष्ट्रिय समाचार संस्थामा राखिनु पर्दछ । कामको अनुभव फिल्ड सुपरिवेक्षकद्वारा निरिक्षण र मूल्यांकन गरिनु पर्दछ ।

## चौथो वर्ष

**पहिलो सत्रकाल**

• समाचार सम्प्रेषण र लेखन (सोपान ३): पत्रकारितामा विशेषज्ञता ।
विद्यार्थीहरूले विद्यालयले प्रदान गरेका मध्ये रोजेको एक विषयमा विशेषज्ञता हासिल गर्दछन् । सोपान ३ (भने अनुसार निर्णय भएमा) ले कुनै एक शैक्षिक विद्या शाखाको यथार्थ ज्ञानलाई समाचार सम्प्रेषणको कलामा गाँसेर राख्दछ ।
विषयहरूको पत्रकारिताको 'बीट्स'हरूसंग र जहाँ सम्भव हुन्छ, विद्यार्थीहरूको कला/विज्ञान विषयहरू प्रतिको झुकावसंग तालमेल हुनु पर्दछ । सोपान ३ का पाठ्यक्रमहरूलाई एक समेष्टर र इच्छाधीनका रुपमा पनि प्रदान गर्न सकिन्छ ।

• समाचार माध्यम र समाज
• पत्रकारिता इच्छाधीन विषयहरू

इच्छाधीन विषयहरूको उदाहरणका लागि कृपया पाठ्यक्रमहरूको वर्णन ( निम्नलिखित खण्ड ३) हेर्नु होस् ।

• कला/विज्ञान विषय पाठ्यक्रमहरू

**दोस्रो सत्रकाल**

• समाचार सम्प्रेषण र लेखन (सोपान ३) : पत्रकारितामा विशेषज्ञता (क्रमशः)
• समाचार कार्यशाला: समाचार सम्प्रेषण, सम्पादन, निर्माण र उत्पादन, फोटो पत्रकारितामा प्रशिक्षण समेत ।

अथवा

• उद्घोषण कार्यशाला: रेडियो अथवा टीभी सम्पादन, उत्पादन र कार्यसम्पादन ।
ती विद्यालयहरूले जसले विद्यार्थीहरूलाई समाचारपत्र र उद्घोषणा र कार्यशालाहरू दुबैमा भाग लिन लगाउन चाहन्छन, यी कार्यशालाहरूलाई अलि सानो एकाईमा प्रदान गर्न सक्दछन् अथवा उद्घोषण कार्यशालालाई दोस्रो सत्रकालमा एउटा इच्छाधीन विषयका ठाउँमा प्रदान गर्न सक्दछन् ।

• स्नातकतहको परियोजना
• पत्रकारिता इच्धाधीन विषयहरू
• कला/विज्ञान विषयहरू

### ध्यान दिनु पर्ने कुरा:

समाचार सम्प्रेषण र लेखनको चौथो सोपान चौथो-वर्षको पाठ्यक्रमका रुपमा प्रदान गर्न सकिन्छ । यसमा विश्लेषणात्मक लेखन र विचार लेखन माध्यम केन्द्रित गरी, दुबै बीचको भिन्नता छुट्टयाउने (विश्लेषणात्मक र विचार लेखनका लागि निम्नलिखित कार्य विवरण हेर्नु होस् । यसलाई एउटा अनिवार्य पाठ्यक्रम बनाउनका लागि पाठ्यक्रमहरूको क्रम संख्या तल माथि गर्न आवश्यक हुन सक्दछ । सोपान १ आधा क्रेडिटका रुपमा पहिलो वर्षमा लिन आवश्यक हुन्छ, त्यसपछि आधा

क्रेडिटका रुपमा आधारशिलाहरू पाठ्यक्रम पढाउनु पर्दछ, जसले गर्दा दोस्रो वर्षमा सोपान २ र तेस्रो वर्षमा सोपान ३ प्रदान गर्न सकियोस् । सोपान ४ लाई र त्यसपछि १ समेष्टर वा २ समेष्टरको अनिवार्य पाठ्यक्रमका रुपमा चौथो वर्षमा प्रदान गर्न सकिन्छ । वैकल्पिक रुपमा यसलाई इच्छाधीन विषयका रुपमा प्रदान गर्न सकिन्छ (जस्तो कि यस पाठ्यक्रममा छ)

## क. स्नातकोत्तर उपाधि

यस कार्यपत्रमा हामी दुईटा स्नातकोत्तर पाठ्यक्रम प्रस्तुत गर्दछौं । एउटा ती विद्यार्थीहरूका लागि जसलाई पत्रकारिताको न्यून वा कति पनि ज्ञान छैन र अर्को ती विद्यार्थीहरूका लागि जससंग पत्रकारिताको स्नातक उपाधि छ वा कम्तीमा पाँच वर्षको पत्रकारिता अनुभव छ । यी पाठ्यक्रमहरूका दुबै स्नातकोत्तर कार्यक्रमहरूमा पत्रकारिताको अध्ययनलाई अर्को विषयको अध्ययनसंग गाभिएको छ । हामीलाई थाहा छ कि केही विश्वविद्यालयहरू यी दुइटै कार्यक्रमहरूलाई प्रदान गर्न समर्थ हुने छैनन् । यदि तिनीहरूले पत्रकारिताको पृष्ठभूमि भएमा विद्यार्थीहरूका लागि निर्माण भएको कार्यक्रमलाई मात्र प्रदान गर्न चाहन्छन् भने तिनीहरूले अरु विद्यार्थीहरूलाई स्नातकोत्तर कार्यक्रममा भर्ना लिनु भन्दा पहिले पर्व-स्नातक तहमा (Undergraduate level) पत्रकारितामा पूरक पाठ्यक्रमहरू लिन लगाउन सक्नेछन् । हामी पत्रकारितामा एक वर्षे स्नातकोत्तर कार्यक्रमको सिफारिश गर्दैनौ । न त हामी पत्रकारितामा यस्तो स्नातकोत्तर डिग्रीको सिफारिश गर्दछौं, जुन अधिकाँश आमसंचार वा आम संचार माध्यम सम्बन्धी अध्ययनका विषयवस्तु र अनुसन्धानले भरिपूर्ण होस् । यद्यपि केही पत्रकारिता विद्यालयहरूमा, विशेषगरी तिनीहरूमाजुन विद्यावारिधि कार्यक्रम प्रदानगर्दछन् पत्रकारिता विषयको शैक्षिक अध्ययनमा स्नातकोत्तरका लागि केही ठाउँ हुन सक्दछ । यस अवस्थामा विद्यार्थीहरूलाई विद्धतापूर्ण अनुसन्धान विधिहरू र पत्रकारिता बाङ्मयमा प्रारम्भिक पाठ्यक्रमहरू लिन लगाउनु पर्नेछ ।

पत्रकारितामा स्नातकोत्तर उपाधिले विद्यार्थीहरूको पत्रकारिता विषयको ज्ञान र अभ्यासमा तथा एउटा अर्को विषयको विशेषज्ञता प्राप्त ज्ञानका रुपमा स्तरीय उपलब्धिको अपेक्षा गर्दछ । विद्यार्थीहरूको प्रमाण संकलन क्षमतामा अनुसन्धान विधिहरूको उच्च ज्ञान प्रदर्शन हुनु पर्दछ, र तिनीहरूले बढी गहराई र शैलीमा लेख्नु पर्दछ । सबै पत्रकारिता पाठ्यक्रमहरूमा तिनीहरूले कथाहरूको उत्पादन गरिने विधिहरू र समाजका विभिन्न लक्षित समूहहरूका लागि पत्रकारिता विषयवस्तुको सान्दर्भिकता लगायतका कुराहरू पत्रकारिताको अभ्यासमा गहराईले र मेहनतले चिन्तन गर्ने अपेक्षा गरिन्छ । स्नातकोत्तरमा विद्यार्थीहरू पत्रकारता अभ्यासका उच्च चुनौतीपूर्ण तहहरूमा काम गर्न आवश्यक हुने ज्ञान र विधिहरूमा पारंगत भएर निस्किनु पर्दछ ।

कला, विज्ञान र/अथवा अन्य विद्या-शाखामा प्रथम श्रेणी प्राप्त र नगन्य अथवा विना पत्रकारिता शिक्षाको अनुभव भएका विद्यार्थीहरूले दुई वर्षे स्नातकोत्तर कार्यक्रमको पहिलो वर्ष पत्रकारिताको

ज्ञान र समाचार सम्प्रेषण तथा लेखन र समाचार सम्पादन तथा उत्पादन सीपहरू प्राप्तिमा ध्यान केन्द्रित गर्नु पर्दछ। उनीहरूलाई समाचार प्रसारण संगठनहरूलाई भेट्ने र सेवाकालीन पत्रकारहरूले संचालन गरेका व्याख्यानहरू तथा सेमिनारहरूका साथै अनुभवी परामर्श लिने व्यवस्थाबाट लाभान्वित हुने अवसर प्राप्त हुनु पर्दछ। यसका साथै, स्नातकोत्तर विद्यार्थीहरूले उनीहरूको स्नातक उपाधिको प्रमुख विषयमा अथवा उनीहरूले पत्रकारका हिसावले विशेषज्ञता प्राप्त गर्ने आशा लिएका विषयमा आफ्नो रुचि कायम गर्न र विकास गर्नु पर्दछ।

पत्रकारितामा स्नातक उपाधि प्राप्त गरेका विद्यार्थीहरूले र अन्य विषयमा स्नातक उपाधि हासिल गरी पत्रकारितामा कम्तीमा पाँच वर्षको अनुभव बटुलेका विद्यार्थीहरूले आफ्नो पत्रकारिता ज्ञान र सीप अभिबृद्धि गर्नका साथै पहिलो वर्ष आफ्नो ध्यान एउटा कला अथवा विज्ञान विषयमा (अथवा संयुक्त अध्ययन क्षेत्र) विशेषता प्राप्त ज्ञान बृद्धिमा लगाउनु पर्दछ। यस कार्यक्रमको उद्देश्य पत्रकारिताको कुनै एक विशेषज्ञता प्राप्त क्षेत्रका लागि तयारी गर्नु हो, कार्यक्रमलाई संचार व्यवस्थापनमा इच्छुक विद्यार्थीहरूलाई अनुकूल हुने गरी पनि मिलाउन सकिन्छ।

यस कार्यक्रमका विद्यार्थीहरूलाई उनीहरूले पहिले आफ्नो स्नातक तहमा अध्ययन गरेका अथवा पत्रकारिताको अनुभवका दौरान दक्षता प्राप्त गरेका सामग्रीहरूलाई दोहोऱ्याउन लगाउनु हुँदैन।

पत्रकारिता शिक्षा अथवा अनुभव विनाका विद्यार्थीहरूका लागि, दोस्रो वर्ष समाचार सम्प्रेषण र लेखन तथा उच्च अनुसन्धान विधिहरूमा थप प्रशिक्षण प्रदान गरिनु पर्दछ। दुबै समूहका लागि, दोस्रो वर्ष उनीहरूले छानेका विषयमा ज्ञान गाढा बनाउन खर्च गर्नु पर्दछ र त्यस विषयमा दक्षतासाथ समाचार सम्प्रेषण गर्ने गहन अभ्यास गराइनु पर्दछ।

### (अ) नगन्य अथवा विना पत्रकारिता शिक्षा वा अनुभव भएका विद्यार्थीहरूका लागि स्नातकोत्तर कार्यक्रम

**पत्रकारिता-कला/विज्ञान सन्तुलनः** पत्रकारिता र कला तथा विज्ञान बीच सन्तुलन दर्शाउनका लागि प्रतिशतहरू प्रयोग गरिन्छन्। व्यक्तिगत पाठ्यक्रमहरूको क्रेडिट मूल्य प्रत्येक शिक्षण संस्थामा स्थापित पद्धति अनुसार गणना गरिनु पर्दछ।

प्रथम वर्षः पत्रकारिता ७०%, कला/विज्ञान ३०%
दोस्रो वर्षः पत्रकारिता ७०%, कला/विज्ञान ३०%

### प्रथम वर्ष

**प्रथम सत्रकालः** समाचार सम्प्रेषण र लेखन (सोपान १): मूल खवर र कथानक

- संचार तथा समाज, पत्रकारहरूका लागि महत्वपूर्ण समकालीन सामाजिक

मुद्दाहरूको समाचार संकलनको परिचय समावेश गरिएको जस्तै, लिङ्ग, जाति, जातीयता, धर्म, सामाजिक वर्ग, गरिवी, विकास मुद्दाहरू, जन स्वास्थ्य, यी मुद्दाहरूको समाचार संकलनका विश्लेषणात्मक र समालोचनात्मक प्रविधिहरू प्रयोग बारेमा तालीम सहित ।

- पत्रकारिता आचारशास्त्र ।
- स्नातक स्तरका पाठ्यक्रमहरू कुनै एक शैक्षिक विद्या-शाखामा (अथवा संयुक्त अध्ययन क्षेत्र) जसले पत्रकारितामा विशेषज्ञतायुक्त क्षेत्रको लागि आधारशिला प्रदान गर्दछ ।

**दोस्रो सत्रकाल:**

- समचार सम्प्रेषण र लेखन (सोपान २): गहन पत्रकारिता
- संचार कानून (राष्ट्रिय र अन्तर्राष्ट्रिय)
- संचार कार्यशालाहरू: निम्नलिखित मध्ये कम्तीमा दुईटा :

- रेडियोका लागि समाचार सम्प्रेषण र लेखन
- रेडियो सम्पादन र उत्पादन
- टेलिभिजनका लागि समाचार सम्प्रेषण र लेखन
- टेलिभिजन सम्पादन र उत्पादन
- समाचारपत्र, सम्पादन, तयारी र उत्पादन
- फोटो पत्रकारिता
- पत्रिका सम्पादन, तयारी र उत्पादन
- अनलाइन/बहुसंचार लेखन, सम्पादन र उत्पादन

- स्नातक स्तरका पाठ्यक्रमहरू कुनै एक शैक्षिक विद्या-शाखामा (अथवा संयुक्त अध्ययन क्षेत्र) जसले पत्रकारितामा विशेषज्ञतायुक्त क्षेत्रको लागि आधारशिला प्रदान गर्दछ ।

## पहिलो वर्ष र दोस्रो वर्ष बीचमा

पदस्थापन/इन्टर्न कार्यावधि/कामको अनुभव

जहाँ सम्भव हुन्छ, विद्यार्थीहरूलाई राष्ट्रिय अथवा अन्तर्राष्ट्रिय संचार संस्थाहरूमा उनीहरूको विशेषज्ञता प्राप्त विषय क्षेत्रमा स्थापित गरिनु पर्दछ ।

## दोस्रो वर्ष

प्रथम सत्रकाल:

- विशेषज्ञतायुक्त समाचार सम्प्रेषण

विद्यार्थीहरूले विद्यालयले प्रदान गरेका विषयहरूमध्ये रोजेको एक विषयमा विशेषज्ञता हासिल गर्दछन् । विशेषतायुक्त समाचार सम्प्रेषण (भने अनुसार निर्माण

भएमा) ले कुनै एक शैक्षिक विद्या शाखाको यथार्थ ज्ञानलाई समाचार सम्प्रेषणको कलामा गाँसेर राख्दछ। विषयहरूको पत्रकारिताको 'बीट्स'हरूसंग र जहाँ सम्भव हुन्छ, विद्यार्थीहरूको कला/विज्ञान विषयहरू प्रतिको झुकावसंग तालमेल हुनु पर्दछ।

- पत्रकारिताका लागि उच्च अनुसन्धान विधिहरू
- विश्लेषणात्मक र विचार लेखन
- एक शैक्षिक विद्या शाखामा स्नातक तहका पाठ्यक्रमहरू (अथवा संयुक्त अध्ययन क्षेत्र) जसले विशेषज्ञतायुक्त पत्रकारिता क्षेत्रलाई सघाउछ।

**दोस्रो सत्रकाल:**

- विशेषज्ञतायुक्त समाचार स्रप्रेषण (क्रमशः)
- पत्रकारिता उच्च अनुसन्धान विधिहरू (क्रमशः)
- स्नातकोत्तरको परियोजना/शोधपत्र (Thesis)

विद्यार्थीको विशेषज्ञतायुक्त विषयमा पत्रकारिताको मुख्य कार्य, पत्रकारिता प्रक्रिया र नैतिकता परियोजनाका अन्य मनसायहरूमा प्रकाश पारेको संलग्न प्रतिवेदन सहित।

- स्नातक स्तरका पाठ्यक्रमहरू कुनै एक शैक्षिक विद्या-शाखामा (अथवा संयुक्त अध्ययन क्षेत्र) जसले पत्रकारितामा विशेषज्ञतायुक्त क्षेत्रका लागि सहयोग पुऱ्याउँछ।

## (आ) पत्रकारिता स्नातक उपाधि प्राप्त गरेका अथवा अन्य विषयमा स्नातक उपाधि प्राप्त र पत्रकारितामा कम्तीमा पाँच वर्षको अनुभव प्राप्त विद्यार्थीहरूका लागि स्नातकोत्तर कार्यक्रम

**पत्रकारिता-कला/विज्ञान सन्तुलन:** पत्रकारिता र कला तथा विज्ञान बीच सन्तुलन दर्शाउनका लागि प्रतिशतहरू प्रयोग गरिन्छन्। व्यक्तिगत पाठ्यक्रमहरूको क्रेडिट मूल्य प्रत्येक शिक्षण संस्थामा स्थापित पद्धति अनुसार गणना गरिनु पर्दछ।

| | | | | |
|---|---|---|---|---|
| **प्रथम वर्ष** | पत्रकारिता | ३०% | कला/विज्ञान | ७०% |
| **द्वितीय वर्ष** | पत्रकारिता | ५०% | कला/विज्ञान | ५०% |

### प्रथम वर्ष

प्रथम सत्रकाल

- पत्रकारिताका उच्च अनुसन्धान विधिहरू
- एक शैक्षिक विद्या शाखामा स्नातक तहका पाठ्यक्रमहरू (अथवा संयुक्त अध्ययन क्षेत्र) जसले विशेषज्ञतायुक्त पत्रकारिताको आधारशिला प्रदान गर्दछ।

दोस्रो सत्रकाल • पत्रकारिताका उच्च अनुसन्धान विधिहरू (क्रमशः)

• एक शैक्षिक विद्या शाखामा स्नातक तहका पाठ्यक्रमहरू (अथवा संयुक्त अध्ययन क्षेत्र) जसले विशेषज्ञतायुक्त पत्रकारिता क्षेत्रलाई सघाउछ ।

## पहिलो वर्ष र दोस्रो वर्ष बीचमा

**पदस्थापन/इन्टर्न कार्याविधि/कामको अनुभव**

जहाँ सम्भव हुन्छ, विद्यार्थीहरूलाई राष्ट्रिय अथवा अन्तर्राष्ट्रिय संचार संस्थाहरूमा उनीहरूको विशेषज्ञता प्राप्त विषय क्षेत्रमा स्थापित गरिनु पर्दछ।

## दोस्रो वर्ष

**प्रथम सत्रकाल:** • विशेषज्ञतायुक्त समाचार सम्प्रेषण

विद्यार्थीहरूले विद्यालयले प्रदान गरेका विषयहरूमध्ये रोजेको एक विषयमा विशेषज्ञता हासिल गर्दछन् । विशेषतायुक्त समाचार सम्प्रेषण (भने अनुसार निर्माण भएमा) ले कुनै एक शैक्षिक विद्या शाखाको यथार्थ ज्ञानलाई समाचार सम्प्रेषणको कलामा गाँसेर राख्दछ । विषयहरूको पत्रकारिताको 'बीट्स'हरूसंग र जहाँ सम्भव हुन्छ, विद्यार्थीहरूको कला/विज्ञान विषयहरू स्नातकोत्तर कार्यक्रम प्रतिको झुकावसंग तालमेल हुनु पर्दछ ।

• विश्लेषणात्मक र विचार लेखन

• एकै शैक्षिक विद्या शाखामा स्नातक तहका पाठ्यक्रमहरू (अथवा संयुक्त अध्ययन क्षेत्र) जसले विशेषज्ञतायुक्त पत्रकारिता क्षेत्रलाई सघाउछ ।

दोस्रो सत्रकाल: • विशेषज्ञतायुक्त समाचार सम्प्रेषण (क्रमशः)

• स्नातकोत्तर तहको परियोजना

विद्यार्थीको विशेषज्ञतायुक्त विषयमा पत्रकारिताको मुख्य कार्य, पत्रकारिता प्रक्रिया र परियोजनाका नैतिक तथा अन्य मनसायहरूमा प्रकाश पारेको संलग्न प्रतिवेदन सहित ।

• स्नातक स्तरका पाठ्यक्रमहरू कुनै एक शैक्षिक विद्या-शाखामा (अथवा संयुक्त अध्ययन क्षेत्र) जसले पत्रकारितामा विशेषज्ञतायुक्त क्षेत्रका लागि सहयोग पुऱ्याउँछ ।

## पाठ्यक्रम वर्णन

**पत्रकारितामा आधारशिला:** यस पाठ्यक्रमको उद्देश्य डिप्लोमा तहमा पत्रकारिताको शिक्षणका लागि आधारशिला राख्नु हो । पाठ्यक्रमका एकाईहरूमा (१) तर्कशास्त्र, प्रमाण र अनुसन्धान (समालोचनात्मक सोचाई समावेश गरिएको); (२) लेखन (व्याकरण र बाक्य रचना, र वर्णनात्मक, विवरणात्मक र व्याख्यात्मक विधिहरू समावेश गरिएको); (३) राष्ट्रिय र अन्तर्राष्ट्रिय संस्थाहरू (आफ्नो देशको सरकारको व्यवस्था, यसको सम्बिधान, न्याय प्रणाली, राजनीतिक प्रक्रिया, अर्थव्यवस्था, सामाजिक र सांस्कृतिक संगठनहरू, यसको अन्य देशहरूसंगको सम्बन्ध, र प्रजातन्त्रको संरचनामा पत्रकारिताको स्थान बारे आधारभूत  ज्ञान समावेश गरिएको); (४) सामान्य ज्ञान, राष्ट्रिय र अन्तर्राष्ट्रिय इतिहास र भूगोल र पत्रकारहरूका लागि महत्वपूर्ण समकालीन मुद्दाहरूको परिचय समावेश गरिएको - लिङ्ग, जाति, जातीयता, धर्म, सामाजिक वर्ग, द्वन्द्व, गरिवी, विकास मुद्दाहरू र जनस्वास्थ्य सहितको, साथै यी मुद्दाहरूको समाचार संकलनमा विश्लेषणात्मक र समालोचनात्मक विधिहरूको प्रयोग सम्बन्धी तालीम समावेश गरिएको । तर्क शास्त्र, प्रमाण र अनुसन्धान एकाईको निर्माण विद्यार्थीहरूलाई अन्तर्वाता लिने र अन्य समाचार सम्प्रेषण विधिहरूको परिचय दिन गरिएको हैन (जसलाई सोपान १ समाचार संप्रेषण र लेख्नमा परिचय गराइने छ) । यसको निर्माण विद्यार्थीहरूको स्पष्ट र समालोचनात्मक रुपमा सोच्ने योग्यताको अभिबृद्धि गर्न गरिएको हो जसबाट उनीहरू अपरिचित सूचनालाई तुरुन्तै पचाउन सकून, प्रश्नहरू सोध्न समर्थ होऊन जसले उनीहरूलाई सूचना छानविन गर्न र मूल्यांकन गर्न मद्दत गर्नेछ । लेखनको एकाई विद्यार्थीहरूलाई समाचार लेखनका सीपहरू सिकाउन निर्माण गरिएको होइन (जसको सोपान १ समाचार सम्प्रेषण र लेखन पाठ्यक्रममा परिचय गराइने छ) बरु यो सुनिश्चित गर्न हो कि विद्यार्थीहरूले प्रभावकारी ढंगले पत्रकारिता लेखन विधिको प्रयोग गर्न सिक्न सकून । राष्ट्रिय र अन्तर्राष्ट्रिय संस्थाहरू र सामान्य ज्ञानका एकाईहरू विद्यार्थीहरूलाई उनीहरूको पत्रकारिता अध्ययनहरूमा उनीहरूलाई चाहिने पृष्टभूमि र सन्दर्भ प्रदान गर्न तथा पत्रकारिताका लागि महत्वपूर्ण मुद्दाहरूप्रति उनीहरूको अभिरुचि जोगाउन निर्माण गरिएको हो ।

**समाचार सम्प्रेषण र लेखन (सोपान १):** पत्रकारिता अनुसन्धान र लेखनको परिचय । यसका शीर्षकहरूमा: समाचार मूल्यांकन र कथा-विषयहरू विकास गर्ने, समाचार संकलन, अन्तर्वाता संचालन, अवलोकन र सत्यतथ्य पत्ता लाउने, अन्य अनुसन्धान विधिहरू र प्रविधिहरू, र मूल खवर र विशिष्ट कथाहरू (कथा प्रारुप, वर्णन, प्रविधिहरू र उक्तिहरूको प्रयोग) । विद्यार्थीहरूले बैठकहरू, भाषणहरू, र अन्य घटनाहरूको समाचार कसरी तयार गर्ने, विभिन्न किसिमका व्यक्तिगत टेलिफोन र इमेल अन्तर्वाताहरू कसरी आयोजना गर्ने र संचालन गर्ने, र कसरी मुद्दा र नीतिका कथाहरू अनुसन्धान गर्ने बारे सिक्ने छन् । उनीहरूले निश्चित समयावधिको दबावमा काम गर्न सिक्ने छन् र समाचार सम्प्रेषण र लेखनको आचारशास्त्रको परिचय पाउने छन् । यस पाठ्यक्रममा पत्रकारिता

अनुसन्धान, लेखन र सम्पादनका लागि कम्प्युटर कार्यविधि र प्रयोगको महत्वबारे प्रशिक्षण हुनु पर्दछ। यसमा ध्यान दिनु होस् कि यद्यपि समाचार सम्प्रेषण र लेखन पाठ्यक्रमहरू सामान्य तथा छपाई पत्रकारितामा केन्द्रित हुन्छन्, सिद्धान्तहरू र अभ्यासहरू समाचार प्रसारण र ओनलाईन पत्रकारितामा लागू हुन सक्दछन्।

**समाचार सम्प्रेषण र लेखन (सोपान २):** यस पाठ्यक्रमको निर्माण विद्यार्थीहरूको गहराईमा गएर समाचार सम्प्रेषण गर्ने र लेख्ने योग्यतालाई तिख्याएर पत्रकारिता विकासको बाटोमा उनीहरूलाई डोऱ्याउन गरिएको हो। समाचार सम्प्रेषण प्रशिक्षणमा उच्च अन्तर्वाता विधिहरू, कम्प्यूटर-सहयोगमा समाचार सम्प्रेषण (CAR) र अन्य खोजमूलक अनुसन्धान विधिहरू, सर्वेक्षण र मत सर्वेक्षण तथ्यांकहरूको व्याख्या, सरकारका अभिलेखहरूमा पहुँच पुऱ्याउने र उनीहरूको विश्लेषण गर्ने सम्बन्धी प्रशिक्षण समावेश हुन्छ। लेखन प्रशिक्षणमा, जटिल कथा कदमको विश्लेषण र अभ्यास समावेश हुनेछ। साथै वर्णनात्मक प्रविधिहरूको प्रयोग, र विश्लेषण र व्याख्या विधिहरूको परिचय पनि समावेश हुनेछ। यस पाठ्यक्रममा दैवी प्रकोपहरूको समाचार सम्प्रेषणको परिचय पनि समावेश हुन सक्नेछ।

**समाचार सम्प्रेषण र लेखन (सोपान ३):** विशेषज्ञतायुक्त पत्रकारिता
सोपान १ र सोपान २ का समाचार सम्प्रेषण र लेखन विधिमा आधारित भई विद्यार्थीहरूले समाचार (अथवा 'बीट') को प्रमुख विषयमा अनुसन्धान गर्न र लेख्न सिक्नेछन्। यसमा जोड सर्वसाधारणका लागि व्याख्यात्मक सम्प्रेषणमा हुनेछ र अन्तमा पत्रकारिताका कुनै पनि माध्यमको विस्तारित कार्यमा टुङ्गिनेछ। सोपान ३ को संबाददाताका कुराहरूको महत्व र अर्थको मूल्यांकनले मानव कार्य क्षेत्रमा उसको अनुभवको गहराई झल्किने छ। यसले व्याख्या विधिको ज्ञान पनि झल्काउने छ जुन विशिष्ट विद्या शाखा वा अर्थशास्त्रीय क्षेत्र भित्र समाहित गरिएको हुन्छ। त्यसैले विद्यार्थीहरूलाई उनीहरूको विशेषज्ञतायुक्त पत्रकारिताको क्षेत्रलाई (सोपान ३ को पाठ्यक्रममा टुंगिएको) उनीहरूको कला र विज्ञान कार्यक्रमसंग समायोजन गर्न प्रोत्साहत गर्नु पर्दछ।

**समाचार सम्प्रेषण र लेखन (सोपान ४)**
विश्लेषणात्मक र विचार लेखन (स्नातकोत्तरको) पाना २७ मा हेर्नु होस्।

**प्रसारणका लागि समाचार सम्प्रेषण र लेखन**
रेडियो र टेलिभिजन स्रोत/दर्शकगणका लागि (सामुदायिक प्रसारण समेत) समाचार तथा विशिष्ट लेखहरू संकलन गर्ने, विश्लेषण गर्ने तथा लेख्ने विधिहरूको परिपत्र। विद्यार्थीहरू समाचारको उत्पादनका लागि श्रव्य-दृश्य सामग्रीहरू प्रयोग गर्ने र सम्पादन गर्ने पद्धतिहरूमा टेपका लागि कसरी अन्तर्वार्ता गर्ने, कान र तस्वीरका लागि कसरी लेख्ने र आकाश वाणी सम्पादनका तत्व बारे सिक्नेछन्।

## बहुसंचार/'आनलाईन' पत्रकारिता

विद्यार्थीहरू पत्रकारिता औजार र माध्यमका रुपमा हालसाल विकास हुँदै आएको 'इन्टरनेट' बारे सिक्नेछन् । उनीहरू कसरी कथा-कथनलाई प्रविधिले रुपान्तर गर्न सकिन्छ, कसरी पत्रकारहरूले आफ्नो काम अझ राम्ररी गर्नका लागि प्रविधि प्रयोग गर्न सक्छन् र कसरी इन्टरनेट र अन्य संचार संजालको माध्यमद्वारा पाठक/दर्शक गणहरूसंगको सम्बन्ध नागरिकहरूसंग अझ बढी अन्तर्क्रियात्मक भेटघाटहमा रुपान्तरित गर्न सकिन्छ भन्ने कुरा सिक्नेछन् । कसरी समाचार संगठनहरूको संरचना र उद्योग प्रविधिद्वारा रुपान्तरित गर्न सकिन्छ भन्ने बारे विचार गर्ने छन् । उनीहरूले ओनलाईन र बहुसंचार स्थल (Site) का लागि लेख्न सिक्ने छन् । कथाहरू पठाउने र विकास हुँदै जाँदा उनीहरूलाई र डेटाले प्रयोग गर्ने, कसरी दुरुस्त राख्ने र अगाडि बढाउने भन्ने कुरा लेख्न सिक्नेछन् । उनीहरूले वेभसाइटका लाग पानाहरू सिर्जना गर्ने, उनीहरूलाई 'सर्वर' मा राख्न र 'डिजिटल क्यामेरा' प्रयोग गर्न सिक्ने छन् । उनीहरूले आफ्ना कथाहरूलाई अन्तरक्रियात्मक बनाउनका लागि श्रव्य-दृश्य प्रविधिसंग प्रयोग गर्नेछन् । उनीहरू 'मोवाईल' प्रविधिहरूको प्रभाव बारे विचार गर्ने छन्, र उनीहरूले नयाँ प्रविधिहरूसंग आफूलाई अनुकूल बनाउन सिक्ने छन् ।

## संचार कानून

### ध्यान दिनु पर्ने कुराः

(१) विद्यालयहरूले संचार कानूनलाई पूर्व–विश्वविद्यालय डिप्लोमा (परिशिष्ट १) र पूर्व-स्नातक उपाधिहरूको पाठ्यक्रम पछि प्रदान गर्न सक्दछन् तथापि, संचार कानूका भौतिक कुराहरू, विद्यार्थीहरूलाई उनीहरूले प्रकाशन र प्रसारणको कार्य हातमा लिनुभन्दा पहिले पढाइनु पर्दछ ।
(२) संचार कानून वकिलहरूद्वारा पढाउन जरुरी छैन तर शिक्षकहरू कानूनका विद्यार्थी हुनै पर्दछ ।

यस पाठ्यक्रमले राष्ट्रिय र अन्तर्राष्ट्रिय कानूनहरूको एउटा श्रृङ्खंलामा विचार गर्दछ, जसले पत्रकारहरू र संचार जगतलाई प्रभावित पार्दछन् । यसमा यस्ता विषयवस्तुहरू समावेश हुन्छन्, जस्तै खुलापन र अभिव्यक्तिको स्वतन्त्रताका प्रजातान्त्रिक र संवैधानिक सिद्धान्तहरू; राष्ट्रिय सुरक्षा र सार्वजनिक शान्ति सुरक्षाको बचावका लागि बैधानिक सीमाहरू; नियमहरू र सिद्धान्तहरू जसले राष्ट्रहरूका आपसी सम्बन्धहरू निर्धारित गर्दछन्; सूचना कानूनहरू र प्रक्रियाहरूमा पहुँच; न्यायालयको अवहेलना र प्रकाशन प्रतिवन्ध लगायतका न्यायप्रक्रियाको रक्षा गर्न बैधानिक बाधाहरू; सामाजिक मूल्यहरू र सामाजिक समूहहरू, दुर्वचन, जातीयता र अश्लीलताको अभिव्यक्ति समेतको, रक्षा गर्नमा बैधानिकता बाधाहरू;मानहानि र गोपनीयता समेतका निजी अधिकारहरूबाट उत्पन्न बैधानिक बाधाहरू, । यस पाठ्यक्रमले अन्तर्राष्ट्रिय मानव अधिकार औजारहरूमा पनि विचार गर्दछ । युद्ध कैदीहरूप्रतिको सुरक्षा र युद्ध अपराध र मानवता विरुद्ध अपराध जाति संहार समेतलाई निर्धारित गर्ने महासन्धिहरू र कानूनहरू । यस कक्षाले विद्यार्थीहरूलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय न्यायप्रणालीहरू - न्यायालयको संरचना समेतको परिचय गराउन सक्दछ ।

## पत्रकारिता आचारशास्त्र

प्रमुख नैतिक मुद्दाहरू र मूल्यहरूको समालोचनात्मक जाँच, मुख्यतया सत्य बोल्नुसंग सम्बन्धित, जस्तै पत्रकारिताको स्वायत्तता (अभिरुचिहरूको द्वन्द्व समेत); प्रमाण, तथ्य परीक्षण, र सम्पुष्टि; स्रोतहरू, नाम उल्लेख भएको र बेनामी; स्पष्टता, निष्पक्षता र पूर्वाग्रह; फोटो र डिजिटल चालबाजी तथा गलत प्रतिनिधित्व; आविष्कार; कल्पना, अफवाह र गफ; चेक-बुक पत्रकारिता; इन्टर्नेट; उक्तिहरू; साहित्यिक चोरी; 'वस्तुगतता' र 'स्टेनोग्राफिक' पत्रकारिता, दिगो कथाहरूको समाचार संकलन, त्रुटी निवारण, आदि । यस पाठ्यक्रमले नागरिक कर्तव्यसंग सम्बन्धित आइरहने नैतिक मुद्दाहरू र चुनौतीहरूको पनि छानविन गर्नु पर्दछ, जस्तैः समाचार मूल्याकन; विविधता (जातीय र सांस्कृतिक परिचयहरू); लैङ्गिक र लिङ्गीय परिचय; मौलिकता विहीन धारणा; बालबालिकाहरू; राज्य सुरक्षा मुद्दाहरूको समाचार संकलन; रुचिका मापदण्ड, आत्महत्याहरू, शवयात्रा र शवका तस्वीरहरू समेत; गोप्यता सम्बन्धी मुद्दाहरू, सार्वजनिक व्यक्तिहरू/निजी जीवन, विशिष्ट व्यक्तिहरू, नाम लिएर भन्नु, बलात्कृतहरू, स्वीकृति, आकस्मिकताहरू, अपहरण, आतंवाद, युद्धहरू, नरसंहार र हिंसा । यस पाठ्यक्रमले द्वन्द्वको समाचार सम्प्रेषण गर्दा संवेदनशीलता र सुरक्षाको मुद्दाहरूमा विशेष ध्यान दिनेछ ।

## संचार र समाज

प्रजातन्त्रको निर्माणमा संचारले खेल्ने भूमिकाको समालोचनात्मक विश्लेषण र संचारको संचालन प्रक्रियामा राजनीतिक, आर्थिक, सांस्कृतिक र प्राविधिक पक्षहरूको प्रभाव । यस पाठ्यक्रममा राष्ट्रिय र अन्तर्राष्ट्रिय 'सेन्सर' का र सरकारको नियन्त्रणका मुद्दाहरू, संचार र द्वन्द्व (असैनिक जोजाहापन र हिंसा र शान्ति प्रयासहरू), संचारको संगठन र स्वामित्व, संचार विविधता र बहुलवादको मूल्य, लिङ्ग, वर्गीय, धार्मिक र जातीय संवेदनशीलता, सामाजिक वर्गका मुद्दाहरू, गरिबी, विकास र जनस्वास्थ्य, प्राविधिक परिवर्तनका असर, विज्ञापन, र प्रवृत्तिहरू, जस्तै विशिष्ट व्यक्ति-पत्रकारिता र 'इन्फोटेनमेन्ट' (Infotainment), समालोचकका रुपमा संचारको भूमिका, सर्वसाधारण समाचारको असर, सरकारहरूले शक्ति अभ्यास गर्ने र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संचारबाट प्रचार प्रसार गर्ने तरीकाहरू र विभिन्न संस्कृतिहरू र अभ्यासहरूको परिचय समावेश गरिनेछ ।

## समाचारपत्र कार्यशाला

यस कार्यशालामा विद्यार्थीहरूले आदि देखि अन्तसम्म एउटा साप्ताहिकको उत्पादन गर्दछन् - कथा विषयहरूको सिर्जना देखि छाप्नु अघिको अन्तिम चरणसम्मका पानाहरू तयार गरुन्जेल सम्म । त्यसैले, यस कार्यशालामा समाचारपत्र छपाईमा प्रशिक्षण र अभ्यास लेखन, सम्पादन, पाना निर्माण, र औनलाइन पाना उत्पादन समावेश गरिएको छ । विद्यार्थीलाई समाचार सम्पादकहरू (अथवा तोकिएका सम्पादकहरू) र सम्वाददाताहरूलाई आफ्नो कार्य सम्पादन गर्न चाहिने सीपहरू र सह-सम्पादकहरू (अथवा उप-सम्पादकह) ले कथाहरू र तस्वीरहरूलाई छान्न र चलाउन प्रयोग हुने

सीपहरू दिइने छन् । उनीहरू संक्षिप्तता, शुद्धता र शैलीका लागि सम्पादन गर्न र कथालाई सम्पूर्ण रुपमा र हरफ, हरफ गरी हेर्न सिक्नेछन् । उनीहरू पाना निर्माण गर्न र उत्पादन गर्न कथाहरू र तस्वीरहरूको चयन र प्रयोग गर्न र अनुशीर्षकहरू (Captions), शीर्षकहरू, उप-शीर्षकहरू आदिले लेख्न सिक्नेछन् । कार्यशालाको समाप्तिमा उनीहरू समाचारपत्रहरूमा पाना सम्पादकका रुपमा काम गर्न तयार हुनु पर्दछ । यही कार्यशालामा, अथवा एउट छुट्टै कार्यशालामा विद्यार्थीहरूले फोटोपत्रकारिता, समाचारको, कथा वस्तुको, पोट्रेटको खेलकूदका फोटो लिने तथा डिजिटल प्रविधिको प्रयोग गरी तस्वीरको लेआउट निर्माण गर्ने र उत्पादन गर्ने सिद्धान्त अभ्यास सम्बन्धी प्रशिक्षण प्राप्त गर्ने छन् ।

## प्रसारण कार्यशाला

विद्यार्थीहरूले कथा विषयहरू विकास गर्ने छन् । ‸ कथा बनाउने छन् र समाचार प्रसारका लागि लेख्ने, सम्पादन गर्ने, हरफ मिलाउने प्रसारण गर्ने छन् । टेप कुराकानी गर्ने छन् । लघु वित्त चित्र निर्माण गर्ने छन् । स्टूडियोमा र फिल्डमा अन्तर्वाता संचालन गर्ने छन् । कार्यशालाको अन्तमा उनीहरूलाई समाचार सम्प्रेषण वा अन्तर्वाता तयार गर्ने ज्ञान र सीप प्राप्त हुनेछ जुन व्यावशायिक स्तरको हुनेछ र उनीहरूले रेडियो वा टेलिभिजन समाचार कार्यक्रमका सम्पादक वा उत्पादक कर्मचारीका रुपमा काम प्रारम्भ गर्न तयार हुनु पर्दछ ।

## पत्रिका कार्यशाला

विद्यार्थीहरूले एउटा पत्रिकाको मूल नमूनाका विषयवस्तु सोचविचार गर्ने, निर्माण गर्ने र ‘कैमरा-रेडी’ चरणसम्म उत्पादन गर्नेछन् । उनीहरूले कथाका विषयहरू सिर्जना गर्ने, पत्रिका सम्पादन गर्ने, तस्वीरहरू संकलन र सम्पादन गर्ने, तथ्य जाँच गर्ने, विषयवस्तु संगठित गर्ने, मुद्रणकला निर्धारण गर्ने र पाना निर्माण गर्न सिक्नेछन् । कार्यशालाको अन्तमा उनीहरूले पत्रिकाको सम्पादकीय कर्मचारीका रुपमा काम गर्न तयार हुनु पर्दछ ।

## स्नातकको परियोजना

स्नातकको परियोजना कुनै पनि माध्यममा महत्वपूर्ण पत्रकारिता कथा वा श्रृङ्खला हो । यसको उद्देश्य विद्यार्थीले गहन अनुसन्धान संचालन गर्ने, ठूलो परिमाणमा सामग्री संकलन गर्ने र संगठित गर्ने तथा व्यावशायिक रुपमा त्यस सामग्रीलाई प्रस्तुत गर्ने अफ्नो क्षमता प्रदर्शन गर्नु हो । जहाँ सम्भव छ, विद्यार्थीहरूले आफ्नो कला/विज्ञान कार्यक्रमको मुख्य विषयसंग सम्बन्धित एउटा विषय रोज्नु पर्दछ । विद्यार्थीहरूलाई आफ्नो कथामा उनीहरूले सम्बोधन गरेको महत्वपूर्ण मुद्दामा आफ्ना भनाई प्रस्तुत गर्न पनि लगाइनेछ । यो विचारपूर्ण लेखमा विद्यार्थीहरूले आफ्नो कथाका स्त्रोतहरू सूचीकृत गर्न लगाइनेछ तर अझ महत्वपूर्ण के भने उनीहरूलाई विषयवस्तुका बारेमा शैक्षिक दृष्टिकोणले लेख्न र उनीहरूको कथाले उठाएका नैतिक, बैधानिक र अन्य मुद्दाहरूलाई सम्बोधन गर्न लगाइनेछ ।

## स्नातकोत्तरको परियोजना

स्नातकोत्तरको परियोजना विद्यार्थीको विशेषज्ञतायुक्त क्षेत्रमा कुनै पनि माध्यममा पत्रकारिता वा श्रृङ्खलामा एउटा महत्वपूर्ण अत्युत्तम् लेख हो। यसको उद्देश्य विद्यार्थीले गहन अनुसन्धान संचालन गर्न र कायम राख्न, ठूलो परिमाणमा सामग्री संकलन गर्न र संगठित गर्न तथा व्यवशायिक रुपमा त्यस सामग्रीलाई प्रस्तुत गर्न विद्यार्थीको योग्यता प्रदर्शन गर्नु हो। परियोजनामा एउटा प्रतिवेदन संलग्न हुनु पर्दछ, जसले परियोजनाको विवेकपूर्ण ज्ञान, यसका स्रोतहरू र सम्भावित असर प्रदर्शन गरोस्। विश्वविद्यालयहरूले पत्रकारिताका बारेमा पनि एउटा परियोजनामा विचार गर्न सक्दछन्। एउटा शैक्षिक परियोजनाले स्नातकोत्तर तहमा विद्वताका सामान्य स्तरहरू पूर्ति गर्नु पर्नेछ।

## विश्लेषणात्मक र विचार लेख (स्नातकोत्तरको)

यस पाठ्यक्रमले पहिले तालीम लिएका अथवा समाचार सम्प्रेषणमा अनुभव प्राप्त गरेका स्नातकोत्तर तहका विद्यार्थीहरूलाई अत्यधिक लोकप्रिय समाचार विश्लेषणको कार्य र विभिन्न रुपका समीक्षा तथा विचार लेखनसंग परिचय गराउँछ। विद्यार्थीहरूले व्यापक लेखन र विश्लेषणद्वारा प्रमुख राजनीतिक र सामाजिक मुद्दाहरूसंग काम गर्न सिक्ने छन्, र नैतिक निश्चितता र तर्क वितर्क सम्बन्धी प्रश्नहरू तथा पत्रकारितामा राम्रा अभ्यासहरूद्वारा प्रदर्शीत वाक्पटुता सम्बन्धी रणनीतिहरू लगायतका विचार लेखनलाई चित्त बुझाउने कसरी बनाउन सकिन्छ? समाचार विश्लेषण लेखलाई चित्त बुझाउने गरी कसरी बनाउन सकिन्छ? वादविवादलाई कसरी तयार गरिन्छ र तथ्यहरूलाई टिप्पणीहरूलाई कसरी संगठित गरिन्छ? यस पाठ्यक्रममा प्रमुख पत्रकारिताका पत्रिकाहरू र लेखनहरूका उदाहरणमा विचार गरिनेछ। विद्यार्थीहरूले आफ्नो लेख र विश्लेषणात्मक सीप दुबै कसरी विकास गर्ने भन्ने कुराहरू सिक्नेछन्। मुद्दाहरूको छानविनद्वारा यस पाठ्यक्रमले विद्यार्थीहरूलाई सम्पादकीय लेख्ने र विश्लेषण बीचको विभाजन रेखासंग परिचित गराउनेछ।

## उच्च अनुसन्धान विधिहरू (स्नातकोत्तरको)

यस पाठ्यक्रमको लक्ष्य विद्यार्थीहरूलाई एउटा परिभाषित छानविन क्षेत्रका बारेमा जटिल सूचनाहरू संकलन गर्न, बुझ्न, विश्लेषण गर्न र मूल्यांकन गर्न सक्षम बनाउने र यसलाई सर्वसाधारण पाठकवर्गहरूमा सही रुपमा, स्पष्ट रुपमा र आकर्षक रुपमा प्रस्तुत गर्नु रहेको छ। विद्यार्थीहरूले सामाजिक, विज्ञान र बैज्ञानिक अनुसन्धानका लागि पत्रकारिता अभ्यासका बास्तविकताहरूसंग काटछाँट गरी अति नियम निष्ठा विधिहरू र विनम्रता र शंकालपनलाई मिलाउन सिक्नेछन्। यसका गृह कार्यहरूमा विद्यार्थीहरूको विशेषज्ञतायुक्त विषय क्षेत्रसित सम्बन्धित अनुसन्धान प्रतिवेदनहरूको छानविन समावेश गरिनेछ।

## विशेषज्ञतायुक्त समाचार सम्प्रेषण (स्नातकोत्तरको)

प्रमुख समाचार (अथवा 'वीट्स') विषयमा समाचार सम्प्रेषण र लेखन। यसको जोड सर्वसाधारणका

लागि व्याख्यात्मक समाचार सम्प्रेषणमा रहनेछ, जुन कुनै पनि माध्यममा पत्रकारिताको विस्तारित कार्यमा टुँगिने छ। कुराहरूको महत्व र अर्थको विशेषज्ञतायुक्त सम्वाददाताको मूल्यांकन मानव गतिविधिको क्षेत्रमा उसको अनुभवको गहराईलाई प्रतिविम्वित गर्दछ। यसले व्याख्यानका विधिहरूको ज्ञानलाई पनि झल्काउँछ जुन एउटा विशिष्ट विद्या शाखा वा अन्तर्शास्त्रीय क्षेत्र भित्र निहित हुन्छन्। विद्यार्थीहरूलाई त्यसकारण उनीहरूको विशेषज्ञतायुक्त पत्रकारिता क्षेत्रलाई आफ्ना कला र विज्ञानको पृष्ठभूमि तथा स्नातकोत्तर कार्यक्रमका पाठ्यक्रमहरूसंग समायोजन गर्न प्रोत्साहित गरिनु पर्दछ।

## पदस्थान/इन्टर्न कार्याविधि/कार्यअनुभव

विद्यार्थीहरूले यथासक्य राष्ट्रिय वा अन्तर्राष्ट्रिय कुनै समाचार संचार संस्थामा समाचार कक्षको संरचना भित्र वरष्ट सम्पादकको सुपरिवेक्षणमा (र कर्मचारीहरूको अनुभवबाट सिक्दै) सिकारु सम्वादाताहरू, सम्पादकहरू, फोटो ग्राफरहरू, डिजाइन गर्ने, व्यक्तिहरू अथवा ग्राफिक कलाकारहरूका रुपमा काम गर्दछन्। उनीहरूलाई कम्तीमा चारहप्ता र यथासक्य तीन देखि ६ महिनासम्म राखिनु पर्दछ र यसको आखिरमा परिवेक्षक सम्पादकले विद्यार्थीको प्रगतिका बारेमा विद्यालयलाई प्रतिवेदन दिनु पर्दछ। प्रत्येक विद्यालयले आफ्ना मूल्यांकन विधिहरू आफै निर्धारण गर्नु पर्दछ। यिनीहरू ज्यादै साधारण हुन सक्दछन्: यदि पर्यवेक्षक सम्पादकले यस्तो प्रतिवेदन दिन्छन् कि विद्यार्थीहरूले सन्तोषजनक रुपमा मात्र लिएका छन्, विद्यार्थीहरूलाई पदस्थापन अवस्थाको 'उत्तीर्ण' दिइनु पर्दछ। जहाँ सम्भव छ, विद्यार्थीहरूलाई उनीहरूको विशेषज्ञतायुक्त क्षेत्रमा राखिनु पर्दछ, यदि 'रोजगारी व्यवस्थापन' ले शैक्षिक कार्य तालिकाहरू वा टाइमटेबलहरूमा अवाँछित अवरोध उत्पन्न भएमा विद्यार्थीहरूलाई उपाधि प्राप्त गर्नु अघि कुनै पनि बेला तिनीहरूलाई पूरा गर्न दिइनु पर्दछ। विद्यालयले पदस्थापन गर्नका लागि पाठ्यक्रम कार्यको समाप्तिमा अथवा अन्तिम वर्षको अध्ययन प्रारम्भ हुनु अघि एक सेमिष्टर थप गर्न आवश्यक हुन सक्दछ।

## पत्रकारिता वैकल्पिक विषयहरू (उदाहरणहरू)

विद्यालयहरू बैकल्पिक विषयहरूलाई 'पैकेज' मा समूहीकृत गर्न सक्दछन्।

द्वन्द्वको समाचार संकलन*
दैव प्रकोपको समाचार सम्प्रेषण*
विकास पत्रकारिता*
अन्तर्राष्ट्रिय पत्रकारिता*
राजनीतिक पत्रकारिता*
विविधतामा समाचार संकलन*
अभावग्रस्तमा समाचार संकलन*
जनस्वास्थ्यमा समाचार संकलन*

वातावरणीय मुद्दाहरूमा समाचार संकलन*
शिक्षामा समाचार संकलन*
सामाजिक आन्दोलनमा समाचार संकलन*
खेलकूद पत्रकारिता*
व्यवसाय पत्रकारिता*
विज्ञान पत्रकारिता*
कला र संस्कृति*
दृष्य पत्रकारिता/सचिव वर्णन**
फोटो पत्रकारिता**
'कपी'(copy) सम्पादन**
पत्रिका डिजाइन**
विश्लेषणात्मक र विचारलेखन
साहित्यक पत्रकारिता/सजीव वर्णन
संचार व्यवस्थापन
संचार अर्थशास्त्र

* विद्यालयले यिनीहरूलाई 'सोपान ३' पाठ्यक्रमका रुपमा प्रदान गर्न सक्दछन् (विशेषतायुक्त समाचार सम्प्रेषण र लेखन) जहाँ उनीहरूको विश्वविद्यायसंग सान्दर्भिक स्रोतहरू छन् । उदाहरणका लागि शिक्षामा 'समाचार संकलन' लाई सोपान ३ का रुपमा प्रदान गर्न सकिन्छ जहाँ विश्वविद्यालयमा शिक्षा विद्यालय छ ।

**विद्यालयहरूले यिनीहरूलाई समाचार पत्र कार्यशाला र प्रसार कार्यशालाका अतिरिक्त संचार कार्यशालाका रुपमा प्रदान गर्न सक्दछन् ।

## परिशिष्ट १

## पत्रकारितामा डिप्लोमा (दुईवर्षे उत्तर-माध्यमिक)

माध्यमिक विद्यालयमा शिक्षा देशै पिच्छे र विद्यालयै पिच्छे फरक हुन्छ। पत्रकारितामा डिग्री उपाधि नदिने संस्थामा प्रदान गरिएको उत्तर-माध्यमिक प्रमाणपत्र अथवा डिप्लोमा कार्यक्रम प्रारम्भ गर्ने विद्यार्थीहरूका सबल पक्षहरू पनि अलग अलग हुन सक्दछन्, र हामीले प्रदान गर्ने कार्यक्रम त्यसै अनुसार मिलाइएको हुनु पर्ने हुन्छ। तथापि, तिनीहरूले जसले पत्रकारहरूको रुपमा तालीम लिन खोज्दछन्, पत्रकारिताको क्षमता दर्शन गर्न सक्नु पर्दछ जसमा आफ्नो भाषामा र आफूले पत्रकार भई काम गर्न खोजेको भाषा/हरू शुद्ध पढने, लेख्ने र बोल्ने योग्यता र आफ्नो समुदाय र समाजका नागरिक, सांस्कृतिक र अन्य गतिविधिहरूमा अभिरुचि पर्दछ। एउटा डिप्लोमा कार्यक्रमबाट विद्यार्थीहरू पत्रकारितामा समाचार सम्प्रेषण र लेखन (र प्रसारण संचारमा प्रस्तुतिकरण र सम्पादन) र पत्रकारिता/अभ्यासलाई घेर्ने आचारशास्त्र र कानूनका आधारभूत प्रविधिहरू र रुपहरूमा पारंगत र अभ्यस्त भएर निस्किनु पर्दछ। आफ्नो शिक्षाको बढोत्तरी, सामान्य ज्ञानको आधारशिला निर्माण, पत्रकारिताको अभ्यासमा बढी समालोचनात्मक प्रयासलाई प्रोत्साहन र उनीहरूलाई उच्च अध्ययनको अवसर प्रदान गर्नका लागि उनीहरूको पत्रकारिताको प्रशिक्षणलाई भाषाहरू र अन्य कला र विज्ञान शास्त्रका विषयहरूसित जोड्नु पर्दछ। विश्वविद्यालयसंग गाभिएका पत्रकारिता विद्यालयहरूले उनीहरूको प्रवेश प्रक्रियाको अंगका रुपमा क्रेडिट प्रणाली स्थापना गर्न सक्दछन् जसमा डिप्लोमा पाठ्यक्रमहरूमा गरिएको कामलाई स्नातक उपाधिको क्रेडिटका लागि मूल्यांकन र भार प्रदान गर्न सकिन्छ। त्यस अवस्थामा पत्रकारिताको निम्नलिखित कार्यक्रमले माध्यमिक विद्यालय र स्नातक कार्यक्रमका बीच सेतुको काम गर्न सक्दछ।

### प्रथम वर्ष

**प्रथम सोपानः**

- पत्रकारिताको आधारशिला,

यूनिटहरू समावेशः **तर्क शास्त्र, प्रमाण र अनुसन्धान** (समालोचनात्मक सोचाई समावेश भएको)

**लेखन** (व्याकरण र बाक्य, रचना वर्णनात्मक विधिहरू समावेश गरिएको) व्याख्यात्मक।

**राष्ट्रिय र अन्तर्राष्ट्रिय संस्थाहरू**

(आफ्नो देशको सरकारको पद्धति, यसको सम्बिधान, न्याय प्रणाली, राजनीतिक प्रक्रिया, वित्त व्यवस्था, सामाजिक र सांस्कृतिक संगठन, यसको अन्य देशहरूसंग सम्बन्ध, र प्रजातन्त्रको निर्माणमा पत्रकारिताको स्थान समावेश गरिएको)

**सामान्य ज्ञान**

(राष्ट्रिय र अन्तर्राष्ट्रिय इतिहास र भूगोलको मौलिक ज्ञान र पत्रकारहरूका लागि महत्वपूर्ण समकालीन सामाजिक र अन्य मुद्दाहरूको परिचय लैङ्गिक, सांस्कृतिक, धार्मिक विविधता, सामाजिक वर्ग, द्वन्द्व, गरिवी, विकास मुद्दाहरू र जनस्वास्थ्य मुद्दाहरू, र यी मुद्दाहरूको समाचार संकलनका विश्लेषणात्मक र समालोचनात्मक विधिहरूको प्रयोगमा तालीम समावेश गरिएको)।

**कला/विज्ञान पाठ्यक्रमहरू**

विद्यालयहरूले यो निर्णय गर्नु पर्दछ कि कुन कला/विज्ञान पाठ्यक्रमहरू, व्यक्तिगत वा सामुहिक (packaged) रुपमा विद्यार्थीहरूलाई लिन लगाउन प्रोत्साहित गर्नु पर्दछ। यो कुरा, अन्य कुराहरू संगसंगै, विद्यार्थीहरूले माध्यमिक तहमा लिएका विभिन्न विद्या शाखाहरूमा प्राप्त गरेको शिक्षाको स्तर र डिप्लोमा विद्यार्थीहरूको पहुँचभित्र रहेका पाठ्यक्रमहरूमा भर पर्दछ।

**दोस्रो सत्रकाल:** समचार सम्प्रेषण र लेखन (सोपान १): मूल खबर र विशिष्ट लेखा कथाहरू

- संचार कानून

विद्यालयहरूले कार्यक्रमको दोस्रो वर्षमा संचार कानून प्रदान गर्न सक्दछन्। तथापि, यो विद्यार्थीहरूको काम प्रकाशित हुनु अथवा प्रसारित हुनु पूर्व दिइनु पर्दछ।

- संचार र समाज
- कला/विज्ञान पाठ्यक्रमहरू

## प्रथम र दोस्रो वर्ष बीचमा

### पदस्थापन/इन्टर्न कार्यावधि/कार्य अनुभव

एउटा प्रभावकारी स्थापन्न गर्नका लागि चार हप्ताको अवधि न्यूनतम हो। लामो स्थापन अवधि बढी शैक्षणिक हुन जानेछ। कार्य अनुभवलाई फील्ड सुपरिवेक्षकले सुपरिवेक्षण र मूल्यांकन गर्नु पर्दछ।

## दोस्रो वर्ष

**प्रथम सत्रकाल:**
- समाचार सम्प्रेषण र लेखन (सोपान २): गहन पत्रकारिता
- प्रसारणका लागि समाचार साम्प्रेषण र लेखन (रेडियो र टेलिभिजन)
- पत्रकारिता आचारशास्त्र
- कला/विज्ञान पाठ्यक्रमहरू

**दोस्रो सत्रकाल:**
- समाचार सम्प्रेषण र लेखन (सोपान २): क्रमशः
- बहुमाध्यम/अनलाइन पत्रकारिता र डिजिटल विकास

- समाचार पत्र कार्यशाला: समाचार सम्प्रेषण, सम्पादन, निर्माण र उत्पादन, फोटो पत्रकारितामा प्रशिक्षण समेत

अथवा

- प्रसारण कार्यशाला: रेडियो र टेलिभिजन सम्पादन, उत्पादन र कार्य सम्पादन।

ती विद्यालयहरूले जसले विद्यार्थीहरूलाई समाचारमा र प्रसारण कार्यशाला दुबै लिन लगाउन चाहन्छन् तिनले यी कार्यशालाहरूलाई छोटो एकाइका रुपमा प्रदान गर्न सक्दछन् अथवा दोस्रो वर्षका दुबै सेमेष्टरमा कार्यशाला प्रदान गर्न सक्दछन्।

- कला/विज्ञान पाठ्यक्रमहरू

## पत्रकारितामा डिप्लोमा (एक वर्षे व्यवसायको मध्य)

**पहिलो सत्रकाल:**

- पत्रकार सम्प्रेषण र लेखन (सोपान २): गहन पत्रकारिता
- संचार कानून
- पत्रकारिता आचारशास्त्र
- कला/विज्ञान पाठ्यक्रमहरू सोपन ३ को विशेषताद्वारा संयोजित।

**दोस्रो सत्रकाल:**

- समचार सम्प्रेषण र लेखन (सोपान ३): पत्रकारितामा विशेषज्ञता
- संचार र समाज
- बहुमाध्यम/अनलाइन पत्रकारिता
- सोपान ३ विशेषज्ञतासंग समायोजन गरिएका कला/विज्ञान पाठ्यक्रमहरू।

## परिशिष्ट २
## पत्रकारिता क्षमताहरू

पत्रकारिताको अभ्यासलाई विविध प्रकारका क्षमताहरूको आवश्यकता पर्दछ ।

- सामान्य ज्ञान र बौद्धिक योग्यताका क्षमताहरू,
- अनुसन्धान, लेखन (र प्रस्तुतिकरणका अन्य रुपहरू), सम्पादन, निर्माण र उत्पादन,
- पत्रकारिताका औजारहरू प्रयोग गर्ने र नयाँ प्रविधिहरू नवीनतायुक्त अभ्यासहरूसंग मिल्न सक्ने योग्यता,
- व्यावशायिक ज्ञान, आचार संहितासमेत,
- समाजमा पत्रकारिताको भूमिको ज्ञान, पत्रकारिताको इतिहास, समाचार संचारको संगठन, पत्रकारिता अभ्यासलाई ओगट्ने कानूनहरू समेत,
- पत्रकारिताका उत्कृष्ट अभ्यासहरूको ज्ञान ।

यी क्षमताहरूलाई विभिन्न किसिमले समूहीकृत गर्न सकिन्छ । एउटा तरीका प्रमुख र सहायक अथवा आधारित क्षमताहरू अथवा ग्रहण गरेका र सिकेका क्षमताहरूलाई पहिचान गर्नु हो । अर्को तरीका हो पत्रकारिताको सिलसिलेवार आउने प्रक्रियाद्वारा, कथाको विचार देखि अनुसन्धान देखि लेखन, सम्पादन, निर्माण र उत्पादन, पत्रकारिता आचारशास्त्रको सन्दर्भ भित्र र संचार, कानून, पत्रकारिता इतिहासको र उत्कृष्ट अभ्यासका नमूनाका परम्परा भित्र तथा समाचार संचारको संगठन भित्र । अर्को विधि हो श्रेणी बद्धतापूर्वक, सानो देखि ठूलो संचार, अथवा पत्रकारिता शिक्षा कार्यक्रमका तह अनुसार । धेरै राष्ट्रिय र अन्तर्राष्ट्रिय पत्रकारिता र संचार संगठनहरूले क्षमताहरूको सूची विकास गरेका छन् । उदाहरणका लागि, Tartu Declaration या the European Journalism Training Associaiton, जून २६,२००६ (निम्नलिखित र http://www.ejta.nl/) हेर्नुहोस् ।

यस कार्यपत्रले पत्रकारिता क्षमताहरूलाई तीनवटा शीर्षकहरूमा समूहीकृत गर्दछः व्यावशियक स्तर; पत्रकारिता र समाज; र ज्ञान

### अ. व्यावशायिक मापदण्डहरू

**अनुसन्धान सीपहरू**

- अपरिचित सामग्रीलाई छिटै ग्रहण गर्ने, विश्लेषण गर्ने, संश्लेषण गर्ने र मूल्यांकन गर्ने योग्यता । पत्रकारिताको यस कसौटी-क्षमताको सारलाई अक्सर 'समालोचनात्मक सोचाई' भन्ने गरिन्छ । यो कुनै विद्याशाखामा विश्वविद्यालय अध्ययनद्वारा 'समालोचनात्मक सोचाई' पाठ्यक्रमको सोझो अध्ययनद्वारा प्राप्त गर्न सकिन्छ। यसले पत्रकारहरूलाई असान्दर्भिक सूचनाबाट सान्दर्भिक सूचना छुट्याउन प्रमाणहरू र तर्कहरूको मूल्यांन गर्न, पूर्वाग्रहहरू छुट्याउन, स्वतन्त्रतापूर्वक, साहसपूर्वक र रचनात्मक रुपले सोच्ने, गहराईमा गएर प्रश्न सोध्न, साधारण अनुमानहरूलाई चुनौती दिन, अन्तर्शास्त्रीय सम्बन्ध बनाउन र परिदृश्यहरू, व्याख्याहरू तथा सिद्धान्तहरूको तुलना गर्न समर्थ तुल्याउँछ ।

- समाचार मूल्यांकन र के कुराले राम्रो कथा बनाउँछ र के कुराले कथालाई समाचारमूलक बनाउँछ भन्ने कुराको सोचपूर्ण ज्ञान ।
  पत्रकारहरूलाई एउटा कथाका तत्वहरू र बनावट तथा एउटा कथालाई के कुराले समाचार कथा बनाउँछ? भन्ने कुराको ज्ञान हुन्छ । कथा किन महत्वपूर्ण हुन्छ ? यसको किन अर्थ रहन्छ ? यसको अहिले किन अर्थ छ ? यस कथाबाट कसलाई प्रभाव पार्दछ ? कसलाई यस बारेमा चिन्ता छ? मानिसहरू यसको कसरी प्रतिक्रिया गर्लान्? यसले उनीहरूलाई निर्णय गर्न कसरी मद्दत गर्नेछ ? (यस क्षमतामा, जस्तो कि अन्य धेरैमा पनि हुन्छ, संचार प्रविधिमा भएका विकासहरूको प्रभाव बारे ध्यान दिनु पर्दछ।)

- राष्ट्रिय र स्थानीय भाषाहरूमा प्रश्नहरू सोध्ने र उत्तरहरू बुझ्ने योग्यता
  पत्रकारहरूका लागि राष्ट्रिय भाषाको र उनीहरूले काम गर्ने भाषाको क्षमता हुनु अत्यावश्यक छ । धेरै देशहरूमा, र ती पत्रकारहरूका लागि जुन आफ्नो राष्ट्रिय सीमानाभन्दा पर गएर काम गर्ने आशा गर्दछन्, अंग्रेजी र अन्य भाषाहरूको क्षमता सिफारिस गरिन्छ ।

- अबलोकन सीपहरू
  पत्रकारहरूसंग ध्यान दिने र कुराकानी याद गर्ने योग्यता हुन्छ र अवलोकन कर्ताको भूमिकामा बस्ने तथा उनीहरूले संकलन गरिरहेको कथाको खिलाडी हुने दवावको प्रतिरोध गर्न सक्ने योग्यता हुन्छ ।

- शीघ्रातिशीघ्र र कुशलनापूर्वक अन्तर्वाताद्वारा, प्रकाशित र इन्टरनेट स्रोतहरूबाट तथा खोजपूर्ण प्रविधिहरू प्रयोग गरी एउटा कथासंग सम्बन्धित सूचनाहरू संकलन गर्ने, बुझ्ने र रोज्ने योग्यता ।
  पत्रकारहरू अन्तरवार्ता, खोजपूर्ण प्रविधिहरू र कम्प्यूटरको मद्दतले समाचार सम्प्रेषण गर्ने लगायतका थुप्रै अनुसन्धान विधिहरूको प्रयोगमा निपूर्ण हुन्छन् । उनीहरू छापिएका वा औनलाईनका सार्वजनिक अभिलेखहरू र अन्य कार्यपत्रहरू पहिचान गर्न, खवर र कथा पहिचान गर्न कुशलतापूर्वक पढ्न तथा संक्षेपीकरण गर्न शुद्धसंग लेखको भावानुवाद गर्न र भनाई उद्घृत गर्न सक्षम हुन्छन् । उनीहरू मानवीय स्रोतहरू पहिचान गर्न, स्रोतहरूलाई टेलिफोन र इमेल वा व्यक्तिगत भेटद्वारा सम्पर्क राख्न समर्थ हुन्छन् । उनीहरू अन्तर्वातालाई योजनाबद्ध गर्नमा, प्रश्न सोध्नमा र सुन्नमा र अवलोकन गर्नमा निपूर्ण हुन्छन् ।

- ठीक ठीक 'नोट' गर्ने योग्यता
  समाचार सम्प्रेषण कर्ताहरू साधारण बोलीका दुई वा तीन सिलसिलेवार वाक्यहरूलाई शब्द शब्दमा उतार्न सक्दछन् । केही अथवस्थामा पत्रकारिता अभ्यासमा 'सोर्टहैन्ड' आवश्यक हुन्छ र

पत्रकारिता विद्यालयहरूमा पढाइन्छ ।

- सूचनाको जाँच र पुष्टि गर्ने विधिहरू ।
  पत्रकारहरूले अन्तर्वाता अथवा कार्यपत्रहरू सबैको सत्यताबारे प्रश्न उठाउँछन् । सूचना प्रकाशन वा पुष्टँयाई गर्नभन्दा अघि उनीहरू उसको प्रारम्भिक स्रोतसंग जाँच गर्दछन्, अझ राम्रो, उनीहरू अन्य स्रोतबाट यसको पुष्टँयाइ गर्दछन् । एउटा सक्षम पत्रकारले सत्यता सुनिश्चित गर्न प्रभावकारी विधिहरू विकास गर्दछ ।

- गणितीय सीपहरू र साङ्ख्यिकीय र सुपरिवेक्षण विधिहरूको मौलिक ज्ञान ।
  पत्रकारहरूले आफ्नो ध्यान र शंकाल प्रवृत्तिलाई साङ्ख्यिकीय सूचनामा प्रयोगमा ल्याउँछन् जुन उनीहरूले आफ्नो कामको अन्य पक्षमा पनि नियमित प्रयागमा ल्याउँछन् । यो काम गर्न उनीहरूले गणितीय र साधारण सांङ्ख्यिकीय कार्य  र मत सर्वेक्षण, सर्वेक्षण सिद्धान्तहरू, विधिहरू तथा व्याख्याहरूलाई बुझ्नु पर्ने हुन्छ ।

**लेख्ने सीपहरू**

- सत्यतापूर्वक सफासंग, शुद्धतापूर्वक, संक्षेपमा र आकर्षक ढंगले पत्रकारिताका कथानक रुपहरूमा, विषयवस्तु र सम्मानित पाठक/दर्शक गणलाई ध्यानमा राखी, विवादास्पद सूचना, विचार अथवा हूवहू उद्घृत गरेको वा आफ्नो शव्दमा लेखेको कुराहरूको स्रोत सधै खुलस्त गरी लेख्ने योग्यता ।

- सबै प्रारम्भिक पत्रकारहरू वर्णनात्मक, विवरणात्मक र व्याख्यात्मक विधिहरूको प्रयोग गरी समाचार र विशिष्ट लेख कथाहरू, लेख्न समर्थ हुन्छन् । पत्रकारहरू थप तालीम अथवा अनुभवद्वारा विश्लेषणात्मक र व्याख्यात्मक कथाहरू लामो आकारका वर्णनात्मक र लघुबृत्त चित्र कथाहरू लेख्न समर्थ हुन्छन् । विचार (अभिमत) पानाहरू अथवा प्रसारण कार्यक्रमका खण्डहरूको लागि लेख्ने पत्रकारहरूले निवन्धहरू, स्तम्भहरू र सम्पादकीय लेख्न समर्थ हुन्छन् ।

- लेख्ने सीपहरूमा निम्नलिखित कुराहरू पर्दछन्: पहिचान गर्ने र शुरुको अनुच्छेद वा परिचय लेख्ने जुन कथाका केन्द्र विन्दु रहन्छ र पाठक/श्रोता/दर्शकलाई आकर्षित गर्दछ; कथालाई विवरणको उद्देश्य पूरा हुने गरी संगठित गर्नु र स्पष्ट र सत्य कुरा उल्लेख गर्नु; उदाहरणहरूलाई मिलाउनु; विवरणको प्रवाह नरोकिने गरी पृष्ठभूमि र सन्दर्भका परिवर्तनहरूको प्रयोग गर्नु; यथासम्भव भएको कुरा भन्नु भन्दा देखाउनु; यथासम्भव कर्तृवाक्यको प्रयोग गर्नु; विवादास्पद सूचना, विचार अथवा सीधा वा परोक्ष उदारणहरूको सधै स्रोत खुलाउनु ।

- प्रसारण-पत्रकारहरू बोली, आवाज, र तस्वीरहरूका लागि कसरी लेख्नु पर्दछ, कथाको जोडलाई कसरी स्थापित गर्नु पर्दछ, रेकर्ड गरिएका र स्टेण्डअपस (standups) लाई कसरी प्रस्तुत गर्ने, र सही बोलचालको भाषा प्रयोग गरी कसरी एउटा श्रोतावर्ग सामु स्पष्ट, धाराप्रवाह र आकर्षक ढंगले बोल्ने भन्ने कुरा थाहा पाउँछन् ।

**पत्रकारितामा अभिसरण र प्राविधिक विकाससंग अनुकूल भई काम गर्ने योग्यता र यसको ज्ञान सहित छपाई, प्रसारण र अनलाईन संचारका लागि सामग्री सम्पादन गर्न, निर्माण गर्न र उत्पादन गर्नमा प्रयोग हुने पत्रकारिताका औजारहरूको कुशल प्रयोग ।**

- प्रारम्भिक पत्रकारहरूसंग वेभमा उपलव्ध सूचनाहरूको प्रमाणिकता सत्यता र विश्वसनीयता, मूल्यांकन गर्ने र जाँच गर्ने योग्यता लगायतका सही र कुशल *कीबोर्ड* चलाउने सीपहरू हुन्छन् र उनीहरू थुप्रै इन्टरनेट क्षमताहरूमा सक्षम हुन्छन् ।

- अभिसरण र बहुसंचार विकासले पत्रकारहरूलाई सबै संचार माध्यमहरूका पत्रकारिता औजारहरूसंग परिचित हुन लगाउँछन् र विभिन्न संचार माध्यमहरूलाई सजिलैसंग चलाउन सक्षम बनाउँछन् र संचार माध्यमहरू मध्ये कम्तीमा कुनै एक प्रमुख माध्यमका औजारहरूको प्रयोगमा पारंगत हुन लगाउँछन्।

- सबै संचार माध्यमहरूका पत्रकारहरूले कसरी ‘मैकिन्तोष’ र ‘विन्डोज’, ‘डेस्कटोप’ र ‘लैपटोप’ दुबै कम्प्युटरहरू चलाउन ‘वर्ड प्रोसेसिङ्ग’ र तस्वीर सम्पादन कार्यक्रमहरू प्रयोग गर्ने र सामान्य ‘डेटावेस’ निर्माण गर्ने भन्ने कुरा जान्नु पर्दछ । छापाका पत्रकारहरूले कसरी फिल्म र/अथवा डिजिटल क्यामरा र अँध्यारो कोठा र/अथवा कम्प्यूटरका तस्वीर प्रशोधन र सम्पादन कार्यक्रम र पाना उत्पादन कार्यक्रम चलाउने भन्ने कुरा जान्नु पर्दछ । रेडियो पत्रकारहरूले कसरी एउटा टेप रिकोर्ड र/अथवा मिनि-डिस्करिकोर्डर, ‘ओम्नि डाइरेक्शन माइक्रोफोन’ र कसरी श्रव्य सम्पादन र उत्पादन उपकरण र *सोफ्टवयर* चलाउने भन्ने कुरा जान्नु पर्दछ । टेलीभिजन पत्रकारहरूले कसरी मिडिया क्यामेराहरू, माइक्रो फोनहरू र भिडियो सम्पादन उपकरणहरू चलाउने भन्ने कुरा जान्नु पर्दछ । *औनलाइन* पत्रकारहरूले कसरी *वेभ* पाना उत्पादन कार्यक्रमहरू र विषय व्यवस्थापन पद्धतिहरू र डिजिटल क्यामराहरू तथा तस्वीर सम्पादन कार्यक्रमहरू प्रयोग गर्ने भने कुरा जान्नु पर्दछ ।

**आफ्नो देशका र विश्व पत्रकारिताका उत्कृष्ट अभ्यासहरूका वर्तमान र भूतकालका उदाहरणको पहिचान**

पत्रकारहरूले सबै संचार माध्यमहरूका वर्तमानकालका र भूतकालका, आफ्नो देशमा भएका र अन्तर्राष्ट्रिय जगतका उत्कृष्ट अभ्यासहरूका उदाहरणहरूबाट प्रेरणा प्राप्त गर्दछन् ।

**पत्रकारका अधिकारहरू र उत्तरदायित्वहरू लगायत पत्रकारिता आचारशास्त्रको ज्ञान**

पत्रकारहरू आफ्नो कार्यक्षेत्रमा विकल्प रोज्ने र निर्णय लिने कुराहरूमा आचारशास्त्रको विचार गर्ने कुराहरूप्रति सजग हुन्छन्।यी कुराहरू व्यावशायिक आचारशास्त्रमा समावेश भएका वा नभएका हुन सक्दछन्। यी लिखित वा अलिखित आचारहरू, यदि पत्रकारहरू आफैले (राज्य वा अन्य अधिकारीहरूले नगरी) तिनीहरूको विकास गरेका छन् भने पत्रकारहरूका लागि महत्वपूर्ण हुन्छन्। तथापि, नैतिक सुझबुझहरू पत्रकारको आफ्नो नैतिक दर्शन र अधिकार र उत्तरदायित्वको ज्ञानमा आधारित हुनुपर्द छ, जुन प्रजातन्त्रमा समाचार सम्प्रेषण र लेखनमा सत्य हुने, निष्पक्ष हुने तथा संतुलित हुने पत्रकारिताको चेतनाबाट सिर्जत हुन्छ।

**कार्यस्थलका क्षमताहरू**

पत्रकारहरूसंग समय सीमाभित्र काम गर्ने र आफैमात्र संलग्न भई वा समूहमा काम गर्ने समाचार संचार संगठनहरूमा आवद्ध भई वा स्वतन्त्र व्यक्तिका रूपमा काम गर्ने योग्यता हुन्छन्।

## आ. पत्रकारिता र समाज

- विकासोन्मुख र हुर्किदो प्रजातन्त्रमा पत्रकारिताको भूमिका लगायत समाजमा पत्रकारिताको भूमिको ज्ञान।
- पत्रकारिता भित्रका विकासहरूमा विचार गर्ने योग्यता।
- राजनीतिक, व्यावशायिक तथा अन्य संगठनहरूद्वारा सूचना कसरी संकलित गरिन्छ र व्यवस्थित गरिन्छ भन्ने कुराको ज्ञान।
- सूचनाको अन्तर्राष्ट्रिय प्रवाह र यसको आफ्नो देशमा असर बारे चेतना।
- आफ्नो देशमा र विश्वमा पत्रकारिता र समाचार माध्यमको इतिहासको ज्ञान।
- समाचार माध्यमको स्वामित्व, संगठन र प्रतिस्पर्धाको ज्ञान।
- आफ्नो देशमा र विश्वमा समाचार माध्यमहरूमा प्रभाव पार्ने कानूनहरूको ज्ञान।

## इ. ज्ञान

- आफ्नो देशको सरकारको प्रणाली, यसको सम्बिधान, न्याय प्रणाली राजनीतिक प्रक्रिया, अर्थ व्यवस्था, सामाजिक र सांस्कृतिक संगठन, र यसको अन्य देशहरूसंगको सम्बन्धको मौलिक जानकारी।
- आफ्नो देशको र विश्वको भूगोल र इतिहासको मौलिक ज्ञान।
- विज्ञानको आधारभूत ज्ञान।
- आफ्नो देशको लागि महत्वपूर्ण कम्तीमा एउटा विषयक्षेत्रको विशेषज्ञतायुक्त ज्ञान।

## यूरोपियन पत्रकारिता तालीम संघको (TARTU) घोषणापत्र टार्टु (Tartu Declaration European Journalism Training Association)
## टार्टु, इस्टोनियाः जून १०, २००६

यूरोपियन पत्रकारिता तालीम संघका सदस्यहरूले आफ्ना विद्यार्थी सहभागीहरूलाई पत्रकारहरूले सर्वसाधारणलाई निम्नलिखित सेवा प्रदान गर्नु पर्दछ भन्ने सिद्धान्तद्वारा प्रशिक्षण वा तालीम दिइन्छ ।

- राजनीति, आर्थिक, सामाजिक-सांस्कृतिक अवस्थाको अर्न्तज्ञान प्रयोग गर्ने,
- सबै तहमा प्रजातन्त्रलाई जगाउने र सुदृढ गर्ने,
- व्यक्तिगत र संस्थागत जवाफदेहिता जगाउने र सुदृढ गर्ने; र
- नागरिकहरूले समाजको र व्यक्तिको सन्दर्भमा छनौट गर्ने सम्भावनाहरूलाई सुदृढ गर्ने,

साथै

- अभिव्यक्तिको स्वतन्त्रता प्रति जिम्मेवारी बोध गर्ने,
- व्यक्तिको आत्मसम्मानको कदर गर्ने,
- स्रोतहरू प्रति समालोचनात्मक र निहित स्वार्थबाट स्वतन्त्र हुने,
- रीतिरिवाजका नैतिक मापदण्डहरूको प्रयोग गर्ने ।

उनीहरूको प्रशिक्षण अथवा तालीम पछि विद्यार्थीहरूले निम्नलिखित क्षमताहरू ग्रहण गर्दछन् :

१. पत्रकारिता भित्रका विकास र यसमा समाजको भूमिकामा गहनतापूर्वक विचार गर्ने,
२. कुनै निश्चित माध्यम वा विभिन्न माध्यमहरूका सर्वसाधारण र उत्पादन उद्देश्यहरूको परिप्रेक्षमा सान्दर्भिक मुद्दाहरू र दृष्टिकोणहरू पत्ता लगाउने,
३. पत्रकारिताको कार्यलाई संगठित गर्ने र यसको योजना बनाउने,
४. चलनचल्तीका समाचार संकलन प्रविधिहरू र अनुसन्धान विधिहरूको प्रयोग गरी छिटो सूचना संकलन गर्ने,
५. अत्यावश्यक सूचना छनौट गर्ने,
६. सूचनालाई पत्रकारिता विधि अनुसार संगठित गर्ने,
७. सूचनालाई उपयुक्त भाषामा र प्रभावकारी पत्रकारिताको आधारमा प्रस्तुत गर्ने,
८. पत्रकारिताको कामको मूल्यांकन गर्ने र जवावदेहिता ग्रहण गर्ने,
९. एउटा समूह अथवा सम्पादकीय वातावरणलाई सहयोग गर्ने,
१०. व्यावशायिक संचार-संगठनमा आबद्ध भई अथवा एउटा स्वतन्त्र पत्रकारको रुपमा काम गर्ने ।

## टार्ड घोषणापत्रको परिशिष्टः क्षमताका लक्ष्यहरू

**१. पत्रकारिता भित्रका विकास र यसमा समाजको भूमिकामा गहनतापूर्वक विचार गर्ने क्षमता ।**

- आफ्नो समाज/समुदाय/पाठक/दर्शक वर्ग र समाजका विकासहरूप्रति प्रतिवद्ध रहनु;
- आधुनिक समाजमा पत्रकारिताको भूमिका र प्रभाव बारे अर्न्तदृष्टि राख्ने;
- पत्रकारिता जगतका महत्वपूर्ण विकासहरूबारे आधारभूत दृष्टिकोण विकास गर्न समर्थ हुने;
- तपाईको व्यावशायिक छनौटहरू भित्रका मूल्य मान्यताहरूको ज्ञान हुनु;
- पत्रकारका रुपमा तपाईको आफ्नो विकास सम्बन्धमा जानकारीयुक्त छनौट गर्न समर्थ हुने ।

**२. कुनै निश्चित माध्यम वा विभिन्न माध्यमहरूका सर्वसाधारण र उत्पादन उद्देश्यहरूको परिप्रेक्षमा सान्दर्भिक मुद्दाहरू र दृष्टिकोणहरू पत्ता लगाउने ।**

- वर्तमान घटनाहरूको ज्ञान राख्ने र कुनै एउटा विषय रुचिकर र समाचार योग्य छ छैन भन्ने कुरा विश्लेषण गर्न समर्थ हुने,
- तपाईले काम गरिरहेका माध्यम अथवा माध्यमहरूका लागि विषय/दृष्टिकोण उपयुक्त छ, छैन भन्ने कुरा निर्धारण गर्नका लागि सम्भावनाहरू थाहा पाउने;
- आफ्ना पाठक/दर्शक वर्गबारे राम्रो जानकारी राख्ने र उनीहरूका लागि एउटा विषय/अथवा दृष्टिकोणको सान्दर्भिकता निर्धारण गर्न समर्थ हुने;
- सर्वसाधारणको दृष्टिकोण विश्लेषण गर्न र बहस उजागर गर्न समर्थ हुने ।

**३. पत्रकारिताको कार्यलाई संगठित गर्ने र यसको योजना बनाउने ।**

- व्यावहारिक कार्य योजना बनाउन समर्थ हुने;
- समयको दवावमा रही काम गर्न समर्थ हुने;
- आशा नगरेका परिस्थितिहरूसंग समायोजन गर्न समर्थ हुने ।

**४. चलनचल्तीका समाचार संकलन प्रविधिहरू र अनुसन्धान विधिहरूको प्रयोग गरी छिटो सूचना संकलन गर्ने ।**

- राम्रो सामान्य ज्ञान र समाजको अन्तर्गदृष्टि राख्ने, विशेष गरी अर्थशास्त्रमा, राजनीतिमा र सामाजिक-सांस्कृतिक मुद्दाहरूमा;
- मानव स्रोतहरू, सन्दर्भ पुस्तकहरू, *डेटावेसहरू*, समाचार संस्थाहरू, *इन्टरनेट* लगायत सबै स्रोतहरूबाट थाहा पाउने;
- तपाईका स्रोतहरू र तपाईको अवलोकनलाई कसरी प्रभावकारी ढंगले र कुशलतासाथ प्रयोग गर्ने भन्ने थाहा पाउने;
- तपाईका कथाहरूलाई जाँच गर्ने/पुनः जाँच गर्ने र व्यवस्थित तरीकाले सन्तुलन गर्ने विधिहरूको

प्रयोग गरी सन्तुलित गर्ने ईछा शक्ति र योग्यता राख्ने;

- तपाईका सर्वसाधारणहरूसंग विभिन्न किसिमले व्यक्तिगत रुपमा र संचार माध्यम (नयाँ) को सहायताले अन्तरक्रिया गर्ने इच्छाशक्ति र योग्यता राख्न

**५. अत्यावश्यक सूचना छनौट गर्ने**

- मुख्य र तपसीलका मुद्दाहरूबीच फरक छुट्याउन समर्थ हुने;
- शुद्धता, सत्यता, विश्वनीयता र पूर्णताका आधारमा सूचना छनौट गर्न समर्थ हुने;
- सान्दर्भिक (ऐतिहासिक) ढाँचा भित्र छनौट गरिएको सूचनालाई व्याख्या गर्ने र विश्लेषण गर्न समर्थ हुने;
- उत्पादन र माध्यमको आवश्यकता अनुसार सूचना छनौट गर्न समर्थ हुने;
- तपाईको सूचनाको स्रोतहरूमा, सर्वसाधारणमा र सार्वजनिक बहसमा के कस्तो प्रभाव पर्दछ त्यसबारे सचेत हुने ।

**६. सूचनालाई पत्रकारिता विधि अनुसार संगठित गर्ने ।**

- विभिन्न किसमका संरचनाहरू प्रयोग गर्न समर्थ हुने;
- विषयवस्तु र रुपरेखालाई परिमार्जन गर्न समर्थ हुने;
- उत्पादन र माध्यमको आवश्यक अनुसार संगठन गर्न सक्षम हुने;
- सान्दर्भिकताको आधार तयार गर्न समर्थ हुने;
- बैकल्पिक कथा कथन प्रविधिका आधारमा संगठन गर्न समर्थ हुने ।

**७. सूचनालाई उपयुक्त भाषामा र प्रभावकारी पत्रकारिताको आधारमा प्रस्तुत गर्ने ।**

- असाधारण भाषिक क्षमता राख्ने, मौखिक र लिखित;
- सूचनालाई दृश्य बनाउन समर्थ हुने, उदाहरणका लागि बिम्ब वा चित्रको रुपमा, र शब्दहरू, आवाजहरू र बिम्बहरू सबैको सुहाउँदो सम्मिश्रणद्वारा यसलाई प्रस्तुत गर्ने;
- अति महत्वपूर्ण साहित्यिक शैलीहरूमा विद्वताप्राप्त गर्ने उनीहरूको शैली विधिहरू र व्यवस्थित गरी मिलाएर राख्ने कुराहरूको आधारभूत ज्ञान समेत;
- सान्दर्भिक प्राविधिक उपकरणहरू तथा *सोफ्टवेयर*संग काम गर्न समर्थ हुने;
- प्राविधिकहरूलाई सहयोग गर्न समर्थ हुने र उनीहरूका औजारहरूका सम्भावनाहरू बारे थाहा पाउने ।

**८. पत्रकारिताको कामको मूल्यांकन गर्ने र जवावदेहिता ग्रहण गर्ने ।**

- पत्रकारिताका उत्पादनहरूको अपेक्षित गुणस्तरको स्पष्ट बिम्ब राख्ने;
- त्यस स्पष्ट बिम्बका आधारमा आफ्नो र अरुको कामको समालोचनात्मक र बृहत्त समीक्षा गर्न

समर्थ हुने;

- आफ्नो कामको समालोचनात्मक ढंगले पुनरावलोकन गर्न र आलोचना ग्रहण गर्न इच्छुक र समर्थ हुने;
- स्रोतहरू, प्रयासहरू र कार्यान्वयन बारे आफूले लिएका निर्णयहरूको व्याख्या गर्न र जिम्मेवारी लिन समर्थ हुने;
- नैतिक मापदण्डका आधारमा उत्पादन तथा प्रक्रियाको जिम्मेवारी लिन समर्थ हुने ।

**९. एउटा समूह अथवा सम्पादकीय वातावरणलाई सहयोग गर्ने ।**

- राम्रो सामाजिक सीपहरू राख्ने;
- विश्वसनीय हुने;
- कटिबद्धता र आत्मप्रेरणा देखाउने;
- आफ्नो सबल पक्ष र कमजोर पक्षमा सुक्ष्म दृष्टि राख्ने;
- सम्बन्धहरू (संगठनात्मक र प्रजातान्त्रिक) को आत्मबोध गर्ने ।

**१०. व्यावशायिक संचार-संगठनमा आबद्ध भई अथवा एउटा स्वतन्त्र पत्रकारको रुपमा काम गर्ने ।**

- रचनात्मक र अनुसन्धानात्मक हुने र आफ्ना विचारहरू प्रस्तुत गर्न समर्थ हुने;
- आफ्ना अधिकारहरू र दायित्वहरू थाहा पाउने र आफ्ना कार्य शर्तहरूलाई समालोचनात्मक मूल्यांकन गर्न समर्थ हुने;
- संचार संगठनहरूका उद्देश्यहरू, आर्थिक र बजारका अवस्थाहरू, सांगठनिक संरचना र प्रक्रियाको ज्ञान राख्ने;
- कुनै संचार संगठनका रणनीतिक विकल्पहरू र सम्पादकीय नीतिको मूल्यांकन गर्न समर्थ हुने;
- स्वतन्त्र पत्रकार (Freelancer) र उद्यमी हुनुका व्यवहारिक पक्षहरू थाहा पाउने ।

सर्वाधिकारः युरोपियन पत्रकारिता तालिम संगठन

## परिशिष्ट ३
## विस्तृत पाठ्यक्रमको रुपरेखा (सेलेवसहरू)

यी सेलेवसहरू पाठ्यक्रमहरू कसरी संगठित गर्न सकिन्छ भन्ने कुरा देखाउनका लागि तयार गरिएका छन् । यिनीहरू नमूना सेलेवसहरू हुन, जुन यस आशाले प्रदान गरिएका छन् कि तिनीहरू स्थानीय र राष्ट्रिय अवस्था अनुसार अनुकूल हुने गरी मिलाइने छन् । प्रत्येक सेलेवसहरू, विचारहरू, विधिहरू र सामग्रीहरू समावेश छन् जुन अरु शिक्षकहरू र योजनाकारहरूका लागि प्रेरणाको रुपमा काम गर्न सक्दछन् ।

### पत्रकारिताका आधारशिलाहरू: तर्कशास्त्र, प्रमाण र अनुसन्धान

**पाठ्यक्रमको स्तर:** पहिलो वर्ष, पत्रकारितामा स्नातक उपाधि कार्यक्रम (१५ हप्ता)

पाठ्यक्रम बयान: यस पाठ्यक्रमले विद्यार्थीहरूलाई तार्किक, विश्लेषणात्मक र अनुसन्धान योग्यताहरू प्रदान गर्ने छ जुन सर्वसाधारणका मुद्दाहरूमा सूचनामूलक पत्रकारिताका लागि आधारभूत हुन् । पाठ्यक्रम एउटा परिचय र चारवटा खण्डमा विभाजित छ । परिचयले तर्कहरू, भाषा र प्रमाणहरूको तार्किक विश्लेषण र अन्वेषण गर्दछ । पहिलो खण्डले यी सीपहरूलाई कसरी पत्रकारहरूलाई चतुऱ्याई साथ मिलाउन खोज्ने समूहहरूद्वारा दावा गरिएका झुठा मुद्दाहरूको विश्लेषण गर्न प्रयोग गर्न सकिन्छ भन्ने कुरा खोजतलास गर्दछ । खण्ड दुई, तीन र चारले यी सीपहरूलाई महत्वपूर्ण क्षेत्रमा उपयोग गर्दछन्: (अ) संख्यात्मक सूचनाको प्रयोग, जस्तैः- मत संकलन, (आ) स्वास्थ्य र वातावरण, र (इ) *'जीन्स '* र *'जीनोमिक्स '* मा समाचार सम्प्रेषण धेरै किसिमका विद्यार्थीहरूका लागि सान्दर्भिक शीर्षक भएकोले विद्यार्थीको तार्किक सीपको जाँच गर्न स्वास्थ्य र *जीन्स* भन्दा अन्य शीर्षकहरू प्रयोग गर्न सकिन्छ ।

**प्रणाली:** अतिरिक्त वक्ताहरूद्वारा व्याख्यान, कार्यशाला -जस्तै बैज्ञानिक), घटना अध्ययनहरू र कक्षा कोठा छलफल । प्रत्येक विद्यार्थी एउटा सेमिनारमा सहभागी हुनेछ (व्यक्तिगत हिसाबले वा समूहका सदस्यको हिसाबले) जसले कुनै अवस्था वरिपरका मुद्दाहरू प्रस्तुत गर्दछ ।

**शैक्षिक दृष्टिकोण:** यस प्रयासले सक्रिय व्यस्तता र ज्ञानको परिश्रणलाई समर्थन गर्दछ । विद्यार्थीहरूले गृहकार्य, सेमिनार र छलफलका माध्यमले सीप र ज्ञानलाई कुनै विशेष मुद्दाहरूमा प्रयोग गर्दछन् । व्याख्यानहरू धेरै शैक्षणिक साधनहरू मध्ये एक हुन् । यो पाठ्यक्रम साधारण सीपहरू र ज्ञानबाट प्रारम्भ हुन्छ । यसपछिको कार्य कसरी पत्रकारहरूलाई यस्ता समालोचनातमक सीपहरू र ज्ञानले सूचना तथा कथित विशेषज्ञहरूको मूल्यांकन गर्न मद्दत गर्न सक्छन् भन्ने कुरा देखाउने काममा

सलग्न हुने तरीका पत्ता लगाउने हुन्छ ।

**साप्ताहिक घण्टीहरूको संख्या:** (२ घण्टा: १ व्याख्यान/छलफल; १ घण्टा सेमिनार - गृहकार्य)

## अनिवार्य र सिफारिस गरिएका पाठ्यांशहरू:

**अनिवार्य:** प्रशिक्षकहरूले यी चारवटा पाठ्यपुस्तकहरू मध्ये दुईवटा अनिवार्य पाठ्याँश रोज्नु पर्दछ ।

तर्क शास्त्र र प्रमाणमा: Leo Groake, Christopher Tindale and Linda Fisher. Good Reasoning Matters: A Construction Approach to Critical Thinking (Oxford: Oxford University Press, 1997 or Lewis Vaughn and Chris MacDonald. The Power of Critical Thinking. Oxford: University Press, 2007.

**संख्याहरू र विज्ञानमा:**

- Pierre Laszlo. Communicating Science: A Practical Guide. Berlin: Springer, 2006. Or, Victor Cohn and Lewis Cope. News and Numbers, 2nd ed. Ames: Iowa State University Press, 2001.

**सिफारिश गरिएको (प्रशिक्षक र इच्छुक विद्यार्थीहरूका लागि)**

- Kathleen Woodruff Wickham. Math Tools for Journalists. Oak Park. ILL.: Marion Street Press, 2002.
- Richard Paul and Linda Elder. Critical Thinking: Tools for Taking Charge of Your Learning and Your Life. Upper Saddle River, N.J.: Prentice Hall, 2001.
- Herbert Simons, Persuasion in Society. Thousand Oaks, Cal.: Sage, 2001.
- William Leiss and Douglas Powell. Mad Cows and Mother's Milk. 2nd ed. Montreal: McGill-Queen's University Press, 2004.
- Athena du Pre. Communicating about Health: Current Issues and Perspectives. Mountain View, Calif.: Mayfield Publishing, 2000.
- Sharon M. Friedman et. al. Communicating Uncertainty: Media Coverage of New and Controversial Science. Mahwah, N.J.: Lawrence Erlbaum, 1999.
- Eleanor MacLean. Between the Lines: How to detect Bias and Propaganda in Everyday Life. Montreal: Black Rose Books, 1981.
- Stuart Ewen. PR! A Social History of Spin. New York: Basic Books, 1996.
- Ronald Giere. Understanding Scientific Reasoning. 4th ed. Forth Worth: Harcourt, Brace, Jovanovich, 1997.
- John Allen Paulos, A Mathematician Reads the Newspaper. New York DoubleDay, 1996.

**साप्ताहिक कक्षा विषयसूची (रुपरेखा):**

अनिवार्य पाठ्यसामग्रीका लागि ध्यानाकर्षण: प्रत्येक खण्डका लागि पाठ्यसामग्री दिइएका छन् ।

प्रशिक्षकले रोज्न सक्दछ कि कतिवटा पाठ्यसामग्रीहरू दिनु पर्दछ । प्रशिक्षकहरूले यो आधारभूत सामग्रीहरूलाई विद्यार्थीहरूको मातृभाषामा स्थानीय उदाहरणहरूद्वारा परिपूर्ति गर्न सक्दछ ।

- परिचय

  कक्षा १ : पाठ्यक्रमको परिचय । तर्कहरूको र भाषाको तार्किक विश्लेषण

  कक्षा २ : प्रमाणका रुपहरू, र प्रमाणको विश्वसनीयता मूल्यांकन गर्ने आधारहरू

  कक्षा ३ : अनुसन्धान सीपहरू र पत्रकारहरूका लागि प्रविधिहरू

- अनिवार्य पाठ्यसामग्रीहरू

  १. Good Reasoning Matters का अध्याय १ र ३

  २. The Power of Critical Thinking का अध्याय १, २ र ३

  ३. News and Numbers मा अध्याय २ र ३

- खण्ड १: झूठो वा भ्रामक सूचना

  कक्षा ४: जनसम्पर्कका प्रविधिहरू, विशेष अभिरुचि समूहहरू, राजनीतिक संचार ।

  कक्षा ५: मुख्य पत्रकार सम्मेलनहरूको विश्लेषण, विज्ञप्ति जारी गर्ने र संकटपूर्ण घटनाहरू जसले 'संचार माध्यम व्यवस्थापन' प्रविधिहरू प्रयोग गर्दछन् ।

- अनिवार्य पाठ्यसामग्रीहरू:

  १. The Power of Critical Thinking मा अध्याय ४ र ५

  २. Good Reasoning Matters मा अध्याय ५

  ३. Persuation in Society मा अध्याय २ र ३

- खण्ड २: संख्यात्मक सूचनाको मूल्यांकन र संचार गर्ने

  कक्षा ६: सांख्यिकीय सूचना र साधारण गल्तीहरूका मौलिक रुपहरूको विश्लेषण गर्ने, उदाहरणका लागि, चित्रहरूको प्रयोग, रोजगारी दरहरू, रोगहरूका अप्रकाश्य दरहरू ।

  कक्षा ७: मत सर्वेक्षण र मतसंकलकहरू बारे समाचार सम्प्रेषण: मुख्य मत संकलकहरूसंग कार्यशाला ।

  कक्षा ८: अध्ययनहरू, विशेषज्ञहरू, *वेभसाइट*हरूको विश्वसनीयता मूल्यांकन गर्ने विधिहरू ।

- अनिवार्य पाठ्यसामग्रीहरू:

  १. News and Number का अध्याय ७, ९ र १०

  २. The Power of Critical Thinking का अध्याय ९ र १०

  ३. A Mathematician Reads the Newspapers का अध्याय ३ र ४

- खण्ड ३: स्वास्थ्य र वातावरण

  कक्षा ९: साधारण विज्ञानमा सार्वजनिक संचारका समस्याहरू। स्वास्थ्य उत्पादनहरू र 'स्वस्थ' जीवनशैलीहरूमा समाचार सम्प्रेषण।

  कक्षा १०: नयाँ औषधीहरूको घोषणा: मुख्य स्वास्थ्य बैज्ञानिकहरूसंग नयाँ औषधी अध्ययनको ' उद्घोषणा' गर्दै कृतिम पत्रकार सम्मेलन; कसरी औषधीहरूको जाँच गरिन्छ र प्रचार प्रसार गरिन्छ।

  कक्षा ११: वातावरणका जोखिम र संकटको समाचार सम्प्रेषण: घटना अध्ययन र छलफल।

  कक्षा १२: मौसम परिवर्तनमा समाचार सम्प्रेषण: समाचार संकलनको मूल्यांकन, भूत र वर्तमान; मौसम परिवर्तनको बहसमा 'सन्तुलन' र विशेषज्ञताका मुद्दाहरू।

- अनिवार्य पाठ्यसामग्रीहरू:

  १. Communicating Science का भाग एक र दुई

  २. News and Numbers को अध्याय ६

  ३. Communicaitng Uncertainity का अध्याय १, २ र ३

  ४. Mad Cows and Mother's Milk का अध्याय १ र २

- खण्ड ४: *जीन्स* र *जीनोमिक्स*

  कक्षा १३: *जी एम* भोजन र *जी एम* जीवाणु बारे समाचार माध्यमहरूमा चलिरहेको बहस विश्लेषण गर्न तार्किक र प्रमाणयुक्त सीपहरू प्रयोग गर्ने।

  कक्षा १४: 'क्लोनिङ्ग' र 'जीन' उपचार: 'क्लोनिङ्ग' र मानवमा दोषमुक्त जीनहरू 'मरम्मत' गर्ने सम्बन्धी नैतिक र अन्य मुद्दाहरू विश्लेषण गर्ने।

  कक्षा १५: पाठ्यक्रमको उपसंहार: पाठ्यक्रमको समीक्षा; आजको समाचार माध्यमहरूको वातावरणमा जिम्मेवार र सचेत पत्रकारिताको भूमिका।

- अनिवार्य पाठ्यसामग्रीहरू:

  १. Mad Cows and Mother's Milk को अध्याय ७ र ८

  २. Communicating Uncertainity को अध्याय ६ र ७

  ३. Persuation in Society को अध्याय ९ र १०

## श्रेणीबद्ध गर्ने काम र मूल्यांकनका लागि प्रारुप

एउटा सम्भाव्य योजना:

१. छलफल आदिमा कक्षा सहभागिता: १५%

२. गृहकार्य (२): १५%

३. सेमिनार/प्रस्तुति: ४०%

४. कार्यपत्र/अन्तिम जाँच: ३०%

**Stephen J.A. Ward, Ph.D., Director and Associate Professor of Journalism Ethics, School of Journalism, University of British Columbia, Canada ले योगदान गरेको ।**

## पत्रकारिताका आधारशिला: लेखन कार्य

**पाठ्यक्रमको स्तर**: तीन वा चार वर्षे पूर्व-स्नातक उपाधिको प्रथम वर्ष

**पाठ्यक्रमको बयान:** व्याकरण, वाक्य रचना र शैलीको पुनरावृत्ति सहित विवरणात्मक वर्णनात्मक र व्याख्यात्मक लेखाई । समाचार लेखन कार्य: 'सोपान १ समाचार सम्प्रेषण र लेखनमा' परिचय गराइने छ ।

**प्रणाली:** लेखाई बारे व्याख्यान, दैनिक लेखाई अभ्यास, एक आर्काको काम बारे समूहमा छलफल, व्याकरणमा हैण्डआउटहरू जाँचहरू, व्याकरणका जाँचहरू र लेखनमा मुख्य गृहकार्यहरू ।

शैक्षणिक प्रक्रिया: सत्रकाल भरीनै विद्यार्थीहरूले एउटा छोटो लेख लेख्ने (१०० देखि २०० शब्दहरू) हप्ताका पाँच दिन (एउटा लेख प्रत्येक सोमबार देखि विहिबार सम्म र एउटा सप्ताहान्तका लेख) र अभिलेखका लागि प्रत्येक हप्ताको बिहान बुझाउने अपेक्षा गरिएको छ । यी लेखहरूले विद्यार्थीहरूलाई अवलोकनमा, विवरणात्मक लेखाइमा र कथाको पहिचान गर्नमा अभ्यास गर्ने अवसर प्रदान गर्ने छन् । सत्रकालको अन्तमा उनीहरूले ७५ वटा छोटा लेखहरू र तीन वटा लेखहरू लेखी सकेका हुने छन् । उद्देश्य के हो भने लेखाईमा प्रत्येक विद्यार्थीको दैनिक जीवनको अंग बनाउने । प्रशिक्षकका लागि प्रत्यक्ष समस्या के हो भने यी सबै लेखहरूलाई कसरी पढ्ने । सिद्धान्तत: प्रत्येक विद्यार्थीबाट प्रति हप्ता कम्तीमा एउटा लेखलाई पढ्न र समालोचन गर्न स्थानीय कार्यरत पत्रकारहरू र लेखकहरूले मद्दत गर्नु पर्दछ । यदि यी स्रोतहरू उपलब्ध भएनन् भने प्रशिक्षकले प्रति दिन १५ वटा विद्यार्थीहरूका कथाहरू जाँच गर्नु पर्दछ । भनाईको अर्थ एउटा १५० जनाको कक्षामा प्रत्येक विद्यार्थीले प्रत्येक दुई हप्तामा एउटा लेख जाँच गरेको पाउने छ - सत्रकालभरी सातवटा । तथापि विद्यार्थीहरूले आफूले बुझाएका प्रत्येक लेखका लागि अंक पाउने छन् ।

विद्यार्थीहरू आफ्ना साथीहरूका स-साना समूहमा गरेका साप्ताहिक छलफलका पृष्ठपोषणहरूबाट पनि लाभान्वित हुने छन् । पुन: सिद्धान्तत: प्रत्येक समूहको नेतृत्व उपल्लो स्तरको वा स्नातक

विद्यार्थीले गर्ने छन् । यदि यो सम्भव नभएमा, प्रशिक्षक प्रत्येक समूहमा पालैपालो जानु पर्नेछ । साप्ताहिक वा मासिक संग्रहमा प्रकाशित गर्न, फोटोकपी गर्न वा *औनलाइनमा* राख्न, वा बुलेटिन बोर्डमा टाँस्न अथवा विद्यालयको रेडियो स्टेशनमा पढ्नका लागि प्रत्येक समूहले प्रत्येक हप्ता एउटा विद्यार्थीको लेखलाई छान्न सक्नेछ । सत्रकालको मध्यमा एउटा र अन्तमा दुईपटक विद्यार्थीहरूले आफूले व्याख्यानमा सिकेका प्रक्रियाहरू प्रयोग गरी लामा लेख लेख्ने छन् । सत्रकालभरी नै जाँच गर्ने बेलामा प्रशिक्षकले विद्यार्थीहरूको लेखनका राम्रा पक्षहरूमा जोड दिनु पर्दछ र डर र आत्म ग्लानि उत्पन्न गराउने प्रतिक्रियाहरूबाट टाढा बस्नु पर्दछ । विद्यार्थीहरूलाई आफ्नो आवाज, शैली र सिर्जनशीलताको प्रयोग गर्ने र पत्ता लगाउने कुराहरूका लागि प्रोत्साहित गर्नु पर्दछ ।

**व्याकरण:** प्रशिक्षककहरूले प्रत्येक हप्ता आउने हप्तामा जाँच गर्नका लागि व्याकरणको अध्याय अथवा शैली-पुस्तक गृहकार्यमा अथवा व्याकरण हैण्डआउट दिनु पर्दछ । यदि प्रशिक्षकसंग सहयोगी छन् भने उत्तर पुस्तिकाहरू संकलन गरी अंक दिनु पर्दछ र प्रत्येक हप्ता अंकको 'अभिलेख राख्नु पर्दछ; होइन भने विद्यार्थीहरूको कक्षामा एक आर्काको कामको मूल्यांकन गर्नु पर्दछ र प्रशिक्षकद्वारा मूल्यांकन गर्नका लागि सत्रकालमा दुई पटक व्याकरणको जाँच तोक्नु पर्दछ । यस सैलेबसले अध्ययन गर्न र जाँच गर्नका लागि साप्ताहिक व्याकरण र शैली अंकहरू छान्न प्रशिक्षकलाई नै अधिकार दिएको छ किनभने यो पाठ्याँशहरू जहाँ पनि पाइन्छ र भाषैपिच्छे फरक फरक हुन्छ । प्रत्येक व्याकरण पाठको उद्देश्य लेखन कार्यमा सुधार ल्याउनु हो । उदाहरणका लागि, कालहरूमा निपूर्ण हुनु पर्दछ जसले गर्दा कुनै पनि कालमा एक रुपताका साथ लेख्न सकियोस्, शुद्धसंग आवश्यकतानुसार पछाडि भूतकालतिर अथवा अगाडि भविष्यतिर जान सकियोस् । कतृ वाक्य र कर्म वाच्य बीचको फरकलाई राम्ररी बुझ्नु पर्दछ, जसले गर्दा जहाँसम्भव छ कर्तृवाच्यको प्रयोग गर्न सकियोस् । आदि इत्यादि ।

**साप्ताहिक घण्टीहरूको संख्या:** २ घण्टाको कक्षा समय; ३ देखि ५ घण्टाको कक्षा बाहिरको लेखन कार्य

**अनिवार्य र सिफारिश गरिएका पाठ्याँशहरू:**

**विद्यार्थीहरूका लागि:**

प्रशिक्षकले 'हैण्डआउट'हरूको संकलन फायल विकास गर्न सक्दछन् अथवा विद्यार्थीहरूलाई व्याकरणका शैली हातेपुस्तिका लेख्ने पाठ्याँश, र नमूना गैर-उपन्यासीय लेखहरूको संग्रह किन्न लगाउन सक्दछन् । अंग्रेजी भाषाका उदाहरणहरू:

- Andrea A. Lunsford. The St. Martin's Handbook: With 2003 MLA Update. Bedford/St Martin's (2003, or any edition).
- Lauren Kessler and Duncan McDonald. When Words Collide: A Media Writer's Guide to Grammar and Style. Belmont, California: Wadsworth (1996).
- William Strunk (and E.B. White): The Elements of Style. Longman (1999, or any

edition).

- Roy Peter Clark: Writing Tools: 50 Essential Strategies for Every Writer. Little, Brown (2006).
- William K. Zinsser. On Writing Well. New York: HarperCollins (2006, or any recent edition).
- Roy Peter Clark and Christopher Scanlan. America's Best Newsletter Writing. Boston: Bedford/St.Martin's (2001).
- Kevin Kerrane and Ben Yagoda. The Art of Fact. Scribner (1998).
- Walt Harrington. Intimate Journalism. Sage (1997).
- George Orwell. Selected Writings. Heinermann (1958, or any edition).

**प्रशिक्षकहरूका लागिः**

प्रशिक्षकका लागि उपयोगी हुने अंग्रेजीका पाठ्यवस्तुहरू निम्न लिखित छन् :

- Jacques Barzun. Simple and Direct: A Rhetoric for Writers. New York: OUP (1994, or any edition).
- Ben Yagoda. When You Catch an Adjective, Kill It. Broadway Books (2007).
- Rudolf Flesch. The Classic Guide to Better Writing. New York: HarperColllins (1996).
- Jack Hart. A Writer's Coach. Pantheon (2006).
- Carl Sessions Stepp. The Magic and Craft of Media Writing. Chicago: NTC (2000).
- Christopher Scanlan. Reporting and Writing. New York: OUP (2000).
- Donald Murray. A Writer Teaches Writing. Boston: Houghton Mifflin (1985).
- Renee J. Cappon. The World: An Associated Press Guide to good News Writing (1991).
- G. Stuart Adam and Roy Peter Clark. Journalism. The Democratic Craft. New York: OUP (2006).
- विभिन्न *वेभसाईट*हरूले लेख्ने प्रशिक्षण बुँदाहरू र अभ्यासहरू प्रदान गर्दछन् ।

## कक्षाहरूको समय तालिका

प्रति हप्ता दुईटा एकघंटे सत्रहरू । पहिलो घण्टीमा प्रशिक्षकले विद्यार्थीहरूको पहिलो हप्ताबाट लेखनको एउटा पक्षमा कक्षा लिने छन् र व्याकरणको जाँच लिने छन् । दोस्रो घण्टीमा विद्यार्थीहरू पहिलो हप्ताको एक अर्काको लेखन कार्यको समालोचना गर्न र अन्य लेखन कार्यकलापमा भाग लिन १०-१५ जनाको समूहमा बस्ने छन् ।

**हप्ता १**

दुई घण्टे कक्षाः

(१) परिचय । छलफल समूहहरू र दैनिक कार्य विभाजन तय गर्नु होस् ।

(२) विवरणात्मक लेखनमा व्याख्यानः घटना वर्णन । जोड दिनु होस् कि घटना वर्णन राय अथवा

व्यक्तिगत हेराई होइन, तर कुनै घटनाको वर्णन हो ।
प्रारम्भिक व्याकरण जाँच
दैनिक गृहकार्य (सोमबार-विहिबार): तपाई आफूले गरेको वा दिनमा देखेको कुनै कुराको १०० देखि १५० शव्दमा घटना वर्णन लेख्नु होस् ।
सप्ताहान्तको गृहकार्य: तपाईको सबैभन्दा राम्रो घटना वर्णनलाई दोहोऱ्याउनु होस् ।
हप्ता २* का लागि पाठ्यसामग्रीहरू: (१) विवरणात्मक लेखन, एउटा गैर-उपन्यासीय कथाको उदाहरण सहित, (२) व्याकरणको *हैण्डआउट* वा पाठ्यपुस्तक अध्याय ।
* प्रत्येक हप्ताका लागि पाठ्यसामग्रीहरूमा प्रशिक्षकले तयार गरेको एउटा लेख र व्याकरण *हैण्डआउट* अथवा पाठ्याँशहरूबाट तोकिएको गद्यांश, र उदाहरणका रुपमा प्रस्तुत गर्न सकिने लेखहरूका फोटोकपीहरू । *हैण्डआउट*हरू र उदाहरणहरूलाई एउटा फायलमा मिलाएर राख्न सकिन्छ (सर्वाधिकारको अनुमति सहित) ।

**हप्ता २**

विवरणात्मक लेखनमा व्याख्यान: कथा
व्याकरण जाँच ।
साप्ताहिक समूह छलफल: विद्यार्थीहरूले आफ्नो पहिलो (परिमार्जन गरिएको) घटना वर्णनलाई पढ्दछन्; एक अर्काको लेखको समालोचना गर्दछन् र सुधारका सुझावहरू प्रदान गर्दछन् ।
दैनिक गृहकार्य: घटना वर्णनहरूको अर्को सेट । एउटा समस्या भएको घटना वर्णनलाई समात्नोस् (उदाहरणका लागि, एउटा केटो मोटरसाइकलबाट लड्छ, कवाज ट्राफिकसंग ठक्कर खान्छ, एउटा पसलेले कुन चीजवस्तु किन्ने भन्ने निर्णय गर्न सक्दैन ...) आफ्नो उमेरका व्यक्तिहरूका लागि लेख्नु होस् ।
सप्ताहान्तको गृहकार्य: तपाईको आफ्नो घटना-वर्णनलाई तपाईको आमाबुवा वा हजुरआमाबुवाका उमेरका लागि लेख्नु होस् ।
हप्ता ३ का लागि पाठ्यसामग्रीहरू: (१) स्थानीय अथवा राष्ट्रिय समाचार पत्र अथवा पत्रिका अथवा गैर उपन्यासीय वर्णनात्मक कथाहरूको संग्रहबाट छानिएको उदाहरण जसले व्याख्यानमा पठाइएका कुराहरूलार्य देखाउँछ (२) व्याकरण ।

**हप्ता ३**

व्याख्यान : गत हप्ता पढ्नदिएको गैर-उपन्यासीय वर्णनात्मक कथाको विश्लेषण ।
व्याकरण जाँच ।
साप्ताहिक समूह छलफल: दोस्रो (मौलिक र पुन: लेखिएको) घटना वर्णन,
दैनिक गृहकार्य: घटना वर्णनहरूको तेस्रो सेट यस हप्ता आफ्नो घटना वर्णनलाई उचच विन्दुमा र समाधानको बाटो पुऱ्याउँदै आफ्ना आमाबुवा वा हजुर आमावुवाका उमेरका व्यक्तिहरूका लागि

लेख्नु होस् ।
सप्ताहान्तको गृहकार्य: आफ्नो सबै भन्दा राम्रो घटना वर्णनलाई आफ्नो उमेर समूहका लागि लेख्नु होस् ।
हप्ता ४ का लागि पाठ्यसामग्रीहरू: (१) उदाहरण सहित वर्णन, (२) व्याकरण ।

**हप्ता ४**

व्याख्यान: व्याख्यात्मक लेखन कार्य
व्याकरण जाँच ।
साप्ताहिक समूह छलफल: तेस्रो (मौलिक र पुन: लेखिएको)
घटना वर्णन ।
दैनिक गृहकार्य: घटना वर्णनहरूको चौथो सेट ।
यस हप्ता व्याख्यात्मक लेखन कार्यलार्य जोड दिनु होस् । तपाइको भाषालाई बैदेशिक भाषाका रुपमा पढरिहेका प्रौढहरूका लागि लेख्नु होस् ।
सप्ताहान्तको गृहकार्य: आफ्नो सबैभन्दा राम्रा् घटनावर्णनलाई बालबालिकाहरूका लागि लेख्नु होस् ।
हप्ता ५ का लागि पाठ्यसामग्रीहरू: (१) सूचना कथामा व्याख्यात्मक लेखनको स्थानीय अथवा राष्ट्रिय समाचारपत्र अथवा पत्रिका अथवा साहित्य संग्रहबाट एउटा उदाहरण (२) व्याकरण ।

**हप्ता ५**

व्याख्यान: गत हप्तामा दिइएको व्याख्यात्मक लेखन कार्यले विश्लेषण; कानका लागि लेख्ने ( रेडियो कथाका लागि टेप र बाच्य सामग्री सहित) ।
व्याकरण जाँच ।
साप्ताहिक समूह छलफल: चौथो (मौलिक र पुनर्लिखित) घटना-वर्णन ।
दैनिक गृहकार्य: घटना-वर्णनहरूको पाँचौ सेट, सर्वसाधारण पाठक वर्गका लागि लेखिएको ।
सप्ताहान्तको गृहकार्य: तपाईको सबैभन्दा राम्रो घटना वर्णनलाई सस्वर बाचनका लागि पुन: लेख्नुहोस् ।
हप्ता ६ का लागि पाठ्यसामग्रीहरू: (१) समाचार पत्र, पत्रिका वा कथासंग्रहबाट गैर उपन्यासीय कथाको एउटा घटना वर्णनको उदाहरण ।

**हप्ता ६**

व्याख्यान: घटना-वर्णन गर्ने र एउटा घटनाको समाचार संकलन गर्ने ।
व्याकरण जाँच ।
सामूहिक छलफल : पाँचौं (मौलिक र पुनर्लिखित) घटना वर्णन ।
दैनिक गृहकार्य: वर्णन गरिएको वस्तु वा व्यक्ति (अथवा वर्णन गरिएको घटना) का बारेमा अनभित्र

व्यक्तिका लागि एउटा व्याख्यात्मक (अथवा घटना वर्णन) अनुच्छेद लेखन कार्य ।
सप्ताहान्तका लागि गृहकार्य: प्रशिक्षकले निर्देश गरेको कुनै 'घटना' मा सामेल हुनु होस् र ५०० देखि ७५० शव्दमा यस बारेमा लेख्नु होस् । सोमबारका दिन पहिलो मस्यौदा पेश गर्नु होस् ।
हप्ता ७ का लागि पाठ्यसामग्रीहरू: (१) मस्यौदा तयार गर्ने र परिमार्जन गर्ने, (२) व्याकरण ।

**हप्ता ७**

व्याख्यान: मस्यौदा तयार गर्ने र परिमार्जन गर्ने (भद्दा लेखाई हटाउने; भाषा मिलाउने; आदि)
व्याकरण जाँच ।
साप्ताहिक समूह छलफल: घटनाहरूको वर्णन ।
दैनिक गृहकार्य: त्यस दिन उनीहरूसित घटेको घटनाको घटना वर्णनको पहिलो मस्यौदा तयार गर्ने र त्यसलाई भद्दा लेखाई हटाउन र भाषा मिलाउन परिमार्जन गर्ने।
सप्ताहान्तको गृहकार्य: घटनाहरूको वर्णनको स्पष्टता र संक्षिप्तताका लागि परिमार्जन गर्ने र अन्तिम मस्यौदा वा मूल्यांकनका लागि पेश गर्ने ।
हप्ता ४ का लागि पाठ्यसामग्रीहरू: (१) स्थानीय समाचार पत्रहरू अथवा पत्रिकाहरूबाट भावनात्मक लेखहरूका उदाहरण (२) व्याकरण ।

**हप्ता ८**

दुई घण्टे कक्षा:
(१) व्याख्यान: मस्यौदा बनाउने र परिमार्जन गर्ने (भावना, शैली र नाटक थप्नका लागि)
(२) व्याकरण जाँच ।
साप्ताहिक समूह छलफल: गत हप्ताको मस्यौदामा छलफल गर्नु होस् र घटना-वर्णनहरूको परिमार्जन गर्नु होस् ।
दैनिक ग्रहकार्य: विद्यार्थीहरूले कुनै पनि विषय वा सम्भावित शीर्षक वा घटना छान्ने छन् र यसबारे भाव दिएर लेख्ने छन् । उदाहरणका लागि, त्यसदिन विहान उठ्ने, त्यस दिनको नास्ता; विद्यालयसम्म हिड्ने (अथवा बसबाट जाने); आदि ।
सप्ताहान्तको गृहकार्य: विद्यार्थीहरूलाई त्यही विषयमा दुइटा लेखहरू दिइने छन्, एउटा राम्रो र अर्को ठीकैको र उनीहरूलाई सोधिनेछ कि के के कुराले एउटा लेखलाई अर्को भन्दा राम्रो बनाउँदछ (र कसरी ठीकैको लेखलाई राम्रो बनाउन सकिन्छ) ।
हप्ता ९ का लागि पाठ्यसामग्रीहरू: (१) समाचारपत्रहरू, पत्रिकाहरू वा कथा संग्रहबाट एउटा विवरणात्मक लेखको उदाहरण ।
(२) व्याकरण ।

**हप्ता ९**

व्याख्यान: विवरणात्मक लेखन कार्य ।

व्याकरणको जाँच (अथवा व्याकरण जाँचको समीक्षा) ।

साप्ताहिक समूह छलफल: (सप्ताहान्तको) समालोचनामा छलफल ।

दैनिक गृहकार्य: "मलाई अचम्म लाग्छ किन/के/कसरी ..." विद्यार्थीहरूलाई स्थानीय समाचारपत्र, तथ्यहरूको समूह आदि बाट प्रत्येक दिनका लागि एउटा तस्वीर, चीजवस्तु दिइनेछ र त्यसबारेमा उनीहरूलाई अचम्म लाग्ने सबै कुरा सूचीकृत गर्न भनिन्छ ।

सप्ताहान्तको गृहकार्य: विद्यार्थीहरूलाई जोडा मिलाइनेछ : एक आर्काका बारेमा अचम्म लाग्ने कुरा छान्नु होस्; प्रश्न सोध्नु होस्; कथा लेख्नु होस्;

हप्ता १० का लागि पाठ्यसामग्रीहरू: (१) विचारहरू प्रक्रियाहरू बारे विवरणात्मक लेखका उदाहरणहरू (२) व्याकरण ।

**हप्ता १०**

व्याख्यान: विचारहरू र प्रक्रियाहरूको विवरण दिनु होस् ।

व्याकरण जाँच ।

साप्ताहिक समूह छलफल: विद्यार्थीहरू एक अर्काका बारेमा सप्ताहान्तका लेखहरूमा छलफल गर्नेछन् ।

दैनिक गृहकार्य (रविबार देखि विहिबारसम्म): एउटा १०० देखि १५० शव्दको विवरणात्मक लेख ( उदाहरणका लागि, विश्वविद्यालयबाट उनीहरूको घरसम्मको दिसा निर्देशनहरू दिने, 'फेसबुक' कसरी काम गर्छ भन्ने विवरण दिने); आदि । ती प्रौढ पाठकहरूका लागि लेख्ने जुन विवरण दिन खोजिएको विचार अथवा प्रक्रियासंग अनभिज्ञ छन् ।

सप्ताहान्तको गृहकार्य: विज्ञान तथा समाज विज्ञानका पाठ्यक्रमहरूको कुनै विषयको बारेमा सर्वसाधारणका लागि एउटा कथा लेख्नु होस् ।

हप्ता ११ का लागि पाठ्यसामग्रीहरू: (१) एउटा कथालाई कसरी शुरु गर्ने, (२) व्याकरण ।

**हप्ता ११**

व्याख्यान:  पाठकको ध्यान आकृष्ट गर्ने: राम्रो परिचय कसरी बन्दछ? अथवा कथा कसरी शुरु गरिन्छ ?

व्याकरण जाँच

साप्ताहिक समूह छलफल: गत हप्ताका विवरणात्मक कथाहरू ।

दैनिक गृहकार्य: प्रभावकारी पहिलो बाक्समा ध्यान केन्द्रित गर्दै एउटा घटना-वर्णन लेख्नु होस् ।

सप्ताहान्तको गृहकार्य: सप्ताहान्तका कार्यपत्रहरूबाट तीनवटा प्रभावकारी 'परिचयहरू' (अथवा पहिलो बाक्स) पहिचान गर्नु होस् र तिनीहरू किन प्रभावकारी छन् विवरण दिनु होस् ।

हप्ता १२ का लागि पाठ्यसामग्रीहरू: (१) उपसंहारहरू, (२) व्याकरण ।

## हप्ता १२

व्याख्यान: एउटा कथाको उपसंहार के कुराले राम्रो बन्दछ ?

व्याकरण जाँच ।

साप्ताहिक समूह छलफल: गत हप्ताको घटना-वर्णनमा र (सप्ताहान्तको) परिचय बारेको अभ्यासमा छलफल गर्नु होस् ।

दैनिक गृहकार्य: प्रभावकारी उपसंहारमा ध्यान केन्द्रित गरी एउटा घटना-वर्णन लेख्नु होस् ।

सप्ताहान्तको गृहकार्य: प्रशिक्षकले तोकेको कुनै घटनामा सामेल हुनु होस् र वर्णनात्मक, व्याख्यात्मक र विवरणात्मक विधिहरूको प्रयोग गरी यसबारे ७५० देखि १००० शब्दको एउटा लेख लेख्नु होस् । पहिलो मस्यौदा सोमबार विहान पेश गर्नु होस् ।

हप्ता १३ का लागि पाठ्यसामग्रीहरू: (१) पत्रकारिताको भाषा (२) व्याकरण ।

## हप्ता १३

व्याख्यान: पत्रकारिताको भाषा: ठोस, विशिष्ट, सक्रिय, स्पष्ट प्रजातान्त्रिक, गैरलिङ्गिय, गैर-जातीय ।

साप्ताहिक समूह छलफल: गत हप्ताका घटना-वर्णन र घटना कथाका पहिला मस्यौदाबारे छलफल गर्नु होस् ।

दैनिक गृहकार्य: (आइतबारदेखि विहिवार सम्म): पत्रकारिता भाषाका उदाहरणहरू प्रयोग गरी एउटा घटना-वर्णन लेख्नु होस् ।

सप्ताहान्तको गृहकार्य: घटना लेखहरू परिमार्जन गर्नु होस् र श्रेणीबद्ध गर्नका लागि सोमबार पेश गर्नु होस् ।

हप्ता १४ का लागि पाठ्यसामग्रीहरू: (१) प्रभावकारी र निष्प्रभावी सङ्क्रमण (२) व्याकरण जाँच ।

## हप्ता १४

दुई-घंटे कथा:

(१) व्याख्यान: संक्रमणहरू

(२) व्याकरण जाँच

साप्ताहिक समूह छलफल: प्रत्येक विद्यार्थीले आफ्नो सत्रकालको सबैभन्दा राम्रो कथा पढ्नेछ र यसलाई के ले राम्रो बनाएको छ भन्ने विवरण दिनेछ ।

दैनिक गृहकार्य: यस पाठ्यक्रमको दौरानमा घटेको कुनै कुराका बारेमा एउटा घटना-वर्णन लेख्नु होस् ।

सप्ताहान्तको गृहकार्य: यस घटना-वर्णनलाई यस पाठ्यक्रमका बारेमा ७५० देखि १००० शब्दसम्मको वर्णनात्मक कथामा परिवर्तन गर्नु होस् । श्रेणीबद्ध गर्न पेश गर्नुहोस् ।

हप्ता १५ का लागि पाठ्यसामग्रीहरू: एउटा नमूना गैर उपन्यासी कथा ।

**हप्ता १५**

**व्याख्यान:** नमूना कथाको विश्लेषण गर्नु होस् : यसका बलिया पक्ष के के हुन् ?

व्याकरण जाँच (अथवा गत हप्ताको जाँचको समीक्षा गर्नु होस्)

**साप्ताहिक समूह छलफल:** पाठ्यक्रमका बारेमा घटना-वर्णनमा छलफल गर्नु होस् ।

**श्रेणीबद्ध गर्ने र गृहकार्य सम्बन्धी व्यवस्था:**

दैनिक र सप्ताहान्त गृहकार्यहरू

- पेश गरेको २५%
- अंक दिएको २५%
- मुख्य कथाहरू ३०%
- व्याकरण जाँच २०%

**Michael Cobden, Univeristy of King's College, Halifax, NS, Canada द्वारा योगदान गरिएको ।**

## पत्रकारिताको आधारशिला: राष्ट्रिय र अन्तर्राष्ट्रिय संस्थाहरू

**पाठ्यक्रमको स्तर:** तीन वर्षे वा चार वर्षे पूर्व- स्नातक उपाधिको पहिलो वर्ष

**पाठ्यक्रमको वर्णन:** यस पाठ्यक्रमको उद्देश्य गरिवी, वातावरणीय र विकास मुद्दाहरू र अन्य देशहरूसंग आफ्नो देशको सम्बन्ध लगायत आफ्नो देशको सरकारको प्रणाली, यसको संविधान, न्यायप्रणाली, राजनीतिक प्रक्रिया, भूगोल, अर्थव्यवस्थाको मौलिक ज्ञान दिने रहेको छ ।

**प्रणाली:** व्याख्यानहरूको सम्मिश्रण, समूह प्रस्तुतिहरू र दुइटा खुला पुस्तक परीक्षाहरू ।

**शैक्षणिक प्रयास र विधि:** यस पाठ्यक्रममा प्रतिहप्ता दुईटा एक एक घण्टाका व्याख्यानहरू हुनेछन्, जसको विस्तृत टिपोट सबै विद्यार्थीहरूले गर्ने आशा गरिन्छ । पाठ्यक्रमको मध्यमा र पाठ्यक्रमको अन्त्यमा दुईटा खुला पुस्तक परीक्षाहरू हुने छन् जसमा विद्यार्थीहरूले आफ्ना टिपोटहरू ल्याउने छन् र व्याख्यान सित सम्बन्धित प्रश्नहरूको उत्तर दिने छन् । करिव प्रत्येक चौथो कक्षामा (बढीमा १२ जना प्रत्येकमा) कक्षाका व्याख्यानहरूसित प्रत्यक्ष अथवा अप्रत्यक्ष रुपमा सम्बन्धित शीर्षकहरूमा समान अवसर प्रदान गर्ने हेतुले प्रत्येक समूहलाई हुइहप्ता अगाडि मात्र उनीहरूको शीर्षक प्रदान गरिनेछ ।

**प्रति हप्ता घंटी संख्या:** २ घंटा (हप्ता १-१५: व्याख्यान विधि, बीचबीचमा समूह प्रस्तुतिहरू र दुइटा खुला पुस्तक परीक्षाहरू)

## अनिवार्य र सिफारिश गरिएको पाठ्यसामग्री र/अथवा उपकरणहरू

**प्रशिक्षकका लागि:**


- Allen. Tim and Thomas, Alan, Poverty and Development, 2nd revised edition, Oxford University Press, 2000.
- Barr, Nicholas, Economics of the Welfare State, 4th, Edition, Oxford University Press, 2004.
- Blaug, Mark, Economic Theory in Retrospect, Richard B. Irwin, 1962.
- Boyle, Godfrey, ed., Renewable Energy, Oxford University Press, 1989, Orient Longman, 1991.
- Dunn, John, ed., Democracy-the unfinished journey, 508 B.C. to A.d. 1993, Oxford University Press, 1992.
- Elster, Jon and Stagstad, Rune, eds., Constitutionalism and democracy. Cambridge University Press and Universitesforlaget, 1988; paperback edition 1993.
- Freeman, Samuel, 'Original meaning, democratic interpretation and the constitution', Philosophy and Public Affairs, Winter 1992.
- Gillespie, Andrew, Foundations of Economics, Oxford University Press, 2007.
- Hillman, Mayer, Fawcett, Tina, Rajan, Sudhir Chella, The Suicidal Planet: how to prevent global Climate catastrophe, Thomas Dunne Books, 2007.
- Hirst, Paul and Khilani, Sunil, eds., Reinventing democracy, Blackwell, 1996.
- Hunt, Alan, Explorations in law and society – towards a constitute theory of law, Routledge, 1993.
- Lipsey, Richard and Chrystal, Alec, Economics, 11th. Edition, Oxford University Press, 2007.
- McGraw-Hill authors, Geography: The world and its people, Glencoe/McGraw-Hill, 1998, 2nd edition.
- Mill, John Stuart, Utilitarianism, http://www.utilitarianism.com/jsmill.htm.
- Riley, Jonathan, Ferejohn, J., and Rakova, J., Constitutional Culture and Democratic Rule, Cambridge University Press, 2001.
- Rodriguez-Pose, Andres, The European Union: Economy, Society, Policy, Oxford University Press, 2002.
- Sen, Amartya, and Williams, Bernard, eds., Utilitarianism and beyond, Cambridge Univeristy Press, 1982.
- Sen, Amartya, Inequality re-examined, Clarendon Press, 1992.
- Tocqueville, Alexis de, Democracy in America (original French edition in 1835), Wordsmith Editions, 1998.

**विद्यार्थीहरूका लागि**

पाठ्यक्रम कार्यका लागि अतिरिक्त सूचना स्रोत पहिल्याउन विद्यार्थीहरूको इन्टरनेट सुविधा भएको कम्प्यूटरमा पहुँच हुनु पर्दछ ।

## कक्षाहरूको समय तालिका

**हप्ता १**

कक्षा १: पाठ्यक्रमको परिचय: पाठ्यसामग्रीको सूची र विद्यार्थीहरूको कार्यप्रगतिको मूल्यांकन गर्ने शैक्षणिक विधिमा छलफल ।

कक्षा २: प्रजातन्त्रको प्रकृतिबारे व्याख्यान, प्राचीन ग्रीकको (५०८ वी.सी. प्रजातन्त्रको सीधा प्रयोगबाट प्रारम्भ गरी फ्रान्सको क्रान्ति र यसपछिका परिणामहरू ।

**हप्ता २**

कक्षा १: अमेरिकामा मार्टिन लूथर किङ्गको नागरिक स्वतन्त्रता आन्दोलन अथवा दक्षिण अफ्रीकामा सत्य र मेलमिलाम आयोगकै तुलनामा गान्धी-नमूनाको राजनीति अध्ययन गर्न सकिन्छ ।

कक्षा २: समूह प्रस्तुति ।

**हप्ता ३**

कक्षा १: प्रजातन्त्र र संवैधानिकता व्यवस्थापिका र न्यायपालिका बीचको अन्तर्निहित अन्तर्द्वन्द्व ।

कक्षा २: त्यही मुद्दामा देश विशेषको छलफल । युरोपियन संविधान (रोड्रीगेज- पोजबाट सम्बन्धित उद्धरणहरू) पनि छलफल गर्न सकिन्छ ।

**हप्ता ४**

कक्षा १: मानव अधिकार र कानूनमा छलफल ।

कक्षा २: समूह प्रस्तुति ।

**हप्ता ५**

कक्षा १: मानव अधिकार र कानून बारे देश विशेषको छलफल ।

कक्षा २: लिङ्ग र संवधानिक प्रणाली - विभिन्न समुदायहरू अन्तर्गत के व्यक्तिगत कानूनहरू समान हुनु पर्दछ ।

**हप्ता ६**

कक्षा १: अर्थशास्त्रका आधारभूत अवधारणाहरूबारे परिचय ।

कक्षा २: समूह प्रस्तुति ।

**हप्ता ७**

कक्षा १: आर्थिक विचारधाराको पुनरावलोकन - आदमस्मिथ देखि डेविड रिर्काडो र कार्ल मार्क्सस सम्म ।

कक्षा २: नवपौराणिक अर्थशास्त्र ।

**हप्ता ८**

कक्षा १: देश विशेषका आर्थिक मुद्दाहरू ।

कक्षा २: एक घंटे खुला-पुस्तक परीक्षा, जहाँ विद्यार्थीहरू १० वटा प्रश्नहरूमा (२० वटा वा यस्तै संख्याका प्रश्नहरूमध्ये १० वटा छान्ने अवसर दिइनेछ) संक्षिप्त टिप्पणीहरू लेख्ने छन् । हप्ता १-८ का बीच प्रस्तुत गरिएका कक्षा व्याख्यानका टिप्पणीहरूमा आधारित प्रत्येक उत्तरलाई ३ वटा अंक दिइनेछ ।

**हप्ता ९**

कक्षा १: पश्चिम यूरोपमा लोक कल्याणकारी राज्यको नमूना: केनेज र कल्याणकारी अर्थशास्त्र ।

कक्षा २: देश विशेषका कल्याणकारी मुद्दाहरू (उदाहरणका लागि: भारतमा राज्यको हस्तक्षेप र पाँच वर्षे योजनाहरू

**हप्ता १०**

कक्षा १: विश्वव्यापीकरण, निजीकरण, उदारीकरण - सन् १९९० को दशक

कक्षा २: विश्वव्यापीकरण, निजीकरण, उदारीकरण - सन् १९९० को दशक

**हप्ता ११**

कक्षा १: मानव विकास सूचकांकको ज्ञान (शिक्षा, स्वास्थ्य र आम्दानीमा किन्ने क्षमतामा समानतामा जोड दिंदै) र यसको देशै पिच्छेको विश्लेषण सहित यसको सङ्गण्ना ।

कक्षा २: समूह प्रस्तुति

**हप्ता १२**

कक्षा १: विश्वभरीमा समस्याग्रस्त ठाउँ र द्वन्द्वपीडित क्षेत्र सहित देशहरूको भौगोलिक अवस्थितिको पुनरावलोकन ।

कक्षा २: समूह प्रस्तुति

**हप्ता १३**

कक्षा १: भौगोलिक सरोकारहरूको पुनरावलोकन, जस्तै जलवायु परिवर्तन र ऊर्जा विकल्पहरू देश

विशेषका ।

कक्षा २: विकास र वातावरणीय सरोकारहरू ।

**हप्ता १४**

कक्षा १: विकास र वातावरणीय सरोकारहरू - के आर्थिक र वातावरणीय सरोकारहरूबीच रुचिहरूको द्वन्द्व छ ?

कक्षा २: समूह प्रस्तुति ।

**हप्ता १५**

कक्षा १: छलफल र समीक्षा कक्षा ।

कक्षा २: एउटा एक घण्टे खुला पुस्तक परीक्षा, जसमा विद्यार्थीहरूले हप्तामा ९-१५ का बीच प्रस्तुत गरिएका व्याख्यानहरूमा आधारित १०, १२ प्रश्नहरूको संक्षिप्त टिप्पणीहरू (५०-१०० शब्दहरू, प्रत्येकमा) लेख्ने अपेक्षा गरिएको छ । प्रत्येक उत्तरलाई ३ अंक दिइएको छ ।

**श्रेणीबद्ध गर्ने मूल्यांकन गर्ने व्यवस्था:** विद्यार्थीहरूले प्रत्येक विहान आ-आफ्नो घटना वर्णनहरू अभिलेखका लागि पेश गर्ने छन् । यदि प्रशिक्षकसंग सहयोगी छ भने प्रति हप्ता कम्तीमा एक लेख प्रति विद्यार्थीको प्रति हप्ता अंकित गरिनेछ; यदि छैन भने प्रशिक्षकले प्रति हप्ता एउटा लेखलाई अंक दिन छान्ने छ, जसले प्रति विद्यार्थीका सत्रकालभरी सात, आठ वटा लेखहरू अंकित हुने छन् भन्ने कुरा सुनिश्चित गर्नेछ ।

हाजिरी र कक्षा सहभागिता: १०%

दुइटा खुला-पुस्तक परीक्षाहरू: ३०% + ३०%: जम्मा ६०%

समूह प्रस्तुति: ३०%

**टिप्पणी:**

यो सेलेबस स्नातक उपाधि स्तरका लागि तयार गरिएको हो । स्नातकोत्तर स्तरको सेलेबसमा पाठ्यक्रमसित सम्बन्धित विविध शीर्षकहरू र विशेषज्ञताहरूलाई ध्यानमा राखी समूह प्रस्तुतिहरूलाई साना समूह (८-१० विद्यार्थी, प्रत्येकमा) सहभागी हुने सेमिनार कक्षाहरूद्वारा प्रतिस्थापित गर्न सकिन्छ । डिग्री प्रदान गर्ने, संस्थाहरूलाई पूर्व-विश्वविद्यालय डिप्लोमा पाठ्यक्रमका लागि, समूह प्रस्तुतिहरूलाई विशेष शिक्षा कक्षाहरूमा बदल्ने सकिन्छ जुन अवधारणाहरूलाई स्पष्ट पार्न उपयोगी हुनेछन् र विद्यार्थीहरूमा थप छलफलहरू उचाल्ने छन् ।

**Nalini Rajan, Dean of Studies, Asian College of Journalism Chennai, India द्वारा योगदान गरिएको ।**

## पत्रकारिताको आधारशिलाः सामान्य ज्ञान

**पाठ्यक्रमको स्तरः** चार वर्षे पूर्व-स्नातक उपाधिको प्रथम वर्ष

यस पाठ्यक्रममा विद्यार्थीहरूले विश्व इतिहासको सामान्य ज्ञान प्राप्त गर्नु पर्दछ अनि त्यसपछि आफ्नो देशको अथवा क्षेत्रको विशिष्ट इतिहासलाई बुझ्दै जानु पर्दछ। यो यसकारलणे कि उनीहरूले नाटकीय घटनाहरूलाई निम्त्याउने प्रक्रियाहरूलाई बुझ्न सकून, जस्तै भारतको विभाजन, रुवान्डाको विध्वंशकारी गृह युद्ध अथवा पुनः लेटन अमेरिकामा समाजवादको हालैको पुनरुत्थान। त्यहाँबाट, विशिष्ट राजनीति तर्फ अगाडि बढ्न, लिङ्ग, जाति, जात, धर्म, संस्कृतिसंग जोडिएका सिद्धान्त र व्यवहारहरूलाई समेट्न र कसरी यी पहिचानहरूका लागि गरेको संघर्षले राष्ट्र निर्माणमा योगदान गर्छ भन्ने कुरा बुझ्न जरुरी छ।

**पाठ्यक्रमको वर्णनः** यस पाठ्यक्रममा राष्ट्रिय र अन्तर्राष्ट्रिय इतिहासको आधारभूत ज्ञान र पत्रकारहरूका लागि महत्वपूर्ण समकालीन सामाजिक र अन्य मुद्दाहरूको परिचयः लिंग, जाति, जातीयता, धर्म, सामाजिक वर्ग, द्वन्द्व र यी मुद्दाहरूको समाचार संकलनका लागि उपयोग गरिने विश्लेषणात्मक तथा समालोचनात्मक विधिहरूको तालीम समावेश गरिएको छ।

**प्रणालीः** व्याख्यानहरू, पाठ्यांशहरूको समूह विश्लेषण, र दुइटा खुला पुस्तक परीक्षाहरूको सम्मिश्रण।

**शैक्षणिक दृष्टिकोण अथवा विधिः** पूर्व-स्नातक कक्षाको आकार साधारणतया ठूलो हुन्छ र त्यहाँ विद्यार्थी र शिक्षक बीच अन्तरक्रिया विशेष शिक्षण कक्षा वा सेमिनार किसिमको शिक्षणका लागि सीमित सम्भावना रहन्छ। हप्ताका १-१५ सम्म व्याख्यान राखिएका छन्, परिपूरकका रुपमा श्रव्यदृश्य सामग्री जस्तै फिल्म क्लिपहरू राखिएका छन् र सबै विद्यार्थीहरूले बृहत्त टिप्पणी लेख्ने आशा गरिएको छ। यी कक्षाहरूमा केही व्याख्यानहरूको सन्दर्भमा विद्यार्थीहरूले भोगेका कठिनाईहरूलाई स्पष्ट पार्ने र छलफलको अवसर प्रदान गर्ने कुरा जरुरी भए पनि समय सीमालाई ध्यानमा राखि पाठ्यक्रम कार्यकै अंगका रुपमा त्यसलाई राख्न गाह्रो छ। तथापि, जहाँसम्म सम्भव छ, प्रशिक्षकले विशेष शिक्षण कक्षाको रुपमा विद्यार्थीहरूलाई यस्ता अवसरहरू प्रदान गर्न सक्षम हुनु पर्दछ।

पाठ्यक्रमको मध्यमा, एउटा खुला पुस्तक परीक्षा हुनेछ जब विद्यार्थीहरूले आफ्ना 'नोटहरू' कक्षामा ल्याउने छन् र कक्षा व्याख्यानहरूसित सम्बन्धित प्रश्नहरूको उत्तर दिनेछन्। पाठ्यक्रमको अन्त्यमा अर्को खुला पुस्तक परीक्षा हुनेछ। यस प्रकारको परीक्षाका प्रश्नको भारतको पत्रकारिता विद्यालयका लागि एउटा उदाहरण हुन सक्छः अगस्त-सितम्बर २००१ मा डर्बन, दक्षिण अफ्रिकामा भएको

जातिबाद र विदेशी-घृणा सम्बन्धी विश्व सम्मेलनमा भारतबाट भाग लिइरहेका दलितहरू (पहिलेका अछुतहरू) संग भारतीय समाजवादीहरूले राखेको असहमतिहरू के थिए?) खुला पूरक परीक्षाले दुई उद्देश्यहरू पूरा गर्दछ। विद्यार्थीहरूलाई विस्तुत टिप्पणी लेख्ने सम्वाददाताहरू जस्तै व्यवहार गर्ने साथै साहित्यिक चोरीको सम्भावना कम गर्ने। प्रत्येक करीव चौथो कक्षामा कुनै विशेष पाठ्याँशमा समूह विश्लेषण हुनेछ (प्रत्येक समूहमा बढीमा १२ जना विद्यार्थीहरू) पाठ्यांशको विश्लेषण गर्दा, प्रत्येक समूहले दिइएको प्रश्नमा त्यस क्षेत्रमा समकालीन सामाजिक, राजनीतिक तथा आर्थिक विकासप्रति आफ्नो जानकारी देखाउनु पर्दछ। समान अवसर प्रदान गर्न प्रत्येक समूहलाई पाठ्याँश प्रस्तुति गर्नु भन्दा दुई हप्ता पहिले मात्र दिइनेछ।

**प्रति हप्ता घण्टी संख्या:** २ घण्टा (हप्ता १-१५: व्याख्यान विधि; समूह पाठ्याँश र समाचार विश्लेषण कक्षाहरू, दुइटा खुला पुस्तक परीक्षाहरू)।

## अनिवार्य र सिफारिस गरिएका पाठ्याँशहरू र/अथवा उपकरण

ती पाठ्याँशहरू जसलाई प्रशिक्षकले आफ्नो देशका वा क्षेत्रका पाठ्याँशहरूबाट प्रतिस्थापित गर्न सक्तछ 'ताराङ्क' ले अंकित गरिएका छन्। यी पाठ्याँशहरू बाहेक, प्रशिक्षकले परिपूरक औजारका रुपमा फिल्प-क्लिपको प्रयोग गर्न सक्दछ।

**प्रशिकका लागि:**


- Ahmed, Akbar S., Postmodernism and Islam-predicament and promise, Routledge, 1992.
- *Ahmed, Imtiaz, Ghosh, Partha S. and Reifeld, Helmut, eds., Pluralisma nd equality- values in Indian society and politics, Sage Publicaitons, 2000.
- Anderson, Benedict, Imagined Communities, Verso, 1983. Revised edition, 1991.
- Banton, Michael, Racial Theories, 2nd edition, Cambridge Univeristy Press, 1998.
- *Basu, Tapan, et al. Khaki Shorts and saffron flags, Orient Longman, 1993.
- Bayly, Susan, Caste, society and politics in India - from the eighteenth century to the modern age. The New Cambridge History of India series, Cambridge University Press, 1999.
- Bhargava, Rajeev, ed., Secularism and its critics, Oxford University Press, 1998.
- Bhargava, Rajeev, Bagchi, Amiya Kumar and Sudarshan, R., eds., Multiculturalism, liberalism and democracy, Oxford University Press, 1998.
- *Chandra, Bipan, Communalism in modern India, Vikas, 1984.
- *Chatterjee, Partha, The nation and its fragments –colonial and postcolonial histories, Oxford University Press, 1994.
- *Das, Veena, Gupta, Dipankar, and Uberoi, Patricia, eds., Tradition, pluralism and identity-in honour of T.N. Madan. Contributions to Indian Sociology- Occasional Studies 8, Sage Publications, 1999.
- Dirks, Nicholas, Castes of mind-colonialism and the making of modern India,

Princeton University Press, 2001, Permanent Black, 2002.

- Dumont, Louis, Homo Hierarchicus: the caste system and its implications, Weidenfeld and Nicolson, 1970.
- Elliott, Carolyn M., Civil society and democracy – A Reader, Themes in Politics, Oxford University Press, 2003.
- Elshtain, Jean Bethke, Public man, private woman-women in social and political thought, Princeton University Press, 1981.
- *Gandhi, Rajmohan, Understanding the Muslim mind, Penguin Books, 1987.
- Guha, Ramachandra and Parry, Jonathan P., eds., Institutions and inequalities-essays in honour of Andre Beteille, Oxford University Press, 1999.
- Gupta, Dipankar, ed., Social University Press, 1992, second and enlarged edition.
- *Hasan, Zoya, ed., Politics and the state in India, Readings in Indian government and politics, Sage Publications, 2000.
- Hawley, John Stratton, ed., Fundamentalism and gender, Oxford University Press, 1994.
- Hutchinson, John, Modern nationalism, Fontana Press, 1994.

*Jaffrelot, Christophe, The Hindu nationalist movement and Indian politics, 1925 to the 1990s, Penguin, 1999.

*Kaviraj, Sudipta, ed., Politics in India, Oxford in India Readings in Sociology and Social Anthropology, Oxford University Press, 1997.

- Keylor, William R., The Twentieth Century World and Beyond-An international history since 1900, 5th Edition, Oxford University Press, 2005.
- Kymlica, Will, Liberalism, community and culture, Clarendon Press, 1989.
- Kymlicka, Will, ed., The rights of minority cultures, Oxford University Press, 1995.
- *Lannoy, Richard, The speaking tree-a study of Indian culture and society, Oxford University Press, 1971.
- *Madan, T.N., Modern myths, locked minds-secularism and fundamentalism in India, Oxford University Press, 1997.
- *Mahajan, Gurpreeet, Identities and rights-aspects of liberal democracy in India, Oxford University Press, 2001.
- Mahajan, Gurpreet, The Multicultural Path-issues of diversity and discrimination in democracy, Sage Publications, 2002.
- Mouffe, Chantal, ed., Dimensions of radical democracy-pluralism, citizenship, community, Verso, 1992.
- *Nandy, Ashis, At the edge of psychology-essays in politics and culture, Oxford University Press, 1990.
- Omvedt, Gail, Dalits and the democratic revolution – Dr. Ambedkar and the Dalit movement in colonial India, Sage Publications, 1994.
- Parish, Steven M., Hierarchy and its discontents-culture and the politics of consciousness in caste society, Oxford University Press, 1997.
- Rajan, Nalini, Democracy and the limits of minority rights, Sage Publications, 2002.
- Said, Edward W., Representations of the intellectual. The 1993 Reith Lectures, Vintage, 1994.
- *Sinha, Mrinalini, Colonial Masculinity-the ‘manly Englishman’ and the effeminate

Bengali' in the late nineteenth century, Manchester University Press, 1995.
- Sivan, Emmanuel, Radical Islam-medieval theology and modern politics, Yale University Press, 1985.
- *Sunder Rajan, Rajeswari, Real and imagined women-gender, culture and postcolonialism, Routledge, 1993.
- *Vanaik, Achin, Communalism contested-religion, modernity and secularization, Vistaar Publications, 1997.

**विद्यार्थीहरूका लागि**

कृपया ध्यान दिनुस् कि प्रत्येक समूहले आफ्नो कक्षाको तयारीका लागि २ हप्ता मात्रै पाउने छन् । प्रत्येक विद्यार्थीको समूहले एउटा पुस्तक अथवा निम्नलिखित पाठ्यसामग्रीहरू मध्ये कुनै पाठ्यांँश छान्नु पर्नेछ र सम्बन्धित क्षेत्रको समकालीन सामाजिक, राजनीतिक विकासको सन्दर्भमा विषयवस्तुको विश्लेषण गर्नु पर्नेछ । विद्यार्थीहरूका लागि आफ्नो कार्यमा थप सूचनाका स्रोत प्राप्त गर्नका लागि  इन्टरनेट सुविधा भएको कम्प्यूटरमा पहुँच हुनु पर्दछ । प्रशिक्षकले विद्यार्थीहरूलाई प्रारम्भिक वेभसाईटहरूको सूची दिन सक्नेछ । जसमा उनीहरूले पछि थप गर्न सक्नेछन् ।

- Brown, Judith M., Modern India: The origins of Asian democracy, Oxford University Press, 1994.
- Donghi, Tulio Halperin, The contemporary history of Latin America, Duke University Press, 1993.
- Dunkerly, James, Rebellion in the veins-political struggle in Bolivia 1952-1982, Verso, 1984.
- Galeano, Eduardo, Open Veins of Latin America: Five centuries of the pillage of a continent,  Monthly Review Press, 25th Edition, 1997.
- Gelwin, James L., The Modern Middle East – A History, Oxford University Press, 2004.
- Gildea, Robert, Barricades and Borders: Europe 1800-1914, Oxford University Press, 2003.
- Gray, Jack, Rebellions and Revolutions: China from the 1800s to 2000, Oxford University Press, 2003.
- Guillermoprieto, Alma, The Heart that Bleeds: Latin America Now, Vintage Reprint Edition, 1995.
- Hasan, Mushirul, The Mushirul Hasan Omnibus: Comprising Nationalism and Communal Politics in India, 1885-1930, A Nationalist Conscience: M.A. Ansari, the Congress and the Raj; Islam in the Subcontinent: Muslims in a Plural Society, Manohar Publications, 2006.
- Jones, Maldwyn A., The Limits of Liberty: American History 1607-1992, Oxford University Press, 1995.
- Ki-Zerbo, Joseph, Histoire de L'Afrique Noire, Librarie A. Hatier, Paris, 1978.
- Lloyd, T.O., Empire, Welfare State, Europe: History of the United Kingdom 1906-2001,  Fifth Edition, Oxford University Press, 2002.
- Packenham, Thomas, The Scramble for Africa, Reprint edition, Harper Perennial,

1992.

- Spear, Percival, A History of India, Volume 2, Penguin, 1990 reprint.
- Thapar, Romita, A History of India, Volume 1, Penguin, 1966.
- Thapar, Romita, History and beyond, Oxford University Press, 2000.

पाठ्यवस्तु संकलन गर्ने कठिनाईका कारणले, प्रशिक्षकले सेलेबस ओगट्ने गरी पाठ्यसामग्रीको फाइल तयार गर्न सक्दछ र त्यसलाई आफ्नो देशको सामान्य ज्ञानको पाठ्यपुस्तकको आधारका रुपमा प्रयोग गर्न सक्दछन् । यो अन्य प्रशिक्षकहरूका लागि मूल्यवान श्रोत र प्रशिक्षकका लागि मूल्यवान शैक्षिक अभ्यास हुन सक्दछ । यसलाई स्थानीय तहमा उपलव्ध पाठ्वस्तुलाई स्थान दिन सकिने लचकताका साथ अन्तर्राष्ट्रिय वेभसाईटको रुपमा निर्माण पनि गर्न सकिन्छ ।

**कक्षाहरूको हप्ता हप्ताको समयका तालिका, शीर्षकहरू र पाठ्यसामग्रीहरू समावेश भएको**
पाठ्यवस्तु अथवा शीर्षकहरू जसलाई प्रशिक्षकले आफ्नो देशका वा क्षेत्रका विषयवस्तुद्वारा प्रतिस्थापित गर्न सक्दछन् एउटा 'तारा' द्वारा अंकित गरिएका छन् ।

**हप्ता १**

कक्षा १: पाठ्यक्रमको परिचय; पाठ्यसामग्रीको सूची तथा विद्यार्थीहरूको कार्य सम्पादनलाई मूल्यांकन गर्ने शैक्षिक प्रणालीमा छलफल ।

कक्षा २ का लागि पाठ्यसामग्री: Keylor, 2005 बाट उद्धरणहरू ।

कक्षा २: विश्व इतिहासको सिंहावलोकन ।

हप्ता २ का लागि पाठ्यसामग्री? Kaylor, 2005 बाट उद्धरणहरू ।

**हप्ता २**

कक्षा १: विश्व इतिहासको सिंहावलोकन

कक्षा २: छानिएका पाठ्यांशहरूको समूहमा विश्लेषण ।

हप्ता ३ का लागि पाठ्यसामग्री: (कक्षा २० Anderson, 1982 बाट उद्धरणहरू । Hutchinson, 1994 (अध्याय १: How modern is the nation ? Fact of history or modern myth? पानाहरू १-३८), Mahajan, 2001 (अध्याय १ र २, पानाहरू १-३९); (कक्षा २) Excerpts from Elshtain, 1981 .

**हप्ता ३**

कक्षा १: पहिचान राजनीति र राष्ट्र निर्माणमा यसको सम्बन्धको परिचय । छलफल स्थानीय भनाईहरू र यिनीहरूको विश्वव्यापी भनाइसंगको गठजोडको महत्व बारेमा केन्द्रित हुनु पर्दछ ।

कक्षा २: लैङ्गिक मुद्दाहरूको सिंहावलोकन, निजी र सार्वजनिक बीचको फरक छुट्टयाउँदै, जीव

विज्ञानद्वारा तथा समाजद्वारा सृजना गरिएका ।

हप्ता ४ का लागि पाठ्यसामग्रीः *Sinha, 1985, *Sundar Rajan 1993, 1993 बाट उद्धरणहरू ।

**हप्ता ४**

कक्षा १: उपनिवेश पछिको अवस्थामा हिसावले देश वा क्षेत्र विशेषका लैङ्गिक मुद्दाहरू।

कक्षा २: छानिएको पाठ्यवस्तुको समूहमा विश्लेषण ।

हप्ता ५ का लागि पाठ्यसामग्रीः Banton, 1998 बाट उद्धरणहरू ।

**हप्ता ५**

कक्षा १: जातीय विभेदको दर्शन के हो ? के जातीय विभेदको बैज्ञानिक औच्यत छन्?

कक्षा २: दक्षिण अफ्रिकामा जातिभेद, संयुक्त राज्य अमेरिकामा गुह गृद्ध अवधि पछि जाति सम्बन्ध तथा Conference on Racism and Xenophobia in Durban, 2001 को विश्लेषण ।

हप्ता ६ का लागि पाठ्यसामग्रीः Dumont, 1970 का उद्धरणहरू (अध्याय २: From System या Strucutre: the pure and the impure, पानाहरू, ३३-६४), Lannoy, 1971 (भाग ३: The Social Strucutre, पानाहरू १३५-२१४), Gupta, 1992 (Varna and Caste by M.N. Srinivas, पानाहरू २८-३४, Caste in a South Indian Village by Andre Beteille, पानाहरू १४६-१६२, Hierarchy, Status and Powere: the caste system and its implication by Louis Dumont, पानाहरू ४७१-४९१) ।

**हप्ता ६**

कक्षा १: जाति के हो ? के यो भारतीय उप–महाद्वीपको विचित्रको परिदृश्य हो, अथवा के यो उपनिवेशहरूको उपज हो ?

कक्षा २: छानिएका पाठ्याँशहरूको समूहमा विश्लेषण ।

हप्ता ७ का लागि पाठ्यसामग्रीः (कक्षा १) Bayly, 1999 का उद्धरणहरू (अध्याय ४-९), (कक्षा २), Guha, 1999 का उद्धरणहरू (अध्याय २: The Brahmins and Brahminical Values in modern Tamil Nadu, पानाहरू ३०-५५; Two cheers for reservaiton: the Satnamis and the steel plant by Jonathan P. Parry, पानाहरू १२८-१६९), Hasan, 2000 (अध्याय ११: Changing terms of elite discourse -the case of reservation for 'Other Backward Classes' द्वारा D.L. Sheth, पानाहरू १७२-१९७), Dirk, 2002 (भाग ६: The Indian untouchable's critique या culture, पानाहरू १७२-१९७), Dirks, 2002 (भाग १: The 'invention' या caste, पानाहरू १-६०; भाग ४: Recasting India: caste, community, and politics, पानाहरू २२९-३०२), र Omvedt, 1994 (अध्यायहरू ३ र ४, Emergence या the Dalit movement, पानाहरू ५९-१६०) ।

**हप्ता ७**

कक्षा १: * वर्ण, जाति, सन्यासी, संस्कृतीकरण र 'क्षेत्रीकरण' जस्ता शव्दहरूको समालोचना र छलफल ।
कक्षा २: * जाति प्रथामा दलितको समालोचना तथा भारतीय राजनीतिमा जातिको भनाई ।
हप्ता * का लागि पाठ्यसामग्री: Bhargava, 1998 बाट उद्धरणहरू (अध्याय ३: Religious liberty-freedom of choice or freedom of conscience by Michael J. Sandel, पानाहरू ७३-९३; अध्याय ४: The two threshold of laicisation by Jean Bauberot, पानाहरू ९४-१३६)..

**हप्ता ८**

कक्षा १: फ्रान्स र संयुक्त राज्य अमेरिकामा धर्म निर्पेक्षबाद र धर्म निर्पेक्षीकरणको प्रक्षेपण पथको संक्षिप्त सिंहावलोकन, हप्ता १-८ का बीच प्रस्तुत गरिएका व्याख्यान तथा कक्षा व्याख्यानका टिपोटहरूका आधारमा ।
कक्षा २: एउटा एक घण्टे खुला-पुस्तक परीक्षा, जहाँ विद्यार्थीहरूलाई १० वटा प्रश्नहरूका छोटो उत्तर लेख्न दिइनेछ (५०-१०० शव्दहरू प्रत्येकमा) (दिइएका करीव २० वटा प्रश्नहरूमध्ये १० वटा छान्ने अवसर दिइनेछ) प्रत्येक उत्तरको ३ अंक हुनेछ । हप्ता ९ का लागि पाठ्यसामग्री: Excerpt from Ahmed, 1992 (अध्याय १: Postmodernism and Islam, पानाहरू १-५०), *Basu et al. 1993, *Chandra, 1984 (अध्याय १: What is communalism? पानाहरू १-३३), *Gandhi, 1987
(अध्याय १: Hindus and Muslims, पानाहरू १७५-२११), *Hasan, 2000 (अध्याय १२: Religion and Politics in a secular state-Law, community and gender by Zoya Hasan, पानाहरू २६९-२८९),*Jaffrelot, 1999 (भाग १: Three Hindu nationalist strategies, पानाहरू ११-१५७), *Madan, 1997, Nandy, 1990 (अध्याय ४: Final Encounter: The politics of the assassination of Gandhi, पानाहरू ७०-९८), Rajan, 2002 (अध्याय ३: Freedom of conscience or of choice? पानाहरू ७७-११६), Sivan, 1985 (अध्याय १: The mood: doom and gloom, पानाहरू १-१५), *Vanaik, 1977 (भाग १, अध्याय १, Introduction, and 2, Reflections on communalism and nationalism in India, पानाहरू ३-६२) ।

**हप्ता ९**

कक्षा १: विकासशील विश्वको पारम्परिक संस्कृतिको सन्दर्भमा धर्म निर्पेक्षताको ज्ञान ।
कक्षा २: धर्म, धर्म निर्पेक्षता र लिङ्गको अन्तर्क्रिया गर्ने स्थल ।
हप्ता १० का लागि पाठ्यसामग्री: Excerpts from Kymlicka, 1995, Bhargava, 1999, Mahajan, 2002 (अध्याय १: Introduciton-beyond pluralism, towards multiculturalism, पानाहरू ११-२२, अध्याय ३: The Valuing diversity, preserving minority cultures, पानाहरू ५३-८४) ।

**हप्ता १०**

कक्षा १: बहुसंस्कृतिवाद के हो र यो बहुलवादभन्दा के के कुरामा फरक छ ?

कक्षा २: छानिएका पाठ्यवस्तुको समूहमा विश्लेषण ।

हप्ता ११ का लागि पाठ्यसामग्री: Excerpts from Kymlicka, 1995, Bhargava, 1999, Mahajan, 2002 (अध्याय ५: Feminism and multiculturalism, पानाहरू १२३-१४५, अध्याय ६: The limits of multiculturalism, पानाहरू १४६-१६५) ।

**हप्ता ११**

कक्षा १: विकसित र विकासशील विश्वमा बहुसंस्कृतिबादको ज्ञान ।

कक्षा २: स्त्री अधिकारवाद र बहुसंस्कृतिवाद - के तिनीहरू प्रतिस्पर्धी हुन् ?

हप्ता १२ का लागि पाठ्यसामग्री? Chatterjee 1994 बाट उद्धरणहरू ।

**हप्ता १२**

कक्षा १: स्थानीय र विश्वव्यापी भनाईहरूको सन्दर्भमा राष्ट्र निर्माण - के राष्ट्र-राज्य लोप भैरहेको छ ?

कक्षा २: छानिएका पाठ्यांशहरूको समूहमा विश्लेषण ।

हप्ता १३ का लागि पाठ्यसामग्री: (कक्षा १) Excerpt from Elliott, 2003 (अध्याय २: Modes of civil society by Charles Taylor, पानाहरू ४३-६२; अध्याय ३: The idea of civil society-a path to social reconstruciton by Michael Walzer, पानाहरू ६३-८२; अध्याय ४: Rethinking the public sphere-a contribution to the critique of actually existing democracy by Nancy Fraser, पानाहरू ८३-१०५), Mouffe, 1992 (अध्याय ३: Context is all: feminism and theories of citizenship, पानाहरू ६३-८५), (कक्षा २) Excerpt from *Kaviraj, 1997 (भाग १, अध्याय ४: The nation and its outcasts by Partha Chatterjee, पानाहरू ९४-११८; भाग ७, अध्याय २: Crisis of governability by Atul Kohli, पानाहरू ३८३-३९५) ।

**हप्ता १३**

कक्षा १: राज्य, नागरिक समाज र राष्ट्रियता ।

कक्षा २: राष्ट्र अथवा क्षेत्रका लागि विशेष: राज्य, नागरिक समाज र राष्ट्रियता ।

हप्ता १४ का लागि पाठ्यसामग्री: Edward said, 1994 का पूरै ६ वटा अध्यायहरू ।

**हप्ता १४**

कक्षा १: बौद्धिक-पत्रकारको काम, कर्तव्य र अधिकार सम्बन्धमा छलफल ।

कक्षा २: छानिएका पाठ्याँशको समूहमा विश्लेषण ।

**हप्ता १५**

कक्षा १: छलफल र समीक्षा कक्षा ।

कक्षा २: एउटा एक घण्टे खुला पुस्तक परीक्षा, जहाँ विद्यार्थीहरूले हप्ता ९-१५ का बीच दिइएका कक्षा व्याख्यानहरूका आधारमा टिपोट गरेका कुराहरूमा आधारित छोटा लेखहरू (५००-१०० शव्दहरू प्रत्येकमा) १० वटा प्रश्नहरूमा लेख्ने छन् । (यी १० वटा प्रश्नहरू २० वटा वा यस्तै संख्याका) प्रश्नहरूमध्ये छान्ने अवसर दिइनेछ ।

## श्रेणीबद्ध गर्ने र मूल्यांकन गर्ने व्यवस्था:

उपस्थिति र कक्षा सहभागिता: १०%

दुईटा खुला-पुस्तक परीक्षाहरू: ३०% + ३०% : जम्मा ६०%

पाठ्यांशहरूको विश्लेषण: ३०%

## टिप्पणी

यो सेलेवस स्नातक तहका लागि तयार गरिएको हो । स्नातकोत्तर स्तरको सेलेवसका लागि पाठ्यक्रमसित सम्बन्धित विविध शीर्षकहरू र विशेषज्ञताहरूलाई ध्यानमा राखि (प्रत्येकमा ८-१० जना) पाठ्याँश विश्लेषण कक्षालाई सानो समूहको सेमिनार कक्षाद्वारा प्रतिस्थापित गर्न सकिन्छ । पूर्व-विश्वविद्यालय डिप्लोमा पाठ्यक्रमका लागि पाठ्यांश विश्लेषण कक्षाहरूलाई साप्ताहिक समाचार र सामान्य ज्ञान जाँचद्वारा प्रतिस्थापित गर्न सकिन्छ जुन विद्यार्थीहरूले पाठ्यक्रममा क्रेडिट प्राप्त गर्न उत्तीर्ण गर्नु पर्नेछ । प्रत्येक हप्ताका सबै प्रश्नहरू त्यस हप्ताका समाचारहरूमा आधारित हुनेछन् (र समाचारले ओगट्ने या प्रदान गर्ने सामान्य ज्ञान सूचना) । अर्को तरीका हुन सक्छ, प्रत्येक विद्यार्थी वा विद्यार्थी समूहलाई कहीबाट एउटा 'ओन लाइन' समाचार दिने । विद्यार्थीहरूले सिकेको ज्ञानलाई एक आपसमा बाँड्ने अवसर पहिल्याउन प्रशिक्षकले बाटो पत्ता लाउने छन् ।

**Nalini Rajan, Dean of Studies, Asian College of Journalism, Channai, India द्वारा योगदान दिइएको ।**

## समाचार सम्प्रेषण र लेखन कार्य/सोपान १: आधारभूत समाचार र कथाहरू

**पाठ्यक्रमको स्तर:** स्नातक कार्यक्रम: पहिलो वर्ष, तीन वर्षे उपाधि; दोस्रो वर्षे, चार वर्षे उपाधि ।

**पाठ्यक्रम वर्णन:** यस पाठ्यक्रमले विद्यार्थीहरूलाई समाचार सम्प्रेषण र समाचार लेखनका आधारभूत कुराहरूमा तालीम दिन सीप मूलक दृष्टिकोण लिएको छ । मुख्य उद्देश्य हो; स्पष्ट, संक्षिप्त लेखन

शैली र पूर्ण र सही समाचार सम्प्रेषण गर्ने प्रवल इच्छा विकास गर्न सघाउ पुऱ्याउनु। विषयवस्तुको संगठन व्यावशायिकता र पत्रकारिता सीपमा आत्म विश्वास निर्माण गर्ने गरी गरिएको छ।

जिम्मेवारीका धेरै कार्यहरू कक्षा कोठा बाहिर गरिने छन् जहाँ विद्यार्थीहरू प्रकाशनका लागि लेख्ने सम्वाददाताहरूका रुपमा काम गर्ने छन्। एउटा संचार संस्थाको कामकारवाही जस्तै: उनीहरू एउटा सम्पादकप्रति जिम्मेवार हुनेछन् - अथवा यस अवस्थामा एउटा प्राध्यापक - जसले सुधारका लागि उनीहरूका प्रवल पक्ष, दुर्वल पक्ष र अवसरहरूमा केन्द्रित भई उनीहरूलाई समाचार सम्प्रेषण/लेखन प्रक्रियाको प्रशिक्षण दिनेछ र उनीहरूको कामको मूल्यांकन गर्नेछ।

**अन्तिम लक्ष:** विद्यार्थीहरूलाई वास्तविक पत्रकारिता जगतको यथासक्य नजिक लैजाने जहाँ उनीहरूले समय सीमा भित्र समाचार सम्प्रेषण गर्ने र लेख्ने छन् साथै आफ्ना प्राध्यापकसंग सम्पादन प्रक्रियामा कार्य गर्ने छन्।

**प्रणाली:** व्याख्यानहरू, छलफलहरू, संक्षिप्त समूह अभ्यासहरू र क्षेत्रगत कार्यहरूको सम्मिश्रण।

**शैक्षणिक दृष्टिकोण अथवा विधि:** पाठ्यक्रम कसरी कार्यान्वित हुनेछ भन्ने कुरा निर्णय गर्नका लागि तीनवटा कुराहरूमा ध्यान जानु पर्दछ :

१. समाचार सम्प्रेषण/लेखन प्रक्रियाको दौरानमा बलियो विद्यार्थी-प्राध्यापक अन्तक्रिया जरुरी छ। सिद्धान्ततः तह कक्षा आकार २० को करिब हुनु पर्दछ। बढी संख्यालाई स्थान दिन सम्पादन/प्रशिक्षण प्रक्रियामा कम जोड दिएर पुनर्निर्माण गर्न सकिन्छ।

२. संचार प्रविधिमा पहुँचलाई कक्षा संरचनामा स्थान दिनु पर्दछ। यदि पाठ्यक्रम प्रविधिमा बढी पहुँच भएको देशमा प्रदान गरिएको छ भने समाचार सम्प्रेषणको औजारका रुपमा इन्टरनेटको प्रयोगमा बढी जोड दिन सकिन्छ।

३. मेल्विन मेन्चरले समाचार सम्प्रेषण र लेखनको पहिलो पाठको संरचना गर्न प्रयोग गर्न सकिने उत्तम क्रम प्रस्तुत गरेका छन्। मेन्चर अथवा प्रक्षिकको पाठ्य सूचीको कुनै पनि पाठ्यांश यथासम्भव स्थानीय सन्दर्भ र उदाहरणद्वारा परिपूर्ति गरिनु पर्दछ। यस सैलेवसका केही प्रतिहरू जस्तै विश्लेषण प्रक्रिया, अनुवादित गर्न सकिन्छ। विद्यार्थीहरूलाई स्थानीय संचार वातावरणको उपयोग गर्न समाचारपत्र र रेडियो/टि.भी. स्टेशनहरूमा भ्रमणमा लैजाने कुरा सामिल छन्। यसबाट उनीहरू स्थानीय पत्रकारहरूसंग 'कार्य संजाल' स्थापित गर्न सक्दछन्।

**प्रतिहप्ता घण्टा संख्या:** ४ घण्टा (२ हप्ता व्याख्यान, छलफल र छोटो समूह कक्षा कोठा अभ्यास, २- फील्ड कार्य, जसमा समाचार सम्प्रेषण/सम्पादन/लेखन पर्दछन्)

## अनिवार्य र सिफारिश गरिएको पाठ्याँशहरू:

### प्रशिक्षकका लागि


- Shirley Biagi (1992), Interviews that Works: A Practical Guide for Journalists, 2nd edition, Wadsworth Publishing.
- Bill Dedman, Power Reporting, htt://powerreporitng.com, resources and training in computer assisted reporting and editing.
- Edward Jay Friedlander and John Lee (2000), Feature Writing for Newspapers and Magazines, 4th edition, Longman.
- Melvin Mancher (2006), News Reporting and Writing, 10th edition, McGraw-Hill.
- John Pilger (2005), Tell Me No Lies: Investigative Journalism that Changed the World, Thunder Mouth's Press.
- Carol Rich (2007), Writing and Reporting News, 5th edition, Thomson Publishing.


### विद्यार्थीहरूका लागि

Mencher (2006) को कितावका अध्यायहरू र अन्य पाठ्यसामग्रीहरू विशेष कक्षाहरूका लागि तल सूचीकृत गरिएका छन् ।

उपकरण: बढी सिफारिश गरिएको - इन्टरनेटको पहुँच भएका कम्प्यूटरहरूमा पहुँच ।

## कक्षाहरूको समय तालिका:

### हप्ता १

पाठ्यक्रमको परिचय

छलफल: तपाई पत्रकारिता अध्ययन किन गर्न चाहनु हुन्छ ? तपाई सवभन्दा पहिले यस पेशामा कसरी आकर्षित हुनु भयो ? तपाई अहिले जहाँ हुनुहुन्छ, एउटा पत्रकारिका हिसाबले तपाईं आफ्ना लागि के भूमिका देख्नु हुन्छ ? (यसले उनीहरू आफ्नो देशको संचार सम्पादनलाई कसरी हेर्नु हुन्छ भन्ने कुरातर्फ छलफललाई डोऱ्याउन सक्दछ) ।

हप्ता २ का लागि पाठ्यसामग्रीहरू: मेन्चर, अध्याय १ र २ ।

### हप्ता २

व्याख्यान: सरकार र जनतावीच सेतुको काम गर्ने तालीम प्राप्त तथा प्रतिवद्ध पत्रकारहरूको महत्वमा जोड दिंदै प्रजातन्त्रको सचारको भूमिकाको समीक्षा ।

पत्रकारिताको आदर्श उद्देश्यमा अभ्यास: व्यवसायका प्रमुख सिद्धान्तहरू के के हुन् ?

यस कक्षा बैठकको अन्तमा व्याख्यान/छलफल: समाचार के हो ?

हप्ता ३ को प्रारम्भमा कार्यभार बाँकी: एउटा स्थानयि समाचारपत्र पढ्नु होस् र १ पानामा कथाहरूको सूची तयार गर्नु होस् । तपाईको विचारमा के यो उचित र सन्तुलित समाचार सम्प्रेषण थियो ? किन थियो अथवा किन थिएन ? स्थानीय रेडियो र टि.भी.समाचार प्रसारण सुन्नु होस् । त्यस

दिनका प्रमुख कथाहरू लेख्नु होस् र त्यही अभ्यासमा संचालन गर्नु होस् ।
हप्ता ३ का लागि पाठ्यसामग्री: मेन्चरको अध्याय ३ र १६ ।

**हप्ता ३**

व्याख्यान: समाचार सम्प्रेषण र लेखनका आधारभूत कुराहरू छोटो समूह अभ्यास: स्थानीय समाचारहरूबाट विश्लेषण गरिएका कथाहरूमा छलफल गर्नु होस् ।

व्याख्यान/अभ्यास सत्र: प्राध्यापकले बैठक सम्भाषण र पत्रकार सम्मेलनका कथाको समाचार सम्प्रेषणका लागि जानकारीहरू प्रदान गर्नेछन् र त्यसपछि लेखन अभ्यास गरिनेछ । विद्यार्थीहरूलाई समुदायमा भएका सम्भाषण र बैठकका बारेमा आधारभूत सूचना प्रदान गरिनेछ र प्रमुख समाचार लेखन लगाइने छ ।

हप्ता ४ का लागि गृहकार्य: समुदायमा वा क्याम्पसमा भईरहेको भाषण वा बैठकको समाचार संकलन गर्नु होस् । लमाई र समय सीमाको विशेष जानकारीका लागि विद्यार्थीहरूलाई एउटा पत्र दिइनेछ ।

हप्ता ४ का लागि पाठ्यसामग्री: मेन्चर, The Lead and Inverted Pyramid को अध्याय ५ ।

**हप्ता ४**

व्याख्यान: समाचार सम्प्रेषण र लेखन रणनीतिहरू ।

विद्यार्थीहरूले भाषण र बैठकका कथाहरू पेश गर्ने छन् र प्राध्यापकले जानकारी लिने छन् ।

कक्षा अभ्यास: विद्यार्थीहरूलाई समाचार कथाका प्रमुख बूदाँहरू दिइने छन् र विचार गर्ने छन् कि : के के ले प्रमुख समाचारलाई राम्रो बनाउँछ ?

हप्ता ५ का लागि गृहकार्य: कक्षाका दौरानमा प्राध्यापकले विद्यार्थीहरूलाई तयारी र समाचार सम्प्रेषणको प्रक्रियामा सहभागी गराउँदै एउटा सान्दर्भिक विषयमा पत्रकार सम्मेलनको अभिनय मञ्चन गर्नेछन् । विद्यार्थीहरूलाई समुदायमा अथवा क्याम्पसमा कुनै बैठक वा भाषणमा खटाइने छ ।

हप्ता ५ का लागि पाठ्यसामग्री: मेन्चर, अध्याय ६ र १५ ।

**हप्ता ५**

व्याख्यान: सही बनाउने: शुद्धताका लागि तीव्र इच्छा ।

छलफल पछि विश्लेषणको प्रक्रियामा एउटा अभ्यास गराइने छ र यस विधिका बारेमा एउटा लेख बाँडिनेछ : विद्यार्थीहरूलाई एउटा समाचार कथा दिइनेछ र प्रमुख समाचारको ग्राफहरूको साराँशको विषयान्तरको र उक्तिहरूको प्रयोगको विश्लेषण गर्न लगाइनेछ ।

हप्ता ६ का लागि दुइ खण्डको गृहकार्य:

(१) समाचारपत्रहरूबाट ६ वटा प्रमुख समाचार काट्नु होस् । विश्लेषणको प्रक्रिया अवलम्वन गरी कुन कुन प्रश्नहरूका उत्तर दिइएका छन् र पहिचान गर्नु होस्, कथा छान्नु होस् । यस प्रश्नलाई

सम्बोधन गरी विश्लेषणको प्रक्रिया अपनाउनु होस् : सबल पक्ष/कमजोर पक्ष के के हुन् ?
हप्ता ६ का लागि अर्को गृहकार्यः क्याम्पसमा आउँदा पाँच दिन सम्म समाचार संकलन गर्न एउटा समाचार कथा पत्ता लगाउनु होस्। कथामा समाचारका आधारभूत विशेषताहरू हुनु पर्दछ र यो विद्यार्थीहरूका लागि साधारण रुचिको विषय हुनु पर्दछ।
हप्ता ६ का लागि पाठ्यसामग्रीः मेन्चर, अध्याय ७।

**हप्ता ६**

व्याख्यानः लेखन रणनीतिहरू र कथाकथनको महत्व।
छलफल हप्ता ६ को गृहकार्यमा केन्द्रित रहनेछ र व्याख्यानमा दिइएको बूँदाहरूलाई प्रष्ट्याइनेछ।
व्याख्यान/छलफलः व्यक्तित्व चरित्र चित्रणका लागि लेख्ने। विद्यार्थीहरूको जोडा बनाइनेछ र उनीहरूले राम्रो व्यक्तित्व चरित्र चित्रण लेख्नमार्ग निर्देशनहरूको अवलम्वन गरी एक अर्काको अन्तर्वाता लिने छन्।
उनीहरूलाई आफूले सोधेका प्रश्नहरूको टिपोट लेख्ने अभ्यास र विषय खोज्ने कुराहरूको अभिलेख राख्न लगाइनेछ।
हप्ता ७ का लागि गृहकार्यः विद्यार्थीहरूले उनीहरूले अन्तर्वाता गरेको व्यक्तिको बारेमा अर्को कक्षा बैठकको दौरानमा बाँड्नेका लागि एउटा कथा लेख्ने छन्। यी कथाहरू भन्नुमा भन्दा देखाउनुमा केन्द्रित हुनु पर्दछ।
हप्ता ७ का लागि अर्को गृहकार्यः प्रहरी अथवा अन्य समुदायका श्रोतहरूबाट प्राप्त सूचनाका आधारमा एउटा कथा लेख्नु होस्। अपराध कथाहरूका प्रमुख स्रोतहरूको पहिचान गर्नु होस्।
हप्ता ७ का लागि पाठ्यसामग्रीः मन्चर, अध्याय ८, विशष्टि लेखहरू, लामा कथाहरू र विशिष्ट लेखहरू।

**हप्ता ७**

ब्याख्यानः पूर्ण कथाको चीरफाँड र कथाकथन विधिबारे थप बयान छलफलः विद्यार्थीहरूले आफ्ना सहपाठी साथीका बारेमा लेखेका कथाहरू एक आपसका बाँड्ने छन र प्रमुख कुराहरू ग्राफहरूको साराँश, विषयान्तरहरू र उक्तिहरू केलाउँदै विश्लेषणको प्रक्रियामा काम गर्ने छन्।
व्याख्यानः लेखन रणनीतिहरू जुन काम लाग्छन्। विद्यार्थीहरूले यी रणनीतिहरूको प्रयोगमा अभ्यास गर्ने छन्।
हप्ता ८ का लागि गृहकार्यः तपाईको परिवार अथवा छिमेकीको कुनै व्यक्तिलाई प्रयोग गरी "व्यक्तित्व चरित्र चिण कसरी लेख्ने" भन्ने कार्यपत्रका पाइलाहरूमा काम गर्नु होस्।
हप्ता ८ का लागि पाठ्यसामग्रीः एडवर्ड फ्रेटलैण्डर र जोनलीले लेखेका "Writing the Newspaper Feature Story" र "The Specialized Feature Story" .

### हप्ता ८

व्याख्यान: समाचारपत्र र पत्रिकाका विशिष्ट लेखहरूमा समानता र फरकहरू अभ्यास: विश्लेषण प्रक्रिया प्रयोग गरी पत्रिकाका दुईटा प्रमुख विशिष्ट लेखहरूको विश्लेषण गर्नु होस् ।

अभ्यासको दोस्रो खण्ड: आफ्नो परिवार वा छिमेकी बारे तिनीहरूले लेखेका अन्तरवार्ता/कथाहरूलाई बाड्नु होस् ।

हप्ता ९ का लागि गृहकार्य: क्याम्पस अथवा समुदायमा समाचार योग्य विषयमा व्यक्ति चरित्र चित्रणको समाचार सम्प्रेषण गर्नु होस् र लेख लेख्नु होस् । विद्यार्थीहरूको विषय छनौटका लागि प्राध्यापकको स्वीकृति लिनै पर्दछ ।

हप्ता ९ का लागि पाठ्यसामग्री: मेन्चर अध्याय १२ र १५ को समीक्षा गर्नु होस् ।

### हप्ता ९

व्याख्यान: सूचनाका लागि खोजतलास गर्ने र समाचार संकलनका लागि अग्रसर हुने व्यक्तित्व चरित्र चित्रणमा छलफल गर्नु होस् । सबल पक्ष, कमजोर पक्ष, उनीहरूले फरक के गर्नु पर्दथ्यो । यो समाचारका आधारभूत परिभाषाको समीक्षा गर्ने अवसर हो ।

सानो समूहमा अभ्यास: एउटा जटिल कथाको नक्सांकन/रेखाँकन गर्ने । विद्यार्थीहरूले क्याम्पसमा/समुदायमा रहेका सबैभन्दा महत्वपूर्ण कथाहरूको सूची बनाउने छन् । त्यसपछि उनीहरू समूहमा विभाजित हुनेछन् र नक्साँकन गर्नका लागि एउटा छान्ने छन् ।

हप्ता १० का लागि गृहकार्य: कक्षाले बनाएको सूचीमा नभएको एउटा कथाको विषय छान्नु होस् र त्यसपछि यस शीर्षकमा अनुसन्धान/समाचार सम्प्रेषण प्रारम्भ गर्नु होस् । यो मुद्दा–कथा गृहकार्यका लागि तयारी हो ।

हप्ता १० का लागि पाठ्यसामग्री: मेन्चर, अध्याय ११ र १४ ।

### हप्ता १०

व्याख्यान: पृष्ठभूमि सूचनाको निर्माण र प्रयोग तथा स्रोतहरू पत्ता लगाउने । सानो समूह अभ्यास: मुद्दा-कथा गृहकार्यका लागि छलफलका शीर्षकहरू ।

हप्ता ११ का लागि गृहकार्य: मुद्दा-कथाहरूका प्रारम्भिक चरणहरूमा काम गर्नु होस् ।

हप्ता ११ का लागि पाठ्यसामग्री: मेन्चर, अध्याय १८, २० र २१ ।

### हप्ता ११

व्याख्यान: दैनिक रुपमा समुदायको समाचार संकलन गर्ने ।

अभ्यास छलफल: विद्यार्थीहरूले कक्षाको दौरानमा एउटा दुर्घटना प्रतिवेदन, मृतकको संक्षिप्त जीवन, प्रहरी प्रतिवेदनको कथा लेख्ने छन्, हप्ताभरीमा विद्यार्थीहरूले स्थानीय समाचार पत्रबाट दुर्घटना, मृत्यु अथवा अपराध प्रतिवेदन सम्बन्धी ६ देखि ८ सम्म कथाहरू संकलन गर्नेछन्, कक्षामा ल्याउने

छन् र छलफल गर्ने छन् ।
हप्ता १२ का लागि पाठ्यसामग्री: मेन्चर, अध्याय २५ ।

**हप्ता १२**

व्याख्यान: प्रेस र कानूनको स्वतन्त्रता ।
देशको समाचार संस्था र विद्यार्थीहरूलाई आफ्नो मातृभूमिका पत्रकारिताको अभ्यास कति सत्य तथ्य पूर्ण हुन्छ भन्ने लाग्छ बारे छलफल । यसलाई संचार विशेषज्ञहरू जस्तै फ्रीडम हाउस र अन्यद्वारा देशको प्रेस संस्थानको बाह्य मूल्यांकनद्वारा सघाउ पुऱ्याउनु पर्दछ ।
हप्ता १३ का लागि गृहकार्य: मुद्दा–कथाहरूको समाचार सम्प्रेषण चालू राख्ने र प्राध्यापकलाई जानकारी दिने ।
हप्ता १३ का लागि पाठ्यसामग्री: मेन्चर, अध्याय २६ ।

**हप्ता १३**

व्याख्यान: स्वाद-समुचितको परिभाषा दिने ।
छलफल : प्राध्यापकले एउटा भिडियो देखाउने छन् जसले रुढीबद्ध धारणा, समाचार माध्यमद्वारा मनगढन्त कुराहरू, अश्लीलता र रेखांकित आकृतिहरू बारे बयान गर्दछ । विद्यार्थीहरूलाई मापदण्डहरू र पत्रकारहरूका लागि सामान्य मार्ग निर्देशनहरूको महत्वबारे छलफल अघि बढाउन लगाइनेछ ।
हप्ता १४ का लागि गृहकार्य: बाँकी रहेको मुद्दा-कथाहरू अर्को कक्षामा प्रारम्भमा पूरा गर्नु होस् ।
हप्ता १४ का लागि अर्को गृहकार्य: प्राध्यापकले प्रदान गरेको 'वेभ साइट' हेर्नु होस् र पत्रकारहरूका लागि कम्तीमा तीनवटा आचारशास्त्र पत्ता लगाउनु होस् । कक्षा परियोजनाका रुपमा हप्ताभरीमा विद्यार्थीहरूको समूह बनाई स्थानीय समाचार माध्यमहरूमा तिनीहरूसंग पत्रकारहरूका लागि आचारशास्त्र छ, छैन भन्ने हेर्नका लागि पठाउन सकिन्छ ।
हप्ता १४ का लागि पाठ्यसामग्री: मेन्चर, अध्याय २७ ।

**हप्ता १४**

व्याख्यान: पत्रकारिताको नैतिकता ।
मुद्दा-कथाहरू खोज्नु होस् र समाचार सम्प्रेषण गर्ने/लेख्ने प्रक्रिया छलफल गर्नु होस् ।
अभ्यास: विद्यार्थीहरूले स्थानीय संचार माध्यमहरूमा आचार संहिताबारे के पाइयो भन्ने बारे एक आपसमा कुराहरू बाड्न समूहमा काम गर्ने छन् । उनीहरूले त्यस सामग्रीलाई उनीहरूलाई लागेको नमूना मार्ग निर्देशनहरू तयार गर्न उपयोग गर्ने छन् ।
हप्ता १५ का लागि पाठ्यसामग्री र गृहकार्य: नैतिक निर्णय गर्ने बारेको पोइन्टर इन्स्टिच्यूट (Pointer Institute) को 'वेवसाइट' ।

**हप्ता १५**

व्याख्यान: समाचार माध्यम र विविधता/नैतिकताको कठोर बाटोबाट हिड्नु सानो समूह अभ्यास : विद्यार्थीहरूलाई तीनवटा फरक नैतिक निर्णय गर्ने नमूनाहरूको प्रयोग भएका घटना-अध्ययनहरू काम गर्न दिइने छन् । यी नमूनाहरूमा कार्यपत्रहरू तयार गरिने छन् ।

अन्तिम कार्यकलाप: हप्ताहरूभरीका समाचार सम्प्रेषण र लेखनका सफलताहरू एक आपसमा बाँड्ने।

## श्रेणीबद्ध गर्ने मूल्यांकन गर्ने व्यवस्था:

हाजिरी र कक्षाको कार्यभार - ३० प्रतिशत

भाषण, बैठक, पत्रकार सम्मेलन कथाहरू – २० प्रतिशत

समाचार कथाहरू: २० प्रतिशत, प्रत्येक विद्यार्थीले ६ वटा समाचार कथाहरू लेख्ने छ । चरित्र चित्रण, मुद्दाकथा र पुनर्लेखन: ३० प्रतिशत ।

## टिप्पणी:

यो सेलेवस स्नातक उपाधि स्तरका लागि तयार गरिएको हो । स्नातकोत्तर उपाधिको सेलेवसका लागि म आधारभूत समाचार सम्प्रेषणको काम र पढ्ने कामलाई छोटो अवधिमा गाभ्नेछु र स्नातकोत्तरका विद्यार्थीहरूलाई मुद्दा-कथाहरूका अलावा बृहत् खोजमूलक लेख लेख्न लगाइनेछ । उनीहरूले अनुसन्धान प्रक्रियाका विभिन्न चरणहरूमा काम गर्नमा बढी समय विताउने छन् ।

**Sherry Ricchiardi, Ph.D. Professor, Indiana University द्वारा योगदान गरिएको ।**

## समाचार सम्प्रेषण र लेखन/सोपान २: गहन (In-depth) पत्रकारिता ।

**पाठ्यक्रमको स्तर :** स्नातक उपाधि ।

**पाठ्यक्रमको वर्णन:** यो पूर्ण-वर्षको अथवा ३० हप्ताको पाठ्यक्रम गहराईमा गएर समाचार सम्प्रेषण गर्ने र लेख्ने विद्यार्थीहरूका योग्यताहरूलाई तिखार्न तयार गरिएको हो । विद्यार्थीहरूले कथाहरूको अवधारणा ग्रहण गर्ने, विकास गर्ने र लेख्ने आफ्ना समालोचनात्मक सोचाईका साधनहरूको विकास गर्नेछन् । उनीहरूले उच्च अन्तर्वाता विधिहरू, खोजमूलक अनुसन्धान विधिहरू र सर्वेक्षणहरूको व्याख्या गर्ने विधिहरू सिक्ने छन् । उनीहरूले सार्वजनिक अभिलेखमा पहुँच पुर्याउन, तिनको विश्लेषण गर्न र डेटावेस निर्माण र व्यवस्थापन गर्न सिक्ने छन् । यस पाठ्यक्रमले वर्णनात्मक प्रविधिहरूको प्रयोगका साथै जटिल कथा कथनको विश्लेषण र अभ्यासमा जोड दिनेछ । यसले दैवीप्रकोपका समाचार सम्प्रेषणको परिचय समावेश गर्नेछ ।

**प्रणाली:** व्याख्यानहरू, छलफलहरू, सेमिनारहरू, कम्प्युटर प्रयोगशाला, फील्डकार्य, व्यक्तिगत गृहकार्यहरूको सम्मिश्रण ।

**शैक्षणिक दृष्टिकोण अथवा विधि:** पाठ्यक्रमले कक्षा सत्रहरू र बृहत् फील्ड अनुभव समावेश गर्नेछ । कक्षा आकार: बढीमा १६ जना ।

**प्रति हप्ता घण्टाहरूको संख्या:** ४ घण्टा (दुइटा दुइघटे कक्षा प्रति हप्ता)


- Bernstein, Carl and Bob Woodward. (1974). All the President's Men. New York: Simon and Schuster.
- Brady, John Joseph. (2004). The Interviewer's Handbook: A Guerilla Guide (Techniques & Tactics for Reporters & Writers). Waukesha, WI: Kalmbach.
- Friedlander, Edward Jay and John Lee. (2004). Feature Writing for Newspapers and Magazines, 5th Ed. New York: Longman.
- Houston, Brant, and Len Bruzzese, Steve Weinberg. (2002). The Investigative Reporter's Handbook – A Guide to Documents, Databases and Techniques. 4th Ed. Boston: Bedford/St.Martin's.
- Huckerby, Martin. (2005). The Net for Journalists: A Practical Guide to the Internet for Journalists in Developing Countries. UNESCO/Thomson Foundation/Commonwealth Broadcasting Association.
- Iorio, Sharon (Ed.). (2004). Qualitative Research in Journalism: Taking it to the Streets. Mahwah: NJ: Lawrence Erlbaum.
- Kovach, Bill and Tom Rosenstiel. (2001). The Elements of Journalism: What Newspeople Should Know and the Public Should Expect. New York: Three Rivers Press.
- Luechtefeled, Lori. (2004). Interviewing the Interviewers. Investigative Reporters and Editors.
- Mencher, Melvin. (2006). News Reporting and Writing. 10th ed. Boston: McGraw Hill.
- Meyer, Philip. (2002). Precision Journalism: A Reporter's Introduction to Social Science Methods, 4th Ed. Lanham, MD: Rowman and Littlefield.
- Protess, David et al. (2005). The Journalism of Outrage: Investigative Reporting and Agenda Building in America. New York: Guilford Press.
- Rich, Carole. (2006). Writing and Reporting News: A Coaching Method. Belmont, CA: Wadsworth.
- Rosenstiel, Tom and Amy Mitchell (Eds.) (2003). Thinking Clearly: Cases in Journalistic Decision-Making. New York: Columbia University Press. A journalism stylebook.

**पूरक सामग्रीहरू तथा उपयोगी वेबसाइटहरू:**

- Adam, G. Stuart and Roy Peter Clark. (2006). Journalism: The Democratic Craft. New York: Oxford University Press.
- Boynton, Robert (2005). The New, New Journalism: Conversations with America's Best Non-fiction Writers. New York: Vintage.
- Clark, Roy Peter, (2006). Writing Tools: 50 Essential Strategies for Every Writer, Boston: Little, Brown & Co.
- Center for Investigative Reporitng (http:///www.muckraker.org)
- Investigative Reporters and Editors (http://www.ire.org)
- News Univeristy (http://www.newu.org)
- Nieman Program on Narrative Journalism (http://www.nieman.harvard.edu/narrative/)
- Poynter Institute (http://www.pulitzer.org)
- Journalism.org's "Journalism Tools"(http://www.journalism.org/resources/j_tools)

**उपकरण:** इन्टरनेट पहुँच भएका कम्प्युटरहरूको पहुँच आवश्यक छ ।

## कक्षाहरूको समय तालिका

### पहिलो सत्रकाल

**हप्ता १**

१. पाठ्यक्रमको परिचय; पाठ्यसामग्रीहरू कार्यभार बारे छलफल ।
सोपान १ को समीक्षा
अर्को बैठकका लागि पाठ्यसामग्री: मेन्चर्स (२०६० अध्याय ११
सूचनाको लागि तलास)

२. व्याख्यान: समाचार सम्प्रेषणका तहहरू
अर्को बैठकका लागि पाठ्यसामग्री: चार स्थानीय लेखहरू: कार्यपत्र, वा प्रेस विज्ञप्ति, समाचार लेख, खोजमूलक प्रतिवेदन र व्याख्यात्मक लेखमा आधारित कथा ।

**हप्ता २**

१. व्याख्यान: समाचार सम्प्रेषणका तहहरू (क्रमश:)
गृहकार्य: विद्यार्थीहरूले एउटा समाचार पत्रबाट अथवा समाचार पत्रिकाबाट तीनवटा कथा छान्ने छन् र विश्लेषण गर्ने छन्, प्रत्येकले समाचार सम्प्रेषणको एउटा तहको नमूना पेश गर्ने छन् । अर्को बैठक-समाचार सम्प्रेषणको एउटा तहको नमूना पेश गर्ने छन् । अर्को बैठकमा दिनु पर्ने ।
अर्को बैठकका लागि पाठ्यसामग्रीहरू: Kovach and Rosenstiel's (2001) Chapter 4,

Journalism of Verificiton; Chapter 6, Monitor Power and Office Voice to the Voiceless
Houston et al; (2002) Preface

२. व्याख्यान: खोजमूलक/विस्तृत समाचार सम्प्रेषण (प्रजातन्त्रमा यसका परिभाषाहरू महत्व)।
अर्को बैठकका लागि पाठ्यसामग्रीहरू:
Houston et al's (2002) परिचय: Paper Trails and People Trails: An Overview Biodata of Guest Lecture and his or her articles) जसलाई स्थान दिइनेछ।
हप्ता ३ का लागि पठन प्रारम्भ गर्ने: Bernstein and Woodward's (1974) All the President's Men

**हप्ता ३**

१. सेमिनार: बृहत् समाचार सम्प्रेषणमा के के समावेश हुन्छ ? (अतिथि वक्ता)
गृहकार्य: अतिथि वक्ताले लेखेका व्याख्यान र कथाहरूमा विद्यार्थीहरूले एउटा समालोचनात्मक लेख लेख्ने छन्। अर्को बैठकका लागि बाँकी अर्को बैठकका लागि पाठ्यामग्रीहरू:
मेन्चर्स (२००६) अध्याय १३, Building and Using Background अध्याय १४, Finding, Cultivating and Using Sources.

२. व्याख्यान: Finding Background and Sources of Information

**हप्ता ४**

१. फिल्ड प्रदर्शन: "All the President's Men"
गृहकार्य: विद्यार्थीहरूले किताब र फिल्मका बारेमा एउटा समालोचनात्मक लेख लेख्ने छन्। अर्को बैठकमा दिनु पर्ने अर्को बैठकका लागि पाठ्यसामग्रीहरू: Brady's (2004) अध्याय ४, Finding Cultivating Sources
Houston et al's (2002) अध्याय ५ People Trails; Findings and Interviewing Sources.
२. व्याख्यान: स्रोतहरू पहिल्याउने र अन्तर्वाता गर्ने
गृहकार्य: विद्यार्थीहरूले विस्तृत पृष्टभूमि अथवा व्यक्तित्व चित्रणका लागि उनीहरूलाई उपयुक्त लागेका दुईजना व्यक्तिलाई छान्ने छन् र 'किन' भन्ने कुरा लेखेर व्याख्या गर्नेछन्। अर्को बैठकमा दिनु पर्ने।
अर्को बैठकका लागि पाठ्यसामग्रीहरू:
मेन्चर्स (२००६) अध्याय १५, Interviewing Principles and Practices.
Brady's (2004) अध्याय ७, Just Asking; अध्याय ८, Asking the Tough Question; अध्याय २२, The Best Quesitons.

**हप्ता ५**

१. व्याख्यान: Powerful Interview Questions

छलफल: विद्यार्थीहरूले प्रस्तावित विषय विवरणमा छलफल गर्ने छन् र विना सोचेर बृहत् चित्रणका लागि एउटा विषयको नाउँ गृहकार्यमा दिइनेछ: व्यक्तिको बृहत् चरित्र चित्रण १५०० देखि २००० शब्दहरूको एउटा समाचार लेख अथवा पत्रकाको लेख, त्यस विषयबारे अन्तर्वार्तामा भर गरी, कम्तीमा दुईजना अन्य व्यक्तिसंग अन्तर्वाता सार्वजनिक अभिलेख र अनलाइन सूचना । व्यक्तित्व चित्रण हप्ता ११ को पहिलो बैठकमा दिनु पर्ने ।

गृहकार्य: विद्यार्थीहरूले प्रोफाइल विषयबारे पृष्ठभूमि अनुसन्धान प्रारम्भ गर्नेछन् र हप्ता ६ को दोस्रो बैठकमा आफ्नो कथाको जोड, सूचना संकलन गर्ने रणनीति, र सम्भावित समस्याहरूको बयान गर्दै दुई पानाको लेख पेश गर्ने छन् । लेखमा त्यस विषयबारे सोध्नै पर्ने कम्तीमा १० वटा प्रश्नहरू पनि समावेश हुनु पर्दछ ।

अर्को बैठकका लागि अध्ययन:

Brady’s (2004) अध्याय १४, Getting the Good Quste; अध्याय १५, Off the Record;’ अध्याय १६, Liar, Liar, Interviews A fire; अध्याय १७, The Problem with PR Luechtefeld’s (2004) Part 1, Dealing with Sensitive Issues; Part 5, Nailing the Technical Interview

२. व्याख्यान: अन्तर्वार्ताहरूको बढीभन्दा बढी सदुपयोग

अर्को बैठकका लागि बैठक:

Houston et al’s (2002) को जस्तो अध्ययन, अध्याय २, प्राथमिक कार्यपत्रहरू: सबै भन्दा राम्रा प्रमाणहरू जुटाउने

Banisar, David, "Freedom of Information Around the World 2006: A Global Survey of Access to Government Records Laws"

[http://www.freedominfo.org/documents/global-survey 2006.pdf]

बृहत् क्षेत्रका सार्वजनिक अभिलेखहरू प्रयोग गर्ने एक वा दुई विस्तृत लेखहरू ।

**हप्ता ६**

१. व्याख्यान: Documents State of Mind

गृहकार्य: (१) विद्यार्थीहरू सरकारी संस्थाका सार्वजनिक अभिलेखहरू हेर्न जान्छन् र ती अभिलेखहरू एउटा विस्तृत कथामा कसरी प्रयोग गर्न सकिन्छन् भन्ने कुरा बयान गर्ने छन् ।

हप्ता ७ को दोस्रो बैठकमा दिनु पर्ने ।

अर्को बैठकका लागि अध्ययन सामग्री

मेञ्चर्स (२००६) अध्याय १२, Making Sound Observation

२.भ्रमण: एउटा सरकारी अस्पतालको अथवा एउटा रुचिकर घटना जहाँ विद्यार्थीहरू विना अवरोध गतिविधिको अवलोकन गर्ने छन् ।

गृहकार्य: केही सन्दर्भ तथा पृष्टभूमि दिने कुरा सुनिश्चित गर्दै विद्यार्थीहरू आफूले देखेका कुराहरू लेख्ने छन्, अर्को बैठकमा दिनु पर्ने ।

अर्को बैठकका लागि अध्ययन सामाग्री: Houston's (2003) अध्याय २,

अनलाइन स्रोतहरू: इन्टरनेटमा अनुसन्धान गर्ने तथा तथ्यांकहरू पत्ता लगाउने ।

Huckerby's (2005) अध्याय ७, Specialized Research; अध्याय ८, Deeper Searching; अध्याय १२, Checking on what you find

**हप्ता ७**

१. व्याख्यान: अनलाइन स्रोतहरू

कक्षामा अभ्यास: विद्यार्थीहरूले सरकारको वेभसाइटबाट तथ्यांकहरू 'डाउनलोड' गर्ने छन् र तिनीहरूको व्यक्तित्व चित्रण परियोजनाका लागि 'साइटहरू' पत्ता लगाउने छन् ।

अर्को बैठकका लागि अध्ययन सामग्रीहरू:

Hucherby's (2005) अध्याय ९, News; अध्याय ११, Reference Tools; अध्याय १८, Blogs' अध्याय १९; Multimedia; अध्याय २०, Internet phones and e-mail अध्याय २३, Security.

२. व्याख्यान र कक्षामा अभ्यास: अनलाइन स्रोतहरू

गृहकार्य: विद्यार्थीहरूले आफ्नो 'Deep Profile Project' को प्रगतिबारे एउटा लेख (memo) लेख्ने छन् । अर्को बैठकमा दिनु पर्ने ।

अर्को बैठकका लागि अध्ययन सामग्री: मेञ्चर्स (२००६) अध्याय ८, Features, Long Stories and Series, Friedlander et al's (2003) अध्याय ६ Writing the Newspaper Features Story; अध्याय ७, Writing the Specialized Features Story

दुईटा स्थानीय पुरस्कार जित्ने लेखहरू (एउटा व्यक्तित्व चित्रण र एउटा समाचार कथा) ।

**हप्ता ८**

१.व्याख्यान: लामो आकारको कथाकथन

गृहकार्य: विद्यार्थीहरूले सीधा तरीकाले लेखिएको एउटा समाचार कथालाई समाचार लेखको रुपमा पुन: लेख्ने छन् । अर्को बैठकमा दिनु पर्ने

अर्को बैठकका लागि अध्ययन सामग्रीहरू:

Rich's (2006) अध्याय २६, Profiles

अतिथि वक्ताले तयार गरेको व्यक्तिगत विवरण र व्यक्तित्व चित्रण ।

२. सेमिनार: व्यक्तित्व चित्रण र अन्य लामा कथाहरू लेख्ने (अतिथिवक्ता)

गृहकार्य: (१) विद्यार्थीहरूले अतिथिवक्ताको प्रवचन, लेख र थप अनुसन्धानका आधारमा उनको बारेमा विशिष्ट लेख लेख्ने छन् । अर्को बैठकका लागि बाँकी ।

अर्को बैठकका लागि अध्ययन सामग्री: Armour, Stephanie's 2002) "Brainstorming, Good Files Help Identify Trend Stories"
[http://www. gannett.com/go/newswatch/2000/july/nw0721-1.htm]

Sample Trend Storeis

**हप्ता ९**

१. व्याख्यान: प्रवृत्ति-लेख (The Trend Story)

गृहकार्य: विद्यार्थीहरूलाई तिनीहरूको कक्षा सहपाठीको सेमिनार वक्ता बारेको समालोचना नगरिएको कथानक लेख पढ्न र समालोचना गर्न दिइनेछ । छोटो लेख पेश गर्ने छन् । ग्राफहरू सहितको २००० देखि २५०० शब्दहरू भएको प्रवृत्ति लेख, हप्ता १५ को दोस्रो बैठकका लागि बाँकी । दुईटा (१) र (२) अर्को बैठकमा दिनु पर्ने ।

अर्को बैठकका लागि अध्ययन सामग्री:

मेन्चर्स (२००६) अध्याय ४ (Read Mathematics for the Reporter; Averages; Personalizing Numbers, More on Math)

Mayer's (2007) अध्याय ३, Some Elements of Data Analysis

२. व्याख्यान: Math for Journalists

कक्षाका लागि अभ्यास: विद्यार्थीहरूले गणितको क्षमता जाँच दिने छन् ।

गृहकार्य: विद्यार्थीहरूले अतिथिवक्ता बारे लेखेको तिनीहरूको कक्षा सहपाठीले समालोचना गरेको विशिष्ट लेखलाई परिमार्जन गर्ने छन् र प्रशिक्षकलाई आफ्नै मूल प्रतिसंगसंगै पेश गर्ने छन् । अर्को बैठकमा दिनु पर्ने

अर्को बैठकका लागि अध्ययन सामग्री:

Houston's (2004) अध्याय १०, Doing the Computer - Assisted Reporting Story

कम्प्युटरको सहयोगले समाचार सम्प्रेषणका माध्यमले विस्तृत कथाहरूलाई संगै राखिने छ ।

**हप्ता १०**

१. व्याख्यान: कम्प्युटरको सहयोगले समाचार सम्प्रेषण ।

गृहकार्य: विद्यार्थीहरूले आफ्नो प्रवृत्ति-कथालाई खोज्नु पर्ने साँखिकी र अनुसन्धानको योजना र प्रगति बारे छोटो लेख हप्ता १२ को दोस्रो बैठकमा दिनु पर्ने ।

हप्ता ११ को पहिलो बैठकका लागि अध्ययन सामग्री:

Houston's (2004) अध्याय ३ र ४, *स्प्रैडशीट* (भाग १ र २)

२. व्यक्तित्व चित्रणका लागि अन्तिम पूर्व-लेखन राय-सल्लाह ।

**हप्ता ११**

१. व्याख्यान: पत्रकारहरूका लागि *'स्प्रैडशीट'*

कक्षामा अभ्यास (कम्प्युटर प्रयोगशाला): विद्यार्थीहरूले *स्प्रैडशीट* अभ्यासहरू गर्नेछन् । (२) विद्यार्थीहरूलाई तिनीहरूका कक्षा सहपाठीले लेखेको समालोचना नगरिएको गहन व्यक्तित्व चित्रण पढ्न र समालोचना गर्नका लागि दिइनेछ ।

गृहकार्य: विद्यार्थीहरूले गहन व्यक्तित्व चित्रणलाई पुन: लेख्ने छन् र पुन: मूल प्रति सहित पेश गर्ने छन्, अर्को बैठकमा दिनु पर्ने । अर्को बैठकका लागि अध्ययन सामग्री:

Houston's (2004) अध्याय ५ र ६, Database Managers, (भाग १ र २)

२. व्याख्यान: पत्रकारहरूका लागि *डेटावेस* व्यवस्थापकहरू

कक्षामा अभ्यास (कम्प्युटर प्रयोगशाला): (१) विद्यार्थीहरूले डेटावेस व्यवस्थापन सम्बन्धी अभ्यासहरू गर्ने छन् ।

अर्को बैठकका लागि अध्ययन सामग्री:

Houston's (2004) अध्याय ७, Getting Data Not on the Internet; अध्याय ८, Building Your Own Database (2004); अध्याय ९, Dirty data

**हप्ता १२**

१. व्याख्यान: *डेटावेस* बनाउने

कक्षामा अभ्यास: विद्यार्थीहरू *डेटावेस* बनाउने अभ्यास गर्ने छन् ।

अर्को बैठकका लागि अध्ययन सामग्री:

Rich's (2006) अध्याय १२ (Real Wall Street Journal Formula and Section Tedchnique) स्थानीय लेखहरू जसले Wall Street Journal Formula and Section Technique को प्रयोग गरेका छन् ।

२. व्याख्यान: थप कथाकथन विधिहरू

गृहकार्य: विद्यार्थीहरूले कसरी Wall Street Journal Formula and Section Technique लाई तिनीहरूको प्रबृत्ति-कथामा प्रयोग गर्न सकिन्छ भन्ने विषयमा छोटो लेख लेख्ने छन् । अर्को बैटकमा दिनु पर्ने अर्को बैठकका लागि अध्ययन सामाग्री:

Rich's (2006) अध्याय १४, Story Telling and Feature Techniques Kramer, Mark, "What is Narrator Journalism?" [http://www.nieman.harvard.edu/narrative/what_is.html Nieman Progrm  and Narrative Journalism] [http://www.nieman.harvard.

edu/narrative/] बाट अन्य अध्ययन सामग्री र नमूनाहरू
वर्णनात्मक विधिहरू उपयोग गर्ने अन्य लेखहरू ।

**हप्ता १३**

१. व्याख्यानः बृत्तान्त लेखन

गृहकार्यः विद्यार्थीहरूले आफ्नो प्रवृत्ति-कथाका लागि भेटाउनु भएको परिदृश्य, चरित्र अथवा घटनामा आधारित एउटा छोटो बृतान्त लेख्ने छन् । यो गृहकार्य अर्को बैठक हुन दुई दिन अघि प्रशिक्षकलाई ' इ-मेल' गरिनेछ यसलाई समालोचनाका लागि अतिथिवक्तालाई हस्तान्तरण गरिनेछ ।

अर्को बैठकका लागि अध्ययन सामग्रीः

अतिथिवक्ताका व्यक्तिगत विवरण र कथाहरू ।

२. सेमिनारः बृतान्त पत्रकारिता गर्ने (अतिथिवक्ता)

गृहकार्यः विद्यार्थीहरूले वक्ताको पृष्ठपोषणका आधारमा बृतान्तलाई पुनः लेख्ने छने । अर्को बैठकमा दिनु पर्ने ।

Rich's (2006) अध्याय २४, Disasters and Tragedy पहिलो दिन मुख्य स्थानीय प्रकोपको अनुगमन र त्यसबारे विस्तृत कथा ।

**हप्ता १४**

१. व्याख्यानः प्रकोपबारे समाचार सम्प्रेषण

गृहकार्यः विद्यार्थीहरूले समुदायमा आउन सक्ने सम्भावित दैवी विपत्तिको समाचार सम्प्रेषण (कथाहरूको संगालो) को किसिमको योजना तयार गर्ने छन् । अर्को बैठकमा दिनु पर्ने ।

अर्को बैठकका लागि अध्ययन सामग्रीः

प्रकोप संस्थाहरू र प्रतिनिधिहरूको पृष्ठभूमि जुन अतिथिवक्ता हुने छन्, पत्रकारका व्यक्तिगत विवरण र लेखहरू जसले विपत्तिको समाचार संकलन गरेका छन् ।

२. सेमिनारः जव विपत्ति आउँछ (अतिथि वक्ता)

कक्षामा अभ्यासः विद्यार्थीहरूले अवास्तविक तवरबाट वास्तविक विपत्तिको समाचार सम्प्रेषणको अभ्यास गर्ने छन् ।

**हप्ता १५**

१. अन्तिम पूर्व लेखन सरसल्लाह

२. छलफलः विद्यार्थीहरूले आफ्नो प्रवृत्ति-कथाको एक झलक प्रस्तुत गर्ने छन् र समाचार सम्प्रेषण र कथा लेखन बारेको आफ्ना अनुभवहरू छलफल गर्ने छन्; पहिलो सत्रकालको समापन ।

## दोस्रो सत्रकाल

### हप्ता १

१.पाठ्यक्रमको दोस्रो भागको परिचय; अध्ययन सामग्रीहरू र गृहकार्यको छलफल; पहिलो भागको समीक्षा

अर्को बैठकका लागि अध्ययन सामग्री:

Protess (2005) अध्याय १, The Quest for Reform; अध्याय २, The Investigative Tradition
देश र/अथवा क्षेत्रभित्रको खोजमूलक पत्रकारिताको अवस्था बारे अध्ययन सामग्री ।

२. व्याख्यान: किन खोजमूलक समाचार सम्प्रेषणको महत्व छ ।

गृहकार्य: विद्यार्थीहरूले 'सांच्चिकै अत्यधिक प्रभाव' का खोजमूलक समाचार, सम्प्रेषणको विश्लेषण लेख्ने छन् । अर्को बैठकमा दिनु पर्ने ।

गृहकार्य र अर्को बैठकका लागि अध्ययन सामग्री:

एउटा साँचिक्कै अति प्रभावकारी खोजमूलक समाचार सम्प्रेषण विभिन्न क्षेत्रका अन्य दुई अथवा तीन खोजतलासहरूका उदाहरण ।

### हप्ता २

१.व्याख्यान: पत्रकारहरूले के को खोजतलास गर्न सक्दछन् ।

छलफल: विद्यार्थीहरूले सत्रकाल अवधिमा तिनीहरूले संचालन गर्ने खोजमूलक परियोजना बारे छलफल गर्ने छन्; एउटा दुई-अथवा तीन-भागको खोजमूलक प्रतिवेदन, प्रत्येक भागमा १०००-१५०० शब्दहरू र ३०० देखि ४०० शब्दको बार, ग्राफहरू, र फोटोहरू समावेश भएको ।
पहिलो मस्यौदा हप्ता १२ को पहिलो बैठकमा दिनु पर्ने । अन्तिम प्रतिवेदन हप्ता १४ को दोस्रो बैठकमा दिनु पर्ने ।

गृहकार्य: विद्यार्थीहरूले आफ्नो खोजमूलक परियोजनाका लागि एउटा मौलिक विषय छान्ने छन् र किन यो कथा लेखिनु पर्दछ भन्ने विषयमा; कथाका मुख्य दृष्टिकोणहरू, र प्रतिवेदन प्रकाशित गरिएका यसको समुदायमा पर्ने मुख्य असर बारे एउटा एक पाने लेख लेख्ने छन् । अर्को बैठकमा दिनु पर्ने ।

खोजतलासका लागि विषय छान्न विद्यार्थीहरूलाई मद्दत पुऱ्याउने अध्ययन सामग्री:

Reread Houston et. al.'s (2002) Introduction: Paper Trails and Pupil Trails: An Overview

२. व्याख्यान: पत्रकारहरूले के को खोज तलास गर्न सक्दछन् (क्रमश:)

गृहकार्य: (१) विद्यार्थीहरू जसको कथाको विषय स्वीकृत भैसकेको छ । विस्तृत समाचार सम्प्रेषण योजना लेख्न प्रारम्भ गर्ने छन्, जुन हप्ता ४ को पहिलो बैठकमा दिनु पर्नेछ । (२) विद्यार्थीहरू, जसका विषयहरू अस्वीकृत भएका छन् अर्को कथा विषयमा छोटो लेख लेख्ने छन् । अर्को बैठकमा दिनु पर्ने ।

अर्को बैठकका लागि अध्ययन सामग्री:

Proters (2005) अध्याय ९, Building the Investigation Agenda.

**हप्ता ३**

१. व्याख्यान: खोजतलासको व्यवस्थापन गर्ने ।

छलफल: कक्षाले नयाँ कथाका विषयहरूलाई मूल्यांकन गर्नेछ ।

गृहकार्य: विद्यार्थीहरूले विस्तृत समाचार सम्प्रेषणको योजनालाई लेख्न प्रारम्भ/चालू गर्ने छन् । हप्ता ४ को पहिलो बैठकमा दिनु पर्ने । अर्को बैठकका लागि अध्ययन सामग्री ।

Luchtefeld's Part. Cross-cultural Interviewing, Part 3, Confrontational Interview; Part 4, Interviewing Whistle blowers.

२. व्याख्यान: Difficult Interviews Situations

**हप्ता ४**

१. छलफल: विद्यार्थीहरूले आफ्नो समाचार सम्प्रेषणको योजना प्रस्तुत गर्नेछन् र पृष्ठपोषण प्राप्त गर्ने छन् ।

गृहकार्य: विद्यार्थीहरूले हप्ता ५ बाट प्रारम्भ गरी प्रत्येक हप्ताको पहिलो बैठकमा पेश गर्ने गरी लिखित रुपमा आफ्ना परियोजनाहरूको विस्तृत साप्ताहिक अद्यावधिक जानकारी प्रस्तुत गर्नेछन् ।

अर्को बैठकका लागि अध्ययन सामग्री:

Houston et al's (2002) Chapter 23, The Ethics and Accuracy of Investigation Journalism.

Rosenstie et al's (2003) Chapter 6, Watergate प्रशिक्षकले घटना अध्ययनहरूको छनौट गर्ने छन् ।

**हप्ता ५**

१. व्याख्यान: Ethical Concerns in Investigation Journalism

गृहकार्य: विद्यार्थीहरूले अर्को बैठकमा छलफल गरिने लेखेको विश्लेषण गरी अर्थ निर्धारण गर्ने छन् । अर्को बैठकका लागि अध्ययन सामग्री हेर्नु होस् । अर्को बैठकमा पेश गर्नु पर्ने ।

अर्को बैठकका लागि अध्ययन सामग्री:

Houston et al.'s (2009) Chapter 22, Writing Compelling Projects छलफलमा प्रयोगमा लागि लेख ।

२. व्याख्यान: Putting the Story Together

गृहकार्य: विद्यार्थीहरूले आफ्नो साप्ताहिक परियोजनाको लेखमा आफ्नो खोजतलासका नैतिक

समस्याहरू यथासम्भव समावेश गर्ने छन् । अर्को बैठकमा पेश गर्ने ।
अर्को बैठकका लागि अध्ययन सामग्री;
अतिथि वक्ताको व्यक्तिगत विवरण र खोजपूर्ण लेखहरू ।

**हप्ता ६**

१. सेमिनारः खोजपूर्ण लेखहरू लेख्ने (अतिथि वक्ता)
गृहकार्यः विद्यार्थीहरूले सेमिनारका बारेमा छोटो लेख (Feature) लेख्ने छन् । अर्को बैठकमा पेश गर्नु पर्ने ।
अर्को बैठकका लागि अध्ययन सामग्रीः
Houston et al.'s (2002) अध्याय ६, Investigating Government जस्तै अध्ययन सामग्रीहरूः The Legislative Branch and Those Who Try to Influence It; Chapter 7, Investigating the Governemnt. The Executive Branch

२. व्याख्यानः सरकारका कार्यकारी र व्यवस्थापिक अंगहरू
गृहकार्यः साप्ताहिक परियोजनाका लेख (Memo) हरू, अर्को बैठकमा पेश गर्नु पर्ने।
अर्को बैठकका लागि अध्ययन सामग्रीहरूः
Meyer's (2002) अध्याय, Surveys' अध्याय ११, How to Analyse Election, Surveys Gawiser, Sheldon and G. Evans witt "20 Questions A Journalist Should Ask About Poll Result. National Council on Public Polls. [http://www.ncpp.org/?g=node/4]

**हप्ता ७**

१. व्याख्यानः सर्वेक्षणहरूको व्याख्या गर्ने ।
२. कक्षामा गर्ने अभ्यासः विद्यार्थीहरूले सर्वेक्षणको कथा लेख्ने छन् ।
गृहकार्यः साप्ताहिक परियोजना लेख । अर्को बैठकमा पेश गर्नु पर्ने ।
अर्को बैठकका लागि अध्ययन सामग्रीहरूः
Houston's (2004) Professional's Appendices: "A Short Introduciton to Statistical Software" and A Short Introduction to Mapping Data."
Articles Using SPSS and Mapping Software.

**हप्ता ८**

१. व्याख्यानः पत्रकारहरूका लागि साँखिकी र नक्सांकन 'सौफ्टवयर' को परिचय ।
कक्षामा गर्ने अभ्यासः (कम्प्यूटर प्रयोगशाला)ः विद्यार्थीहरूले SPSS अभ्यास गर्ने छन् ।
अर्को बैठकका लागि अध्ययन सामग्रीः
Lorio's (2004) अध्याय ४, Qualitative Case Study Methods in Newsroom Research and

Reporting; अध्याय ५, Focus Groups Newsroom Style, अध्याय ६, Oral and Life Histries: Giving Voice to the voiceless.
घटना अध्ययन प्रयोग भएका लेखहरू, समूह केन्द्रित र मौखिक/जीवन गाथाहरू ।
२. व्याख्यान: पत्रकारहरूका लागि थप सामाजिक विज्ञान विधिहरू: एक परिचय
गृहकार्य: साप्ताहिक परियोजना मेमो । अर्को बैठकमा पेश गर्नु पर्ने ।
अर्को बैठकका लागि अध्ययन सामग्री ।
Lorio's (2004) अध्याय ८, Ethnogrpahic Journalism; अध्याय ९, Inventive Civic Mapping मानवशास्त्र विज्ञान र नागरिक नक्सांकन प्रयोग गरिएका लेखहरू ।

**हप्ता ९**

१. व्याख्यान: पत्रकारहरूका लागि थप सामाजिक विज्ञान अनुसन्धान विधिहरू: एक परिचय (क्रमश:)
अर्को बैठकका लागि अध्ययन सामग्री:
Houston et al's (2002) अध्याय १०, Investigating Government: The Judicial System को जस्तै अध्ययन सामग्रीहरू ।
२. व्याख्यान: न्यायपालिका
गृहकार्य: साप्ताहिक परियोजना मेमो । अर्को बैठकमा पेश गर्ने ।
अर्को बैठकका लागि अध्ययन सामग्री:
Houston et al's (2000) Investigating Government: Law Enforcement को जस्तै पाठ्यसामग्रीहरू ।

**हप्ता १०**

१. व्याख्यान: प्रहरी
अर्को बैठकका लागि अध्ययन सामग्री:
Houston et al's (2000) Investigating the Private Sector: for Profile Business and Their Workers को जस्तै अध्ययन सामग्रीहरू ।
२. व्याख्यान: निजी व्यवसाय ।
गृहकार्य: साप्ताहिक परियोजना मेमो क्षेत्रमा जाने दिन भन्दा दुई दिन पहिले इमेल गरिनु पर्ने ।
घोषणा: हप्ता ११ को पहिलो आधार दिनमा कुनै बैठक नहुने । विद्यार्थीहरू आफ्नो खोजमूलक परियोजनासंग अनुसन्धानको सम्बन्ध गाँस्न क्षेत्रमा जाने छन् ।
हप्ता १२ को पहिलो बैठकका लागि अध्ययन सामग्री:
The Corruption Notebooks: 25 Investigations Journalists Report on Abuses of Power in their Home Country (2004). Washington: The Centre for Public Integrity Readings on Corruption in Government.

**हप्ता ११**

१. क्षेत्रमा जाने दिन

२. अन्तिम पूर्व-लेखन सरसल्लाह

**हप्ता १२**

१. व्याख्यानः सरकारको क्षति र भ्रष्टाचार

अर्को बैठकका लागि अध्ययन सामाग्रीः अतिथि बक्ताहरूको व्यक्तिगत विरण

राज्य संस्थाको पृष्टभूमि र यसले चलाएको भ्रष्टाचारका मुद्दाहरू

अतिथि पत्रकारले लेखेका भ्रष्टाचारका कथाहरू ।

२. सेमिनारः भ्रष्टाचार ऐनहरू र अभ्यासहरूको अन्वेषण गर्ने (अतिथि वक्ताहरूः राज्यको भ्रष्टाचार विरोधी संस्था र एउटा पत्रकार जसले भ्रष्टाचार कथाहरू लेखका छन्)

गृहकार्यः पहिलो मस्यौदाका टिप्पणीहरूका आधारमा विद्यार्थीहरूले आफ्ना साप्ताहिक ‘मेमोहरूमा’ आफ्नो खोजमूलक परियोजनाको लेखन र अनुसन्धान बीचका कमी कमजोरीहरू हटाउन चालिने पाइलाहरू उल्लेख गर्ने छन् । अर्को बैठकमा पेश गर्नु पर्ने ।

प्रशिक्षकले छानेको क्षेत्रका आधारमा तय गर्ने ।

**हप्ता १३**

१. व्याख्यानः क्षेत्र प्रशिक्षकले रोज्नु पर्ने

अर्को बैठकका लागि अध्ययन सामग्रीः

प्रशिक्षकले छानेको क्षेत्रका आधारमा तय गर्ने ।

२. व्याख्यानः क्षेत्र प्रशिक्षकले रोज्नु पर्ने

गृहकार्यः साप्ताहिक परियोजना मेमो । अर्को बैठक हुन दुई दिन अगाडि इमेल गरिनु पर्ने ।

**हप्ता १४**

१. अन्तिम पूर्व-परिमार्जन सरसल्लाह

२. खोजमूलक परियोजनाको प्रतिवेदन बुझाउने

गृहकार्यः विद्यार्थीहरूले ‘देखाउन र भन्ने’ सेमिनारका लागि ‘प्रस्तुतिकरण’ तयार गर्ने छन् ।

**हप्ता १५**

१ र २ सेमिनारः What We Uncovered, दोस्रो सत्रकालको समापन गर्ने ।

## श्रेणीबद्ध गर्ने र मूल्यांकन गर्ने व्यवस्था:

**प्रथम सत्रकाल**

| | |
|---|---|
| गहन व्यक्तिगत विवरण | १०% |
| प्रवृत्ति कथा | १५% |
| कक्षामा गरिने र घरमा लगिने कार्य | १५% |
| हाजिरी र सहभागिता | ५% |

**दोस्रो सत्रकाल**

| | |
|---|---|
| खोजमूलक कथाको विषय, समाचार सम्प्रेषण योजना र परियाजना मेमोहरू | १०% |
| खोजमूलक परियोजना | ३०% |
| कक्षामा गरिने र घरमा लगिने कार्य | १०% |
| हाजिरी र सहभागिता | ५% |

## टिप्पणी

स्नातकोत्तर उपाधि स्तरका लागि सुझावहरू:

१. विद्यार्थीहरूले गहन व्यक्तित्व चित्रण गर्न लेख्न र समाचार सम्प्रेषण गर्ने समय कम गर्नु होस् ।
२. प्रवृत्ति कथा झिक्नोस् ।
३. खोजमूलक परियोजना अनिवार्य गर्नु होस् तर स्नातक तहको जस्तै विस्तृत होइन ।
४. कक्षामा गरिने अभ्यासहरूलाई घरमा लगिने कामद्वारा प्रतिस्थापित गरेर पहिलो सत्रकालका कम्प्युटरमा आधारित समाचार सम्प्रेषणका बैठकहरूको आधा गर्नु होस् ।
५. छलफलका लागि राखिएको लेखहरूलाई कम गर्नु होस् तर *वाटरगेट* र कम्तीमा बढी प्रभावकारी विस्तृत प्रतिवेदनहरूलाई राख्नु होस् ।
६. दोस्रो सत्रकालमा पाठ्यक्रमले केलाउने थप दुईटा क्षेत्रहरूलाई झिक्नु होस् ।
७. सरकारको भ्रष्टाचारको खोजतलासका लागि एउटा मात्र बैठक बसाल्नु होस् ।
८. 'ओनलाईन स्रोतहरू' मा दुई बैठकहरूको सट्टामा एउटा मात्र बैठक बसाल्नु होस् ।
९. केही शीर्षकहरूको क्रम पुनः निर्धारण गर्नु होस् (जस्तै, पहिलो सत्रकालका *स्प्रैडशीट*हरू, र *डेटावेस* व्यवस्थापनलाई दोस्रो सत्रकालमा अन्य *सौफ्टवयर*हरूको परिचय)

**Yvonne T. Chua, Assistant Professor, Journalism Department, College of Mass Communication, University of the Philippines (Diliman) द्वारा योगदान गरिएको ।**

## सोपान ३ का पाठ्यक्रमहरूको शीर्षक: समाचार सम्प्रेषण र लेखन कार्य । सोपान ३: विशेषज्ञतायुक्त पत्रकारिता (अर्थशास्त्र र व्यवसाय)

**पाठ्यक्रमको स्तर:** स्नातक उपाधि अन्तिम वर्ष

**पाठ्यक्रमको वर्णन:** सोपान १ र २ को समाचार सम्प्रेषण र लेखन प्रविधिहरूमा आधारित रही विद्यार्थीहरू अर्थव्यवस्था र व्यवसायमा अनुसन्धान गर्न र लेख्न सिक्ने छन् । यस पाठ्यक्रमले विद्यार्थीहरूलाई अर्थशास्त्र, आर्थिक बजार र कम्पनीहरू र उद्योगहरूको समाचार संकलन गर्न आवश्यक ज्ञान र सीप प्रदान गर्नेछ । साथै यसैसित सम्बन्धित सामाजिक-आर्थिक मुद्दाहरू, जस्तै, गरिबी, बैरोजगारी, दिगो विकास, अनौपचारिक अर्थव्यवस्था र उपभोक्ता मामलाहरूको पनि ज्ञान र सीप दिइनेछ । विशेष जोड आमजनताका लागि व्याख्यात्मक समाचार सम्प्रेषणमा दिइनेछ जुन कुनै पनि संचार पत्रकारिताको बृहत् कार्यमा शिखरमा पुग्नेछ । यसका अलावा पाठ्यक्रमले अर्थशास्त्र र व्यापारको समाचार सम्प्रेषणको अभ्यास तथा विकासशील देशहरूमा र उदीयमान अर्थतन्त्रमा अर्थशास्त्रको समाचार सम्प्रेषणको भूमिका छानविन गर्नेछ र मनन गर्नेछ ।

**प्रणाली:** व्याख्यानहरू, गोष्ठीहरू र लेखन कार्यशालाहरूको सम्मिश्रण ।

**शैक्षणिक दृष्टिकोण अथवा विधि:** मुख्य जोड अर्थशास्ध र व्यापार पत्रकारिताको सम्बर्धनमा भए पनि विद्यार्थीहरूलाई यसप्रति समालोचनात्मक दृष्टिकोण अंगाल्न प्रोत्साहित गरिनेछ । व्याख्यानहरूमा र गोष्ठीहरूमा अर्थशास्त्र र व्यापारका शीर्षकहरूमा समाचार संकलनका तरीकाहरूको छलफल हुनेछ । विद्यार्थीहरूले आफ्नो सिकाईलाई साप्ताहिक पाठ्यक्रम-गृहकार्यहरूमा प्रयोगमा ल्याउने छन्, जुन सहपाठी साथीहरूद्वारा साप्ताहिक कार्यशालाहरूमा मूल्यांकन गरिने छन् र शिक्षकद्वरा अंकित गरिने छन् । यी गृहकार्यहरू अन्यथा तोकिएको बाहेक, त्यस विशेष सप्ताहका लागि त्यस शीर्षकमा समाचार सम्प्रेषणका रुप लिने छन् । यो अनुमान गरिएको छ कि ती विद्यार्थीहरू जसले यस पाठ्यक्रमलाई छनौट गर्दछन् तिनीहरूले आफ्नो कला/विज्ञान कार्यक्रमको अंगका रुपमा अर्थशास्त्र अथवा विकास अध्ययनहरू पढिसकेका हुने छन् र तिनीहरूको आधारभूत आर्थिक अवधारणाहरूमा राम्रो पकड छ । व्याख्यानहरूमा व्याख्यानका शीर्षकहरूमा समाचार माध्यमहरूमा उल्लेख गरिएका समालोचनाहरू समावेश हुनु पर्दछ । विशेषज्ञतायुक्त क्षेत्रहरूको अध्यापनका लागि अतिथि वक्ताहरूको प्रयोग गर्न सकिन्छ ।

**प्रति हप्ता घण्टीहरूको संख्या:** व्याख्यान र सेमिनारहरू : ४ घण्टा । तयारी र गृह कार्य: ६ घण्टा ।

**पाठ्यक्रमको जम्मा हप्ता संख्या:** ३० हप्ता ।

**अनिवार्य र प्रस्तावित पाठ्यांश र/अथवा उपकरण:**

**अनिवार्य पाठ्य सामग्री**


- Bannock, G., Baxter, R.E. and Davis, E. 2003. The Penguin Dictionary of

Economic. (7th Edition). Harmondsworth: Penguin Books.
- Roush, C. 2004. Show me the money. Writing business and economics stories for mass communication. Mahwah, N.J. & London. Lawrence Erlbaum Associates.
- Roux, A. 2005. Everyone's Guide to the South African Economy. (18th Edition). Cape Town: Zebra Press. [OR SIMILAR COUNTRY-SPECIFIC TEXT]
- Sen, A. 1999. Development as freedom. New York: Alfred A. Knopt.
- Sen, A. 1987. Poverty and famines: an essay on entitlement and deprivation. Oxford: Oxford University Press.
- Stiglitz, J.E. 2006. Making globalization work. London: Allen Lane.
- Vaitilingham, R. 2001. The Financial Times guide to using the financial pages. [4th Edition]. London: Prentice Hall.
- Wickham, K. 2002. Math tools for journalists. Oak Park, Il: Marion Street Press.
- World Bank Institute, 2002. The right to tell. The role of mass media in economic development. Washington D.C. World Bank Institute.

## कक्षाहरू पाठ्यसामग्रीहरू तथा गृह कार्यहरूको हप्तावारी कार्यतालिका

### हप्ता १

शिक्षक तथा विद्यार्थीहरूको परिचय । पाठ्यक्रम, पाठ्यसामग्रीहरू र गृह कार्यहरूको संगठनको छलफल । छलफल - अर्थशास्त्र, पत्रकारिता के हो ?

गृहकार्य: आफ्नो देशको आर्थिक प्रकाशन बारे ५०० शब्दको प्रतिवेदन लेख्नु होस् । यसले कस्ता किसिमका कथाहरू समावेश गर्दछ ? लक्षित पाठकहरू कुन कुन हुन् ? के तपाई यसलाई रुचिकर पाउनु हुन्छ ? किन/किन भएन ?

हप्ता २ को लागि पाठ्यसामग्री Roush (2004) का अध्याय १ र २: Roux (2005) को अध्याय १ अथवा देश विशेषको त्यस्तै पाठ्यसामग्री) ।

### हप्ता २

अर्थव्यवस्थाको समाचार सम्प्रेषण: आफ्नो पाठकगणका लागि व्यापार र अर्थशास्त्रका कथाहरू लेख्ने ।

गृहकार्य: आफ्नो स्थानीय व्यापारिक समुदायका बारेमा एउटा ५०० शव्दको निवन्ध लेख्नु होस् ।

हप्ता २ का लागि पाठ्य सामग्री Roush (2004) को अध्याय ३ ।

### हप्ता ३

अर्थव्यवस्थाको समाचार सम्प्रेषण: बृहत् अर्थशास्थ र सूक्ष्म अर्थशास्त्र । कूल गार्हस्थ्य उत्पादन । राष्ट्रिय लेखा र बजेट । आर्थिक नीति ।

हप्ता ४ का लागि पाठ्य सामग्री Roux (2005) का अध्याय १० र ११ (अथवा त्यस्तै) ।

**हप्ता ४**

मुद्रा र स्फीति । केन्द्रीय बैंकको भूमिका ।

हप्ता ५ का लागि पाठ्य सामग्रीः Roux (2005) को अध्याय ५ (अथवा त्यस्तै) ।

**हप्ता ५**

बेरोजगारी र मजदूरका मुद्दाहरू । गरिवी र विकास ।

हप्ता ६ का लागि पाठ्यसामग्रीः World Bank Institute (2002) Sen (1999) का अध्याय १२ र १५ ।

**हप्ता ६**

विकास पत्रकारिताः

हप्ता ७ का लागि पाठ्यसामग्रीः Wickham (2004).

**हप्ता ७**

संख्याहरू र तथ्यांकशास्त्रसंगको चलखेल ।

गृहकार्यः संख्याहरूको जाँच । (उदाहरणका लागि http://www.unc.edu/-pmeyer/carstat/mathtestquestions.html) लाई हेर्नु होस् ।

हप्ता ८ का लागि पाठ्यसामग्रीः World Bank Insitute (2002) का अध्याय १, २ र ३ ।

**हप्ता ८**

पुनर्विचारका लागि विश्रामः अर्थशास्त्र पत्रकारिता, सार्वजनिक दृष्टिकोण र राजनीति बीचको सम्बन्ध ।

गृहकार्यः अर्थशास्त्र पत्रकारिताको भूमिका बारे १५०० शव्दको निवन्ध लेख्नु होस् ।

**हप्ता ९**

कम्पनीहरू र व्यापारः सार्वजनिक र निजी कम्पनीहरू ।

गृहकार्यः आफ्नो देशका ५ वटा सार्वजनिक र ५ वटा निजी कम्पनीहरू पत्ता लगाउनु होस् । प्रत्येकमा एउटा १०० शव्दको प्रतिवेदन लेख्नु होस् । तिनीहरूले के गर्दछन् ? कति कामदारहरू छन् ? कुन सबैभन्दा बढी फाइदाजनक छ ?

**हप्ता १०**

व्यापारिक पत्रकारिताको आचारशास्त्र

गृहकार्यः आफ्नो देशका व्यापारिक समाचार संस्थाहरूमा लागू हुने आचारशास्त्रमा छलफल गर्नुस् ।

हप्ता ११ का लागि पाठ्यसामग्री Roush (2004) का अध्याय ४ र ५ ।

**हप्ता ११**

कम्पनीहरूको लेखाको ज्ञान : आम्दानीको विवरण, व्यालेन्स सीटहरू र नगद प्रवाहहको विवरण ।

**हप्ता १२**

कम्पनीको कार्यसम्पादनको मूल्यांकन ।

कम्पनीको परिणामहरूमा समाचार सम्प्रेषण ।

हप्ता १३ का लागि पाठ्यसामग्रीः Roush (2002) को अध्याय ७ ।

**हप्ता १३**

आर्थिक व्यापार । प्रारम्भिक, सार्वजनिक योगदान ।

हप्ता १३ का लागि पाठ्यसामग्रीः Roush (2002) को अध्याय ६ ।

**हप्ता १४**

सम्मिश्रण र अभिग्रहण

हप्ता १५ का लागि पाठ्यसामग्रीः Roush (2002) को अध्याय ९ ।

**हप्ता १५**

लघु व्यापार र अनौपचारिक क्षेत्र

गृहकार्यः लघु व्यापार बारे १०० शव्दको एउटा कथा लेख्नुस् ।

**हप्ता १६**

दोहोऱ्याउने र मध्यावधि परीक्षा ।

हप्ता १७ का लागि पाठ्यसामग्रीः World Bank Institute (2002) को अध्याय ५, ७ र १२ ।

**हप्ता १७**

पुनर्विचारका लागि विश्राम ।

व्यापारिक पत्रकारिताका लागि भूमिका ।

गृहकार्यः व्यापार पत्रकारिताको भूमिका बारे १५०० शव्दको निवन्ध लेख्नु होस ।

हप्ता १८ का लागि पाठ्यसामग्रीः Vaitilingam (2001) को अध्याय १ र ९ ।

**हप्ता १८**

स्टक *मार्केट* र *स्टक* मार्केट कथा लेख्ने बारेको ज्ञान ।

हप्ता १९ का लागि पाठ्यसामग्रीः Vaitilingam (2001) को अध्याय ११ ।

**हप्ता १९**

आर्थिक बजार । ऋण बजारको ज्ञान ।

**हप्ता २०**

*बोनसहरू* र सरकारी ऋण बारे लेखन कार्य ।

हप्ता २१ का लागि पाठ्यसामग्री: Vaitilingam (2001) को अध्याय १३ ।

**हप्ता २१**

आर्थिक बजार । यौगिक पदार्थहरू बारे को ज्ञान र लेखन कार्य ।

हप्ता २२ का लागि पाठ्यसामग्री: Vaitilingam (2001) को अध्याय १२: र Roux (2005) को अध्याय ९ (अथवा त्यस्तै) ।

**हप्ता २२**

मुद्रा बजार ।

**हप्ता २३**

मुद्रा आन्दोलनहरू बारे लेखन कार्य । (हामीले यो किन ख्याल गर्नु पर्दछ) ।

हप्ता २४ का लागि पाठ्यसामग्री: Vaitilingam (2001) को अध्याय १४ ।

**हप्ता २४**

उपभोग्य सामग्रीहरू ।

**हप्ता २५**

उपभोग्य सामग्रीहरू र अन्तर्राष्ट्रिय व्यापार बारे लेखन कार्य ।

हप्ता २७ का लागि पाठ्यसामग्री: Roux (2005) को अध्याय १२ (अथवा त्यस्तै) । Stigliz (2006)

**हप्ता २६**

विश्वव्यापीकरण

हप्ता २७ का लागि पाठ्यसामग्री: Vaitilingam (2001) को अध्याय १७ Stigliz (2006)

**हप्ता २७**

अन्तर्राष्ट्रिय संस्थाहरूको भूमिका: विश्व बैंक, अन्तराष्ट्रिय मुद्रा कोस र विश्व व्यापार संगठन, दातृ संस्थाहरू ।

हप्ता २८ र २९ का लागि पाठ्यसामग्रीः Sen (1987)।

**हप्ता २८**

गरिवीको समस्या।

**हप्ता २९**

पुनर्विचारका लागि विश्राम।

पत्रकारिता, विश्वव्यापीकरण र गरिवी।

गृहकार्यः आफ्नो देशको विश्वव्यापीकरण र गरिवी बीचको सम्बन्धको बयान गर्दै एउटा १००० शव्दको समाचारमूलक कथा लेख्नु होस्।

**हप्ता ३०**

दोहोऱ्योने अन्तिम परीक्षा।

## श्रेणीबद्ध गर्ने र मूल्यांकन व्यवस्था

साप्ताहिक गृहकार्य एउटा मुख्य पत्रकारिताको उत्पादन, एउटा अर्धवार्षिक परीक्षा र एउटा अन्तिम परीक्षाको माध्यमले विद्यार्थीहरूको मूल्यांकन गरिनेछ। मुख्य पत्रकारिता उत्पादन व्यापार अथवा आर्थिक शीर्षकमा २००० शव्दको समाचार कथाको रुपमा हुनेछ।

| | |
|---|---|
| साप्ताहिक गृहकार्यः | २०% |
| मुख्य गृहकार्यः | ३०% |
| अर्धवार्षिक परीक्षा | २०% |
| अन्तिम परीक्षा | ३०% |

**Robert Brand, Pearson Chair of Economics Journalism, School of Journalism and Media Studies, Rhodes University, South Africa द्वारा योगदान गरिएको।**

## समाचार सम्प्रेषण र लेखन कार्यः सोपान ३ः विशेषज्ञतायुक्त पत्रकारिता (कला र संस्कृति)

**पाठ्यक्रमको स्तरः** स्नातक तह (सोपान ३)।

### पाठ्यक्रमको बयान :

उद्देश्यहरू र विषयवस्तुः

- कलाको समाचार सम्प्रेषण सांस्कृतिक कार्यक्रमहरूमा भाग लिएर, सांस्कृतिक उत्पादनहरूको उपभोग गरेर तथा विविध वातावरणमा सांस्कृतिक कार्यकर्ताहरूलाई भेटेर व्यक्तिगत/कथानक संरचनाको समीक्षा गर्ने सीपको विकास गर्ने।
- विद्यार्थीहरूलाई कथानकको समीक्षा गर्ने विभिन्न विधिहरूको विकास गर्ने र तिनीहरूमा समालोचनात्मक ढंगले विचार गर्न प्रोत्साहित गर्ने।
- ललितकलादेखि टेलिभिजनका कला र सर्वप्रिय संस्कृतिको पत्रकारिता सम्बन्धी समाचार संकलनमा विभिन्न शैलीहरूको समालोचनात्मक अन्वेषण गर्ने।
- विद्यार्थीहरूलाई कलात्मक अभिव्यक्तिका प्रमुख रुपहरू सम्बन्धी मुख्य दृष्टिकोण र विवादबारे जानकारी दिने।
- समालोचनात्मक निर्णयहरूलाई पत्रकारितामा अनुवाद गर्ने प्रक्रियाहरूको छानविन गर्ने।

### सिकाई प्रभावहरू

कोर्सको अन्तमा विद्यार्थीहरू निम्नलिखित कुराहरू गर्न सक्षम हुने छन् :

- कुनै विशेष समाचार माध्यमका लागि समुचित हुने विविध समीक्षाहरू तयार गर्नु;
- प्रत्यक्ष प्रसारण अथवा कुनै कला-कार्यक्रमको वातावरण र मनस्थिति तयार गर्नु;
- सांस्कृतिक क्षेत्रका कुनै कलाकार/विशिष्ट व्यक्तिको व्यक्तिगत परिचय तयार गर्नु;
- कला पत्रकारिता र कार्यक्रमका केही सर्वस्वीकार्य शैलीहरूको समालोचनात्मक ढंगले छलफलल गर्नु;
- आफ्नो राष्ट्रिय संस्कृति भित्रका कलाहरूको आयश्रोतका मुख्य विशेषताहरू र संलग्न प्रमुख प्रवर्द्धनात्मक संस्थाहरूको भूमिका बारे बयान गर्नु;
- प्रवर्द्धनात्मक सामग्री उपलव्ध गर्न आफ्नो देशको संस्कृतिसंग सम्बन्धित कला संसारको प्रवर्द्धन र जनसम्पर्कको व्यवस्था मिलाउन, पत्रकारहरू, समालोचकहरू, कलाकारहरूलाई संलग्न गराइनेछ।

### प्रणालीः

व्याख्यानः (१ घण्टाको अवधि)। प्रशिक्षकद्वारा ठूलो समूहमा प्रस्तुति गरिनेछ। यसमा सांस्कृतिक उत्पादनको इतिहास र संरचनाको खाका, राज्य र सांस्कृतिक संगठनहरूको भूमिका, कलाको

अर्थशास्त्र आदि समावेश हुनेछ। व्याख्यानको भूमिका पुनरावलोकन गर्ने र थप कार्य/अध्ययन गर्न मार्ग निर्देशन गर्ने छ।

गोष्ठीहरू (१-२ घण्टाको अवधि) अन्तर्क्रिया गर्न सकिने सानो समूह (अधिकतम २०) थप कुराहरू पत्ता लगाउन र छलफल गर्नः समाचार माध्यमको प्रतिफलमा कला र सांस्कृतिक समाचार संकलनको भूमिका; कलात्मक उत्पादनका विशेष किसिम र शैलीहरू; कला समाचार संकलनको नक्सांकन गर्न विद्यार्थीहरूद्वारा व्यक्तिगत र सामूहिक प्रस्तुतिकरण आदि। पूर्वहप्ताहरूमा दिइएको गृहकार्यको विद्यार्थीहरूद्वारा व्यक्तिगत वा सामूहिक प्रस्तुतिकरण।

कार्यशालाहरू (२-३ घण्टा समयावधि)। कला क्षेत्रमा समाचार सम्प्रेषणका विविध शैलीहरूको विश्लेषणात्मक, समालोचनात्मक र समाचार सम्प्रेषण सीपहरूको विकास गर्न सानो समूह प्रशिक्षकद्वारा मार्ग निर्देशित र सल्लाह दिइएको सानो समूह (अधिकतम २०)।
यसमा व्यक्तिगत परिचयको समीक्षा, विद्यार्थीहरूले छानेको माध्यममा विचारशील निबन्धहरू/कथा लेखहरू समावेश हुने छन्। विशेष कार्यमा केन्द्रित कार्यशालाहरू आयोजना गर्न सकिन्छ र यिनीहरूमा सांस्कृतिक कार्यक्रममा प्रशिक्षकसंगसंगै हाजिरी र प्रत्यक्ष समाचार सम्प्रेषणका अभ्यासहरू सामेल गराइने छन्।

उत्पादन अभ्यासहरू (विभिन्न अवधिमा): ज्ञान र सीपको संश्लेषण गर्न यथार्थ, समय सीमाबद्ध कार्यकलापहरू जुन विशिष्ट पाठक/दर्शकहरूमा लक्षित हुने छन् र साधन श्रोतको आधारमा भित्ते समाचारपत्रहरू/पत्रिका काल्पनिक/रेडियो अथवा टि.भि./वेवसाइट आदिको सृजना गर्ने लक्ष्य लिने छन्।

**शैक्षणिक दृष्टिकोण**

चारवटा तत्वहरूको सम्मिश्रणः

- सांस्कृतिक समाचार संकलनमा विविध शैलीहरूको उपयोग गर्दै छापा, आनलाईन, रेडियो अथवा टि.भि. मा पत्रकारिताको कार्य।
- विद्यमान समाचार संकलनका मुख्य विशेषताहरूको समालोचनात्मक विश्लेषण र समाचार संकलनमा उत्कृष्टता ल्याउने आधारहरूमा छलफल।
- सांस्कृतिक उद्योगहरूको सामाजिक, आर्थिक र राजनीतिक भूमिका र समाचार प्रतिवेदनहरूले तिनीहरूलाई विश्लेषण गर्ने र प्रवर्द्धन गर्ने विधिहरूको समालोचनात्मक पुनर्विचार।
- सांस्कृतिक क्षेत्रका कार्यरत पत्रकारहरूको अतिथि वक्ताहरू र प्रशिक्षकहरूको रुपमा योगदान।

**पाठ्यक्रमको हप्ताहरूको संख्या:** ३० हप्ता, २ सेमेष्टर

## अनिवार्य र सिफारिश गरिएको पाठ्यांशहरू:

मुख्य अनिवार्य कुरा के भने विद्यार्थीहरूले आफूलाई आफ्नो देशको र भाषा को समकालीन उत्कृष्ट कला पत्रकारितासंग परिचित गराउनु पर्दछ: दैनिक र साप्ताहिक समाचार पत्रहरू, पत्रिकाहरू र समीक्षाहरू, विशिष्ट कला, फिल्म र टेलिभिजन पत्रिकाहरू र प्रमुख अन्तर्राष्ट्रिय आवधिक पत्रिकाहरूका कला र समीक्षा पानाहरू र उपलव्ध यस प्रकारका रेडियो र टेलिभिजन समकक्षीहरू।

### अनिवार्य


- Allan, Stuart (2004) 'The Rise of 'Objective' Newsletter Reporting' in News Culture, Maidenhead(UK): Open University Press, 2nd edition, pp 7-26.
- Allen, Rod (2005) 'The art of reviewing' in Richard Keeble ed. Print Journalism: a critical introduction, Abingdon: Routledge. pp 179-188.
- Anderson, Benedict (1991) Imagined Communities, London: Verso, Ch 2 'Cultural Roots'.
- Hesmondalgh, Desmond (2002) The Culture Industris, London: Sage. Introduciton, Ch 2 "approaches to Culture', Ch 5 'Ownership, Organisaiton and Culture'..
- Keeble, Richard (2006) Newsletters Handbook, London: Routledge, Ch 13 'Some specialist areas: personal columns, reviewing, freelancing'.
- Scott, Robert Dawson (1999) 'Bridging the cultural gap: how arts journalists decide what gets onto the arts and entertainment pages', in Critical Quarterly 41(1), 46-55.
- Marshall, P. David (2005) 'Celebrity and journalism' in Stuart Allan, Journalism: Critical Issues, Maidenhead(UK): Open University Press. Pages 19-29.
- Titchener, Campbell B. (1998 2nd edition). Reviewing the Arts, Mahweh, NJ: Lawrence Erlbaum.


### सिफारिश गरिएको


- Barber, Lynn (1992) Mostly Men, London: Penguin (UK top profile writer).
- Fuller, David & Waugh, Patricia eds. (1999) The Arts and Sciences of Criticism, Oxford University Press.
- Gross, John (1969) The Rise and Fall of the Man of Letters, London: Weidenfeld and Nicolson.
- Hughes, Robert (1990) Nothing if Not Critical. Selected Essays on Art and Artists. New York: Alfred A. Knopf.
- James, Clive (1984) Glued to the Box: Television Criticism from the Observer 1979-82, London: Picador (other collections include Visions Before Midnight and the Crystal Bucket).
- Kael, Pauline (1990) Hooked: Film Writings 19985-88, London: Marion Boyars. Lane, Anthony (2004) Nobody's Perfect: The Reviews of Anthony Lane, London: Picador.
- Remnick, David ed. (2001) Life Stories. Profiles from the New York, London:

Pavilion Books.

- Thomson, David (2002) The New Biographical Dictionary of Cinema, New York: Knopf.
- Tynan, Kenneth (1964) Tynan on Theatre, Harmondsworth. Penguin. (1990) Profiles, London: Nick Hern Books.
- Updike, John (1991) Odd Jobs. Essays and Criticism, London: Penguin Atlantic Monthly; Literary Review; London Review of Books; New York Review of Books; Times Literary Supplement. Websites: relevant national websites. In case of UK. www.artscouncil.org (Arts Council) and www.culture.gov.uk (Department of Culture, Media and Sport).

**कक्षाहरूको समय तालिका** (शीर्षक, पाठ्यवस्तु, गृहकार्य)

**हप्ता १ व्याख्यान:** कला पत्रकारिता के का लागि हो ? कामहरूको पुनरावलोकन: समालोचनात्मक, प्रवर्द्धनात्मक सांस्कृतिक संचार इत्यादि । कला पत्रकारहरूका Beat मुख्य कला सस्थाहरू/खेलाडीहरू, स्रोतहरू । कला मेलाहरू ।

गृहकार्य: विद्यार्थीहरूले निम्नलिखित मध्ये कुनै दुईमा कला समाचार सम्प्रेषणका ५ वटा वर्तमान उदाहरणहरू संकलन गर्ने छन्: समाचार पत्रहरू, पत्रिकाहरू, टि.भी., रेडियो ।

पाठ्यसामग्री: उपलव्ध समाचारपत्रहरू/पत्रिकाहरू, समाचार प्रसारणहरू ।

**हप्ता २ व्याख्यान:** राम्रो कला पत्रकारिता के के ले बनाउँछ ? पाठ्यसामग्रीहरू र छलफल, समकालीन समाचार पत्रहरू, टेलिभिजन, रेडियोमा प्रयोग भएका विद्यमान पत्रकारिताको उपयोग । कस्ले के को समाचार संकलन गर्दछन्, कसरी र किन ? उनीहरूले पाठक/श्रोता/दर्शक का लागि के के काम सम्पादन गर्दछन् ?

**हप्ता ३ व्याख्यान:** पुनरावलोकन संरचना, मुख्य अंगहरू, दृष्टिकोण, वातावरण, समाचार सम्प्रेषण इत्यादि । पुस्तक समीक्षा र पुस्तकका पानाहरूका उदाहरणमा विशेष जोड ।

कार्यशाला: पुस्तक समीक्षा कसरी लेख्ने ?

गृहकार्य: एउटा नयाँ उपन्यास पढ्नु होस् र ५०० शव्दको पुस्तक समीक्षा लेख्नु होस् । (हप्ता ४ का लागि) ।

पाठ्यसामग्री: Keeble (2006) को समीक्षा बारेको सम्बन्धित अध्याय १३ ।

**हप्ता ४:** व्याख्यान: कला पत्रकारको काम । कलाका Beat हरू । अतिथि पत्रकारहरूको सम्भाव्य प्रतिक्रियाहरू ।

कार्यशाला: विद्यार्थीहरूले पुस्तक समीक्षा प्रस्तुत गर्ने छन् । एक आपसमा बाँड्ने छन् र छलफल गर्ने छन् ।

पाठ्यसामग्रीः Rod Allen

**हप्ता ५ व्याख्यान :** संस्कृति र राष्ट्र । संस्कृति, कला र 'काल्पनिक समुदायहरू': राष्ट्र र समुदायका चित्रण तयार गर्नमा सांस्कृतिक उत्पादनहरूको भूमिका ।
पाठ्यसामग्रीः Benedict Anderson, अध्याय २

**हप्ता ६** सांस्कृतिक उद्योगहरूको आधुनिक दृष्टिकोण ।
पाठ्यसामग्रीः Hesmondalgh परिचय र अध्याय १ र २ ।
गोष्ठीः वर्तमान कला पत्रकारिताका किसिमकहरूमा छलफल, उदाहरणका लागि, प्रवर्द्धनात्मक/समालोचनात्मक कार्यहरू ।
गृहकार्यः विद्यार्थीहरूले हालै देखाइएको फिल्मको प्रवर्द्धनात्मक सामग्रीहरू संकलन गर्ने छन् ।

**हप्ता ७ व्याख्यानः** सांस्कृति व्यापारः संस्कृति उद्योग र फुर्सदको समयको अर्थशास्त्र र त्यसको राष्ट्रिय अर्थ व्यवस्थामा महत्व । अतिथि प्रतिनिधिको प्रतिक्रिया?
पाठ्यसामग्रीः Hesmondalgh अध्याय ५ को सम्बन्धित व्यापार पत्रिकाहरू, यदि उपलव्ध छन् भने ।
गोष्ठीः सांस्कृतिक उत्पादन र फुर्सदको समयको एकीकरणमा छलफल ।
गृहकार्यः विद्यार्थीहरूले आफ्नो परिवारको कुनै एउटा दिन वा हप्ताका फुर्सदका कार्यहरू र सांस्कृतिक उत्पादनहरूको उपभोगको लेखाजोखा गर्ने छन् ।

**हप्ता ८ व्याख्यानः** कला पत्रकारिताको ऐतिहासिक विकास । विभिन्न संस्कृतिहरूको समालोचनात्मक निवन्ध र समीक्षाको भूमिका र आम संचारको उत्थानमा यस्को स्थान ।
गृहकार्यः हालैको फिल्मको छोटो समीक्षा लेख्नु होस् ।
पाठ्यसामग्रीः Stuart Allen, pp.7 - 24; David Marshall.
कार्यशालाः फिल्म समीक्षाहरूको, विद्यार्थीहरूको समीक्षाहरूको परीक्षण गर्नुस् ।

**हप्ता ९ व्याख्यानः** फिल्म समीक्षाहरू, कार्य, विभिन्न किसिमका समीक्षा, संरचना, मुख्य विषयवस्तु, दृष्टिकोण, वातावरण, समाचार सम्प्रेषण ।
पाठ्यसामग्रीः Pauline Kael, Anthrony Lane र समकालीन समीक्षकहरूका लेखहरू ।
कार्यशालाः विद्यार्थीले एउटा छोटो डकुमेन्ट्री फिल्म हेर्ने छन् र कक्षामै समीक्षा लेख्ने छन् । एक आपसमा बाँड्ने छन् र छलफल गर्ने छन् ।

**हप्ता १० व्याख्यानः** प्रत्यक्ष प्रस्तुतिकरण, नाचघर, संगीतको समीक्षा । वातावरण श्रृजना गर्ने,

दर्शकगणहरूलाई समावेश गराउने, सम्भाव्य अतिथि पत्रकारको योगदान ।
कार्यशाला: प्रत्यक्ष प्रस्तुतिकरणको समाचार सम्प्रेष प्रविधिहरू ।
गृहकार्य: प्रत्यक्ष प्रस्तुतिकरणमा भाग लिनुस् । ५०० शव्दको समीक्षा तयार गर्नु होस् ।
पाठ्यसामग्रीहरू: Tynan का लेखहरू ।

**हप्ता ११ व्याख्यान:** केही नमूना समीक्षाहरूको प्रस्तुतिकरण ।
कार्यशाला: विद्यार्थीहरूको समीक्षा सम्पादनको प्रस्तुतिकरण र समालोचना सम्भाव्य अतिथि पत्रकारको योगदान ।

**हप्ता १२ व्याख्यान:** पुस्तक समीक्षा २ । वर्णन गर्ने उपायहरू । पृष्ठभूमि सूचनाहरू प्रकाशक सामग्रीहरूको उपयोग ।
सम्भाव्य अतिथि लेखक/पत्रकारको योगदान ।
पाठ्यसामग्रीहरू: Updike का लेखहरू ।

**हप्ता १३ व्याख्यान:** समालोचनात्मक निवन्ध । विषयवस्तुको परिचालन, जटिल, वर्णनात्मक निवन्धको संयोजन, निर्णयमा पुग्ने ।
कार्यशाला: एउटा प्रभावकारी पुस्तक समीक्षाको रचना गर्ने - कक्षामा गर्ने अभ्यास ।
पाठ्यसमग्रीहरू : समकालीन निबन्धहरू

**हप्ता १४ व्याख्यान:** टि.भि. समीक्षा । यसले उठाएका विशेष बूँदाहरू ।
पाठ्यवस्तुहरू: Clive James  र टि.भि. पानाहरूमा वर्तमान पत्रकारिता ।
कार्यशाला: टि.भि. कार्यक्रमको प्रदर्शन र कक्षामै छोटो समीक्षा तयार गर्ने । एक आपसमा बाँड्न र छलफल गर्ने ।

**हप्ता १५ व्याख्यान:**  प्रदर्शनीहरूको समीक्षा - उदाहरणका लागि ग्लालसीमा आधारित अथवा जडान गरिएको
पाठ्यसामग्री: Robert Hughes का लेखहरू र वर्तमार्न समीक्षाहरू ।
कार्यशाला: कार्यशालाका समूहहरूद्वारा प्रशिक्षकसंगै प्रदर्शनीको अवलोकन ।
गृहकार्य: ५०० शव्दको समीक्षा तयार गर्नुस् ।

**हप्ता १६ व्याख्यान:** केही नमूना समीक्षाहरूको प्रस्तुतिकरण ।
कार्यशाला: विद्यार्थीहरूका समीक्षाहरूको प्रस्तुतिकरण । एक आपसमा बाँड्ने र छलफल गर्ने ।

**हप्ता १७ व्याख्यान:** व्यक्तिगत विवरणहरू । शैली, लय, दृष्टिकोण, संगठन । पृष्ठभूमि सूचनाहरूलाई समालोचनात्मक मूल्यांकनसंग मिलाउने । विशिष्ट व्यक्तिको व्यक्तिगत विवरण । व्यक्तिगत विवरणहरूको विभिन्नतामा समालोचनात्मक छलफल। सम्भाव्य अतिथि पत्रकारको योगदान ।
पाठ्यसामग्री: David Remnick, Kenneth Tynan, David Thomson, Lyn Barber का लेखहरू र समकालीन व्यक्तिगत विवरणका उदाहरणहरू ।

**हप्ता १८ व्याख्यान:** छापामा अन्तर्वाता ।
कार्यशाला: कला पत्रकारिताका लागि छापा अन्तर्वाता सीपहरू । अतिथि अन्तर्वाता सहभागी ।
पाठ्यसामग्री: Lynn Barber र समकालीन अन्तर्वाताहरू ।

**हप्ता १९ व्याख्यान:** प्रशारण अन्तर्वाता ।
कार्यशाला: अन्तरवार्ता, सीप २, अतिथि अन्तर्वाता सहभागी ।

**हप्ता २० व्याख्यान:** मुख्य मुद्दाहरूको समीक्षा र उत्पादन चरणका लागि आवश्यक निर्देशन ।
हप्ता २१-२८ कार्यशालाहरू: विद्यार्थीहरूको समूहद्वारा कला पत्रिका/वेभसाइटका विभिन्न मुद्दाहरूको उत्पादन । कला दृश्यहरूको समाचार सम्प्रेषण, विशेष घटनाहरूको पुनरावलोकन, कलाकारहरू/नाटककारहरूको व्यक्तिगत विवरण तयार गर्ने इत्यादि ।

**हप्ता २९ कार्यशाला:** कला पत्रिकाहरूको समीक्षा । अतिथि कला पत्रकारहरूको निर्णायक दल ।
हप्ता ३० पाठ्यक्रम पुनरावलोकन । समापन छलफल ।

## मूल्यांकन

निम्नलिखित कुराहरूको समावेश भएको पत्रकारिताको *पोर्टफोलियो* : ७०० शव्दहरूको पुस्तक समीक्षा; ५०० शव्दहरूको ग्यालरीमा आधारित समीक्षा; ५०० शव्दहरूको नाचघरका प्रत्यक्ष कार्यक्रमहरूको समीक्षा; ३०० शव्दहरूको सांगीतिक कार्यक्रमहरूको अथवा सि.डि.को समीक्षा; ३०० शव्दहरूको एउटा फिल्म/टेलिभिजन कार्यक्रमको समीक्षा; १५०० शव्दहरूको कलाकार/नाटककार अथवा इतिहास/विकास/कुनै विशेष कलाको वर्तमान अवस्थाको एउटा समालोचनात्मक निवन्धको समीक्षा ।

**ध्यान दिनु पर्ने कुरा:** सबै समीक्षाहरूले एउटा प्रकाशन अथवा समाचार संस्थालाई औल्याउनु पर्दछ, ८०% ।
समीक्षाको जाँच गर्ने अनुभवको परीक्षण पुस्तिका/डायरी अभिलेख । के सिकियो? १००० शव्दहरू २०%

**टिप्पणी:**
यो रुपरेखा पत्रकारितामा पूर्वस्नातक तहको अन्तिम वर्षका लागि हो । यद्यपि यस मस्यौदाका लागि मेरो दृष्टिकोण Anglophone संस्कृतिमा आधारित छ । यो यस विचारमा भर परेको छ कि हामी संस्कृतिहरू बीच अगाडि बढ्दै जाँदा केही फरक भेटिए पनि सांस्कृतिक पत्रकारितामा साझा कार्यहरू छन् । यी साझा कार्यहरू मध्ये सांस्कृतिक पत्रकारिताको भूमिका जस्तैः
(१) सांस्कृतिक/कलात्मक उत्पादनका विभिन्न पक्षहरूको प्रवर्द्धन, विभिन्न तहमा सामुदायिक भावनाको सृजना गर्ने कलात्मक उत्पादनहरूको ऐतिहासिक कामलाई समर्थन गर्दै; (२) एउटा समालोचनात्मक मूल्यांकनको प्रक्रियामा पहिलो चरण (पहिलो खेस्रा मस्यौदा) सांस्कृतिक महत्व दर्शाउने सम्झनामा रहेका कुराहरू र सांस्कृतिक सिद्धान्तहरूको सांस्कृतिक उत्पादन, (३) विशिष्ट स्वाद र रुचिका विशेष समुदायहरूलाई विकास गर्न पाठक/दर्शकहरूलाई विभिन्न अवसरहरू प्रदान गर्ने अनौपचारिक शिक्षाको विधि; (४) आफैमा एउटा मनोरञ्जनको माध्यम, चाहे समालोचनात्मक वादविवादको सीमित आनन्दको रुपमा, सामाजिक 'कुरा गर्ने थलो' को सृजना अथवा मानवीय सृजना र सम्भावनाको उत्सव ।

पूर्व स्नातक कार्यक्रमका लागि पढ्ने कुराहरू छोट्याउदै दोहोऱ्याउने कार्यकलापहरूबाट प्रारम्भ गर्दै म व्याख्यानको विषयवस्तुलाई सरलीकरण गर्न मन पराउँला । म निबन्धको अनिवार्यतालाई पुनः परिभाषित गरौंला र यसलाई कला पत्रकारहरूले गर्ने कामको प्रतिवेदन बनाउँला । म *पोर्टफोलियोको* शब्दावली कम गरौंला । स्नातकोत्तर कार्यक्रमका लागि (सम्भवतया सानो संख्यामा) म गृहकार्यको कार्यबोझ बढाउँला र कार्यक्रमको अन्तमा एउटा आत्मसात गरिएको समाचार उत्पादनको लक्ष्य राखूँला : क्याम्पस भित्ते समाचारपत्र, एउटा *वेभसाईट*, एउटा टिभि पत्रिका, साधन स्रोतहरूको उपलब्धताको आधारमा ।

**Professor John Tulloch, Head, Lincoln School of Journalism, Univeristy of Lincoln, UK द्वारा योगदान गरिएको ।**

## समाचार सम्प्रेशनण र लेखन कार्य/सोपान ३: विशेषज्ञतायुक्त पत्रकारिता (अन्तर्राष्ट्रिय र विकास)

**कोर्सको स्तरः** अन्तिम वर्ष, स्नातक तह

**कोर्सको बयानः** पहिलो १५ हप्तामा, कोर्सले अन्तर्राष्ट्रिय समाचार सम्प्रेषण क्षेत्रको अन्वेषण गर्ने छ र विश्वको नयाँ समाचार संकलनको समालोचनात्मक दृष्टिकोणलाई उजागर गर्नेछ । विद्यार्थीहरूले

अन्तर्राष्ट्रिय मुद्दाहरूमा समाचार सम्प्रेषणका गृहकार्यहरू गर्ने छन् । दोस्रो १५ हप्तामा कोर्सले सामुदायिक पत्रकारिता, स्वतन्त्र समाचार उत्पादन, समाचार साक्षरता र 'डिजिटल प्रजातन्त्र' भनिने कुराहरूमा जोड दिंदै विकास पत्रकारिताका विषयहरू र अभ्यासहरूमा काम गर्न विकास समाचार माध्यम सिद्धान्तलाई प्रयोग गर्नेछ ।

**विधिः** व्याख्यानहरू, गोष्ठीहरू र कार्यशालाहरू ।

## शैक्षणिक दृष्टिकोण र विधि

अधिकाँश विकासशील देशहरूमा, अन्तर्राष्ट्रिय र विकास मामलाहरूको समाचार सम्प्रेषणलाई पूर्व स्नातक पत्रकारिता पाठ्यक्रममा मुस्किलले नै स्थान दिइएको हुन्छ । यस कोर्सले विद्यार्थीहरूलाई अन्तर्राष्ट्रिय समाचार सम्प्रेषण र विकास सम्बन्धी मुद्दाहरूमा समाचार सम्प्रेषणमा तालीम दिने उद्देश्य राखेको छ र उनीहरूलाई समाचार माध्यम र पत्रकारहरूको सामाजिक दायित्व बोध गर्न सघाउ पुऱ्याउने छ । यदि कक्षाहरूमा २० भन्दा बढी विद्यार्थीहरू छन् भने गृहकार्यका लागि पाँच वा सो भन्दा कमका समूहहरू बनाइने छन् ।

**साप्ताहिक घण्टी संख्याः** ३ घण्टा ।

**पाठ्यक्रमको हप्ता संख्याः** ३० हप्ता

## अनिवार्य र सिफारिश गरिएको पाठ्य सूची

### प्रशिक्षकका लागि

Daya Thussu (ed.) (2006). Media on the move: global flow and contra-flow. London: Routledge.
G. Stuart Adam, Roy Peter Clark (2005). Journalism: The Democratic Craft. New York: Oxford University Press.
Lee Artz and Yahya R. Kamalipour (eds.) (2006). The media globe: trends in international mass media, Lanham (MD): Rowman and Littlefields.
Indrajit Banerjee, Kalinga Seneviratne (ed.) (2005). Public Service Broadcasting: a Best Practices Sourcebook, Paris: Unesco.
Wilbur Schramm (1964). Mass Media and National development – The role of Informaiton in the Developing Countries. Unesco/Stanford University Press

### विद्यार्थीहरूका लागि

- Adam Gopnil. "Culture vultures." The New Yorker, May 24, 1999. Available at: http://www.newyorker.com/archive/1999/05/24/1999_05_027_TNY_LIBRY_000018234.

- C Bickler et al (2004). Reporting for Change: A Handbook for Local Journalists in Crisis Areas. Institute for War & Peace Reporitng. Avaialble at: http://www.iwpr.net/i ndex.php?apc_state=henh&s=0&0=special_index1.html
- Center for Digital Democracy – http://www.democraticmedia.org/Chatham House - http://www.chathamhouse.org.uk/
- Cyberjournalism. Net – http//www.cyberjournalist.net/
- Dart Center for Journalism and Trauma - http//www.dartcenter.org/
- Doug McGill (2005). Global Narratives for Local Audiences. The Nieman Conference on Narrative Journalism. Avaialble at: http//www.mcgillreport.org/NiemanSpeech.pdf
- Ezekiel Makunike (1993). Out of Africa: Western Media Stereotypes Shape Images.
- Media & Values No. 61 Available at: http//www.medialit.org/reading_room/ article 108.html
- Global Journalist - http//www.globaljournalist.org/web-content/index.html.
- Independent Media Center - http//www.indymedia.org/pt/index.shtml
- Institute for War and Peace Reporting - http//www.iwpr.net
- International Journalist' Network - http//www.ijnet.org/Director.aspx¿P=Home Inter Press Service – News Agency - http//www.ips.org/
- Jamal Eddine Naji (2006). Citoyens et media – guide practique pour un dialogue entre citoyens et media. Unesco/Organizaiton Marrocaine des Droits de l'homme.
- Jaap Van Ginneken (1998). Understanding Global News: A Critical Introduction. Thousand Oaks, CA: Sage Publications.
- Jeff Chester (2007). Digital Destiny – News Media and the Future of Democracy. New York: The New Press.
- Jerome Binde (2005). Towards Knowledge Societies: Unesco World Report. Paris, Unesco. Available at: http//portal.unesco.org/ci/en/ev.php-URL_ID=20507&URL_DO=DO_TOPIC&URL_SELECTION=201.html
- May Ann Gwinn. A deadly call of the wild. Seattle Times, 4 April 1989. In: Jon E. Lewis (2003). The Mammoth Book of Journalism. London: Constable & Robinson.
- Pamela Shoemaker, Akiba A. Cohen (2005). News around the World: Content, Practitioners, and the Public. New York: Routledge.
- Rosalia Winocur (2002). Ciudadanos Mediaticos – la construccion de lo publico en la radio. Barcelona: Editorial Gedisa.
- Reporters sans frontiers - http//www.rsf.org/
- The Australian Broadcasting Corporation's The Media Report. 03/05/2007 edition. Available at: http//www.abc.net.au/rn/mediareport/stories/2007/1909919.htm
- The International Center for Journalists - http//www.ijnet.org/Director.aspx¿P=Ethics
- The International News Safety Institute - http//www.newssafety.com/
- The Rome Consensus: Communication for development, http//www.devcomm-congress.org/worldbank/public.asp?idmacro=23&idmicro=43.
- The World Bank Projects & Operations - http//go.worldbank.org/BF7U187JMO
- Transparency International - http//www.transparency.org/

- Ulf Hannerz (2004). Foreign News: Exploring the World of Foreign Correspondents. Chicago: The University of Chicago Press.
- Unesco Institute for Statistics/Literacy Statistics. Available at: http//www.uis.unesco.org/ev.php?URL_ID=5204&URL_DO=DO+TOPIC&URL_SECTION=201
- United Nations Development Program - http//www.undp.org/
- W. James Potter (2005). Media Literacy, 3rd ed. Thousand Oaks, CA: Sage Publications
- World Association of Community Broadcasters - http//www.amarc.org.


**आवश्यक उपकरणहरू:** इन्टरनेट पहुँच भएको कम्प्युटर आवश्यक हुनेछ ।

**हप्ता १**

व्याख्यान: पाठ्यक्रमको पुनरावलोकन; तोकिएका सन्दर्भ सामग्रीहरू; पुस्तकहरू, पत्रिकाहरू, *वेभसाइटहरू* र *ब्लकहरू* ।

मूल्याकनको तरिका: समाचार लेखन र कक्षा हाजिरी ।

**हप्ता २**

व्याख्यान: प्रशिक्षकले एउटा महादेशको छनौट गर्ने छन् । यसलाई प्रस्तुत गर्ने छन् । विद्यार्थीहरूलाई एउटा देश छान्न लगाउने छन् ।

कक्षा कार्य: छानिएका देशहरू र मुद्दाहरूमा छलफल: यस सन्दर्भमा अन्तर्राष्ट्रिय सूचना ।

लेखन गृहकार्य: विद्यार्थीहरूलाई छानिएको देशका कुनै एक पक्ष बारे ३० पंक्तिहरू लेख्न ४५ मिनेट दिइनेछ ।

आवश्यक पाठ्यसामग्री: van Ginneken को अध्याय २ र ३ ।

**हप्ता ३**

व्याख्यान: अन्तराष्ट्रिय/बैदेशिक समाचार के के ले बनेको हुन्छ ? समाचारको संरचना ।

बाह्य कार्यकलाप: एउटा अन्तर्राष्ट्रिय समाचार संस्था अथवा एउटा स्थानीय समाचार पत्र अथवा टि.भि. स्टेशनको अवलोकन अथवा Inter Press Service को वेभसाइटमा अनुसन्धान ।

आवश्यक पाठ्यसामग्री: van Ginneken को अध्याय ६ र ७ ।

**हप्ता ४**

व्याख्यान: बैदेशिक समाचार सम्प्रेषणका नमूनाहरू: समाचारका विषयहरू; समाचारमूलकताको दृष्टिकोण ।

कक्षा कार्य: अन्तर्राष्ट्रिय समाचार प्रवाहमा छलफल ।

समाचार सम्प्रेषण/लेखन गृह कार्य: विद्यार्थीहरूले एउटा स्थानीय घटनाको समाचार संकलन गर्ने

छन् र एउटा अन्तर्राष्ट्रिय माध्यमको लागि समाचार लेख्ने छन् ।
आवश्यक पाठ्यसामग्रीः Shoemaker/Cohen को अध्याय २ र ७ ।

**हप्ता ५**

अतिथि व्याख्यानः एउटा अन्तर्राष्ट्रिय विदेशी सम्वाददाता ।
डकुमेन्ट्रीः Press pass to the World (2005): Director: Craig McCourry. Run time: 83 min.
समाचारमूलकताको दृष्टिकोणमा छलफल ।

**हप्ता ६**

कक्षा कार्यः सूचना संकलन गर्ने १ : अन्तर्राष्ट्रिय समाचार स्रोतहरू पत्ता लगाउने ।
समाचार सम्प्रेषण/लेखन गृहकार्यः विद्यार्थीहरूले ३ वटा वेभसाइटमा अनुसन्धान गर्ने छन्ः Reporters Without Borders, Chathan House, and the International Journalists' Network.
आवश्यक पाठ्यसामग्रीः Hannerz को अध्याय ७ ।

**हप्ता ७**

कक्षा कार्यः सूचना संकलन २ः अन्तर्राष्ट्रिय समाचारका लागि अन्तर्वाता संचालन गर्ने ।
बाह्य कार्यकलापः विद्यार्थीहरूले वेभसाइटमा प्राप्त भएको विषयमा एउटा विदेशी सम्वादाताहरूको अन्तर्वाता लिने छन् ।
आवश्यक पाठ्यसामग्रीः Gwinn's "A Deadly Call of the Widl" Seattle Times, 4 April 1989.

**हप्ता ८**

कक्षा कार्यः अन्तर्राष्ट्रिय समाचार सम्प्रेषण शैलीहरूमा छलफल ।
लेखन गृहकार्यः विद्यार्थीहरूले Seattle Times का लागि Gwinn को विवरण लाई पुनः लेख्ने छन् ।
आवश्यक पाठ्यसामग्रीः McGill (2005) को लेख ।

**हप्ता ९**

व्याख्यानः अन्तर्राष्ट्रिय समाचार संस्थाः वर्तमानमा कसरी पारम्परिक र अनलाइन समाचार संस्था संगठित गरिएका छन् ।
कक्षा कार्यः विश्वव्यापी भनिने समाचारहरूमा छलफल ।
अन्तर्राष्ट्रिय समाचार संकलनमा प्रविधिको प्रभावः दैनिक र नागरिक पत्रकारिता ।
आवश्यक पाठ्यसामग्रीः Cyberjournalism.Net वेभसाइटमा अनुसन्धान ।

## हप्ता १०

गोष्ठीः कसरी इन्टरनेट अन्तर्राष्ट्रिय समाचार सम्प्रेषणको उपकरण हुन सक्छ भन्ने कुरामा छलफल।
समाचार सम्प्रेषण/लेखन गृहकार्यः विद्यार्थीहरूले एउटा अन्तर्राष्ट्रिय समाचार ब्लगको निर्माण गर्ने छन् - शीर्षक खण्ड र विषयवस्तु सहित।
आवश्यक पाठ्यसामग्रीः Reporting for Change: A Handbook for Local Journalists in Crisis Areas.

## हप्ता ११

फिल्मः Live from Baghdad (2002). Director: Mick Jackson. 110 minutes, Drama/War
गोष्ठीः द्वन्द्वग्रस्त क्षेत्रहरूमा पत्रकारहरूको सुरक्षा विषयमा छलफल।
समाचार सम्प्रेषण र गृहकार्यः विद्यार्थीहरूले Institute for War and Peace Reporting र Dart Centre for Journalism and Trauma को वेभसाइटमा भएको सामग्री भएको आधारमा समाचार कथा लेख्ने छन्।
पाठ्यसामग्रीः Makunike, 1993 को लेख।

## हप्ता १२

कक्षा कार्यः अन्तर्राष्ट्रिय समाचारको सम्प्रेषणमा पारम्परिकतामा छलफलः के तिनी अहिले पनि विद्यमान छन्? तिनीहरूले के भूमिका खेल्छन र त्यसलाई कसरी हटाउन सकिन्छ?
आवश्यक पाठ्यसामग्रीः Global Journalist साइटमा अनुसन्धान।

## हप्ता १३

अतिथि व्याख्यानः एउटा अन्तर्राष्ट्रिय समाचार सम्बवादाताले आफ्नो कार्यतालिकाबारे बोल्ने छन्।
समाचार सम्प्रेषण/लेखन कार्यः विद्यार्थीहरूले अतिथिबक्ताको अन्तर्वाता लिने छन् र रेडियो, टि.भि., पत्रिका, समाचार पत्र, समाचार संस्था र औनलाइनका लागि उक्तिहरूको प्रयोग गरी समाचार कथा लेख्ने छन्।
आवश्यक पाठ्यसामग्रीः International Principe's of Professional Ethics in Journalism (UNESCO) र International Centre for Journalist's List of Codes of Ethics.

## हप्ता १४

कक्षा कार्यः पत्रकारले ध्यान दिनु पर्ने अन्तर्राष्ट्रिय सिद्धान्तहरूमा छलफल।
बाह्य क्रियाकलापः स्थानीय समाचार कक्ष (समाचारपत्र, रेडियो, टि.भि, समाचार संस्था अथवा *औनलाइन* सामग्री) बाट समाचार सामग्री प्रयोग गरी अन्तर्राष्ट्रिय समाचार कथाहरूको उत्पादन।
आवश्यक पाठ्यसामग्रीः पत्रकारहरू र कानून। विभिन्न देशहरूमा बैधानिक पत्रकारिता आचारशास्त्र।

### हप्ता १५

कक्षा कार्यकलाप: पत्रकारिता कानूनहरूमा छलफल र विभिन्न देशहरूमा प्रेस स्वतन्त्रता ।

लेखन गृहकार्य: विद्यार्थीहरूले प्रेस स्वतन्त्रताका समाचार कथाहरू लेख्न एउटा देश छान्ने छन् ।

### हप्ता १६

व्याख्यान: विकास सिद्धान्त ।

राष्ट्रिय विकासबारे अध्ययनहरूको ऐतिहासिक दृष्टिकोण ।

कक्षा कार्यकलाप: राष्ट्रिय विकासको अवधारणामा छलफल ।

आवश्यक पाठ्यसामग्री: संस्थाको अत्याधुनिक विश्वव्यापी साक्षरताको तथ्यांकहरूको लागि Unesco Institute for Statistics website मा अनुसन्धान ।

### हप्ता १७

अतिथि व्याख्यान: मुख्य विकास शीर्षकहरू प्रस्तुत गर्नका लागि अन्तर्राष्ट्रिय सम्बन्धका प्राध्यापक ।

लेखन गृहकार्य: विद्यार्थीहरूले प्रशिक्षकले दिएको सूची बाट अन्य देशको तुलनामा आफ्नो देशको साक्षरता अवस्थाको समाचार कथामा ४५ हरपको लेख लेख्ने छन्।

आवश्यक पाठ्यसामग्री: Potter's (2005) प्रशिक्षकले छानेका अध्यायहरू ।

### हप्ता १८

व्याख्यान: समाचार संस्थाहरू र विकास मुद्दाहरूमा अन्तर्राष्ट्रिय समाचार संकलन ।

कक्षा कार्यकलाप: समाचार माध्यमहरूको साक्षरता र/अथवा पाठकवर्गमा समाचार माध्यामबाट प्रभाव ।

प्रतिवेदन लेख्ने/समाचार लेख्ने गृहकार्य: विद्यार्थीहरूले समाचार माध्यमको प्रभावबारे प्रशिक्षकले दिएको सूचीबाट कम्तिमा दुइटा देशको समाचार कथाहरू विकास गर्ने छन् ।

आवश्यक पाठ्यसामग्री: Naji's (2006) नागरिकहरू र समाचार माध्यमहरू बारे प्रतिवेदन ।

### हप्ता १९

व्याख्यान: विकासशील राष्ट्रहरूमा आम-समाचार माध्यमहरूको अवस्था: समाचार पत्रका पाठक रेडियो र टेलिभिजन श्रोता/दर्शकहरू ।

कक्षा कार्यकलाप: विकासशील देशहरूमा विकास पत्रकारिताका विरुद्ध आम संचार माध्यम ।

प्रतिवेदन लेख्ने/लेखन गृहकार्य: विश्वबैंक र संयुक्त राष्ट्र विकास कार्यक्रमको वेभसाईटमा विकासमा समाचार कथाहरूका श्रोतहरू पत्ता लगाउन अनुसन्धान ।

**हप्ता २०**

कक्षा कार्यकलापः विकास मुद्दाहरूः कसरी पत्रकारहरूले वातावरण र स्वास्थ मुद्दाहरूका समाचार संकलन गर्दछन् ।

बाह्य क्रियाकलापः एउटा स्थानीय NGO को अवलोकन (अथवा एउटा स्थानीय दूतावास वा कन्सुलेट) जसले वातावरणका मुद्दाहरूसित सम्बन्धित परियोजनाहरू विकास गर्दछन् ।

आवश्यक पाठ्यसामग्रीः Independent Media Centre को वेभसाइटमा अनुसन्धान।

**हप्ता २१**

कक्षा कार्यकलापः स्वतन्त्र समाचार माध्यमका लागि समाचार उत्थानः खुला पहुँच भएका सूचना श्रोतहरू ।

लेखन गृहकार्यः विद्यार्थीहरूले वातावरण अथवा स्वास्थ्यमा एउटा क्षेत्रीय/अन्तर्राष्ट्रिय स्वतन्त्र समाचार संस्थाका लागि समाचार कथाहरू लेख्ने छन् ।

आवश्यक पाठ्यसामग्रीः Wincocur's (2002) अध्याय ३ः र AMARC को वेभसाईटमा अनुसन्धान ।

**हप्ता २२**

अतिथि व्याख्यानः AMARC को स्थानीय प्रतिनिधि ।

कक्षा कार्यकलापः सामुदायिक रेडियो स्टेशन र कसरी नागरिकहरूले सूचना दिन्छन् र सूचना लिन्छन् भन्ने कुरामा छलफल ।

**हप्ता २३**

वाह्य क्रियाकलापः एउटा सामुदायिक रेडियो स्टेशनको अवलोकनः सामुदायिक प्रसारणकर्ताहरूसंग अन्तर्वाता ।

आवश्यक पाठ्यसामग्रीः Gopnik's 1999 को Culture Vultures भन्ने लेख ।

**हप्ता २४**

कक्षा कार्यकलापः अन्तराष्ट्रिय समाचार संस्थाहरूद्वारा हिंसा सम्बन्धी समाचार संकलनमा छलफल ।

लेखन गृहकार्यः विद्यार्थीहरूले सामुदायिक रेडियो स्टेशनहरूका बारेमा अन्तराष्ट्रिय समाचार कथाहरू लेख्ने छन् ।

आवश्यक पाठ्यसामग्रीः Transparency International को वेभसाइटको बारेमा अनुसन्धान ।

**हप्ता २५**

अतिथि व्याख्यानः एउटा स्थानीय Transparency International को कर्मचारी अथवा एउटा अन्तर्राष्ट्रिय संगठन जस्तै ONU को प्रतिनिधि ।

कक्षा कार्यकलाप: भ्रष्टाचारका मुद्दाहरूमा समाचार लेखन - पत्रकारहरूका लागि श्रोतहरू र डेटावेसहरूमा छलफल ।

**हप्ता २६**

कक्षा कार्यकलाप: सार्वजनिक रुचिमा छलफल: के विकासशील देशहरूमा मानिसहरूले विकास मुद्दाहरूका बारेमा थाहा पाउँछन् ।

लेखन गृहकार्य: अन्तर्राष्ट्रिय समाचार माध्यमका लागि गवन अथवा भ्रष्टाचारका बारेमा समाचार कथाहरू ।

आवश्यक पाठ्यसामग्री: Chester's (2007) को अध्याय ११ ।

**हप्ता २७**

कक्षा कार्यकलाप: डिजिटल संचार, समाचार माध्यम पद्धतिहरू, र प्रजातन्त्रका बारेमा छलफल ।

बाह्य कार्यकलाप: सरकारी संचार कार्यालयको अवलोकन ।

पाठ्यसामग्री: ABC's The Media Report को अभिलेख - 03/05/2007 संस्करण ।

**हप्ता २८**

व्याख्यान: इन्टरनेट, नागरिक समाज र प्रजातन्त्र ।

कक्षा कार्यकलाप: सशक्तीकरणको औजारको रुपमा समाचार माध्यममा छलफल ।

आवश्यक पाठ्यसामग्री: The Rome Consensus: Communicaiton for Developemnt र पत्रकारिताका लागि यसको प्रभाव ।

**हप्ता २९**

कक्षा कार्यकलाप: पत्रकारिता विकासका लागि अन्तर्राष्ट्रिय विषयवस्तुमा छलफल ।

लेखन गृहकार्य: विद्यार्थीहरूले विकास संचारका लागि अन्तर्राष्ट्रिय सम्झौतामा कुनै एउटा अन्तर्राष्ट्रिय समाचार संस्थाका लागि समाचार कथा लेख्ने छन् ।

आवश्यक पाठ्यसामग्री: Towards Knoweldge Societies: the Unesco World Report

**हप्ता ३०**

कक्षा कार्यकलाप: विभिन्न देशहरूमा समाचार माध्यम र Information Society को अवस्थाबारे छलफल ।

लेखन गृहकार्य: विद्यार्थीहरूले छानिएका विकासशील राष्ट्रहरूमा e-governance आर्थिक बृद्धि र मानव अधिकारका बारेमा समाचार कथाहरू लेख्ने छन् ।

### श्रेणीवद्ध गर्ने र मूल्यांकन व्यवस्था

हाजिरी: २०%
कक्षा गृहकार्य: ५०%
अन्तिम परीक्षा: ३०%

### टिप्पणी:

स्नातकोत्तर पाठ्यक्रममा अन्तर्राष्ट्रिय समाचार र विकास मामलाहरूका सम्बन्धमा वृहत् अध्ययन र व्याख्यात्मक प्रतिवेदन लेख्ने कार्य हुनेछ। यसले सम्बन्धित विषयहरूमा गहन सूचना समावेश गर्नेछ जसबाट विद्यार्थीहरूलाई स्नातकोत्तर तहको थेसिसको विषय छान्न सहायता पुग्नेछ।

**Sonia Virginia Moreira, Associate Professor, Rio de Janerio State Univeristy, Brazil द्वारा योगदान गरिएको।**

---

## समाचार सम्प्रेषण र लेखन कार्य/सोपान ३: विशेषज्ञतायुक्त पत्रकारिता (राजनीति शास्त्र र सरकार)

**कोर्सको स्तर:** अन्तिम वर्ष, स्नातक उपाधि।

**कोर्सको बयान:** यस कोर्सको उद्देश्य राजनीतिक समाचार सम्प्रेषण र लेखन, समाचार संकलन, अनुसन्धान प्रविधिहरू तथा कार्यक्रमको समाचार संकलन बारे विस्तृत प्रयास गर्ने रहेको छ। विद्यार्थीहरूले प्रयोगात्मक स्तरमा काम गर्ने छन् र राजनीतिक परिदृश्यलाई आकार दिने खेलाडीहरू, प्रक्रियाहरू, शीर्षक र नीतिहरूमा छलफल गर्ने छन्। उनीहरू क्षेत्रमा जहाँ जहाँ कथाले डोहोर्‍याउँछ समाचार र विस्तृत कथानक लेखहरूको संग्रह तयार गर्दै तिनीहरूमा समाचार सम्प्रेषण गर्ने छन्। उनीहरूलाई राजनीतिक विवादहरूको समालोचनात्मक विश्लेषणमा सुधार ल्याउन प्रोत्साहित गरिनेछ। कोर्सले राजनीतिक संचार, नागरिक पत्रकारिता, प्रजातान्त्रिक वातावरणमा समाचार माध्यमको भूमिका र राजनीतिक संचारको लक्षको रुपमा रहेको जनमतका अति सान्दर्भिक पक्षहरूको समीक्षा गर्नेछ। यसले समाचार माध्यमको स्वामित्व, अभिव्यक्तिको स्वतन्त्रता, सेन्सर गर्ने कार्य सार्वजनिक सूचनाको पहुँचलाई नियमन तथा अवरोध गर्ने कार्य सम्बन्धी बादविवादलाई बढावा दिनेछ।

**प्रणाली:** व्याख्यानहरू, गोष्ठीहरू, कार्यशालाहरू र व्यक्तिगत गृहकार्यहरूको सम्मिश्रण।

**शैक्षणिक दृष्टिकोण अथवा विधिः** कोर्सले अवधारणात्मक र प्रयोगात्मक विषयवस्तु र कार्यकलापहरूको सम्मिश्रण समावेश गर्नेछ । गोष्ठीहरू र कार्यशालाहरूको साथै प्रशिक्षकहरू तथा कार्यरत पत्रकारहरूद्वारा परम्परागत व्याख्यानहरू हुनेछन् । प्रत्येक गोष्ठीमा त्यस दिनको मुद्दामा प्रयोगात्मक कार्य हुनेछ । प्रत्येक विद्यार्थीलाई चारवटा विशेष प्रतिवेदनहरू लेख्न लगाइने छन् जुन हप्ता ८ मा (एउटा राजनीतिक संस्था अथवा इच्छुक समूहमा), हप्ता १५ मा (कोर्सको दौरानमा छलफल हुने मुख्य राजनीतिक, आर्थिक, अथवा सामाजिक मुद्दाहरू र नीतिहरूमध्ये कुनै एकमा), हप्ता २१ मा (चुनाव लडिरहेको राजनीतिक दल अथवा उम्मेदवारमा) र हप्ता ३० मा (राजनीतिक चुनाव अभियानको आयश्रोत जुटाउनेमा) बयान गरिने र छलफल गरिनेछ ।

**प्रतिहप्ता घण्टी संख्याः** ४ घण्टा (२-व्याख्यानहरू, २-गोष्ठी र कार्यशाला)

**पाठ्यक्रमको जम्मा हप्ता संख्याः** पूरा वर्षको पाठ्यक्रमः ३० हप्ता ।

आवश्यक र सिफरिश गरिएको पाठ्यवस्तु

(थप स्थानीय सन्दर्भ सामग्री आवश्यक छ )

आवश्यक पाठ्यवस्तुका लागि कृपया कक्षाहरूको समय तालिका हेर्नु होस् ।


- Jenkins, Henry, and Thorburn, David (eds.) (2003). Democracy and New Media, MIT Press.
- Lavrakas, Paul, and Traugott, Michael (eds.) (2000), Election Polls, News Media and Democracy, Seven Bridges Press.
- Raymond Kuhn, Erik Neveu (eds.) (2002), Political Journalism: New Challenges, New Practices, Routledge/ECPR Studies in European Political Science.
- McNair, Brian (2000). Journalism and Democracy An Evaluation of the political public sphere, Routledge Taylor & Francis Group.
- Yantek, Thom, and Harper, Joe (2003), Media, Profit and Politics: Competing Priorities in an open society, Kent State University Press.
- Curran, James and Gurevitch, Michael (2000), Mass Media and Society, Oxford University Press.
- Curran, James and Park, Myung-Jin (2000), De-Westernizing Media Studies, Routledge.
- Price, Monroe, Rozumilowicz, Beata and Verhulst, Stefaan (eds.) (2002), Media Reform: Democratizing the Media, Democratizing the State, Routledge.
- De Burgh, Hugo (2005), Making Journalists Diverse Models, Global Issues, Routledge.
- Swanson, David and Mancini, Paolo (1996), Politics, Media and Modern Democracy, Praeger/Greenwood.
- Gunther, Richard and Mughan, Anthony (2000), Democracy and the Media: A Comparative Perspective, Cambridge University Press.
- Freedom House (2006), Freedom of the press. A global survey of media independence, Rowman and Littlefield. Available at:

http://www.freedomhouse.org/ template.cfm?page=251&year=2006.

- Centro para la Apertura y el Descarrollo de America Latina (Cadal) (2006), Indicadores de Periodismo y Democracia a nivel local en America Latina, N. 6, Segundo semester, 2006, Available at: www.cadal.org.
- Herbert, John (2000), Practising Global Journalism: Exporting Reporting Issues, Focal Press.
- Cole, Richard (2000), Communication in Latin America: Journalism, Mass Media and Society, Wilmington, Del.: Scholarly Resources.
- Fox, Elizabeth and Waisbord, Silvio (2002), Latin Politics, Global Media, University of Texas Press.
- Hackett, Robert (2001), Building a Movement for Media Democratization. In P. Philipps and Project censored. Project Censored 2001, Seven Stories.
- Hackett, Robert and Carroll, William (2006), Remaking Media: the Struggle to Democratize Public Communication, Routledge.
- McChesney, Robert Waterman. (2002), Rich media, poor democracy: Communication politics in dubious times, New Press.
- Priess, Frank (ed.) (2002), Relacion entre politica y medios, Temas.
- Garcia Beaudoux, Virginia (2005), Comunicacion politica y campanas electorales. Estrategias en elecciones presidenciales, Gedisa.
- Ellis, Barbara (2007), The Copy Editing and Headline Handbook, Basic Books.
- Fox, Walter (2001), Writing the News: A Guide for Print Journalists, Iowa State University press.
- Levin, Mark (2000, The Reporter's Notebook: Writing Tools for Student Journalists, Mind-Stretch Publishing.
- Ryan, Buck and O'Donnell, Michael (2001), The Editor's Toolbox: A Reference Guide for Beginners and Professionals, Blackwell Pub Professional.
- Stein, M. Paterno, Susan, and Burnett, Christopher (2006), The Newswriter's Handbook Introduction to Journalism, Blackwell Publishing.
- Howard, Ross (2004), Conflict Sensitive Journalism. a Handbook. Available at: http://www.i-m-s.dk/media/pdf/Handbook%20pdf-vers%20eng%20220404.pdf
- Armstrong, Rob (2002), Covering Government: A Civics Handbook for Journalists, Blackwell Publishing.
- Armstrong, Rob (2004), Covering Politics: A Handbook for Journalists, Blackwell Publishing.
- Perloff, Richard (1998), Political Communication PR: politics, Press and public and America, Lawrence Erlbaum Associates.
- Cook, Timothy (1998), Governing with the News: The News Media As a Political Institution, University of Chicago Press.
- The Chicago Manual of Style, 15th ed. (2003).
- The Associated Press STyledbook (2006)
- Buzan, Barry (2003), Regions and Powers: The Structure of International Security, Cambridge University Press.
- United Nations Economic and Social Commission (2006), Annual Review of Developments in Globalization And Regional Integration in the Countries of the

ESCWA Region, United Nations Publications.
- World Bank (2004). Global Economic Prospects, 2004: Realizing the Development Promise of the Doha Agenda 2004, World Bank Publications.

**उपकरणः** इन्टरनेट सुविधा भएको कम्प्यूटरको सुविधा आवश्यक छ ।

## कक्षाहरूको समय तालिका

### हप्ता १

पाठ्यक्रमको परिचयः पाठ्यक्रमको पाठ्यसामग्री तथा विधिहरूको सूचीहरूमा छलफल । मूल्यांकन विधिहरू तथा प्रयागात्मकको व्याख्या । विद्यार्थीहरूको पूर्व ज्ञान र अध्ययन क्षेत्रबारेमा उनीहरू कति परिचित छन् भन्ने जाँच गर्न छोटो परिचयात्मक जाँच । पहिलो विशेष प्रतिवेदनको व्याख्या (हप्ता ८ मा दिनु पर्ने)ः विद्यार्थीहरूले एउटा राजनीतिक संस्था अथवा एउटा इच्छुक समूह छान्ने छन् र तीन जनाको समूहमा उनीहरू काम गर्नेछन् । उनीहरूले सम्बन्धित छानिएको संस्था अथवा समूहका बारेमा समाचार संकलनका समस्याहरू र चुनौतीहरू सम्बोधन गर्दै एउटा २५०० शव्दको प्रतिवेदन तयार गर्ने छन् । उनीहरूले संस्थाले खेल्ने राजनीतिक भूमिका बारेमा र यसको राजनैतिक क्षेत्रका अन्य खेलाडीहरूसंग यसका रुचिहरू सम्बन्धमा पनिबयान गर्ने छन् । यस प्रतिवेदनमा पत्रकारहरू र यस क्षेत्रमा काम गर्ने प्रवक्ताहरूका अन्तर्वाताहरू समावेश हुनु पर्दछ ।
हप्ता २ का लागि पाठ्यसामग्रीः Armstrong (2002, 2004) र Perloff (1998).

### हप्ता २

व्याख्यानः संस्थाहरू, संगठनहरू र राजनीतिक खेलाडीहरू । प्रजातान्त्रिक पद्धतिमा शक्ति पृथक्कीकरण, कार्यपालिका (क्षेत्रहरू र संगठनहरू कार्यप्रणाली प्रशासनिक तहहरू)।
विधायिकाः (संरचना, समितिहरू, बैधानिक प्रक्रियाहरू, राजनीतिक दलको प्रतिनिधित्व) र न्यायपालिका (संरचना र संगठन) न्यायालयहरू, कानूनहरू) गोष्ठीः विधायिकाहरू र उच्चत्तम न्यायालय बारे समाचार सम्प्रेषण र लेखनका मुख्य विशेषताहरूमा छलफल । गृहकायः एउटा कर्मचारी अथवा विधायिकाको बैठकको प्रेस सम्मेलनको समाचार संकलन । हप्ता ३ का लागि पाठ्यसामग्रीः Armstrong (2002, 2004) र Perloff (1998)

### हप्ता ३

व्याख्यानः इच्छुक समूहहरू, शक्तिका अन्य श्रोतहरू, सशस्त्र बलहरू, युनियनहरू, धार्मिक संगठनहरू, निजी कम्पनीहरू, गैससहरू । अनौपचारिक समूहहरूको दवावः आतंककारीहरू, गुरिल्लाहरू, लागु पदार्थहरू र हतियार विक्रेताहरू, प्रदर्शनकार्यहरू, अपराधीहरू, पाकेटमारहरू ।
निम्नलिखित क्षेत्रहरू र कलाकारहरूमा पत्रकारिताहरूका कठिनाईहरूका बारेमा छलफल ।

गोष्ठी: विरोधी वातावरणमा समाचार सम्प्रेषण र लेखनका चुनौतीहरू । गृहकार्य: एउटा इच्छुक समुहका दुईजना सदस्यहरूसंग अन्तर्वाता ।
हप्ता ४ का लागि पाठ्यसामग्री: Armstrong (2002, 2004) र Perloff (1998)

**हप्ता ४**

वाख्यान: राजनीतिक दलहरू । मुख्य राजनीतिक दलहरू, तिनको पृष्ठभूमि, उनीहरूको दार्शनिक आधार, वर्तमान राष्ट्रिय इतिहासमा उनीहरूको योगदान, उनीहरूका मुख्य रेफरेन्ट(referents)। राजनीतिक पद्धति र सम्बैधानिक कानून । निर्वाचन कानून, निर्वाचन पद्धति, सहभागिता र भोट दिने। गोष्ठी: मुख्य राजनीतिक दलहरूको वर्तमान अवस्था र निर्वाचन अभियानको सन्दर्भमा उनीहरूको परिदृश्यको विश्लेषण ।
गृहकार्य: एउटा राजनीतिक सम्मेलनको समाचार संकलन ।
हप्ता ५ का लागि पाठ्यसामग्री: Curran and Park (2004), Armstrong (2004) र Perrloff (1998)

**हप्ता ५**

व्याख्यान: राजनीतिक प्रक्रियाहरू, वर्तमान इतिहास, सबैभन्दा बढी सान्दर्भिक वर्तमान राष्ट्रिय घटनाहरूको विवरण । कारणहरू र राजनीतिक सन्दर्भहरू, मुख्य राजनीतिक कलाकारहरू, परिणामहरू, वर्तमान राजनीतिक परिदृश्यका प्रभावहरू, क्षेत्रीय र अन्तर्राष्ट्रिय ढाँचाहरू ।
गोष्ठी: सम्बोधन गरिएका घटनाहरूको समाचार संकलनको विश्लेषण ।
गृहकार्य: घटनाहरूमा संलग्न दुईटा राजनीतिज्ञहरूको अन्तर्वाता ।
हप्ता ६ का लागि पाठ्यसामग्री । Curran and Park (2000), Armstrong (2004) / Perrloff (1998)

**हप्ता ६**

व्याख्यान: राजनीतिक वादविवाद । वर्तमान इतिहास: गत दशकमा सबैभन्दा बढी सान्दर्भिक राजनीतिक, आर्थिक, र दार्शनिक वादविवादहरूको विवरण, स्पष्टीकरणहरू, राजनीतिक ढाँचा, समर्थकहरू र विरोधीहरू । क्षेत्रीय र अन्तर्राष्ट्रिय ढाँचाहरू ।
गोष्ठी: व्याख्यानमा सम्बोधन गरिएको वादविवाद सम्बन्धी मुख्य दार्शनिक प्रवृत्तिहरूमा छलफल ।
गृहकार्य: छलफल गरिएको घटनाहरू सम्बन्धमा एउटा इतिहासकार र समाज शास्त्रीको अन्तर्वाता ।
हप्ता ७ का लाठि पाठ्यसामग्री: Curran and Park (2000), United Nations (2006) .

**हप्ता ७**

व्याख्यान: क्षेत्रीय प्रक्रियाहरू । छिमेकीहरूसंग सम्बन्ध । एकीकरण र सहयोग । संस्थागत संरचना ।

कठिन क्षेत्रीय मुद्दाहरू आर्थिक एकीकरण मौलिक अन्तर्राष्ट्रिय प्रक्रियाहरूमा क्षेत्रीय संलग्नता।
गृहकार्य: ती प्रक्रियाहरूमा कार्यरत सरकारी कर्मचारी र गैरसरकारी संगठनका सदस्यसंग अन्तरवार्ता।
गोष्ठी: चालू क्षेत्रीय प्रक्रियाहरू र समाचार माध्यमको समाचार संकलनमा तिनीहरूको प्रभावबारे छलफल।

**हप्ता ८**

गोष्ठी र कार्यशाला: राजनीतिक संस्था अथवा इच्छुक समूहको पहिलो विशेष प्रतिवेदनको मौखिक प्रस्तुति र त्यसमा छलफल।
हप्ता ९ का लागि पाठ्यसामग्री। Armstrong (2002), Buzan (2003) and Howard (2004)

**हप्ता ९**

व्याख्यान: मुख्य राष्ट्रिय सुरक्षा मुद्दाहरू र नीतिहरू। बैदेशिक र सुरक्षा नीतिहरू: छोटो ऐतिहासिक पृष्ठभूमि, मुख्य रुपरेखाहरू, रणनीतिहरू, मित्रहरू र प्रतिस्पर्धीहरू। गाहर्स्थ, असुरक्षा, र विश्वव्यापी धम्कीहरू। आतंकबाद, लागु पदार्थ कारोवार, निषेधित वस्तुको कारोवार, संकटकाल।
गोष्ठी: क्षेत्रमा रहेको सबैभन्दा सान्दर्भिक समाचार माध्यमका कथाहरूको विश्लेषण। सम्वन्धित क्षेत्रमा विशेषज्ञता प्राप्त एउटा अतिथि पत्रकार प्रस्ताव गरिन्छ।
गृहकार्य: ग्राहर्स्थ असुरक्षाको तुलनात्मक तथ्यांक भएको एउटा लिखित प्रतिवेदन। दोस्रो विशेष प्रतिवेदनको व्याख्या। (हप्ता १५ मा दिनु पर्ने): विद्यार्थीहरूले हप्ता ९, १० र ११ मा छलफल गरिएको एउटा मुख्य राजनीतिक, आर्थिक अथवा सामाजिक मुद्दा र नीति छान्ने छन्। उनीहरू ३ जनाको समूहमा काम गर्ने छन्। उनीहरूले छानिएको विषयमा एउटा २५०० शव्दको अन्तर्वाता र तथ्यांक समेत संलग्न भएको विस्तृत लिखित प्रतिवेदन तयार गर्ने छन्। विद्यार्थीहरूले ती मुद्दाहरूको आफनो देशमा परेको प्रभाव चित्रण गर्ने छन् र क्षेत्रीय तुलनात्मक ढाँचा प्रस्तुत गर्ने छन्।
हप्ता १० का लागि पाठ्यसामग्री: विश्व बैंक, (२००४)।

**हप्ता १०**

व्याख्यान: मुख्य राष्ट्रिय आर्थिक मुद्दाहरू र नीतिहरू। राजनीतिक अर्थव्यवस्था: कलाकारहरू र कार्यहरू। ढुकुटी, केन्द्रीय बैंक-संघीय कोष, वित्तीय क्षेत्र। आर्थिक विषयहरू। आर्थिक क्षेत्रहरू: कृषि, उद्योग, सेवाहरू: उर्जा संकट। राष्ट्रिय इच्छुक समूहहरूको आर्थिक नीतिहरूमा प्रभाव। अन्तर्राष्ट्रिय कलाकारहरू: अन्तर्राष्ट्रि मुद्रा कोष, विश्व बैंक, क्षेत्रीय संगठनहरू।
गोष्ठी: क्षेत्रमा रहेको सबैभन्दा सान्दर्भिक समाचार माध्यमका कथाहरूको विश्लेषण। त्यस क्षेत्रमा विशेषज्ञता भएको अतिथि पत्रकारको प्रस्ताव गरिन्छ।
गृहकार्य: प्रत्येक आर्थिक क्षेत्रको बदलिंदो प्रभावमा जोड दिंदै देशको आर्थिक विकासको तुलनात्मक

तथ्यांक भएको लिखित प्रतिवेदन ।

हप्ता ११ का लागि पाठ्यसामग्रीः Perloff (1998) .

**हप्ता ११**

व्याख्यानः मुख्य सामाजिक मुद्दाहरू र नीतिहरू । गरिवी, बेरोजगारी, बसाईसराई, भेदभाव । विश्वव्यापी परिवर्तनहरू र त्यसको गाहस्र्थ्य परिदृश्यमा प्रभाव । वातावरण । स्वास्थ्य सेवाहरू । शिक्षा । क्षेत्रीय ढाँचा ।

गोष्ठीः क्षेत्रमा सबैभन्दा बढी सान्दर्भिक समाचार कथाहरूको विश्लेषण । त्यस क्षेत्रमा विशेषज्ञता प्राप्त गरेको अतिथि पत्रकार प्रस्ताव गरिन्छ ।

गृहकार्यः सम्बोधन गरिएका कुनै एउटा सामाजिक मुद्दाहरूको विकासको तुलनात्मक तथ्यांकहरू समावेश गरिएको लिखित प्रतिवेदन(गरिवी, बेरोजगार, आदि) ।

हप्ता १२ का लागि पाठ्यसामग्रीः Jenkins and Thorburn (2003), Yantek and Harper (2003), and De Burgh (2005) .

**हप्ता १२**

व्याख्यानः समाचार माध्यम । एउटा प्रभावकारी राजनीतिक कलाकारको रुपमा समाचार माध्यम । समाचार माध्यम सहित र विना समाचार माध्यमको राजनीति । एउटा संस्थागत विकासको कलाकार र संस्थाको लागि डरको कलाकारको रुपमा समाचार माध्यम । समाचार माध्यम र प्रजातन्त्र ।

गोष्ठीः पाठ्यवस्तुको छलफल आवश्यक छ ।

हप्ता १३ का लागि पाठ्यसामग्री । Jenkins and Thorburn (2003), Priess (2002), Yantek and Harper (2003) and De Burgh (2005).

**हप्ता १३**

व्याख्यानः सार्वजनिक-निजी स्वामित्वको वादविवाद । बहु सामचार माध्यम र एकीरण । वाक् स्वतन्त्रता र नयाँ चुनौतिहरू । राज्य र निजी नियन्त्रणहरू । नियमनहरू । सार्वजनिक सूचनाको पहुँचमा बाधा अवरोध । राज्यको विज्ञापन एउटा दवावको औजारको रुपमा । राजनीतिज्ञहरू समाचार माध्यमका मालिकको रुपमा ।

गोष्ठीः विश्वव्यापी वाक् स्वतन्त्रताको केही गैससहरूको तुलनात्मक सूचकांकहरूको विश्लेषण । (International Press Institute’s Annual Press Review the Committee to Protect Journalist’s annual review, Reporters Sans Frontiers’ Annual Press Freedom Index).

गृहकार्यः गोष्ठीमा छलफल गरिएका सूचककांकहरूको समालोचनात्म, तुलनात्मक विश्लेषणको लिखित प्रतिवेदन ।

हप्ता १४ का लागि पाठ्यसामग्री । Jenkins and Thorburn (2003), Freedom House (2006),

Ghuner and Mughan (2000), and De Burgh (2005) .

**हप्ता १४**

व्याख्यान: राजनीतिक वातावरणमा समाचार माध्यम । विश्वसनीयता र प्रभाव । वस्तु परकता र आत्म परकता । राजनीतिक चालवाजी । दवावको बीचमा एउटा पत्रकार । सत्य बोल्ने अथवा मानिसहरूले के सुन्न चाहन्छ त्यो कुरा बोल्ने ।

गोष्ठी: पाठ्यवस्तुहरूको छलफल आवश्यक छ ।

**हप्ता १५**

गोष्ठी र कार्यशाला: पाठ्यक्रमको दौरानमा छलफल गरिएका एउटा मख्य राजनीतिक, आर्थिक अथवा सामाजिक मुद्दाहरू र नीतिहरूमा तयार गरिएको दोस्रो विशेष प्रतिवेदनको मौखिक प्रस्तुतिकरण र छलफल ।

हप्ता १६ का लागि पाठ्यसामग्री: Lavrakas and Traugott (2000) and Armstrong (2004) .

**हप्ता १६**

व्याख्यान: जनमत । प्रजातान्त्रिक पद्धतिमा जनमत एउटा निर्णायक राजनीतिक कलाकारको रुपमा । जनमत मापन गर्ने झुकावहरू: उद्देश्यहरू, जनमतका फाइदाहरू र प्रकारहरू । जनमतको संचालन: त्यही संख्या फरक प्रभावहरू । गोष्ठी: पारम्परिक भोट दिने बानी व्यहोरामा छलफल: राजनीतिक प्रविधिको निर्णयकाको रुपमा जिल्ला सामाजिक, आर्थिक वर्ष, उमेर र लिङ्ग ।

गृहकार्य: गत मत सर्वेक्षणको प्रभावहरू र उनीहरूको त्यसपछिको भोट दिने बानी व्यहोरासित सम्बन्ध बारेमा लिखित प्रतिवेदन । तेस्रो विशेष प्रतिवेदनको व्याख्या (हप्ता २१ मा पेश गर्नु पर्ने): विद्यार्थीहरूले एउटा दलको अथवा एउटा उम्मेदवारको अभियान छान्ने छन् र प्रत्येक ३ जनाको समूहमा काम गर्नेछन् । उनीहरूले आफ्नो छानिएको अभियानको बारेमा रणनीति, लक्ष्य, साधनहरू प्रयोग गरिएका पारम्परिक विधिहरू बारे समालोचनात्मक विश्लेषणको २५०० शव्दहरूको विस्तृत प्रतिवेदन तयार गर्ने छन् ।

हप्ता १७ का लागि पाठ्यसामग्री: Lavrakas and Traugott (2000), Priess (2002) and Garcia Beaudoux (2005) .

**हप्ता १७**

व्याख्यान: राजनीतिक संचार । राजनीतिक संचारका मौलिखक अवधारणाहरू: उद्देश्यहरू, प्रवक्ताहरू, सन्देशहरू, श्रोतावर्गहरू, च्यानेलहरू । स्थायी राजनीति संचार: राजनीतिक रणनीतिहरू, सार्वजनिक रुचि, समाचार र सरकारी र गैरसरकारी सूचना, विशेष संचार, राजनीतिक अभियानहरू: रणनीतिहरू, सन्देशहरू, रुपहरू, शीर्षकहरू, आयश्रोत संकलन ।

गोष्ठी: स्थानीय राजनीतिक अभियानहरूमा आधारित केही घटना अध्ययनहरूमा छलफल ।
हप्ता १८ का लागि पाठ्यसामग्री: Lavrakas and Traugott (2000), Priess (2002) / Garcia B. (2005) .

## हप्ता १८

व्याख्यान: राजनीतिक संचार र पारम्पारिक विधिहरू: सरलीकरण, मुख्य शत्रु, बढाइचढाई, प्रतिक्रियात्मक सन्देश, समाचार बङ्ग्याउने, राजनीतिक प्रतिनिधित्व: देखावाको रुपमा राजनीति । वादविवाद, टेलिभिजन र रेडियो, कार्यक्रमहरू, राजनीतिक घटनाहरू, लक्षित समूहहरूका लागि उक्तिहरू ।
हप्ता १९ का लागि पाठ्यसामग्री: Lavrakas and Traugott (2000), Priess (2002) / Garcia B. (2005) .

## हप्ता १९

व्याख्यान: राजनीतिक संचार र संकट: आपतकाल, विद्रोह, सरकारी अथवा मन्त्रि परिषद्को संकट, द्वन्द्व, लुटपाट, युद्धहरू । शत्रुतापूर्ण वातावरणमा सूचना संकलनका विधिहरू ।
गोष्ठी: संकटकालका बारेमा सबैभन्दा सान्दर्भिक केही समाचार माध्यमका कथाहरूको विश्लेषण । यस क्षेत्रको कुनै विशेषज्ञ अतिथि पत्रकारहरूको प्रस्ताव गरिन्छ ।
गृहकार्य: पत्रकारहरूसंगको र संलग्न गवाहीहरूको अन्तर्वाता समावेश भएको एउटा स्थानीय संकटको समाचार संकलनका बारेमा लिखित प्रतिवेदन ।
हप्ता २० का लागि पाठ्यसामग्री: Jenkins and Thorburn (2003), Lavrakas and Traugott (2000) / Perloff (1998) .

## हप्ता २०

व्याख्यान: नागरिक पत्रकारिता । सामाजिक कार्यकलापको रुपमा पत्रकारिता । पत्रकारिता र जनमतका लागि समाचारको भूमिका । सहभागिताद्वारा नागरिकताको निर्माण, अन्तरक्रियाका *औलनलाईका* रुपहरू (*वेभ, इमेल, फरम, च्याट, ब्लग*), समाचार माध्यमका कामहरूद्वारा समुदायको परिवर्तन । समालोचनात्मक जतमतमा सहयोग ।
गृहकार्य: नागरिक पत्रकारितामा संलग्न भएको कुनै पनि एउटा संस्थाले गरेको कामहरूको बारेमा लिखित प्रतिवेदन ।

## हप्ता २१

व्याख्यान: गोष्ठी र कार्यशाला । राजनीतिक दलको अभियान अथवा एउटा उम्मेदवारको अभियानका बारेमा तेश्रो विशेष प्रतिवेदनको मौखिक प्रस्तुतिकरण र छलफल ।

हप्ता २२ का लागि पाठ्यसामग्री: Fox (2001), Levin (2000), / Stein (2006).

### हप्ता २२

व्याख्यान: घटनाको समाचार संकलन । राजनीतिक घटनाहरूको किसिमहरू । निर्वाचनहरू, सम्मेलनहरू, बैठकहरू, भाषणहरू, पत्रकार सम्मेलनहरू । समाचारहरूको अनुशरण गर्ने, उम्मेदवारहरूको अनुशरण गर्ने, कर्मचारीहरूको अनुशरण गर्ने । कलाकारहरू, सन्देशहरू, हाउभाउहरू, श्रोतावर्गहरू, राजनीतिक वातावरण । एउटा घटना विभिन्न दृष्टिकोण । समाचारको मूल्यांकन । राजनीतिक प्रयोजनका लागि समालोचनात्मक विश्लेषण । गृहकार्य: राजनीतिक अभियानको अंगको रुपमा एउटा पत्रकार सम्मेलनको समाचार संकलन । चौथो विशेष प्रतिवेदनको व्याख्या: (हप्ता ३० मा पेश गर्नु पर्ने): विद्यार्थीहरूले निर्वाचनको आय श्रोतको बारेमा खोजतलासपूर्ण २५०० शव्दहरूको प्रतिवेदन तयार गर्ने छन् । उनीहरू प्रत्येकमा ३ जनाको समूहमा काम गर्ने छन् । विद्यार्थीहरूले एउटा विशेष राजनीतिक अभियानको सार्वजनिक र निजी श्रोतहरू पत्ता लगाउने छन् । साथै राजनीनिक दलले अथवा उम्मेदवारले प्रयोग गरेका श्रोत उठाउने विधिहरूको पनि खोजतलास गर्ने छन् ।

हप्ता २३ का लागि पाठ्यसामग्री: Cook (1998), McNair (2000), Fox (2001), Levin (2000), / Stein (2004).

### हप्ता २३

व्याख्यान: सूचनाका श्रोतहरू । वर्गिकरण । सूचनाका भौतिक स्रोतहरू: संग्रहालयहरू, कार्यपत्रहरू, तथ्यांकहरू, प्रेस विज्ञप्तिहरू, समाचार पत्रहरू, भिडियो टेपहरू र अन्य पत्रहरू । समाचारका मानवीय स्रोतहरू: कर्मचारीहरू, राजनीतिज्ञहरू, प्रतिनिधि दलहरू, प्रवक्ताहरू, समाचारदाताहरू, सल्लाहकारहरू । यी सूचना श्रोतहरूसंग कसरी व्यवहार गर्ने । विधिहरू, प्रकाशित गर्नु पर्ने सूचनाहरू, थप अनुसन्धानका लागि सूचनाहरू ।

गोष्ठी: विभिन्न स्रोतहरूबाट सूचना व्यवस्थापनका अभ्यास

(शिक्षकबाट दिएका) । हप्ता २४ का लागि पाठ्यसामग्री: Cook (1998), Levin (2000) / Stein and Burnett (2006).

### हप्ता २४

व्याख्यान: राजनीतिक सूचनाका सूचना श्रोतहरू र तहहरू । सूचना श्रोतहरूका राजनीतिक रुचिहरू । अनुकूल, प्रतिकूल, राजनीतिक सूचनाका कार्यालयका र प्राविधिक श्रोतहरू । सूचना श्रोतहरूसंग विश्वसनीय सम्बन्ध निर्माण गर्ने । उक्तिहरू, मत भिन्नताहरू र उद्देश्यहरू । राजनीतिक वातावरणमा रेकर्ड राख्नु पर्ने र नपर्नेहरू कुराहरू । अपरिभाषित श्रोतहरूका सूचनाहरू । राजनीतिक दूतहरूको भूमिका हटाउने ।

गोष्ठीः विभिन्न श्रोतहरूबाट राजनीतिक सूचनाको मूल्यांकका अभ्यास (शिक्षकद्वारा दिइएको)।
हप्ता २५ का लागि पाठ्यसामग्रीः The AP Stylebook (2006), The Chicago Style Guide (2003), Kuhn and Neveu (2002) / McNair (2000).

**हप्ता २५**

व्याख्यानः सूचनाहरू प्रशोधन गर्ने। कसरी र कहाँ राजनीतिक सूचना संकलन गर्ने। विषयवस्तुको प्रयास स्थापनाका लागि संघर्ष। कथा विषयवस्तहरू विकास गर्ने। राजनीतिक सूचनाका लागि ढाँचा प्रदान गर्न नियमन र सन्तुलन। शुद्धता सुनिश्चितता गर्ने विधिहरू। तथ्यहरू र रायहरू। सूचना मूल्य र नैतिकता। वस्तुपरकता। कृतज्ञता। अन्तर्वाताः उद्देश्यहरू, किसिमहरू, विधिहरू।
गोष्ठी र गृहकार्यः शिक्षकहरूद्वारा प्रदान गरिएका विभिन्न श्रोतहरूबाट प्राप्त राजनीति सूचनाहरू जाँच गर्ने अभ्यास।
हप्ता २६ का लागि पाठ्यसामग्रीः Jenkins and Thorburn (2003), Ellis (2007), Fox (2001) / Ryan and O' Donnell (2001).

**हप्ता २६**

व्याख्यानः समाचार कक्ष र राजनीतिक खण्ड। राजनीतिक खण्डलाई भूमिकाहरू र शीर्षकहरूमा विभाजन। खोजमूलक प्रतिवेदनहरू। कम्प्यूटरबाट सहयोग गरिएको अनुसन्धान। दैनिक कार्यतालिका र कामको संगठन। अन्य समाचार माध्यमहरूको जाँचः संस्था, रेडियो, इन्टरनेट, टेलिभिजन।
गोष्ठीः राजनीतिक मुद्दाहरूका स्थानीय समाचार माध्यमको समाचार संकलनको तुलनात्मक विश्लेषण।
गृहकार्यः विद्यार्थीहरू एउटा समाचारपत्र अथवा पत्रिकाको राजनीतिक खण्डको अवलोकन गर्ने छन् र कामको संगठनका बारेमा लिखित प्रतिवेदन तयार गर्ने छन्।
हप्ता २७ का लागि पाठ्यसामग्रीः Herbert (2000), ins and Thorburn (2003), Ellis (2007), Fox (2001), / Ryan and O' Donnell (2001).

**हप्ता २७**

व्याख्यान र गोष्ठीः विशेष समाचार संकलन। सरकारी भ्रमण। क्षेत्रीय र अन्तर्राष्ट्रिय शीर्ष बैठकहरू। विशेष राजनीति घटनाहरू। द्वन्द्वग्रस्त क्षेत्रबाट समाचार सम्प्रेषण। राजनीतिक राजदूतहरू, सम्वादाताहरू, पटके सम्पादाताहरू। यस क्षेत्रमा विशेषज्ञता प्राप्त अतिथि पत्रकारको प्रस्ताव गरिन्छ।
हप्ता २८ का लागि पाठ्यसामग्रीः Ellis (2007), Fox (2001), / Ryan and O'Donnell (2001) .

**हप्ता २८**

व्याख्यान: सम्पादन । पूर्वसम्पादन र पाश्च सम्पादन । अवधारणात्मक ढाँचाहरू । पत्रकारिताका दृष्टिकोणले समाचार संकलन । राजनीतिक आधारमा प्रमुख समाचारहरू, तस्वीरहरू, र चित्रणहरूको सोच ।

गोष्ठी: स्थानीय समाचार माध्यमको सम्पादन गर्ने केही विभिन्न आधारहरूको तुलनात्मक विश्लेषण ।

हप्ता २९ का लागि पाठ्यसामग्री: Ellis (2007), Fox (2001), Levin (200) / Stein and Burnett (2006).

**हप्ता २९**

व्याख्यान: विभिन्न समाचार माध्यमका लागि समाचार सम्प्रेषण र लेखन । टेलिभिजन, रेडियो र छापाको समाचार सम्प्रेषण बीच फरक र समानताहरू । सूचना आकृति, आवाज: कुनै पनि अवस्थामा केका लागि हेर्ने र के कुरालाई टिप्पणी गर्ने । बहु- समाचार माध्यमको पत्रकार ।

गोष्ठी: एउटा काल्पनिक पत्रकार सम्मेलन गर्नका लागि एउटा राजनीतिज्ञलाई आमन्त्रित गरिनेछ र विद्यार्थीहरूले विभिन्न समाचार माध्यमका लागि समाचार तयार गर्ने छन् ।

**हप्ता ३०**

गोष्ठी र कार्यशाला: राजनीतिक अभियानको स्रोत जुटाउने सम्बन्धमा चौथो विशेष प्रतिवेदनको मौखिक प्रस्तुतिकरण र छलफल ।

## श्रेणीबद्ध गर्ने र मूल्यांकन गर्ने व्यवस्था

हाजिरी र कक्षा सहभागिता : ३० प्रतिशत

चार विशेष प्रतिवेदनहरू: ३० प्रतिशत

अन्तिम परीक्षा: ४० प्रतिशत

## टिप्पणी:

सैलेवस, स्नातक उपाधि तहका लागि तयार गरिएको हो । यो अनुमानका आधारमा अधिकाँश विद्यार्थीहरूसंग आधारभूत समाचार सम्प्रेषणको पहिलेको ज्ञान थियो, स्नातकोत्तर तहको सैलेवसमा म केही प्रयोगात्मकलाई बदल्ने मनसाय राख्दछु । बढी जोड गहन राजनीतिक लेखन र विश्लेषणमा दिदै, म अन्य विशेष शीर्षकहरूमा पनि बढी शक्ति लगाउने छु, जस्तै, राजनीतिक दलका दर्शनहरू अथवा कर्मचारीतन्त्रमा निर्णय प्रक्रियाहरू । विरोधाभाषका रुपमा, म केही संस्था सम्बन्धित मुद्दाहरूको छोटो पुनरावलोकन प्रदान गर्नेछु ।

**Jorge Liotti, Director of the Department of Journalism, Universidad Catolica Argentina (UCA) द्वारा योगदान गरिएको ।**

## समाचार सम्प्रेषण र लेखन कार्य/सोपान ३: विशेषज्ञतायुक्त पत्रिकारिता (विज्ञान र स्वास्थ्य)

**पाठ्यक्रमको स्तर:** अन्तिम वर्ष स्नातक उपाधि

**पाठ्यक्रमको बयान:**

विकासशील विश्वमा पत्रकारिता र आम संचारका विद्यार्थीहरूका लागि तालीमको केन्द्र विन्दु विज्ञान र स्वास्थ्य विषयको समाचार सम्प्रेषणका सीपहरूको ज्ञान प्राप्त गर्नु हुनु पर्दछ। यस कोर्सको उद्देश्य विद्यार्थीहरूलाई तालीम दिनु हुने छ जसले विज्ञान र स्वास्थ्यका समाचार र सूचना आफ्ना देशका नागरिकहरूलाई उनीहरूको जीवनको समग्र गुणस्तर सुधार गर्ने प्रयासहरूको अंगका रुपमा दिन समर्थ हुने छन्।

**कोर्सका विशिष्ट उद्देश्यहरूमा:**

- पत्रकारिताका विद्यार्थीहरूमा साधारणतया सर्वसाधारण र विशेष गरी विकासशील राष्ट्रहरूका जनताको जीवनस्तर सुधारमा विज्ञानको अपरिहार्यता बारे चेतना जगाउने;
- पत्रकारिताका विद्यार्थीहरूलाई (तिनीहरूमध्ये केही विज्ञानका विरोधमा हुन सक्दछन्) विज्ञानका क्षेत्रहरूका बारेमा र तिनीहरूले कसरी मानव जीवनमा प्रभाव पार्दछन् भन्ने बारे जानकारी दिने;
- देशको समग्र राष्ट्रिय विकासमा राम्रो स्वास्थ्य हेरचाह प्रदान गर्ने पद्धतिको भूमिका हेर्ने र सराहना गर्ने;
- विद्यार्थीहरूलाई विज्ञान/स्वास्थ्य समाचार सम्प्रेषणको आन्तरिक खूवीलाई विकास गर्ने र पाठकहरू, श्रोतावर्ग र दशर्कहरूलाई विज्ञान/स्वास्थ्यका सूचनाहरूको प्रभावकारी ढंगले सन्देश दिन समर्थ हुन प्रोत्साहित गर्ने;

उल्लिखित उद्देश्यहरू प्राप्तिका लागि विद्यार्थीहरूलाई विज्ञान र स्वास्थ्यका पक्षहरूका आधारभूत पक्ष संग परिचित गराइनेछ जसले उनीहरूले काम गरिरहेको देशहरूका नागरिकहरूको दैनिक जीवनयापनको गुणस्तरमा महत्वपूर्ण भूमिका खेल्दछन्। उनीहरूलाई आफ्नो कर्तव्यलाई पेशागत रुपमा प्रभावकारी ढंगले सम्पन्न गर्न समर्थ तुल्याउन आवश्यक हुने सीप पनि प्रदान गरिनेछ।

**प्रणाली:**

शिक्षणमा व्याख्यान, गोष्ठीहरू र कक्षामा र कक्षा बाहिर, श्रेणीबद्ध गर्न र पछिल्ला कक्षा बैठकहरूमा छलफल गर्न गृहकार्यहरू समावेश हुने छन्।

### शैक्षणिक दृष्टिकोण अथवा विधि

पाठ्यक्रमले विद्यार्थीहरूलाई विज्ञान, स्वास्थ्य र प्रविधिका प्रमुख मुद्दाहरूमध्ये धेरैसित परिचित गराउनेछ, जसबाट उनीहरूले आत्म विश्वासका साथ यस्ता मुद्दाहरूका बारेमा सर्वसाधारणको पहुँच भित्र समाचार सम्प्रेषण गर्न सकुन। विद्यार्थीहरूले आफ्नो सिकाइलाई साप्ताहिक गृहकार्यहरूमा उपयोग गर्नेछन्, जुन साप्ताहिक गोष्ठीहरूमा छलफल गरिनेछ र प्रशिक्षकद्वारा श्रेणीबद्ध गरिनेछ। यी गृहकार्यहरू सप्ताहको समाचार सम्प्रेषण शीर्षकको रुपलिने छन्। यो अनुमान गरिएको छ कि जुन विद्यार्थीहरू यस पाठ्यक्रमको छनौट गर्दछन् उनीहरूले आफ्ना कला/विज्ञान कार्यक्रममा केही विषयहरू अध्ययन गरिरहेका छन् र विज्ञानको तथा बैज्ञानिकहरूले अनुसन्धानलाई हेर्ने दृष्टिकोणको आधारभूत ज्ञान राख्दछन्। कक्षाहरूमा विज्ञान, स्वास्थ्य र प्रविधिबारेको समाचार सम्प्रेषणको नियमित रुपमा समालोचना गरिनु पर्दछ। यो आशा गरिनेछ कि प्रशिक्षकहरूले मुख्य शीर्षकहरूमा व्याख्यान अथवा गोष्ठी संचालन गर्नका लागि विशेषज्ञहरू खोज्ने छन्।

### सम्पर्क घण्टीहरू:

दुईटा १५ हप्ते सेमेष्टरहरू, ३-४ घण्टा प्रति हप्ता।

### अनिवार्य पाठ्यवस्तु

Philip Meyer: Precision Journalism. New York: Oxford Rowman & Littlefield Publishers Inc., 2002.
Debora Blum, Mary Knudson (eds): A Field Guide for Science Writers:  2nd ed. Oxford: Oxford University Press, 2006.
Natasha Loder: So You want to be a Science Writer.  London: Association of British Science Writers, 2002.
(online at http://www.absw.org.uk/Documents/SYWTBASW.pdf)

### सिफारिश गरिएको पाठ्यवस्तु

- Nieman Reports: Science Journalism, Vol 56, No 3, Fall 2002, online at http://www.nieman.harvard.edu/reports/02-3NRfall/02-3NRfall.pdf.
- Atul Gawande (ed): The Best American Science Writing 2006. Harper Perennial, 2006.
- Brian Greene (ed), Tim Folger (series editor): The Best American Science and Nature Writing 2006. Houghton Mifflin, 2006.
- Sharon M. Friedman (ed), Sharon Dunwoody (ed), Carol Rogers (ed): Communicating Univertainty: Media Coverage of New and Controversial Science, Mahwah, NJ: Lawrence Erlbaum Associates, 1999.
- Idowu Sobowale: Scientific Journalism, Lagos: John West Publications Limited, 1982.
- Action Health Incorporated: A Unique Partnership – Adolescents' Well Being in Nigaria, Lagos: 2002.

- Human Development Initiatives: Reproductive Health & Rights of In-School Adolescents  Lagos: 2001.
- Toye Ogunbode (ed): Medical Disorders in Tropical Obstetrics.  Evans Brothers (Nigeria Publishers Limited), 1997.
- W. Henry Lambright: Governing Science and Technology.  New York: Oxford University Press, 1977.
- Tony Momoh: Nigerian Media Law and Ethics Lagos: Efua Media Associates Limited, 2004.
- John A. Akande: Technology, Industrialization and Environment, Ibadan: CREM Books, 2000.
- Dan O'Hare, Gustav W. Friedrich and Lynda Dixon Shaver: Strategic Communication Boston: Houghton Mifflin Company, 1998.
- Ralph Akinfeleye (ed.): Contemporary Issues in Mass Media for Development nad National Security.  Lagos: Unimedia Publications Limited, 1988.
- Ralph Akinfeleye and J.C. Paul: The Politics of Health Legislation: An Economic Perspective.  Michigan: Health Administrators Perspective, 1988.
- Robert Jungk: Brighter Than a Thousand Suns,  New York: Harcourt Brace Jovanovich, Inc., 1956.
- Family Health International: How to Create an Effective Communication Project. Lagos: FHI AIDS Control & Protection (AIDSCAP) Project, (date unknown).
- NGA: Integrated Health and Population Communication Curriculum: A Manual for Teaching and Learning,  Lagos: NIJ/JHU-PLS, 9date unknown).
- Website of the Science Journalism Research Group, University of British Columbia at http://www.sciencejournalism.net/
- James Lovelock: The Revenge of Gaia: Why the Earth is Fighting Back – And How We can Still Save Humanity.  Penguin, 2007.


## कक्षाहरूको समय तालिका

## पहिलो सेमेष्टर

### हप्ता १

परिचय, प्रकृति, मूल स्रोत, विज्ञानको प्रगति: विज्ञानको महत्वबारे पुनरावलोकन

गृहकार्य: विज्ञानका उपयोगी र घातक प्रभावहरूबारे एउटा २५०-३०० शव्दहरूको लेख।

अर्को हप्ताकालागि पाठ्यसामग्री: Blum,  अध्याय १, / Loder, अध्याय १ ।

### हप्ता २

प्रसिद्ध बैज्ञानिक खोजहरू, आविष्कारहरू, अनुकूलन र अन्य विकासहरू ।

गृहकार्य: राष्ट्रिय विज्ञान पत्रिकामा आफ्नो प्रमुख कथाका लागि एउटा प्रस्ताव लेख्नु होस् । प्रस्ताव प्रशिक्षकद्वारा स्वीकृत हुनु पर्दछ । कथालाई दोस्रो समेष्टरको अन्तमा पेश गरिनेछ ।

अर्को हप्ताका लागि पाठ्यसामग्रीः Merger (pp 1-3) र Sobowale (अध्याय १) ।

**हप्ता ३**

स्वास्थ्यका मुद्दाहरूको समीक्षा र कसरी तिनीहरू नागरिकहरूको कल्याणमा प्रभाव पार्दछन्; राम्ररी केन्द्रित अथवा अस्तव्यस्त स्वास्थ्य सेवा प्रदान पद्धतिको आर्थिक प्रयोजन ।

गृहकार्यः आफ्नो समुदायको सबैभन्दा दुःखलाग्दो स्वास्थ्य समस्याका बारेमा एउटा आठ अनुच्छेदको कथा लेख्नु होस् ।

अर्को अप्ताका लागि पाठ्यसामग्रीः Family Health International

**हप्ता ४**

अन्तर्वार्ता गर्ने र प्रस्तुति गर्ने लगायत विज्ञान पत्रकारिताका लागि समाचार सम्प्रेषणका विधिहरू ।

गृहकार्यः विद्यमान चिन्ताको मुद्दामा आफ्नो समुदायको वरिष्ट जनसंख्या अधिकारीको अन्तर्वार्ता लिनु होस् र ५०० शव्दको एउटा कथा लेख्नु होस् ।

अर्को हप्ताका लागि पाठ्यसामग्रीः Meger (अध्याय ३) र Sobowale (अध्याय १४) ।

**हप्ता ५**

आमजनताका लागि बैज्ञानिक र प्राविधिक मात्रामा लेख्ने । लेख्दा शुद्धता र विषयवस्तु कायम राख्ने जसलाई आम जनता बुझ्न सकून ।

गृहकार्यः आफ्नो शहरको एउटा प्रसिद्ध बैज्ञानिक अथवा विज्ञान विषयको प्रशिक्षकको अन्तर्वार्ता लिनु होस् र २ पानाको समाचार कथा लेख्नु होस् ।

अर्को हप्ताका लागि पाठ्यसामग्रीः Meger (pp 4-17) / Lambright (अध्याय १)।

**हप्ता ६**

विज्ञानका विभिन्न शाखाहरू र कसरी प्रत्येकले मानवीय जीवनको उत्थानमा योगदान गरिरहेछन्; विज्ञान र प्रविधिका बीचमा सहजीवी सम्बन्ध ।

गृहकार्यः विज्ञानका तीनवटा शाखाहरूमा तुलना गर्नु होस् र विभेद छुट्याउनु होस् र तिनीहरू कसरी मानिसको जीवनमा प्रभाव पार्दछन् (५०० शव्दभन्दा बढी नहोस्) ।

अर्को हप्ताका लागि पाठ्यसामग्रीः NGA (जनसंख्याका मुद्दाहरूबाट उद्धरणहरू) ।

**हप्ता ७**

जनसंख्या मुद्दाहरूः परिवार नियोजन; जन्मान्तर, गर्भ निरोध औषधीहरूको प्रयोग, जनसंख्या नियन्त्रणको वास्तविकता र राजनीति, यसका आर्थिक र सामाजिक प्रभावहरू ।

गृहकार्यः आफ्नो शहर/नगरका २० जना महिलाहरूको सर्वेक्षण गर्नु होस् र परिवार नियोजन

कार्यक्रमका बारेमा उनीहरूको दृष्टिकोण बारे एउटा १० अनुच्छेदको कथा लेख्नु होस् ।
अर्को हप्ताका लागि पाठ्यसामग्री: Blum (अध्याय २) ।

**हप्ता ८**

आमसंचार र विज्ञान/स्वास्थ्य: कसरी आमसंचार विज्ञान र स्वास्थ्यका सूचनाहरूको प्रचार प्रसारको औजारका रुपमा अझ बढी प्रभावकारी ढंगले प्रयोग गर्न सकिन्छ ।
गृहकार्य: तपाईको स्थानीय समाचार माध्यममा तपाईको सम्पादक अथवा समाचार सम्पादकको प्रतिक्रिया सहित विज्ञान अथवा स्वास्थ्यको कथाको एउटा समालोचनात्मक विवरण लेख्नु होस् ।
अर्को हप्ताका लागि पाठ्यसामग्री: Blum (अध्याय ६) ।

**हप्ता ९**

विज्ञान र स्वास्थ्यका विषयमा विशिष्ट लेख लेख्ने : विज्ञान र स्वास्थ्य विषयवस्तुको समाचार सम्प्रेषणको एउटा सम्वाहकका रुपमा समाचार लेखको प्रभावकारिता ।
गृहकार्य: आफ्नो क्षेत्रमा मलेरियाको प्रकोप अथवा *पोलियोमाइलाईटिसका*(poliomyelitis) बारे एउटा विस्तृत प्रकाशन योग्य लेख (करिब ७५० शव्दहरू) लेख्नु होस् ।
अर्को हप्ताका लागि पाठ्यसामग्री: Blum (अध्याय ५) ।

**हप्ता १०**

मौसमको समाचार सम्प्रेषण: जलवायु परिवर्तन जस्ता मुद्दाहरू, वर्षा, सुक्खा, मरुभूमिकरण, वनसमर्द्धन, कृषि उत्पादन, र अकाल तथा समाजका लागि परिणामहरूमा छलफल हुनेछ ।
गृहकार्य: पाँच दिनसम्मको मौसमको भविष्यवाणी अनुश्रवण गर्नु होस् र तिनीहरूको शुद्धतामा स्थानीय मौसम विज्ञानविदको प्रतिक्रिया सहितको एउटा १० अनुच्छेदको कथा लेख्नु होस् ।
अर्को हप्ताका लागि पाठ्यसामग्री: Blum (अध्याय ११) ।

**हप्ता ११**

वातावरण: प्रदूषण: बाहनहरूबाट, उद्योगहरूबाट निस्कने कार्वन मानोक्साइड, उद्योगहरूबाट बाहिर प्रवाहित द्रव र ध्वनि प्रदूषण; ढल प्रसोधन र पानीको स्रोतको प्रदूषण; घरेलू र औद्योगिक ठोस फोहोर फेकाई ।
गृहकार्य: दुई दिनसमम आफ्नो क्षेत्रको ध्वनिको स्तरको अनुश्रवण गर्नु होस् र अधिकारीहरूसंग उनीहरूले यस समस्याका बारेमा के गरिरहेका छन्, भन्ने बारे अन्तर्वार्ता लिनु होस् ।
अर्को हप्ताका लागि पाठ्यसामग्री: Blum (अध्याय ११) ।

**हप्ता १२**

विज्ञान र स्वास्थ्यमा खोजमूलक पत्रकारिता ।

गृहकार्य: आफ्नो राज्यमा अवैधानिक लागू पदार्थको निर्माण अथवा मुख्य तेल पोखाई अथवा अन्य वातावरणीय समस्याहरूमा खोजमूलक कथा लेख्नु होस् ( यस सेमेष्टरको हप्ता १५ को अन्तमा पेश गर्नु पर्ने) ।

अर्को हप्ताका लागि पाठ्यसामग्री: Blum (अध्याय १२) ।

**हप्ता १३**

समाचार स्रोतहरूको निर्माण । जोड, विशेषज्ञहरूको विकासमा दिइनेछ जुन सूचना र शिक्षाका नियमित स्रोतहरू हुने छन् ।

गृहकार्य: तपाईले आफ्नो खोजमूलक कथाका लागि सम्पर्क गर्न योजना गर्नु भएका १० वटा स्रोतहरूको सूची तयार गर्नु होस् ।

अर्को हप्ताका लागि पाठ्यसामग्री: Loder (अध्याय ३) ।

**हप्ता १४**

विज्ञान र स्वास्थ्य सम्मेलनहरू, गोष्ठीहरू, परिसम्बादहरू र छलफल कार्यक्रमहरू समाचार कसरी संकलन गर्ने ।

गृहकार्य: स्वास्थ्य सम्बन्धी बैठकको समाचार संकलन गर्नु होस् र यस आधारमा एउटा प्रकाशन योग्य कथा लेख्नु होस् ।

अर्को हप्ताका लागि पाठ्यसामग्री: सामुहिक विज्ञान वा स्वास्थ्य पत्रिकाको एउटा लेख अध्ययन गर्नु होस् र यसलाई अर्को हप्ता कक्षामा प्रस्तुत गर्न तयार हुनु होस् ।

**हप्ता १५**

सूचना स्रोतका रुपमा विज्ञान र स्वास्थ्यका पुस्तकहरू: सम्मेलनहरूमा प्रस्तुत भएको शैक्षिक कार्यपत्रहरू र सामयिक पत्रिकाका लेखहरूको समाचार सम्प्रेषण कसरी गर्ने ।

स्रोतहरूको सूची सहित खोजमूलक कथा पेश गर्नु होस् ।

गृहकार्य:  विद्यार्थीहरूको समूहले विज्ञान र स्वास्थ्य विषयहरूमा सन्निहित बैधानिक र नैतिक मुद्दाहरू बारे कक्षामा गोष्ठी संचालन गर्ने छन् ।

अर्को हप्ताका लागि पाठ्यसामग्री: विज्ञान पत्रकारहरूका लागि समाचार माध्यमका कानून र आचार शास्त्र बारेका कागजातहरू ।

## दोस्रो सेमेष्टर

### हप्ता १

विज्ञान र स्वास्थ्यको समाचार सम्प्रेषणमा कानूनी र नैतिक मुद्दाहरू: गोपनीयता; चिकित्सक/रोगीको गोपनीयता; सर्वाधिकार, अन्य कानूनी विषयहरू ।

गृहकार्य: स्वास्थ्य सम्बन्धी बैठकको समाचार संकलन गर्नु होस् र यस आधारमा एउटा प्रकाशन योग्य कथा लेख्नु होस् ।

अर्को हप्ताका लागि पाठ्यसामग्री: स्वास्थ्य हेरचाहका बैकल्पिक स्रोतहरू सम्बन्धी कागजातहरू ।

गृहकार्य: विद्यार्थीहरूले एउटा राष्ट्रिय विज्ञान मुद्दामा उनीहरूको मुख्य कथाको प्रगतिबारे प्रतिवेदन पेश गर्ने छन् । (कथालाई दोस्रो सेमेष्टरको अन्तमा पेश गर्ने) ।

पुस्तक समीक्षा (१) Gawande  अथवा Green अथवा Nieman Report (हप्ता ५को अन्तमा पेश गर्ने) ।

### हप्ता २

स्वास्थ्य हेरचाहका बैकल्पिक स्रोतहरू: औषधी जडिबुटी, पातहरू र जराहरू; बैकल्पिक र परम्परागत औषधी बीचको मेल; गुणस्तर नियन्त्रण ।

गृहकार्य: तपाई जहाँ बस्नु हुन्छ त्यहाँका मानिसहरूद्वारा बैकल्पिक औषधीहरूको स्वीकृतिको स्तरमा एउटा कथा लेख्नु होस् ।

गृहकार्य: स्वास्थ्य सम्बन्धी बैठकको समाचार संकलन गर्नु होस् र यस आधारमा एउटा प्रकाशन योग्य कथा लेख्नु होस् ।

अर्को हप्ताका लागि पाठ्यसामग्री: प्रशिक्षकले अतिथि प्रशिक्षकसंग मिलेर पाठ्यसामग्रीको सूची तयार गर्ने छन् ।

### हप्ता ३

उष्णप्रदेशीय रोगहरू: परजीवीहरू, उष्षप्रदेशीय रोगहरू - विषम ज्वरोका किटाणुहरू, Onchocerciasis, फिलारिया (अतिथि प्रशिक्षक) ।

गृहकार्य: तपाईको आफ्नो देशका उष्णतटबन्धीय रोगका बारेमा एउटा १५ अनुच्छेदको कथा लेख्नु होस् ।

गृहकार्य: स्वास्थ्य सम्बन्धी बैठकको समाचार संकलन गर्नु होस् र यस आधारमा एउटा प्रकाशन योग्य कथा लेख्नु होस् ।

अर्को हप्ताका लागि पाठ्यसामग्री: अर्को हप्ताका लागि अतिथि प्रशिक्षकले पाठ्यसूची प्रदान गर्ने छन् र Intergovernmental Panel on Climate Change को वेभसाइट (http://www.ipcc.ch/) / Lovelock (२००७) का उद्धरण समावेश गर्ने छन्) ।

दोस्रो समेष्टरको बाँकी समयमा आउने हप्ताका लागि पाठ्यसामग्री त्यस हप्ताका अतिथि प्रशिक्षकको

सल्लाहमा दिइनु पर्दछ ।

**हप्ता ४**

जलवायु परिवर्तन र विश्वव्यापी तापक्रम बृद्धिको बावविवाद (अतिथि प्रशिक्षक) ।
गृहकार्य: अतिथि प्रशिक्षकको Kyoto protocol को मूल्यांकनमा आधारित एउटा कथा लेख्नु होस् ।
अतिथि प्रशिक्षकद्वारा दिइने कक्षाहरू पछिका गृहकार्य कक्षामा आधारित हुनु पर्दछ तर विभिन्न रुपहरू लिन सक्दछन् र जस्तै, समाचार अथवा विशिष्ट कथाहरू, समूह प्रस्तुतिकरण, उद्योगका प्रतिनिधिहरूलाई अतिथि प्रशिक्षकको विश्लेषणलाई खण्डन गर्न आमन्त्रण, इत्यादि ।
दोस्रो सेमेष्टरको बाँकी समयमा आउने हप्ताका लागि पाठ्यसामग्री त्यस हप्ताका अतिथि प्रशिक्षकहरूको सल्लाहमा दिइनु पर्दछ ।

**हप्ता ५**

साधारण कृषि: कृषिको परिभाषा; विश्व जनसंख्या र खाद्य उत्पादन; पशुपालन उद्योग; पशुपालन उत्पादन पद्धति; विभिन्न किसिमका फार्म जनावरहरूको व्यवस्थापन । (अतिथि प्रशिक्षक) ।
गृहकार्य: अतिथि प्रशिक्षकले दिएको तपाईको देशको कृषिमा मुद्दाहरूको विवरणका आधारमा ।
पुस्तक समीक्षा (१) पेश गर्नु पर्ने ।

**हप्ता ६**

मलेरिया: मलेरिया पैरासाईट फैलाउने लाम्खुट्टेहरूका किसिमहरू; उपचार; वातावरणीय सरसफाई; औषधि निरोध; मलेरियाका आर्थिक परिणामहरू । (अतिथि प्रशिक्षक) ।
गृहकार्य: मलेरिया रोकथाम औषधी विज्ञानको विवरणमा लेख लेख्नु होस् । Friendman मा पुस्तक समीक्षा (२) ( हप्ता १० को अन्तमा पेश गर्नु पर्ने )।

**हप्ता ७**

खाद्य विज्ञान र प्रविधि: खाद्य विष र यसको रोकथाम, खाद्य प्रशोधन र संरक्षण, प्राकृतिक स्रोतहरू र अन्य खाद्य समस्याहरूबाट खाद्य प्रदूषण । (अतिथि प्रशिक्षक)
गृहकार्य: खाद्य निरीक्षण अथवा गर्भपतन सेवाहरू अथवा तपाईको क्षेत्रमा *एचआइभी/एड्सको* उपचारमा खोजमूलक कथा (हप्ता १२ मा पेश गर्नु पर्ने) ।

**हप्ता ८**

प्रजनन अंगहरू र शरीरका कार्यहरू: परिपक्वता; शारीरिक परिवर्तनहरू; परिणामहरू; गर्भपतन । (अतिथि प्रशिक्षक) ।

**हप्ता ९**

*एचआइभी/एड्स* र अन्य यौनजन्य रोगहरू; कारणहरू, उपचार, नियन्त्रण, समाजमा सामाजिक र आर्थिक प्रभावहरू (अतिथि प्रशिक्षक)।

**हप्ता १०**

उर्जा: समकालीन ऊर्जा संरचनामा पेट्रोल; कच्चा पेट्रोल र प्राकृतिक गैसको वर्गीकरण र बनावट; उद्योगका अन्य पक्षहरू, ऊर्जाका अन्य किसिमका स्रोतहरू, ऊर्जाका सामाजिक, आर्थिक र राजनीतिक महत्व; औद्योगीकरण र वातावरणीय विनाश (अतिथि प्रशिक्षक)।
गृहकार्य: आफ्नो क्षेत्रका बैकल्पिक ऊर्जा प्रयासहरूका बारेमा एउटा विशिष्ट लेख लेख्नु होस्।
पुस्तक समीक्षा (२) बाँकी।

**हप्ता ११**

रक्त चाप: उच्च रक्त चाप, अल्प रक्त चाप, मधुमेह, अन्य मुटकुका अवस्थाहरू (अतिथि प्रशिक्षक)।
गृहकार्य: यस हप्ता छलफल गरिएका रोगहरूमध्ये कुनै एउटाबाट पीडित रोगीको व्यक्तिगत विवरण लेख्नु होस्।

**हप्ता १२**

खोप र बालकालमा मृत्युका कारण हुने ६ वटा रोगहरू। अन्य बालक रोगहरू; साधारण स्वास्थ्य र सरसफाई इत्यादि (अतिथि प्रशिक्षक)।

**हप्ता १३**

*डीएनए*/आणुवंशिक विज्ञान: *जीन्स;* उत्परिवर्तन; *क्लोनिङ्;* रोगहरूको उपचारमा उपयोग; खाद्य उत्पादन। (अतिथि प्रशिक्षक)।
गृहकार्य: साधारण जनताका लागि *डीएनए*को व्याख्या गर्दै एउटा कथा लेख्नु होस्।

**हप्ता १४**

खानी: खोज; प्रसोधन; बजारीकरण र राष्ट्रिय विकासका लागि महत्व। (अतिथि प्रशिक्षक)।
गृहकार्य: खोजमूलक कथालाई दोहोऱ्याउनु होस्।

**हप्ता १५**

रगत: समूहहरू, आनुवंशिक रुप, संकलन र कोषमा जम्मा गर्ने; रगत दिने; अनियमितताहरू, छानविन गर्ने। (अतिथि प्रशिक्षक)।
मुख्य गृहकार्य पेश गर्न बाँकी

## श्रेणीवद्ध गर्ने मूल्यांकन व्यवस्था

विद्यार्थीहरूको मूल्यांकन पत्रकारिताका साप्ताहिक गृहकार्यहरूको माध्यमले हुनेछ, दुईटा खोजमुलक लेखहरू, र एउटा मुख्य पत्रकारिताको कथा । मुख्य कथाले राष्ट्रिय विज्ञान पत्रिकामा ५००० शव्दको विशिष्ट लेखको रुप लिनेछ (अथवा ३० मिनेटको रेडियो वा टेलिभिजन फिल्म, अथवा विस्तृत र *टीकायुक्त वेभसाईट*) ।

साप्ताहिक गृहकार्यहरू : २५%
पुस्तक समीक्षाहरू : १५%
खोजमूलक कथाहरू : ३०%
मुख्य गृहकार्य : ३०%

**Idowu Sabowale, Head Department of Mass Communicaiton, Olabisi Onabanjo Univeristy. Agolwaye, Ogun State Nigeria द्वारा योगदान गरिएको ।**

## समाचार प्रसारण र लेखन (रेडियो र टेलिभिजन)

पाठ्यक्रमको स्तर: ३ वर्षे स्नातक कार्यक्रमको दोस्रो वर्ष, चार वर्षे स्नातक कार्यक्रमको तेस्रो वर्ष ।

## पाठ्यक्रमको बयान

यस स्नातक तहको पाठ्यक्रमले विद्यार्थीहरूलाई रेडियो, टेलिभिजन र सामुदायिक रेडियोका लागि समाचार विशिष्ट लेखनहरू र अन्तर्वार्ताहरू लेखन सम्प्रेषण र प्रस्तुत गर्न तयार गर्दछ । पाठ्यक्रममा कसरी समाचार सम्प्रेषणलाई परिवर्तनको बाहकको रुपमा प्रयोग गर्न सकिन्छ र कसरी आफ्नो निजी दृष्टिकोण आत्मपरकता र पूर्वाग्रहलाई कम गर्न सकिन्छ भन्ने कुराको विश्लेषण समावेश गरिएको छ । मुख्य जोड रेडियो र टेलिभिजनको समाचार सम्प्रेषण र सम्पादन गर्ने सीप विकास गर्नमा दिइनेछ ।

## पाठ्यक्रमका उद्देश्यहरू

अ. विद्यार्थीहरूलाई श्रव्य र श्रव्य-दृश्य समाचार माध्यमका अवधारणात्मक र सैद्धान्तिक पक्षहरू सिक्न मद्दत गर्ने ।
आ. छापा समाचार र विद्युतीय समाचार माध्यम र समाचार सम्प्रेषण र लेखनमा प्रयोग हुने प्रविधिहरू बीच फरक छुट्याउने ।
इ. विद्यार्थीहरूलाई श्रव्य र भिडियो रेकोर्डरहरू तथा अन्य सम्बनिधत उपकरणहरू प्रयोग गर्न समर्थ तुल्याउने ।
ई. विद्यार्थीहरूले दुबै प्रसारण माध्यमका लागि कसरी समाचार संकलन गर्ने र लेख्ने विधिहरू

अभ्यास गर्ने कुराहरू सिक्न मद्दत गर्ने ।

उ. विद्यार्थीहरूलाई श्रव्य र श्रव्यदृश्यू रेकोर्डिङ्गहरूको सम्पादनमा आधारित प्रयोगात्मक अभ्यासहरूमा संलग्न गराउने ।

ऊ. रेडियो र टिभीका लागि अन्तर्वार्ता विधिहरू सीपहरूको विकास गर्ने ।

पाठ्यक्रमको (र उपाधिको) समापनमा विद्यार्थीहरू प्रसारण पत्रकारिताको कार्य क्षेत्रका लागि तयार हुनु पर्दछ ।

## प्रणाली

व्याख्यानहरू, छलफलहरू, सानो समूह अभ्यासहरू, गोष्ठी, फील्ड कार्य र कार्यशालाहरूको सम्मिश्रण । एक घण्टे व्याख्यानमा मार्ग निर्देशन, उत्प्रेरणा, मुख्य पक्षहरू, ऐतिहासिक पृष्ठभूमि र विषयको अवधारणात्मक ढाँचा प्रस्तुत गरिनेछ । गोष्ठीहरू (१ देखि २ घण्टा) ले विषय सम्बन्धित अति आवश्यक पर्ने आधारभूत कुराहरूमा जोड दिने छन् र विद्यार्थीहरूलाई समाचार माध्यममा काम गर्ने व्यक्तिहरूको अनुभव प्रदान गर्नेछन् । कार्यशालाहरूमा (२ देखि ३ घण्टा) विद्यार्थीहरूले समाचार सम्प्रेषण, अन्तरर्वार्ता, लेखन, सम्पादन र प्रस्तुतिकरणका प्रयोगात्मक सीपहरू सिक्ने छन् । विद्यार्थीहरूले प्रशिक्षकको सल्लाह अनुसार छानिएको शीर्षकहरूमा व्यक्तिगत र सामुहिक प्रस्तुतिकरण गर्ने छन् । लिखित गृहकार्यका अलावा विद्यार्थहिरूले रेडियो, टिभिका लागि अनेक समाचार र कथानकहरू तथा रेडियो र टिभीका लागि एउटा फिल्म तयार गर्ने छन् ।

## शैक्षणिक दृष्टिकोण अथवा विधि

विद्यार्थीहरूले समाचार प्रतिवेदन तयार गर्ने बेलामा उनीहरूको नजिकबाट पर्यवेक्षण र मूल्यांकन गरिनेछ । सूचना प्रविधि र अन्य प्राविधिक उपकरणमा उनीहरूको पहुँच आवश्यक हुनेछ । विद्यार्थीहरूलाई बढी अभ्यासको मौका दिने र सामूहिक भावना सृजना गर्न साना समूहमा विभाजन गर्न सकिनेछ । विशेषज्ञहरूलाई गोष्ठीमा दुईटा उद्देश्यहरू विभागमा राखि आमन्त्रित गरिनेछ : उनीहरूको प्रयोगात्मक अनुभवको लाभ विद्यार्थीहरूलाई प्रदान गर्न र समाचार संगठनहरूसंग पुलको रुपमा काम गर्न । पाठ्यक्रमको मुख्य जोड समाचार संकलन, समाचार सम्प्रेषण (अन्तर्वार्ता गर्ने समेतं, सम्पादन र उत्पादनमा रहनेछ । विशिष्ट कथानकहरू र फिल्महरू निर्माण गर्दा विद्यार्थीहरूका सृजनात्मक प्रतिभाहरूलाई उपयोगमा ल्याइनेछ ।

**प्रति हप्ता घण्टीहरूको संख्या:** ४ घण्टा

**पाठ्यक्रमको हप्ता संख्या:** १५ हप्ता

## अनिवार्य र सिफारिश गरिएको पाठ्यसामग्री र/अथवा उपकरण

### प्रशिक्षकका लागि अनिवार्य


- Dominick, Josef R. The Dynamics of mass communication. Media in the digital age, University of Georgia, Athens, McGraw Hill. New York 2002.
- Chrisell, Andrew. Understanding Radio. Methuen & Co. Ltd. New York. 1986, pp. 19-45.
- Gouh, Howard. Planning, Producing, Presenting the radio progrmame: An AIBD manual for media trainers. Malaysia, 1982, pp. 175-77.
- Eng. Peter & Hodson, Jeff. Reporting and writing News: A basic handbook. Bangkok. Dec 2001. Written for the Indo-China Media Memorial Foundaiton, pp. 112-121.
- Alexander, James P. (1979). Programmed Journalism Editing. Ames, lowa; lowa State University Press.
- Boyd, Andrew. (1990). Broadcast journalism. Oxford: Heinermann professional publishing.
- Dimbleby, Nick, Dimbleby, Richard and Whittington, Ken (1994). A guide to production techniques. UK: Hodder and Stoughton Bath.
- Wulfemeyer, K. Tim. (1984). Beginning Broadcast Writing. Ames lowa: lowa State University Press.
- Zbar, Paul B. & Orne, Peter W. (1988). Basic Television Theory and Servicing. New Delhi: Tata McGraw Hill Publishing Co.
- Jabbar, Javed & Qazi Fezz, Isa. (1997). Mass Media Laws and Regulations in Pakistan. Singapore. Amic.
- Niazi, Zamir. (1994). The Web of Censorship. Karachi: Oxford University Press.
- Crook, Tim (1988), International Radio Journalism, London: Routledge.
- Boyd, Andrew (1997). Broadcast Journalism. Oxford: Focal Press.
- Chantler, Paul & Sam Harris (1997) Local Radio Journalism. Oxford: Focal Press.
- Wilby, Pete (1996).The Radio Handbook. London: Routledge.
- Hausman, Carl (1995). Crafting the News for Electronic Media. California: Woodsworth publishing.
- Waltern, Roger L (1994). Broadcast Writing. New York: McGraw Hill.
- Holland, Patricia. (1997). The television handbook. London: Routledge.
- Cartwright, Steve r. (1996). Pre-Production Planning of Video Film and Multimedia. Oxford: Focal Press.
- Cartwright, Steve r. (1996). Training with Video, New York: Knowledge Industry Publications.
- York, Ivor. (1990). Basic Television Reporting. London: Focal Press.
- Finberg, Howard I. & Bruce D. Litale. (1990). Visual Editing. Belmont: Wadsworth.
- Cremer, Charles f. (1996). ENG (Electronic News Gathering) Television News. New York: McGraw Hill.
- Bronfeld Stewart (1986). Writing for Films and TV Simon & Schuster, Inc. New York.
- Musbuger B. Robert. Media Manual: Single camera video production, Focal Press, London, 1993, pp. 84-152.
- Tabling Louie. How to do community radio (2002) Unesco Publication, New Delhi.

- Fraser, Colin & Estrada Rastrepo Sonia. Community Radio Handbook (2001). Unesco.
- Maeseneer de. Paul. Here is the News: A radio news manual. Unesco (no date).


## कक्षाहरूको समय तालिका

### हप्ता १

पाठ्यक्रमको परिचय र प्रसारण समाचार सम्प्रेषण र लेखनका आधारभूत कुराहरू ।

कार्यकलापः विभागको रेडियो र टिभि स्टुडियो स्टेशनहरूको अवलोकन ।

गृहकार्यः पाठ्यक्रमका बारे विद्यार्थीहरूको अपेक्षा (लिखित, पछि आत्म मूल्यांकनका लागि प्रयोग गरिने) ।

हप्ता २ का लागि पाठ्यसामग्रीः Chrisell, pp 19-45, Dominick, pp 180-198, 258-298.

### हप्ता २

रेडियो र टीभीको संक्षिप्त इतिहास र विकासक्रम

प्रसारण प्रवृत्तिका प्रमुख घटनाहरू/विकासहरूको कालानुक्रम, तिनीहरूको सामाजिक प्रभाव, कसरी भविष्यका आवश्यकताहरू पूरा गर्न यो क्षेत्र विकास भैरहेको छ ।

प्रसारण समाचार माध्यमका उपकरणहरूको परिचयः प्रयोगात्मक रेकर्ड गर्ने अभ्यासहरू र माइक्रोफोन प्रयोगको प्रयोगात्मक अनुभव ।

गृहकार्यः सकेसम्म आफ्नो देशमा विद्युतीय समाचार माध्यमहरूको विकास र बृद्धि, राष्ट्रिय विकासमा भूमिका र भविष्यका सम्भावनाहरू ।

हप्ता ३ का लागि पाठ्यसामग्रीः Gouh, pp 71-76

ध्यान दिनु पर्ने कुराः प्रशिक्षकहरूले स्थानीय स्रोतहरूबाट पुस्तकहरू सिफारिश गर्नु पर्दछ ।

### हप्ता ३

समाचारः परिभाषा, मूल्यहरू, तत्वहरू, गुणहरू, संरचना/समाचार श्रोतहरू र श्रोतावर्ग ।

कानका लागि लेख्नेः छापाका लागि र प्रसारणका लागि समाचार लेख्नुमा फरक ।

कार्यकलापः एउटा विद्यार्थीहरूको समूहले त्यही दिन राष्ट्रिय र स्थानीय समाचारपत्रहरूका अभिलेख राख्ने छन् । उनीहरूले समाचारहरूलाई उनीहरूको मूल्य अनुसार विभिन्न समूहमा वर्गीकरण गर्ने छन् । अर्को विद्यार्थीहरूहको समूहले त्यहि दिनका समाचारपत्रहरूका प्रमुख समाचार कथाहरू त्यही समूहमा वर्गीकरणका लागि संकलन गर्नेछन । त्यसपछि समूहहरूले ती कथाहरूलाइ विभिन्न दृष्टिकोणबाट तुलना गर्नेछन् र फरक छुट्याउने छन् ।

गृहकार्यः विभिन्न समूहहरूलाई कक्षामा प्रस्तुत गर्नका लागि समाचारको परिभाषा, स्रोतहरू, मूल्यहरू, तत्वहरू र गुणहरूका आधारमा ।

हप्ता ४ का लागि पाठ्यसामग्रीः Gouh, pp 175-77, Maeseneer, pp 68-86.

**हप्ता ४**

समाचार कक्षको परिचयः संरचना, कार्यहरू, संस्कृति, समाचार सम्प्रेषणका आधारभूत कुराहरू; समाचारका कथाहरू प्राप्त गर्ने; समाचार संकलनका औजारहरूः कागजातहरू, विज्ञप्तिहरू, व्याख्यानहरूको समाचार संकलन इत्यादि ।

कार्यकलापः विद्यार्थीहरूले एउटा स्थानीय समाचारपत्रलाई पढ्ने छन् र अनुसरण गर्न सकिने कथाहरूलाई सूचीकृत गर्नेछन् । उनीहरू विभिन्न दृष्टिकोणहरूबाट सोच्ने छन् र प्रत्येक दृष्टिकोणलाई एउटा कथामा विकसित गर्नेछन् । विभिन्न स्टेशनहरूबाट त्यही कथालाई अनुसरणबाट प्राप्त दृष्टिकोण प्रदान गर्न अनुश्रवण गर्नेछन् ।

गृहकार्यः विद्यार्थीहरूको समूहले समाचार संकलन विधिहरूमा लिखित गृहकार्य तयार गर्नेछन् ( कक्षामा प्रस्तुतिका लागि) ।

मूल्यांकनः चार हप्ताको कार्य सम्पादनसंग सम्बन्धित बहुविकल्प प्रश्नहरूमा आधारित एक घण्टाको लिखित जाँच यसले लिखित गृहकार्य अंशको एउटा भागको रुप लिनेछ।

हप्ता ५ का लागि पाठ्यसामग्रीः Maeseneer, pp 38-49; Boyd pp 50-74, Eng & Hodoon, pp 112-121; York, pp 48-58; Cremer pp 173-201; Dominick, pp 430-455

**हप्ता ५**

समाचार लेखन विधिहरू (समाचारको दृष्टिकोण, ५ WS र एक H;  परिचय, जोड सहित) तत्वहरू र रायहरू; रुढोक्तिहरू, पृष्टिकरण श्रेयदिने काम, बुह-दृष्टिकोणका कथाहरूका विरुद्ध एक दृष्टिकोणका कथाहरू,

कथाहरूको विकास गर्नेः शुरुआत गर्ने, मध्य र अन्त; शुद्धता; समाचार सम्प्रेषण आचारशास्त्रः समाचारको स्रोत पत्ता लगाउने र पुष्टि गर्ने; छड्के जाँच, कृतज्ञताज्ञापन; विश्वासको निर्माण ।

कार्यकलापः दिइएका तथ्यहरूका आधारमा एउटा कथा तयार गर्नु होस् । दिइएको अवस्थाका आधारमा भूमिका खेल्ने अभ्यासहरू ।

गोष्ठीः अभ्यासकर्मीहरू स्रोतको प्रमाणीकरण बारे छलफल गर्ने छन् ।

गृहकार्यः समाचारको दृष्टिकोण, समाचार र दृष्टिकोणमा फरक शुद्धता र वस्तुपरकताको महत्व, छड्के जाँच आदिबारे लिखित गृहकार्य ।

हप्ता ६ का लागि पाठ्यसामग्रीः Gouh, pp 65-70; Musbuger, pp 24-80; Cremer, pp 131-169 .

**हप्ता ६**

आवाज सम्पादन, श्रव्य-दृश्य सम्पादनको परिचयः हस्तका विरुद्ध अंकहरूद्वारा (digital) सम्पादन । सम्पादन विधिहरू; सम्पादनका विभिन्न *सौफ्टवेयरको* प्रयोग सिक्ने, जस्तै Adobe श्रवण कार्य ।

कार्यकलापः सम्पादन अभ्यासहरू

गृहकार्यः सम्पादनका लागि साना परियोजनाहरू
हप्ता ७ का लागि पाठ्यसामग्रीः Musbuger, pp 84-152

**हप्ता ७**

रेकोर्ड गर्ने विधिहरूः रेकर्डरहरू र क्यामराहरू; सिद्धान्तहरू, प्रयोगहरू र दुरुपयोगहरू, माइकः विभिन्न किसिम, सिद्धान्तहरू र प्रयोगहरू; आवज तालीम; उपलव्ध अन्य उपकरणहरू (श्रव्य-दृश्य मिलाउने बोर्ड, टेलिफोन रेकोर्ड गर्ने, प्रत्यक्ष टेलिफोन रेकोर्ड गर्ने, ट्रान्समीटरहरूको क, ख, ग जान्ने)।

कार्यकलापः विद्यार्थीहरूले भिडियो रेकोर्डका लागि विभिन्न आवाजहरू र आकृतिहरू र झलकहरू पठाउने छन्। यी सामग्रीहरू कक्षामा प्रस्तुत गरिने छन् र छलफल गरिनेछन्।

गृहकार्यः समूहहरूलाई अवलोकन गर्न र सहयोग गर्नका लागि स्टूडियोमा पठाइनेछ।

हप्ता ८ का लागि पाठ्यसामग्रीः Maeseneer, pp 94-105; York, pp. 126-134; Sayed Shahjehan, pp 19-21 .

**हप्ता ८**

अन्तर्वार्ताः सीपहरू, विभिन्न किसिमहरू, चरणहरू।

कार्यकलापः विद्यार्थीहरूले रेडियो र टीभीमा अन्तर्वाताहरू सुन्ने छन् र रेकोर्ड गर्ने छन् र सोधिएका प्रश्नहरूको सूची तयार गर्ने छन्। समूहहरूलाई अन्तर्वाता लिनका लागि क्षेत्रमा पठाइने छ।

गोष्ठीः रेडियो, टीभी मा कार्यरत पत्रकारहरूले विद्यार्थीहरूलाई अन्तर्वार्ता विधिहरूबारे प्रशिक्षण दिने छन्।

गृहकार्यः विद्यार्थीहरूले अन्तर्वार्ता लिने र दिनेका भूमिका खेल्ने छन्, एउटा विद्यार्थीले लिने छन् र अर्कोले दिने छन्।

मूल्यांकनः चार हप्ताको कार्यसम्पादनसंग सम्बन्धित विषयमा १ घण्टाको बहुविकल्प प्रश्नहरूमा आधारित लिखित परीक्षा हुनेछ। यसले लिखित गृहकार्य अंशको अंगको रुप लिनेछ।

हप्ता ९ का लागि पाठ्यसामग्रीः Cremer, pp 203-283 ।

**हप्ता ९**

सम्प्रेषणमा केन्द्रित हुने; सम्प्रेषण लेख्ने अभ्यासहरू; उदारहणहरूद्वारा सम्प्रेषणको संकेत शव्द र मुख्य भागको व्याख्या गर्ने; तुरन्तको समाचार; गुणहरू, तुरन्तको समाचारमा नं.१ हुने दौड; समाचार बुलेटिनको तयारी; कार्यकलापः अ) विद्यार्थीहरूलाई संकलन गरिएका तथ्यहरूबाट सम्प्रेषण विकास गर्न लगाइनेछ; आ) तुरन्तको खबरका अभ्यासहरूः .. ... दिइएका शर्तहरूका आधारमा विभिन्न कथाहरूको प्रारम्भ गर्ने; इ) गोष्ठीः समाचार माध्यमका विशेषज्ञले समाचार बुलेटिन तयार गर्ने सम्बन्धमा अनुभवहरू आदान प्रदान गर्ने छन्। गृहकार्यः सम्प्रेषण कसरी निर्माण हुन्छ भन्ने

सम्बन्धमा लिखित गृहकार्य, तुरन्त समाचारका गुणहरू, इत्यादि ।
हप्ता १० का लागि पाठ्यसामग्री: Lvor, pp 92-96; Robert pp 156-170, Cremer pp 250-287, Egan Lee Candace, Video Shooting Basics, http://zimmer, csufresno.edu/-candace/basics/shooting.htm बाट मिति 05-05-07 मा लिइएको ।

**हप्ता १०**

उच्च सम्पादन र उत्पादन विधिहरू
बहुपथ पद्धतिमा कार्य: श्रव्य फाइलमा बहु-पथमा राख्ने, पथहरूलाई नाम दिने, पथहरूको श्रवण गर्ने, पथ नियन्त्रण, आवाज र पैन (pans) मिलाउने, बहु पथ दृश्यमा रेकर्ड गर्ने, पथका गुणहरू, पथमा मिलाउने, वेभ अडकाउने, वेभ फोर्मको सम्पादन गर्ने, लूपका (loop) गुणहरू, भिडियो सम्पादन विधिहरू, सम्पादन काट-छाँट आदि इत्यादि ।
कार्यकलाप: विद्यार्थीहरूको समूहले बहुपथ पद्धतिको अभ्यास गर्नेछन् ।
गोष्ठी: *'एडोभ ओडिसन'* (adobe audition) का विशेषज्ञले प्रस्तुत गर्ने छन् र आफ्ना सीपहरू प्रदान गर्ने छन् ।
गृहकार्य: विभिन्न श्रव्य-दृश्य उत्पादन विधिहरूमा लिखित गृहकार्य, जस्तै बहुपथ पद्धतिमा काम गर्ने सिद्धान्तहरू, VO र SOT, B Rolling आदिका सिद्धान्तहरू ।
हप्ता ११ का लागि पाठ्यसामग्री: Egan Lee Candace. Video Shooting Basics http://zimmer.csufresno.edu/-candace/basics/shooting.htm बाट मिति ०५-०५-०७ मा लिइएको ।

**हप्ता ११**

Adobe Audition Effects: Effectgs, Normalize, Voice Reduction, Fade in, Fade out, EQ, Compression, Threshold, Ratio, Output Gain Compensaiton, Attack time, Release time, Reverb, Total Reverb length, Mixing Adobe Audition Trouble Shooting: संचालनका बेला भोग्नु परेका विभिन्न समस्याहरूको समाधान गर्ने र व्यवस्थापन गर्ने, भिडियो सम्पादन Transition & Effectgs, Video Graphics र शीषकहरू इत्यादि ।
कार्यकलाप: अ) गोष्ठी: विशेषज्ञले प्रभावहरूका विभिन्न प्रदर्शनहरू र कसरी विभिन्न trouble shooting कार्यलाई व्यवस्थित गर्न सकिन्छ भन्ने विषयमा व्याख्यान दिने छन् ।
आ) विद्यार्थीहरूले कसरी विभिन्न श्रव्य-दृश्य प्रभावहरू बनाउन सकिन्छ भन्ने कुरा प्रदर्शन गर्ने छन्।
गृहकार्य: Adobe Audition का विभिन्न प्रभावहरूमा आधारित गृहकार्य, Autodesk inferno को नयाँ संस्करण समूहहरूमा प्रस्तुत गरिने ।
हप्ता १२ का लागि पाठ्यसामग्री: York pp 138-148 ।

**हप्ता १२**

विशिष्ट लेखहरू, फिल्महरू: किसिमहरू र ढाँचाहरू, लक्षणहरू, विषयहरू, प्रवचन कार्यक्रमहरू, सडक नाटकहरू, दर्शक/पाठकवर्गको प्रतिक्रिया, प्रत्यक्ष ... प्राकृतिक आवाजहरू, इत्यादि ।
कार्यकलाप: समूहहरूले सामाजिक-सांस्कृतिक मुद्दाहरूमा आधारित विशिष्ट लेखहरू र फिल्महरू तयार गर्ने छन् । यी कार्यक्रमहरूको प्रतिक्रिया लिने सत्रमा विश्लेषण गरिनेछ ।
गृहकार्य: प्रत्यक विद्यार्थीले फिल्म निर्माणका विभिन्न चरणहरूलाई ध्यानमा राख्दै एउटा फिल्म निर्माण गर्न आ-आफ्नो दृष्टिकोण विकास गर्ने छन् ।
हप्ता १३ का लागि पाठ्यसामग्री: Tabing pp 38-69, Fraser pp 05-20 ।

**हप्ता १३**

सामुदायिक समाचार प्रसारण: परिभाषा, लक्षहरू, मूल्य मान्यताहरू, आवश्यकताहरू र सम्भावनाहरू । सामुदायमा आधारित कार्यक्रमहरू: विषयहरू, मुद्दाहरू, विशिष्ट लेखहरू, र सिद्धान्तहरू, सामुदायिक प्रसारणको आचारशास्त्र ।
कार्यकलाप: विद्यार्थीहरूलाई समुदायका आवश्यकताहरू र अपेक्षाहरूसित सान्दर्भिक मुद्दाहरू अवलोकन गर्न र संकलन गर्नका लागि निकटस्थ/ग्रामीण क्षेत्रमा पठाइने छ; तिनीहरूले तिनीहरूमा कार्यक्रमहरू निर्माण गर्ने छन् जुन गोष्ठीमा छलफल गरिने छन् ।
गृहकार्य: सामुदायिक समाचार प्रसारणका मुद्दाहरू र सम्भावनाहरूको आधारमा लिखित गृहकार्य ।
मूल्यांकन: चारहप्ताको कार्य सम्पादन संग सम्बनिधत बहु-विकल्प प्रश्नहरूमा आधारित एउटा एक घण्टा अवधिको लिखित जाँच । यसले लिखित गृहकार्यको अंगको रुप लिनेछ ।
हप्ता १४ का लागि पाठ्यसामग्री: Maeseneer, pp 120-137, Gouh pp 23-41 ।

**हप्ता १४**

प्रस्तुतिकरण: प्रस्तुति सीपहरू तिखार्ने समय व्यवस्थापन, फोनद्वारा प्रस्तुति र प्रत्यक्ष कार्यकलापहरू ।
कार्यकलाप: विभिन्न फोनद्वारा प्रस्तुति तथा अन्य प्रत्यक्ष कार्यक्रमहरूमा विद्यार्थीहरूले प्रस्तुतकर्ताका रुपमा कार्य गर्ने छन् ।
गृहकार्य: एउटा राम्रो प्रस्तुतकर्ताका विशेषताहरू र प्रत्यक्ष प्रस्तुतिकरणको आचारशास्त्रमा आधारित लिखित गृहकार्य ।
हप्ता १५ का लागि पाठ्यसामग्री: Gouh Howard, pp 243-247; Chrisell pp 191-217 .

**हप्ता १५**

पाठक/दर्शकगणका प्राथमिकताहरू र इच्छाहरूको ज्ञान: राय सल्लाह र सूचनाका लागि आग्रह, पोष्ट बक्स, अतिथि उद्घोषकहरू, अन्तर्वार्ता दिने, Vox pops, ग्रामीण भ्रमण, पेनेल प्रस्तुत, संमूह अन्तरर्वार्ता, दर्शकहरू, बुद्धिमान अतिथिहरू, घुम्ती स्टुडियो, श्रोत-समूहहरू, स्वतन्त्र कार्यक्रमहरू, इत्यादि । पाठक/दर्शक वर्गको सर्वेक्षण र प्रतिक्रिया लिने विधिहरू ।

कार्यकलापः विद्यार्थीहरूले कक्षामा मूल्यांकन गर्नका लागि पाठक/दर्शकवर्गका रुचिहरू र पृष्टपोषण बारे तथ्यांक बटुल्ने छन् ।
गृहकार्यः विद्यार्थीहरूलाई शीर्षकहरू दिइने छन् जसमा पेनेल छलफल विकास गर्न सकिनेछ ।
मूल्यांकनः २ हप्ताको कार्य सम्पादनसंग सम्बन्धित विषयवस्तुमा बहुविकल्प प्रश्नहरूमा आधारित एउटा एक घण्टे लिखित जाँच । यसले लिखित गृहकार्यको अंगको रुप लिनेछ ।

### श्रेणीवद्ध गर्ने र मूल्या.कन गर्ने व्यवस्थाः

| | |
|---|---|
| हाजिरी : | १०% |
| लिखित गृहकार्य : | ३०% |
| कथाहरू र फिल्महरूको उत्पादन : | ६०% |

### टिप्पणी

यस्ता अवस्थामा जहाँ उपकरणको अभाव छ तीन मुखे रणनीतिको विकास गरिनु पर्दछ । पहिलो चरणमा, सामान्य उपलब्ध उपकरणहरू जस्तै हस्त संचालित टेप रिकोर्डरहरू र सस्ता भिडियो केमराहरूको मद्दतले विभागकै स्टूडियोमा कार्यक्रमको उत्पादन गर्न सकिन्छ र स्थानीय रेडियो/टिभी स्टेशनहरूबाट प्रसारित अथवा प्रदर्शित गर्न सकिन्छ । दोस्रो चरणमा डिजिटल स्टूडियो र उत्पादन एकाइको स्थापना गर्न सकिन्छ । तेस्रो चरणमा आफ्नै स्वामित्वका रेडियो र टिभी स्टेशनहरू स्थापना गर्न सकिन्छ ।

**Prof. Shahjahan Sayed, chairman, Department of Journalism & Mass Communicaiton, Univeristy of Peshawar, Pakistan; co-author, Mr. Gul Wahab, lecturer in the same department द्वारा योगदान गरिएको**

## औनलाइन/बहुसमाचार माध्यम पत्रकारिता

**पाठ्यक्रमको स्तरः** तीन वर्षे स्नातक उपाधिको दोस्रो वर्ष, र चार वर्षे उपाधिका लागि तेस्रो वर्ष ।

**पाठ्यक्रमको बयानः** यस पाठ्यक्रमको उद्देश्य पत्रकारिताका विद्यार्थीहरूलाई इन्टरनेट र अन्य *डिजिटल प्लेटफोर्महरूमा* आधारित पत्रकारिताका उदीयमान प्रकारको बृहत्त दृष्टिकोण र प्रयोगात्मक सीपहरू प्रदान गर्नु रहेको छ । व्याख्यानहरू (अथवा गोष्ठीहरू), कक्षा छलफलहरू र पाठ्यसामग्रीहरूद्वारा विद्यार्थीहरूले कसरी डिजिटल आन्दोलनले पत्रकारितालाई प्रभाव पारेको छ भन्ने कुराको छानविन गर्ने छन् । उनीहरूले कम्प्यूटर र प्रयोगशाला सत्रहरू र प्रयोगात्मक अभ्यासहरूका

माध्यमले *वेभ* प्रकाशनका आधारभूत कुराहरू पनि सिक्ने छन्, समाचार *साइटको* योजना र निर्माण देखि पाठ्यांश, फोटोहरू, श्रव्य दृश्यहरू उत्पादन गर्ने, प्रकाशित गर्ने, कक्षामा *इन्टरनेट* र अन्य संचार माध्यमको संजालद्वारा श्रोत/दर्शकसंगको सम्बन्धलाई कसरी बढी अन्तर्क्रियात्मक सहभागितामा रुपान्तरण गर्न सकिन्छ भन्ने कुरा अध्ययन गरिनेछ। नयाँ प्रविधिका कारणले उत्पन्न हुने नैतिक समस्याहरू र कसरी प्रविधिद्वारा समाचार संगठनहरूको संरचनामा रुपान्तर गर्न सकिन्छ भन्ने कुरा मनन गर्ने; *डिजिटल* क्यामराहरू कसरी प्रयोग गर्ने, बहुसमाचार माध्यमहरूमा श्रव्यदृश्यको प्रयोग, अन्तर्क्रियात्मक परियोजनाहरूबारे सिक्ने; घुम्ती प्रविधिहरूको प्रभाव मनन गर्ने; र पत्रकारिताका आधारभूत मूल्यहरू र प्रजातान्त्रिक समाजमा यसको भूमिकालाई ध्यानमा राखि उदीयमान प्रविधिहरूसंग आफू अनुकूल हुन सिक्ने।

**प्रणाली:** व्याख्यान, कक्षा छलफलहरू, कम्प्युटर र प्रयोगशालाका विशेष शिक्षण कक्षाहरू, अभ्यासहरू र पत्रकारिता परियोजनाहरूको सम्मिश्रण।

**शैक्षणिक दृष्टिकोण अथवा विधि:**

पाठ्यक्रमले दोहरो शैक्षणिक दृष्टिकोण अंगीकार गरेको छ, जस्तो कि यसले परम्परागत व्याख्यान/छलफल अथवा गोष्ठी सत्रहरू र कम्प्युटर प्रयोगशालामा प्रयोगात्मक विशेष शिक्षण कक्षाहरू र अभ्यासहरू समावेश गर्दछ। एउटा सानो कक्षा (२० जना विद्यार्थीहरूसम्म) प्रति विद्यार्थी एउटा कम्प्युटर सहित ज्यादै उत्तम हो। ठूलो कक्षालाई प्रयोगशाला सत्रका लागि सानो समूहमा विभाजित गर्न सकिन्छ। प्रत्येक विद्यार्थीसंग इन्टरनेट सुविधा भएको एउटा कम्प्युटर हुनु पर्दछ। यदि यो दिन सकिंदैन भने प्रशिक्षकको कम्प्युटर पर्दालाई ठूलो बनाई देखाउन सकिन्छ।

**प्रति हप्ता घण्टीहरूको संख्या:** ४ घण्टा (दुईटा व्याख्यान/छलफलका लागि, दुईटा प्रयोगशालाका लागि)

## अनिवार्य र सिफारिश गरिएका पाठ्यसामग्री र/अथवा उपकरणको सूची

### अनलाइन

*अनलाइन* पत्रकारिताका लेखहरू र शैक्षिक *सफ्टवयरहरू* समेत समावेश भएको इन्टरनेटको विशेषज्ञायुक्त साइटहरूमा प्रकाशित सान्दर्भिक समकालीन सामग्री।

### पुस्तकहरू


- Foust, James, Online Journalism - Principles and Practices of News for the Web, (2005), Holcomb Hathaway Publishers, Scottsdat, AZ.
- Stovall, James Glen, Web Journalism - Practice and Promise of a New Medium,

(2004), Pearson Education, Boston, MA.
- Quinn, Stephen, Convergent Journalism: The Fundamentals of Multimedia Reporting, 2005, Peter Lang Publishing, New York, NY.
- Kovach, Bill, and Rosentiel, Tom, The Elements of Journalism: What newspeople should know and the public should expect (2001), Crown Publishers, New York, NY.
- Software: Dreamweaver, Photoshop, Audacity, Soundslides, iMovie (or other video editing software like FinalCut Pro or Adobe Premiere)

## कक्षाहरूको समय तालिका

### हप्ता १

गोष्ठीः सिलेवस प्रस्तुतिकरण । विद्यार्थीहरूको परिचय । स्थानीय र अन्तर्राष्ट्रिय *अनलाइन* पत्रकारिताको सिंहावलोकन । *वेभले* कसरी काम गर्छ (Fourst अध्याय २) ।

प्रयोगशालाः औजारहरू र शव्दावली (Foust 1) / (HTML) को परिचय (Foust 3).

आउने हप्ताका लागि पाठ्यवस्तु गृहकार्यः गोष्ठीका लागि, Ward १ र Stovall १; प्रयोगशालाका लागि, Foust १ र ३ ।

### हप्ता २

गोष्ठीः अनलाइन पत्रकारिता के हो र यो कसरी विकसित भएको छ । इन्टरनेटको र अंकहरू आन्दोलनको छोटो इतिहास र यसको विश्वमा र तपाईको देशमा पत्रकारितामा प्रभाव । एउटा स्थानीय अथवा क्षेत्रीय घटना अध्ययनको प्रस्तुत हुनेछ ।

प्रयोगशालाः HTML र CSS को परिचय । वेभ प्रकाशन परियोजनाको शुरुवातः विद्यार्थीहरूको व्यक्तिगत विवरणका पानाहरू ।

पाठ्यसामग्रीः Korach & Rosentiel (अथवा http://www.nieman.harvard.edu/reports/professor/elements.pdf), Foust 1 .

### हप्ता ३

गोष्ठीः नयाँ समाचार माध्यमका लागि लागू हुने पत्रकारिताका आधारभूत मूल्य मान्यताहरू, "The Nine Elements of Journalism" अनलाइन पत्रकारिताका किसिमहरू (विदेशमा र स्थानीय) । हप्ता ८ को दौरानमा प्रस्तुतिका लागि छोटो अनुसन्धान कार्यपत्रका लागि शीर्षकहरूमा छलफल र छनौट ।

प्रयोगशालाः HTML: HYPERLINKING । आकृतिहरू राख्ने र अन्य .. लेख्नका उच्च विधिहरू । व्यक्तिगत विवरणका पानाहरूमा कार्य ।

पाठ्यसामग्रीः Foust ६ ।

**हप्ता ४**

गोष्ठीः एउटा कक्षाको परियोजनाको योजना बनाउनेः Web zine अथवा समाचार वेभ साइट । वेभ निर्माणका सिद्धान्तहरू, सूचना संरचना, समाचार वेभ साइटहरूको उपयोगिता ।

प्रयोगशालाः व्यक्तिगत विवरणका पानाहरू पूरा गर्ने, कक्षा Web zine निर्माण गर्न प्रारम्भ गर्ने

पाठ्यसामग्रीः Stovall 2

**हप्ता ५**

गोष्ठीः समाचार *वेभ साइटको* विश्लेषणः विद्यार्थीहरूले स्थानीय र/अथवा विदेशी समाचार वेभ साइटको विश्लेषण गर्ने छन् जसले कक्षाको Web zine परियोजनाका लागि आधारको काम गर्नेछ । विद्यार्थीहरूले कक्षा Web zine का लागि लेख्ने र सम्पादन गर्ने कथाहरूमा छलफल गर्ने र विद्यार्थीहरूलाई प्रदान गर्ने ।

प्रयोगशालाः HTML: तालिकाहरूको निर्माण गर्ने र CSS प्रयोग गर्ने कुराको छलफल, HTML र CSS मा Web zine को निर्माण

पाठ्यसामग्रीः Foust 5, Stovell 4 ।

**हप्ता ६**

गोष्ठीः वेभमा सूचनाहरूको संकलन । कम्प्यूटरबाट सहयोग प्रदत्त समाचार सम्प्रेषणका सिद्धान्तहरू , Web zine का लागि कथाहरूको प्रगति प्रतिवेदन ।

प्रयोगशालाः HTML: तालिकाहरू र CSS का थप प्रविधिहरू ।

CSS संग HTML मा Web Zine को विकासको क्रम जारी ।

पाठ्यसामग्रीः Foust 7, Stovall 5

**हप्ता ७**

गोष्ठीः वेभका सम्पादन र लेखनका सिद्धान्तहरू । कथाहरू, Web zine मा प्रकाशनका लागि सम्पादित गरिने छन् र पेश गरिने छन् ।

प्रयोगशालाः डिजिटल क्यामरा र विधिहरूको परिचय ।

**हप्ता ८**

गोष्ठीः Web zine को मूल्यांकन । मध्यावधि परीक्षा अथा छोटो प्रश्नपत्र/निवन्ध प्रस्तुति ।

प्रयोगशालाः *फोटोसपको* परिचय र वेभका लागि श्रव्य अन्तर्वाताको परिचय ।

पाठ्यसामग्रीः Gillmor 1, 12 ।

### हप्ता ९

गोष्ठी: *ब्लग* र सहभागितामूलक पत्रकारिता । पाठक/दर्शकहरू *वेभसाईटका* समाचारहरूमा संलग्न हुनेछन् । Web zine संग सम्मिश्रण गर्न कक्षा *ब्लगको* श्रृजना । हप्ता १५ मा प्रस्तुत गर्नका लागि लामो अनुसन्धान कार्यपत्रको शीर्षक छान्नका लागि छलफल ।

प्रयोगशाला: Web zine मा आकृतिहरू र/अथवा फोटोहरू राख्ने ।

Audacity को परिचय ।

पाठ्यसामग्री: Foust 9 ।

### हप्ता १०

गोष्ठी: बहु संचार र अन्तरक्रिया: पत्रकारिता सम्बन्धित कथनको परिवर्तन । बहु समाचार माध्यम परियोजनाहरूमा जोड दिंदै (जस्तै: भिडियो, श्रव्य, फोटो स्लाइड प्रदर्शनी, इत्यादि) विद्यार्थीहरूले कक्षा Web zine उत्पादनका लागि कथाहरू भाग लगाउने र छलफल गर्ने ।

प्रयोगशाला: Web zine मा श्रव्य कथाहरू राख्ने । भिडियो क्यामरा र वेभका लागि भिडियो समाचार प्रसारण विधिहरूको परिचय ।

पाठ्यसामग्री: Stovall, अध्याय ८ र ९ ।

### हप्ता ११

गोष्ठी: वेभका लागि भिडियो र फोटोका आधारभूत सिद्धान्तहरू । सजीव र अन्तर्क्रियात्मक समाचारमूलक आकृतिहरू, श्रव्य *स्लाइड* प्रदर्शनीहरू र दृश्य प्रस्तुतिका अन्य रुपहरू ।

प्रयोगशाला: ध्वनी *स्लाइडहरू* र Web zine मा कथाहरू राख्ने कुराको परिचय । iMovie को परिचय अथवा अन्य भिडियो सम्पादन *सफ्टवयर* जस्तै Adobe Premiere or FinalCut ProI.

पाठ्यसामग्री: Quinne 2 ।

### हप्ता १२

गोष्ठी: बहुसमाचार माध्यम समाचार कक्ष: कसरी इन्टरनेटले समाचार संगठनहरूको संरचनालाई बदली रहेको छ । समाचार उत्पादन र प्रचार प्रसारमा *मोवाइल* प्रविधिको प्रभाव: पाठ्यवस्तुद्वारा सन्देश दिने देखि लिएर मोवाइल फोन, पोडकाष्ट(podcasts) र अन्य नयाँ ढाँचाहरूसम्म ।

प्रयोगशाला: Web zine मा भिडियो कथाहरू राख्ने । *पोडकाष्ट* निर्माण सम्बन्धी परिचय ।

पाठ्यसामग्री: Foust अध्याय १० (जरुरी: बैधानिक पक्षहरूमा स्थानीय/राष्ट्रिय पाठ्यसामग्रीहरू)

### हप्ता १३

गोष्ठी: *अनलाइन* पत्रकारिताका नैतिक र कानूनी समस्याहरू । बहुसमाचार माध्यम परियोजनाहरू बाँकि छन् ।

प्रयोगशाला: Web zine मा *पोडकाष्टहरू* राख्ने (बैकल्पिक)

पाठ्यसामग्री: तपाईको आफ्नो क्षेत्रमा काम बजारको अवस्थामा *औनलाइन* लेखहरू।

**हप्ता १४**

गोष्ठी: क्षेत्र अथवा देशमा *अनलाइन* पत्रकारितामा काम गर्न कामकाज र अवसरका बारेमा छलफल।

कक्षा Web zine र *ब्लगको* मूल्यांकन।

प्रयोगशाला: Web zine को समापन।

**हप्ता १५**

गोष्ठी: लामो कार्यपत्रको प्रस्तुति। उपसंहार।

---

**Rosental Calmon Alves, Knight Chair in Journalism & UNESCO Chair in Communicaiton, Univeristy of Texas at Austin द्वारा योगदान गरिएको**

## संचार कानून:

**पाठ्यक्रमको स्तर:** तीन वर्षे स्नातक उपाधिको पहिलो वर्ष, चार वर्षे उपाधिका लागि दोस्रो वर्ष।

### कोर्सको बयान

यस पाठ्यक्रमले पत्रकारहरूलाई र समाचार माध्यमलाई प्रभाव पार्ने कानूनहरूलाई अध्ययन गर्दछ। यसले विद्यार्थीहरूलाई न्यायालयको संगठन सहित राष्ट्रिय न्याय प्रणालीसंग परिचित गराउँछ; वाक् स्वतन्त्रता, प्रकाशन स्वतन्त्रता र पारदर्शिता जस्ता प्रजातान्त्रिक सिद्धान्तहरूको छानविन गर्दछ; र समाचार माध्यमहरूलाई नियमन गर्ने प्रक्रियाको र विभिन्न कानूनहरू तथा अन्तर्राष्ट्रिय औजारहरू जसले पत्रकारहरूको वाक् स्वतन्त्रतामा अवरोध वा सहयोग पुऱ्याउने गर्दछ तिनको अध्ययन गर्दछ।

प्रणाली: व्याख्यान र गोष्ठीहरूको सम्मिश्रण।

### शैक्षणिक दृष्टिकोण

सिद्धान्त र प्रयोगात्मक दुबैलाई एकीकृत गर्न र कठिन बैधानिक अवधारणाहरूलाई स्पष्ट पार्न यथासम्भव एउटा घटना अध्ययन प्रयास अंगीकार गरिनु पर्दछ। प्रशिक्षकहरूले विशेष मुद्दाहरूमा कानूनी सिद्धान्तहरूको प्रयोगलाई स्पष्ट पार्न आफ्नो देशहरूबाट समुचित घटना अध्ययनहरू छान्नु पर्दछ। कर्मचारीहरू अथवा स्नातक विद्यार्थीहरूद्वारा मार्ग निर्देशित गोष्ठीहरूले विद्यार्थीहरूलाई गहन

